आस्थां प्रकाशनको प्रथम पुष्प

श्रीदुर्गासप्तशती

(विस्तृत पूजाविधि, पाठविधि र सुललित नेपाली भावार्थसहित)



सहप्रा. स्थानेश्वर पौडेल

सहप्रा. वासुदेव खनाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आस्था प्रकाशनको प्रथम पुष्प

श्रीदुर्गासप्तशती

(विस्तृत पूजाविधि, पाठविधि र सुललित नेपाली भावार्थसहित)

लेखक
सहप्रा. स्थानेश्वर पौडेल
सहप्रा. वासुदेव खनाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्करण : प्रथम, २०७१, नवरात्र घटस्थापना

मुद्रित प्रति : ३०००

मुद्रक : एलायन्स प्रिन्टर्स एण्ड मिडिया हाउस प्रा.लि.
चाबहिल, काठमाडौं, नेपाल ।

मूल्य : रु. २९०/–
भारतमा भा.रु. २९०/–
अमेरिका र युरोपमा $ १५.००

ISBN: ९७८–९९३७–२–८६८०–०

सर्वाधिकार © : प्रकाशकमा

प्रकाशक :

आस्था प्रकाशन

काठमाडौं, नेपाल ।

फोन : +९७७–९८४१६०५०९७
+९७७–९८४१६३१००५
+९७७–९८४९५८४६९०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिका

प्रा.माधवराज गौतम
पूर्वउपकुलपति
नेपाल संस्कृत विश्वविद्यालय

हिन्दू आस्तिक परम्परामा उत्तरदेखि दक्षिणसम्म र पूर्वदेखि पश्चिमसम्मका सबै स्थानमा सप्तशतीको दैनिक पाठका साथै नवरात्रिमा विशेष अनुष्ठानपूर्वक दुर्गाभवानीको पूजा-आराधना गर्ने परम्परा रहिआएको छ । हिन्दू समाजमा दुर्गासप्तशतीलाई वेदकै सरह प्रतिष्ठा र सम्मान प्राप्त छ। त्यसमा पनि वेद केवल उपनीत द्विजले मात्र पढ्न सक्ने परम्परा रहेको सन्दर्भमा सप्तशतीको अध्ययनमा कुनै पनि प्रतिबन्ध छैन। योग्य गुरुबाट सप्तशती र नवार्ण मन्त्रको दीक्षा लिएर यसको अनुष्ठान सबैले गर्न सक्दछन्। यसरी सबैका लागि सहज पहुँच रहेको दुर्गासप्तशती निकै सरल, तर अद्वितीय रहस्यले भरिएको ग्रन्थ हो।

प्राच्य दर्शन र उपासनाहरूमा शक्तिको उपासनालाई सर्वाधिक महत्त्व दिइएको छ। वेदाध्ययनका लागि आवश्यक शर्तका रूपमा रहेको गायत्री मन्त्र पनि शक्तिकै रूप हो । वैष्णव समुदायमा पनि लक्ष्मीनारायण, राधाकृष्ण, सीताराम आदि युग्ममूर्तिहरूमा शक्ति अवश्य ग्राह्य रहेको छ । शक्ति-उपासनाको यतिविधि महत्त्वका सन्दर्भमा स्वतन्त्ररूपले शक्ति उपासनाका लागि सर्वाधिक प्रसिद्ध एवं प्रामाणिक ग्रन्थ दुर्गासप्तशती नै हो । यस ग्रन्थमा जगज्जननी भगवतीमाताले आफ्ना भक्तप्रति कृपा गरेका सुन्दर इतिहास-प्रसङ्गहरूका साथै शक्तिसाधनाका गहनतम रहस्यहरू पनि रहेका छन्। कर्म, भक्ति र ज्ञानरूपी त्रिवेणीका रूपमा रहेको यो ग्रन्थ भक्तहरूलाई मनोवाञ्छित फल प्रदान गर्ने कल्पतरु नै हो। सकाम भक्तले यसको उपासनाबाट आफ्ना मनोभिलषित दुर्लभ वस्तु र स्थितिलाई प्राप्त गर्दछन् भने निष्काम साधनारत भक्तहरूले जीवनकै अन्तिम लक्ष्यस्वरूप मोक्ष प्राप्त गरेर कृतार्थ हुन्छन्। यिनै परमेश्वरी भगवतीको आराधना गरेर ऐश्वर्यको कामना राख्ने राजा सुरथले अखण्ड साम्राज्य प्राप्त गरेका थिए भने वैराग्यभावयुक्त समाधि नामक वैश्यले दुर्लभ ज्ञानका माध्यमबाट मोक्ष प्राप्त गरेका थिए।

यसका विभिन्न भाषामा सयौं टीका प्रकाशित हुनुलाई यस ग्रन्थको प्रसिद्धिकै प्रमाण मान्नुपर्दछ । विशेष गरेर धेरै वर्ष पहिले गुजराती प्रिन्टिङ प्रेस बम्बईबाट संस्कृतका सातवटा टीकासहित यो ग्रन्थ प्रकाशित भएको थियो । बुटाला एण्ड कम्पनी नयाँदिल्लीबाट सन् १९८४ मा उक्त दुर्लभ कृति पुनः मुद्रित भएको छ । त्यसमा समाविष्ट भएका टीकाहरूमध्ये नागेश भट्टको प्राधानिक रहस्य र भास्कर राय भारती दीक्षितको गुप्तवती टीका यस ग्रन्थका रहस्यात्मक विषयवस्तुहरूलाई उद्घाटन गर्न समर्थ उच्च कोटिका टीका मानिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस ग्रन्थका दुई नाम अत्यन्त लोकप्रिय रहेका छन्। त्यसमध्ये प्रथम नाम हो– दुर्गा सप्तशती। यो नाम यस ग्रन्थभित्र समाविष्ट मन्त्रसंख्यालाई दृष्टिगत गरी राखिएको हो। यस ग्रन्थको अर्को नाम चण्डी पनि हो।[1] ब्रह्मकी आदिशक्तिको नाम चण्डी हो। यिनलाई तन्त्रग्रन्थहरूमा परब्रह्मकी पट्टमहिषी पनि भनिएको छ। चण्डभानु, चण्डवाद आदि प्रयोगहरूमा चण्ड शब्दबाट सीमारहित, असाधारण गुणहरूले युक्त भन्ने अर्थ बोध हुन्छ। यसलाई न्यायको शैलीमा 'इयत्तानवच्छिन्न' भन्न सकिन्छ। इयत्ता (सीमा) देशकृत, कालकृत र वस्तुकृत गरी तीन प्रकारको हुन्छ। यस्तो त्रिविध परिच्छेदले रहित केवल परब्रह्म मात्र हुन सक्दछ। अर्को शब्दमा भन्दा यो परिच्छेदशून्यता ब्रह्ममा नै रहन्छ। चण्डी शब्द 'चंडि कोपे' धातुबाट अच् प्रत्यय भएर बन्ने चण्ड शब्ददेखि स्त्रीत्व विवक्षामा ङीष् प्रत्यय भएर निष्पन्न हुन्छ। कोषकारहरूले चण्डी शब्दका दुर्गाको विशेषण, कोपना, आवेगयुक्त, क्रोधी, मार्कण्डेयपुराणोक्त देवी माहात्म्य आदि विविध अर्थ गरेका छन्। यसरी चडि धातुको मुख्य अर्थ कोपलाई नै मान्नु पर्दछ। महाभयजनक कोपमा नै कोपको सफलता हुन्छ। त्यसैकारण रुद्राध्यायमा **'नमस्ते रुद्रमन्यव...'** इत्यादि शब्दद्वारा मन्यु (क्रोध) लाई नै प्रथम नमस्कार गरिएको छ। श्रुतिले पनि **'भीषाऽस्माद्वातः पवते भीषोदेति सूर्यः भीषाऽस्मादग्निश्चेन्द्रश्चमृत्युर्धावति पञ्चमः'** भनेर भयको महिमाको वर्णन गरेको छ। उक्त श्रुतिमा वर्णित वायु आदि देवताहरूसमेत भयभीत हुने भयजनक कोपयुक्त तत्त्व परब्रह्म नै हो। त्यसैले **'महद्भयं वज्रमुद्यतम्'** यस श्रुति वाक्यमा प्रयुक्त वज्र पदबाट पनि आयुधविशेषको बोध नभएर ब्रह्मकै बोध हुन्छ, किनभने भयजन्यताको चिन्हं ब्रह्म नै हो। यही कुरा उत्तरमीमांसा (वेदान्त) को कम्पनाधिकरणमा पनि निर्दिष्ट गरिएको छ।

एउटै ब्रह्म अनादिसिद्ध मायाका बलले धर्म र धर्मी दुई रूपले युक्त हुन जान्छ। यो स्थिति सृष्टिको प्रारम्भिक कालको हो। यसैलाई प्रथम ईक्षण पनि भनिन्छ। **तदैक्षत बहुस्यां प्रजायेय, सोऽकामयत, तत्तपोऽकुरुत,** यी त्रिविध श्रुतिवाक्यहरूबाट सिद्ध ज्ञान, इच्छा र क्रियाको समष्टि रूप नै ब्रह्मको धर्म हो। धर्म धर्मीबाट अभिन्न हुन्छ। **स्वाभाविकी ज्ञानबलक्रिया च,** यस श्रुतिले पनि धर्मलाई नै शक्ति संज्ञा दिएको छ। त्यसैले कौलोपनिषद्को प्रथम सूत्र **अथातो धर्म जिज्ञासा** मा जैमिनी शास्त्रको प्रथम सूत्रमा जस्तो धर्मशब्द चोदना लक्षण रूप जड पदार्थ विशेष नभएर ब्रह्मधर्मरूप चिच्छक्तिपरक मानिएको छ। यसै धर्मका नामान्तर हुन्–तन्त्रशास्त्रमा वर्णित विमर्श, चिति, चैतन्य, आत्मा, परावाक्, स्वातन्त्र्य, सत्ता, स्फुरता, मात्रिका, मालिनी, हृदयमूर्ति, स्वसंविद्, स्पन्द आदि शब्दहरू। यसै धर्मले महाविष्णु र भवानी भेदबाट दुई प्रकारको भएर जगत्को सृष्टि, स्थिति, लय, तिरोधान र अनुग्रह

---

[1] जपेत् सप्तशतीं चण्डीं कृत्वा तु कवचं पुरा॥ देव्याः कवचम्, ५३।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रूप पञ्चकृत्य गर्दछ । शुद्ध रूप धर्मीमा पनि यसैको सान्निध्यका कारण कर्तादि व्यवहार हुन जान्छ । त्यसमा रहने यो धर्म न त जड पदार्थ हो, न जीव नै । यो त **'चितिः स्वतन्त्रा विश्वसिद्धि हेतुः'** आदि शक्तिसूत्रद्वारा प्रतिपादित ब्रह्म नै हो । यही उपनिषद्हरूको सिद्धान्त पनि हो ।

तीन अवतारमा विभक्त देवत्रयको समष्टि धर्मको नाम हो- चण्डी या चण्डिका । यिनै तीनको व्यष्टि रूपलाई वामा, ज्येष्ठा र रौद्री, पश्यन्ती, मध्यमा र वैखरी, ब्रह्मा, विष्णु र रुद्र आदि नामले व्यवहार गरिन्छ । त्यसको समष्टि संज्ञालाई अम्बिका, शान्ता, परा आदि तन्त्रभेदले अनेक नाम रहेका छन् । यी तीनै शक्तिको समष्टि रूप भएकाले यसलाई तुरीया शक्ति पनि भनिन्छ । यही कुरा शक्तिरहस्य आदि ग्रन्थहरूमा बताइएको छ । आचार्य शंकरले पनि सौन्दर्यलहरीमा यही कुरा उल्लेख गरेका छन्[२] ।

देव्यथर्वशीर्षमा देवताहरूको प्रश्नको उत्तरमा देवी चण्डीले 'अहं ब्रह्मस्वरूपिणी' भन्दै अनेक प्रकारका आफ्ना सगुण एवं निर्गुण स्वरूपका भेदहरू बताएकी छिन् । देवताहरूद्वारा नमो देव्यै आदि श्लोकमन्त्र र अन्य ऋचाहरूका माध्यमबाट प्रणामादि गरेपछि देव्यथर्वशीर्षमा श्रीविद्याको उद्धार गरिएको छ । त्यसैका तीन बीज (कुट) हरूलाई वाक्, काम र शक्ति नामबाट वर्णन गरिएको छ । यिनै तीन बीजबाट नवार्णमन्त्र बनेको कुरा उल्लेख भएको छ । वाक् अर्थात् वाग्भवबीज (ऐं), मायाशक्तिबीज अर्थात् हृल्लेखा (ह्रीं) र ब्रह्मसू अर्थात् काम (क्लीं) स्वरूप मानिन्छन् । त्यो कामबीजमा रहेको प्रथम अक्षर ककारदेखि षष्ठम अक्षर 'च' हुन जान्छ । त्यसलाई मुखवृत्तबाट आकारले समन्वित गर्दा 'चा' हुन्छ । सूर्यलाई 'म' भनिन्छ । अवामश्रोत्र अर्थात् पञ्चम स्वर 'उ' कार हो र बिन्दु अनुस्वार हो । यसरी 'मु' रूप बन्दछ । टात् अर्थात् टकारदेखि तृतीय वर्ण 'ड' कार हो र त्यसमा नारायणको आकारलाई समन्वित गर्दा डारूप बन्दछ । 'य' कारलाई वायु भनिएको छ । त्यसलाई अधरोष्ठ 'ऐ' ले युक्त गर्दा 'यै' रूप निष्पन्न हुन्छ । त्यसमा विच्चे अक्षरहरूको योग रहेको छ । अर्ण शब्दको अर्थ हो–मन्त्र । यसरी **'ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे'** नवार्ण मन्त्रको उद्धार (निर्माण) गरिएको पाइन्छ[३] । यो मन्त्र उपासकहरूका लागि आनन्ददायक अर्थात् ब्रह्मसायुज्यप्रद मानिएको छ ।

---

[२] गिरामाहुर्देवीं द्रुहिणगृहिणीमागमविदो
हरेः पत्नीं पद्मां हरसहचरीमद्रितनयाम् ।
तुरिया काऽपि त्वं दुरधिगमनिः सीममहिमा
महामाये ! विश्वं भ्रमयसि परं ब्रह्ममहिषि ॥ सौन्दर्यलहरी ॥

[३] वाङ्मया ब्रह्मसूस्तस्मात् षष्ठं वक्त्रसमन्वितम् ।
सूर्योऽवामश्रोतबिन्दुसंयुक्तष्टात्तृतीयकः ॥
नारायणेन संमिश्रो वायुश्चाधरयुक् ततः ।
विच्चे नवार्णकोऽर्णः स्यान्महदानन्ददायकः ॥ देव्यथर्वशीर्षम्, २० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यससम्बन्धी विस्तृत विवरण डामर आदि तन्त्रग्रन्थहरूमा पाइन्छ । विच्चे पदमा वित् च र इ गरी तीन अंश रहेका छन् । यी तीन पद बीजक्रमबाट चित्, सत् र आनन्दका वाचक हुन् । विच्चे सम्बोधान्त रूप हो । अस्य स्त्री ई त्यसको ह्रस्वरूप हो । इ यसको अर्थ हो- आनन्दस्वरूप ब्रह्मकी महिषी । वित् शब्द ज्ञानार्थमा प्रसिद्ध छ । च नपुंसक शब्द हो र त्यो यहाँ सत्यको अर्थमा आएको छ । अनुसन्ददमहे अन्त्यमा लगाएर यसको अर्थ हुन जान्छ–महासरस्वत्यादिरूपे चिदादिरूपे चण्डिके ! हामीहरू तिम्रो ब्रह्मविद्या प्राप्तिका लागि सदासर्वदा ध्यान गर्दछौं । यस मन्त्रको अर्थ गर्दै तन्त्रग्रन्थहरूमा यस्तै भाव व्यक्त गरिएको छ[४] । यस नवार्ण मन्त्रको मुख्य तात्पर्य ब्रह्मविद्या प्राप्तिका लागि माता भगवतीको प्रार्थना गर्नु हो । यही कुरा संग्रहश्लोकमा पनि उल्लेख गरिएको छ[५] । यस मन्त्रलाई पनि यथाविधि गुरुपरम्पराबाट प्राप्त गर्नुपर्दछ भन्ने शास्त्रको आदेश छ[६] ।

यद्यपि श्री नै महालक्ष्मीको बीजका रूपमा उल्लिखित भएको पाइन्छ । हृल्लेखाको उल्लेख पाइँदैन । तर पनि हकार र शकार ऊष्मवर्ण भएकाले यी दुवै वर्ण सजातीय मानिन्छन् । यसमा धेरै भेद छैन । त्यसैले **'ह्रीश्च ते लक्ष्मीश्च पत्न्यौ'** भनिएको छ । तन्त्रका अन्य शाखाहरूमा ह्रीपदका स्थानमा श्रीपद पाठ पाइन्छ । त्यसैगरी कामबीजमा आएको लकारका स्थानमा रेफ योजन गर्दा कालीबीज क्रीं हुन्छ । यी दुवै वर्ण अन्तःस्थ भएकाले यिनमा एकरूपता रहेको छ । अन्य तन्त्रहरूमा काली र सरस्वतीलाई यथार्थमा अभेद मानेर बीजहरूलाई विपरीत मानी व्यवहार गरिएको छ ।

प्राचीन ग्रन्थहरूमा यी तीनै देवीहरूको तुरीयाका साथ सामान्य रूपमा अभेद मान्दामान्दै पनि प्राधानिक रहस्यमा महालक्ष्मीलाई नै तुरीयाका स्थानमा राखेर सर्वस्याद्या महालक्ष्मी इत्यादि शब्दहरूले अभिहित गरिएको छ । शेष दुई देवीहरूको उत्पत्ति यिनै महालक्ष्मीबाट मानिएको छ । महालक्ष्मीको उत्पत्ति पृथक् मानिएको छैन । यस्तो मान्दा उपास्य देवता तुरीया हुँदा हुँदै पनि त्यसमा रजो गुणको प्रधानता र शेष गुणहरूको तिरस्कार मान्न आवश्यक हुन जान्छ । यसै रीतिलाई अनुसरण गरेर महालक्ष्मी बोधक हृल्लेखालाई नै नवार्णमन्त्रमा प्रधान बीजरूप मानेर त्यसै रूपमा

---

[४] निर्धूतनिखिलध्वान्ते नित्यमुक्ते परात्परे ।
अखण्ड ब्रह्मविद्यायै चित्सदानन्दरूपिणि ।
अनुसंदध्महे नित्यं वयं त्वां हृदयाम्बुजे ॥ डामरतन्त्र ॥

[५] महासरस्वती चिते महालक्ष्मी सदात्मके ।
महाकाल्यानन्दरूपे त्वत्तत्वज्ञा सिद्धये ॥
अनुसन्दध्महे चण्डि वयं त्वां हृदयाम्बुजे ॥ संग्रहश्लोक ॥

[६] एतमर्थं गुरोर्लब्ध्वा तस्मै दत्वा च दक्षिणाम् ।
आशीषं च परां लब्ध्वा मन्त्रसिद्धिमवाप्नुयात् ॥ तन्त्रशास्त्र ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुनः स्वतन्त्र उद्धार पनि देव्यथर्वशीर्षमा देखाइएको छ। सप्तशती स्तोत्रको प्रथम श्लोकमा[७] बिन्दुरहित त्यसै विद्याको उद्धार गरिएकाले समष्टि र व्यष्टि भेदले चारै मन्त्रको उद्धार पनि त्यहाँ रहेको छ। यस्तो मान्ने प्राचीन टीकाकारहरूले अप्पय दीक्षितको देवीचन्द्रकलास्तवको अनुसरण गरेर लेखेका छन्। उदाहरणार्थ यकारबाट अष्टम अक्षर हकार हुन जान्छ। सूर्यतनय-अग्नि अर्थात् सायंकालमा सूर्यको तेज अग्निमा समाविष्ट हुन्छ। पिताको धन पुत्रलाई प्राप्त भएजस्तै अग्निलाई सूर्यतनय भनिएको छ। वर्णहरूले सहितलाई सवर्णा भनिन्छ। सवर्णालाई **'अजामेकां लोहित-शुक्लकृष्णाम्'** यस श्रुतिले प्रसिद्ध मूल प्रकृतिका रूपमा बोध गराएको छ। यसको वाचक पुत्रत्व सम्बन्धले इ प्रत्ययबाट सावर्णि को ई कार भयो। यसरी बिन्दुरहित ह्री कार सिद्ध भयो। मनुलाई मन्त्र मानिएको छ। मन्त्र र देवी अभेद हुन्छन्। यसरी समग्र श्लोकको अर्थ देवीको अवतार मेरो मुखबाट सुन भन्ने अर्थ गरिएको छ।

आर्षवाक्यहरू सर्वतोमुख (अनेक अर्थ) हुने भएकाले पूर्वोक्त अर्थ पनि मान्न सकिन्छ तर गुप्तवतीकार आचार्य भास्कर राय भारती दीक्षितको मत यसभन्दा भिन्न रहेको छ। सारार्थमा भन्दा चण्डी नै परब्रह्मकी समष्टि रूपा आद्याशक्ति हुन्। यिनैलाई तुरीया शक्ति पनि भनिन्छ। यसै आधारमा दुर्गासप्तशतीको चण्डी नाम रहन गएको हो।

नाम रूप धारण गर्ने शक्तिरूप ब्रह्मको उपासना प्रकाशकका रूपमा रहेका अनेक मन्त्रहरूमा नवार्ण र सप्तशती मन्त्र उत्तम मानिन्छन्। नवार्ण मन्त्र चौबीस अक्षरले बनेको छ। त्यहाँ व्यञ्जन वर्णलाई स्वरहरूको अंग मानेर स्वतन्त्र संख्याको रूपमा लिइएको छैन। किनभने व्यञ्जनको व्यवहारमा उपयोग हुँदैन। यो नवार्ण मन्त्र स्वतन्त्र रूपमा उपास्य हुन्छ या सप्तशतीको अंगको रूपमा भन्ने विषय पनि यहाँ विचारणीय छ। केही विद्वान्हरूले स्वतन्त्र रूप र सप्तशतीको अंगको रूपमा उपास्य स्वीकार गरेका छन्। तर यसलाई यथार्थमा भन्दा नवार्ण विद्या सप्तशतीको अंगका रूपमा स्वीकार गरेर सप्तशतीका साथ उपासना गर्नु उपयुक्त हुन्छ।

परापूर्वकालदेखि नै नेपाली समाजको शक्तिउपासना, साधना र पूजार्चनामा विशेष आस्था र विश्वास रहेको छ। यस देशका पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिण तराईसम्मका विभिन्न भूभागमा रहेका देवीका शक्तिपीठ र साधनास्थलहरू यसैका प्रतीक हुन् भन्दा अत्युक्ति हुने छैन। जगत् जननी माता भगवतीको आराधना र साधनाको माध्यमका रूपमा रहेको मन्त्र स्वरूप दुर्गासप्तशती नेपाली समाजमा प्रचलित धार्मिक पुस्तकहरूमध्ये सबैभन्दा लोकप्रिय ग्रन्थ हो। यस्तो गहनतम महत्त्व बोकेको ग्रन्थरत्नलाई विस्तृत पूजाविधि, पाठविधिसहित नेपाली भाषामा

---

[७] सावर्णिः सूर्यतनयो यो मनुः कथ्यतेऽष्टमः।
निशामय तदुत्पत्तिं विस्तरात् गदतो मम ॥दुर्गासप्तशती,१.१ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुवाद गरेर प्रकाशित गर्न लाग्नु भएकोमा विद्वान्द्वय सहप्राध्यापक स्थानेश्वर पौडेल र सहप्राध्यापक वासुदेव खनालले स्तुत्य काम गर्नुभएको छ । लामो समयदेखि धर्मशास्त्र विषयको प्राध्यापनका साथै पुराणवाचन र कर्मकाण्ड प्रशिक्षणमा समेत ख्यातिप्राप्त पूर्वप्राचार्य श्री स्थानेश्वर पौडेल यस विधाका विशिष्ट एवं आधिकारिक विद्वान् हुनुहुन्छ । त्यस्तै धर्मशास्त्र विषयको प्राध्यापन र अनुसन्धानमा संलग्न श्रीवासुदेव खनाल धर्मशास्त्र विषयको विज्ञका रूपमा प्रतिष्ठित हुनुहुन्छ । उहाँहरूले नेपाली भाषामा सरल र सुबोध शैलीमा अनुवादसहित दुर्गासप्तशती ग्रन्थ प्रकाशित गरेर भगवती दुर्गाको उपासनामा समर्पित हिन्दू समाजलाई ठूलो गुन लगाउनु भएको छ । आफ्नै भाषामा आफ्नी आराध्यदेवीको स्वरूप ज्ञानका साथै विस्तृत पूजाविधिको प्रक्रिया निदर्शनले यो ग्रन्थ साधक नरनारीका लागि विशेष उपयोगी हुने कुरामा म पूर्ण विश्वस्त छु । धर्मशास्त्र, कर्मकाण्ड र पुराणका विशिष्ट विद्वान्हरूद्वारा नेपाली अनुवादसहित तयार गरिएको यस्तो आधिकारिक ग्रन्थ यसपूर्व नेपालबाट प्रकाशित भएको मेरो दृष्टिमा परेको छैन । यस्तो प्रशंसनीय कार्य गर्ने विद्वान्द्वयलाई यस अवसरमा धन्यवादसहित शुभकामना दिन चाहन्छु । उहाँहरूजस्ता विशिष्ट विद्वान्हरूबाट आगामी दिनमा पनि धार्मिक एवं प्राज्ञिक महत्त्व राख्ने ग्रन्थहरू लेखन एवं प्रकाशनमा संलग्नता रहिरहने अभिलाषा राख्दै उहाँहरूको सुस्वास्थ्य र प्रगतिका लागि मंगलमय शुभकामना व्यक्त गर्दछु । साथै २०७१ सालको विजयादशमीको शुभ अवसर पारेर प्रकाशित हुन लागेकोमा यस ग्रन्थको लेखन, प्रकाशनमा संलग्न विद्वान्हरूका साथै सम्पूर्ण दुर्गाभगवतीका उपासक पाठकहरूमा समेत हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । दुर्गा भवानीले हामी सबैको कल्याण गरून् ॥

ॐ दुर्गेस्मृता हरसि भीतिमशेषजन्तोः
स्वस्थैः स्मृता मतिमतीव शुभां ददासि ।
दारिद्रदुःखभयहारिणि कात्वदन्या
सर्वोपकारकरणाय सदाऽऽर्द्रचित्ता ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

ॐ या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

शास्त्रमा 'शक्ति' शब्दका प्रसङ्गअनुसार अलग–अलग अर्थ गरिएका छन् । तान्त्रिकहरू यिनै शक्तिलाई पराशक्ति विज्ञानानन्दघन ब्रह्म मान्दछन् । वेद, पुराण, उपनिषद् र स्मृतिशास्त्रहरूमा 'शक्ति' शब्दको प्रयोग देवी, पराशक्ति, ईश्वरी, मूलप्रकृति आदि नामबाट विज्ञानानन्दघन निर्गुण र सगुण ब्रह्म दुवैका लागि गरिएको पाइन्छ । पुराणहरूमा यिनलाई योगेश्वरी, योगनिद्रा, योगमाया, महामाया, महानिद्रा, प्रकृति आदि नामबाट चिनाइएको छ । त्यसैले शक्तितत्त्व ब्रह्मतत्त्वसँग अभिन्न छ । एउटै परमतत्त्वलाई निर्गुण–सगुण, निराकार–साकार, देव–देवी, ब्रह्मा, विष्णु, शिव, शक्ति, राम, कृष्ण आदि अनेक नामरूपबाट भक्तहरू पुकार्दछन् । देवीपुराणमा वर्णन गरिएको छ–देवीले वेदव्यासलाई आफ्ना अनेक रूपको दर्शन दिनुभयो, जतिखेर कुनै बेला वहाँ विष्णुरूपा देखिनुहुन्थ्यो भने कुनै बेला ब्रह्मा र शिवरूपा देखिनुहुन्थ्यो–

कदाचिद्विष्णुरूपा च वामे च कमलालया ।
राधयासहिता कस्मात्कदाचित्कृष्णरूपिणी ॥
वामाङ्गाधिगता वाणी कदाचिद्ब्रह्मरूपिणी ।
कदाचिच्छिवरूपा च गौरी वामाङ्गसंस्थिता ॥ (देवीपुराण, १/४४–४५)

हिन्दू संस्कृतिमा परमात्मालाई पुरुष (भगवान्) र स्त्री (भगवती) दुवै रूपमा स्वीकार गरेर उनको उपासनाको विधान गरिएको छ । जुन निर्विशेष शुद्धतत्त्व पूर्ण ब्रह्माण्डको आधार छ, त्यसैलाई पुंस्त्वदृष्टिले 'चित्' र स्त्रीत्वका दृष्टिले 'चिति' भनिन्छ । शुद्ध चेतन र शुद्ध चिति–एउटै तत्त्वका दुई नाम हुन् । मायामा प्रतिबिम्बित यसै तत्त्वको जब पुरुष रूपबाट उपासना गरिन्छ, त्यतिखेर उहाँलाई ईश्वर, शिव, भगवान्, नारायण आदि भनिन्छ । जब स्त्रीरूपबाट उपासना गरिन्छ, त्यतिखेर उहाँलाई ईश्वरी, दुर्गा, भवानी, भगवती, महाकाली, महालक्ष्मी, महासरस्वती आदि भनिन्छ । त्यसैले पाञ्चायतन पूजा गर्दा विष्णु, शङ्कर, गणेश र सूर्यकै समकक्षमा भगवतीलाई समेत समान स्थान दिइएको छ । अनन्तकोटि ब्रह्माण्डरूपी प्रपञ्चकी अधिष्ठानभूता सच्चिदानन्दरूपा भगवतीले नै सम्पूर्ण विश्वलाई सत्ता, स्फूर्ति र सरसता प्रदान गर्नुहुन्छ ।

यिनै शक्तितत्त्वको महिमा गायन गर्दै ब्रह्मवैवर्त पुराणमा स्वयं श्रीकृष्ण भन्नुहुन्छ–

त्वमेव सर्वजननी मूलप्रकृतिरीश्वरी ।
त्वमेवाद्या सृष्टिविधौ स्वेच्छया त्रिगुणात्मिका ॥
कार्यार्थे सगुणा त्वं च वस्तुतो निर्गुणा स्वयम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परब्रह्मस्वरूपा त्वं सत्या नित्या सनातनी ॥
तेजः स्वरूपा परमा भक्तानुग्रहविग्रहा ।
सर्वस्वरूपा सर्वेशा सर्वाधारा परात्परा ॥
सर्वबीजस्वरूपा च सर्वपूज्या निराश्रया ।
सर्वज्ञा सर्वतोभद्रा सर्वमङ्गलमङ्गला ॥ (ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६६/७-१०)

यिनै पराशक्तिबाट ब्रह्मा, विष्णु र रुद्र उत्पन्न भए । यिनैबाट सबै मरुद्गण, गन्धर्व, अप्सरा, किन्नर, समस्त भोगपदार्थ, अण्डज, पिण्डज, स्वेदज, उद्भिज, जरायुज, स्थावर, जङ्गम प्राणी र मनुष्यादि समेत उत्पन्न भए ।

जसरी पुष्प अनेक भए पनि सुगन्ध एउटै हुन्छ, बत्ती अनेक भए पनि प्रकाश एउटै हुन्छ, ओठ दुईवटा भए पनि शब्द एउटै हुन्छ, नेत्र दुईवटा भए पनि दृष्टि एउटै हुन्छ, त्यसैगरी सगुण रूपमा भगवान् र भगवती दुई भए पनि निर्गुण निराकार परब्रह्म एउटै हुन्छ । जसरी सूर्यमा सूर्यप्रभा, अग्निमा उष्णता, चिनीमा मधुरता, कपूरमा सुगन्ध, चन्द्रमामा चन्द्रिका, पृथ्वीमा धारणशक्ति, आत्मामा बुद्धिशक्ति, वृक्षादिमा जलाकर्षणशक्ति, चुम्बकमा आकर्षणशक्ति, वनस्पतिमा रोगनिवारणशक्ति, वज्रमा शिलाभेदनशक्ति, विद्युत् र मणिमा प्रकाशशक्ति तथा मन्त्रादिमा सिद्धिशक्ति रहन्छ, त्यसैगरी शिव, ब्रह्मा र विष्णुमा पनि महाशक्ति निहित रहनुहुन्छ । सारांश के हो भने जगत्मा सर्वत्र परमात्मरूपा यिनै महाशक्ति विभिन्न शक्तिहरूका रूपमा लीला गरिरहनु भएको छ र मनुष्यहरू अनेकौं मार्गबाट यही शक्तितत्त्वको अर्चना गरिरहेका छन् ।

हाम्रो संस्कृतिमा शक्ति वा देवीतत्त्वको अत्यन्त ठूलो स्थान छ । दुर्गापूजाको प्राचीनताका बारेमा विभिन्न ग्रन्थहरूको अनुशीलनबाट केही सङ्केतहरू प्राप्त हुन्छन् । महाभारत वनपर्वको अध्याय ६ मा दुर्गालाई यशोदा र नन्दकी छोरी एवं कृष्णकी बहिनी बताउँदै काली, महाकाली र दुर्गाको नाम दिइएको छ । महाभारतकै भीष्मपर्वमा भगवान् श्रीकृष्णको आदेशमा अर्जुनले दुर्गास्तोत्रको पाठ गरेको वर्णन छ । यस क्रममा अर्जुनले कुमारी, काली, कपाली, कपिला, भद्रकाली, महाकाली, चण्डी, कात्यायनी, कौशिकी, उमा आदि विविध नामहरूको उल्लेख गरेका छन् । कालिदास (इसवी ३०० तिर) ले रघुवंश र कुमारसम्भव यी दुवै महाकाव्यका अनेकौं प्रसङ्गमा जगन्माता पार्वतीका चण्डी, भवानी आदि नामहरूको चर्चा गरेका छन् । कुमारसम्भवमा भगवान् शिवको अर्धनारीश्वर रूपको समेत उल्लेख भएको पाइन्छ । शूद्रकको मृच्छकटिकम्मा शुम्भ र निशुम्भलाई देवी दुर्गाले मारेको कथा वर्णित छ । यसैगरी गुप्तकालभन्दा अघिल्लो समयका मानिने कुषाण राजा कनिष्कका सिक्काहरूमा सिंहका साथ देवीको चित्र देखिन्छ, जुन चित्रमा देवीले आफ्ना हातमा पाश र राजदण्ड लिएकी छिन् । यस्तै गुप्तकालका सम्राट् चन्द्रगुप्त प्रथमको पाला (इसवी ३००-३२५) का केही

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिक्काहरूमा समेत सिंहवाहिनी देवीको चित्र पाइनाले देवीपूजाको प्राचीनता सिद्ध हुन्छ । यसका साथै शक्तिकी प्रतीक भवानी दुर्गाको उपासना र महिमाका बारेमा लेखिएका सयौँ ग्रन्थहरूको विशाल राशि हाम्रा ग्रन्थागारमा पाइन्छ । देवीभागवत, मार्कण्डेय पुराण, भविष्य पुराण (व्रतभाग), कालिका पुराण, बृहन्नन्दिकेश्वर पुराण, नारदीयपुराण, देवीपुराण, डामरतन्त्र, रुद्रयामल, शूलपाणिको दुर्गोत्सवविवेक, दुर्गापूजाप्रयोगतत्त्व, रघुनन्दनलिखित दुर्गार्चनपद्धति, उदयसिंहको दुर्गोत्सवपद्धति, विद्यापतिको दुर्गाभक्तितरङ्गिणी, विनायक (नन्दपण्डित) ले लेखेको र सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट प्रकाशित भएको नवरात्रप्रदीप, नेसंविबाट प्रकाशित स्कन्दपुराणको अम्बिकाखण्ड र हाम्रै नेपालका विख्यात तान्त्रिक नवमी सिंहद्वारा लिखित एवं परिष्कृत चण्डीभक्तिविनोदिनी र सप्तशती चण्डी आदि सयौं ग्रन्थले देवी दुर्गाको उच्च महिमागायन गर्दछन् । यसबाहेक हाम्रो राष्ट्रिय अभिलेखालयमा अप्रकाशित अवस्थामा रहेका अनेकौँ ग्रन्थहरू देवी दुर्गाको उपासनासँग सम्बन्धित छन् । नेपालको समृद्ध तन्त्रपरम्पराले पनि शक्ति उपासनाको सबल पाटोलाई सम्झाउँछ ।

देवीभागवतमा उल्लिखित आषाढ शुक्ल, आश्विनशुक्ल, माघ शुक्ल र चैत्र शुक्लमा[८] पर्ने चार नवरात्र शक्ति–उपासनाका विशेष पर्व हुन् । नेपाली समाजमा आश्विन शुक्ल नवरात्रको विशेष महत्त्व छ । नेपाली मात्रको महान् चाड विजयादशमी आश्विन शुक्ल नवरात्रअन्तर्गत नै पर्छ र यस पर्वको मूल–रहस्य शक्ति–उपासनासँग गाँसिएको छ । यतिखेर हिमाल, पहाड र तराईका घर–घरमा; देवीमन्दिर (शक्तिपीठ) र दशैंघरहरूमा; अझ सहरी क्षेत्रमा त चोक–चोकमा समेत भवानी दुर्गाको पूजा गर्ने र सप्तशती पाठ गर्ने परम्परा रहेको छ । वैदिक संस्कृतिमा रहेको शक्ति–पूजनको सुदीर्घ परम्परा यस पर्वमा देखापर्ने उत्साह र उल्लासबाट अभिव्यक्त हुन्छ । देवी भागवत माहात्म्यमा सूर्य कन्या राशिमा रहेका बेला महाष्टमीको दिनमा स्वर्णसिंहासनमा राखेर देवीलाई प्रसन्न तुल्याउने र देवीमाहात्म्य श्रवण गरी उक्त पुस्तक योग्य ब्राह्मणलाई दान दिने मान्छे देवीलोकमा जान्छ भनिएको छ ।

---

८. हाम्रो संस्कृतिमा रहेको चैत्र शुक्ल नवरात्रको महत्त्वलाई पनि उपेक्षा गर्न मिल्दैन । ब्रह्मपुराणमा बताइएअनुसार चैत्र शुक्ल प्रतिपदा तिथिको सूर्योदय समयमा ब्रह्माजीले संसारको सृष्टि गर्नुभयो र त्यसै दिनबाट कालगणनाको शुभारम्भ भयो । यसै पक्षको नवमी तिथिको मध्याह्न समयमा भगवान् रामचन्द्रको जन्म भएको कुरा अगस्त्यसंहितामा उल्लेख गरिएको छ । त्यसबेला चन्द्रमा पुनर्वसु नक्षत्रमा थिए, चन्द्रमा र बृहस्पति एकै ठाउँमा थिए, कर्कट लग्न थियो, सूर्य मेष राशिमा थिए र पाँच वटा ग्रहहरू उच्च थिए । नेपालमा चैत्र शुक्ल नवरात्रको त्यति प्रचलन नभए पनि भारतका कतिपय ठाउँमा यसलाई अत्यन्त ठूलो महत्त्व दिइन्छ । शरद् र वसन्तका यी दुवै नवरात्रमा दुर्गोत्सव गर्नू (शरद्वसन्तयोस्तुल्य एव दुर्गोत्सवः कार्यः, निर्णयामृत, पृ.५६२ समयमयूख, पृ.१५) भन्ने शास्त्रीय वचन छ । वस्तुतः यी दुवै दुर्गोत्सवको मूल आधारग्रन्थ दुर्गा सप्तशती नै हो । यस समयमा हाम्रो नेपालका साथसाथै भारतका उत्तरप्रदेश, बङ्गाल, विहार, झारखण्ड, छत्तीसगढ, मध्यप्रदेश र आसाममा दुर्गादेवीको भव्य पूजाआजा हुने गर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उल्लिखित चर्चाबाट स्पष्ट हुन्छ, दुर्गासप्तशती देवीपूजन परम्पराको जीवन्त अभिव्यक्ति हो । दुर्गा सप्तशतीलाई 'चण्डी' पनि भनिन्छ । पहिले-पहिले हामीकहाँ धार्मिक शिक्षाको प्रारम्भ दुर्गा सप्तशतीबाटै हुने गर्थ्यो । यद्यपि दुर्गा सप्तशती मार्कण्डेय पुराण (अध्याय ८१-९३) को अंश हो, तर यसले आफ्नो छुट्टै अस्तित्त्व कायम गरेको छ । यसको एघारौं शताब्दीको एउटा पाण्डुलिपि हाम्रै देश नेपालमा प्राप्त भएको थियो[१] र त्यो भारतमा समेत प्रसिद्ध छ । कात्यायनी तन्त्रमा दुर्गासप्तशतीका मन्त्रभागको उल्लेख पाइन्छ । मन्त्रसङ्ख्या सात सय रहेकाले यसलाई सप्तशती भनिएको हो ।

प्रस्तुत दुर्गासप्तशती ग्रन्थ शक्ति-उपासनासँग सम्बन्धित यही परम्पराको विशिष्ट उदाहरण हो । **आस्था प्रकाशन**ले विजया दशमीको सन्दर्भ पारेर आफ्नो प्रथम उपहारका रूपमा प्रस्तुत पुस्तक सार्वजनिक गरेको छ । यसो गरेर हामीले प्रकारान्तरले शक्तिस्वरूपा भवानीको अर्चना र आराधना गर्न चाहेका छौं । मानवीय जीवनका शाश्वत पक्षसँग सम्बन्धित धार्मिक, आध्यात्मिक र प्राज्ञिक महत्त्वका ग्रन्थहरूको प्रकाशन गरी समाजमा बौद्धिक अन्तःक्रियालाई सघन तुल्याउनु **आस्था प्रकाशन**को मूल उद्देश्य हो । यस प्रकाशनले व्यावसायिकताका साथसाथै समाजप्रतिको उत्तरदायित्त्व र प्राज्ञिक नैतिकताको समेत प्रवर्द्धन गर्न चाहन्छ। यसै उद्देश्यपूर्तिका लागि हाम्रो आस्थाको अम्लान अभिव्यक्तिका रूपमा जगज्जननी श्रीदुर्गाभवानीको माहात्म्यरूपी श्रीदुर्गासप्तशतीलाई प्रथम पुष्प बनाएर समर्पण गरेका छौं। भविष्यमा पनि यस्ता कृतिहरू क्रमशः प्रकाशित गर्दै जाने योजना रहेको कुरा पाठकवर्गलाई जानकारी गराउन चाहन्छौं। पाठकहरूले हाम्रा हरेक प्रकाशनमा भाषिक शुद्धता, विधिका दृष्टिले शास्त्रानुशीलता र व्यवहारका दृष्टिले नेपालीपनको आस्वाद प्राप्त गर्नुहुनेछ। हामीप्रति अपार माया र सद्भावस्वरूप प्रस्तुत पुस्तकको प्रकाशन गर्ने अवसर प्रदान गर्नुभएकोमा यस पुस्तकका विद्वान् लेखकद्वय सहप्रा. श्रीस्थानेश्वर पौडेल र सहप्रा. श्रीवासुदेव खनालप्रति हार्दिक आभार व्यक्त गर्दछौं । नेपालको समृद्ध विद्वत्परम्पराका संवाहक, नेपाल संस्कृत विश्वविद्यालयका विशिष्ट विद्वान्का रूपमा सर्वत्र परिचित उहाँहरूजस्ता सुयोग्य र आधिकारिक विद्वान्हरूले हामीलाई विश्वास गरेर यस्तो गुरुतर अभिभारा सुम्पिँदा हामी कृतकृत्य छौं ।

निश्चय नै, यसमा उल्लिखित पूजाविधि केही विस्तृत छ । तर यो शाक्त-ग्रन्थहरूमा आधारित रहेकाले शास्त्रीय र आधिकारिक पनि छ । वर्तमान समयमा यहाँ उल्लेख भएका सबै विधि पालना गरी पूजा सम्पन्न गर्नु गाह्रो हुन सक्छ । तर

---

[१] भवनाथ झा, *दुर्गासप्तशती की भूमिका,* **दुर्गा सप्तशती एक परिचय,** महावीर मन्दिर प्रकाशन पटना, चतुर्थ संस्करण, सन् २०१३, पृ.३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसो भन्दैमा पूजाविधि छोट्याएर दिने कुरा पनि हुँदैन । मानिसको प्यास थोरै हुन्छ भन्दैमा महासागर सानो होस् भन्ने कामना गर्नु त्यति उपयुक्त नहोला । जहाँसम्म सबै गर्न सकिने नसकिने कुरा छ, परिस्थितिवश यी सबै विधि पूरा गर्न सकिएन भने पनि देवीप्रति अपार श्रद्धा र विश्वास छ भने सबैभन्दा ठूलो विधि त्यही नै हो । तान्त्रिक शाक्त–पद्धतिको अनुसरण गर्ने बाहेकका व्यक्तिहरूले यी सबै विधिको हुबहु अनुसरण गर्नै पर्छ भन्ने कुनै बाध्यता छैन । अर्कोतिर श्रद्धा नभैकन आडम्बरवश गरिने पूजामा यहाँ लेखिएका सबै विधि पूरा भए पनि खासै अर्थ रहँदैन । त्यसो भए यहाँ सबै विधि लेख्नुको अर्थ के त ? भन्ने प्रश्न उठ्न सक्छ, यो वस्तुतः श्रद्धा र विधि दुवैको अपेक्षा गर्ने देवीभक्तहरूको अपेक्षा र प्रेमलाई सम्बोधन गर्ने हाम्रा विद्वान् लेखकहरूको प्रयासको परिणाम हो भनेर बुझिदिनु होला । श्रद्धा, विश्वास र भक्तिले ओतप्रोत भएर एउटै नाममन्त्र अर्थात् **ॐ दुर्गादेव्यै नमः** भनेर पूजा गरे पनि सबै विधि पूरा भएको मानिन्छ ।

प्रस्तुत पुस्तकको प्रकाशनका क्रममा गहन विद्वत्तापूर्ण अनुसन्धानात्मक भूमिका लेखिदिएर हामीलाई सहयोग पुर्‍याइदिनुहुने नेसंविका पूर्वउपकुलपति एवं विशिष्ट विद्वान् प्रा.माधवराज गौतमज्यूप्रति **आस्था प्रकाशन** हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यसैगरी हामीलाई विभिन्न सुझावहरू उपलब्ध गराएर सहयोग पुर्‍याउनुहुने नेसंविका शिक्षाध्यक्ष प्रा.नारायणकुमार आचार्यज्यू, नेसंविका पूर्वशिक्षाध्यक्ष एवं संस्कृत साहित्यका विशिष्ट विद्वान् प्रा.डा. भागवतप्रसाद शर्माज्यू, जनता विद्यापीठ दाङका पूर्वप्राचार्य एवं विद्वान् प्रा.श्रीधर मजगैंया (पोखेल) ज्यू, प्रा.डा. विष्णुप्रसाद शर्मा देवकोटाज्यू, प्रा.रामहरि दाहालज्यू, जनक शिक्षा सामग्री केन्द्र लि. का पूर्वमहाप्रबन्धक एवं कवि श्रीरामप्रसाद प्रदीपज्यू, सहप्रा.भीमप्रसाद कण्डेलज्यू, नेसंविका अवकाशप्राप्त उपप्राध्यापक भक्तिराम ज्ञवालीज्यू र सहायक प्रशासक देवमणि देवकोटाज्यू, कपिलवस्तु जिनुवानिवासी अवकाशप्राप्त शिक्षक श्रीराममणि पौडेलज्यू, अर्घाखाँची खिदीम रयलेनिवासी शिक्षक श्रीगोविन्द पौडेलज्यू र दाङ बिजौरीनिवासी श्रीशिवहरि पोखेलज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । पुस्तकको डिजाइन र छपाइमा सहयोग गर्नुहुने एलायन्स प्रिन्टर्स एण्ड मिडिया हाउस प्रा.लि.का सहयोगी साथीहरू, विशेषगरी हरिप्रसाद दाहाल र नेत्र तिम्सिनालाई हार्दिक धन्यवाद दिन्छौं ।

हाम्रो यो पहिलो प्रयास कस्तो भयो, यसको समीक्षा विज्ञ पाठकहरूले नै गर्नुहुनेछ । यहाँहरूबाट प्राप्त हुने प्रतिक्रिया र सुझावबाट हामीलाई आगामी दिनमा यस ग्रन्थलाई अझ परिमार्जित र परिष्कृत तुल्याउन सहयोग पुग्नेछ । विजया दशमी २०७१ का सन्दर्भमा **आस्था प्रकाशन**का तर्फबाट यहाँहरू सबैप्रति सुख, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मङ्गलमय शुभकामना ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	पृष्ठ-संख्या
भूमिका	३
प्रकाशकीय	१०
विषयसूची	१५
शारदीय नवरात्र पूजाविधि	२१
(क) प्रथमदिनकृत्य	२१
१. पञ्चगव्यनिर्माणविधि	२१
२. सङ्क्षिप्तयज्ञोपवीतधारणविधि	२२
३. स्थानशुद्धि	२३
४. रङ्गवल्लीरचना	२३
५. आसनशुद्धि	२४
६. पवित्रधारण	२४
७. प्रायश्चित्तगोदान	२५
८. कर्मपात्रनिर्माण	२७
९. स्वस्तिवाचन	२८
१०. अर्घ्यस्थापन	३०
११. आचमनीयजलनिर्माण	३०
१२. पञ्चामृतस्थापन	३१
१३. प्रतिज्ञासङ्कल्प	३१
१४. प्राणायाम	३२
१५. ऋष्यादिकराङ्गन्यास	३२
१६. ध्यान	३३
१७. ब्राह्मणवरण र पुण्याहवाचन	३३
१८. शङ्खघण्टाडमरु पूजा	३७
१९. दीपपूजा	३७
२०. कलशपूजा	३८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय *पृष्ठ–संख्या*

२१. गणेशपूजा ४१
२२. कलशस्कन्धप्रदेशमा गणपत्यादिवनस्पत्यन्तदेवतापूजा ४३
२३. घटस्थापना ४५
२४. दुर्गाप्रतिमाको अग्न्युत्तारण ४६
२५. दुर्गापूजन ४६
२६. यवारोपण ५८
२७. कूष्माण्डबलिदान ५९
२८. कृशरबलिदान ६०
२९. कन्यापूजन ६१

(ख) द्वितीयाकृत्य ६३
(ग) तृतीयचतुर्थपञ्चमदिनकृत्य ६४
(घ) षष्ठीकृत्य ६४
(ङ) षष्ठीमा बिल्वनिमन्त्रण ६५
(च) सप्तमीकृत्य ६६

१. सरस्वतीपूजन ६७
२. सप्तमीमा भद्रकालीपूजा ६७
३. नवपत्रिकाप्रवेश ६८

(छ) अष्टमीकृत्य ७१
(ज) नवमीकृत्य ७७
(झ) दशमीकृत्य ७९
(ञ) सप्तश्लोकी दुर्गा ८५
(ट) दुर्गाष्टोत्तरशतनामस्तोत्र ८७
(ठ) सप्तशतीपाठविधि ९०
(ड) सप्तशती पाठ प्रारम्भ ९१

१. देवी कवच ९३
२. अर्गलास्तोत्र १०१
३. कीलक १०४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय	पृष्ठ-संख्या
४. वेदोक्त रात्रिसूक्त	१०८
५. तन्त्रोक्त रात्रिसूक्त	११०
६. देव्यथर्वशीर्ष	११२
७. नवार्णविधि	११८
८. प्रथम अध्याय	१२१
९. द्वितीय अध्याय	१३२
१०. तृतीय अध्याय	१४१
११. चतुर्थ अध्याय	१४७
१२. पञ्चम अध्याय	१५५
१३. षष्ठ अध्याय	१६५
१४. सप्तम अध्याय	१६८
१५. अष्टम अध्याय	१७१
१६. नवम अध्याय	१८०
१७. दशम अध्याय	१८५
१८. एकादश अध्याय	१८९
१९. द्वादश अध्याय	१९७
२०. त्रयोदश अध्याय	२०२
२१. उपसंहार	२०५
२२. ऋग्वेदोक्त देवीसूक्त	२०८
२३. तन्त्रोक्त देवीसूक्त	२१०
२४. प्राधानिक रहस्य	२१३
२५. वैकृतिक रहस्य	२१७
२६. मूर्ति रहस्य	२२३
२७. क्षमाप्रार्थना	२२७
२८. श्रीदुर्गामानस पूजा	२२८
२९. देव्यपराधक्षमापनस्तोत्र	२३१
३०. सिद्धकुञ्जिकास्तोत्र	२३४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुर्गापूजाका लागि आवश्यक सामग्री

प्रथम दिन (घटस्थापनाका निमित्त)

पञ्चगव्य । सर्स्यूं । गाईको गोबर (पूजास्थल लिप्न र घटस्थापना गर्न) । गाईको गहुँत (जमरा भिजाउन) । घटस्थापना गर्ने घडा । जमरा राख्ने माटो वा बालुवा । दूध, दही, घ्यू, मह, चिनी, मैरीको माटो, आँप पिपलका पात, लाबा, गणेशलाई रातो वस्त्र, कलशलाई राता धजा, जनै (५-६वटा) । रेखीको पिठो (अबिरसमेत मिसाउने) । जमरा राख्न पोटिलो जौ । पूजा गर्ने कर्ता र पाठ गर्ने ब्राह्मणले लगाउने राता लुगा । माला (२ वटा, एउटा देवीलाई चढाउन र एउटा ब्राह्मणलाई लगाइदिन) । अबिर । जौ, तिल, कुश । ल्वाङ । दुना, टपरी (केही), सालका कटौरी वा खोरी,सालका पात । तुलसीपत्र । गङ्गाजल । कर्मपात्र बनाउनका लागि तामा वा काँसको भाँडो । पूजासामग्री-भाग २ । अर्घ्य बनाउनका लागि अर्घौतो वा अन्य पात्र । शङ्ख, घण्ट र डमरु । धुपौरो । देवीलाई चढाउने सौभाग्य द्रव्य । छिन्छिने पैसा, गणेशलाई चढाउने लड्डु । अक्षता रङ्गाउने रङ । पुष्प । दुबो । बेलपत्र । पुष्पमाला । बेलपत्रको माला । घिउका बत्ती । कपूर । नौसुते बत्ती नौ जोर । गोकुलधूप । वस्त्र । जनै । सुपारी । दियो-१ वटा । आरती । कलश । तिलको तेल । रोटी वा पक्वान्न नैवेद्य । मिठाइ । फलफूल । बारा । दियोलाई सुरक्षितसाथ छोप्नका लागि विशेष भाँडो । धूप । काँक्रो, उँखु, बेलको दाना, नरिवल आदि । बलिका निमित्त कुभिण्डो । खड्ग । कन्यापूजाका निमित्त-सौभाग्य द्रव्य, वस्त्र, आभूषण, पानमसाला, नैवेद्य, दक्षिणाद्रव्य आदि ।

(प्रतिपदादेखि दशमीको दिनसम्मका लागि पूजाका सामग्रीहरू प्रायः यिनै चाहिन्छन् ।)

षष्ठीका दिनमा बिल्व निमन्त्रणाका लागि सामग्री

कर्मपात्र बनाउनका लागि तामा वा काँसको भाँडो । बिल्वनिमन्त्रणका लागि सामान्य पूजासामग्री । दियो । कलश । गणेश । जौ, तिल र कुश । तेल, बेसार । खिचडी वा दाल । चामल, जौ, सर्स्यूं । धूप, बत्ती, नैवेद्य आदि ।

सप्तमीका लागि विशेष

सप्तमीमा सरस्वती पूजाका निमित्त पूजासामग्री । वस्त्र । धूप । बत्ती । नैवेद्य । पुस्तक । मसीदानी । कलम आदि ।

सप्तमीमा अपराह्नतिर नवपत्रिका प्रवेश गराउँदा विशेष

नवपत्रिका प्रवेश-केरा, दाडिम, धान, हलेदो, मानक (माने पिँडालु), कचु (कचुर), बेल, अशोक र जयन्ती (एकप्रकारको फूल) । बेलुका नवपत्रिका पूजाका लागि सामान्य पूजासामा र धूप, दीप, नैवेद्य ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अष्टमीमा विशेष

अष्टमीमा नवदुर्गा स्थापनाका लागि थाली वा चामल टपरी-९ । सुपारी-९ । कालरात्रि पूजाको सामग्री । सौभाग्य वस्त्र, फलफूल, बत्ती आदि नौ ठाउँमा । शस्त्रअस्त्र आदि हतियार । बलिको सामग्री । पायस । बारा ।

नवमीमा विशेष

त्रिशूलिनी पूजाको सामग्री । धूप, दीप, नैवेद्य । १ वा ९ वटी कन्यापूजाका लागि सामग्री । वस्त्र । सौभाग्यद्रव्य । दक्षिणाद्रव्य आदि ।

नवमीमा हवनका लागि सामग्री

रेखी हाल्ने पिठो । कलश पाँच वटा । चरु । होम गर्नका लागि घ्यू । सुरो । रक्षाबन्धन । समिधा । आँप पिपलका पात । दियो । धान, चामल, छिन्छिने पैसा, जनै (२ वटा), सुपारी (६-७ वटा), ब्रह्माजीलाई पहेँलो वस्त्र, दुना (१२ वटा), टपरी (१२ वटा), खोरी वा कटौरी (१० वटा), सालका पात, जौ, तिल, ल्वाङ, कपुर, कुश, अबीर, चन्दन, अक्षता, सिन्दुर, सर्स्यूँ, बेसार, पुष्प, दुबो, फलफूल, दूध, दही, घ्यू, मह, चिनी, मैरीको माटो, लावा, कलशलाई राता धजा, मासका दाना र रातो बत्तीसहित क्षेत्रपाल, पूर्णपात्र, घृतच्छाया हेर्ने घिउ, छिन्छिने पैसा आदि ।

हरेक दिन साँझमा बत्तीको प्रार्थना गर्ने भाषाश्लोक

बत्ती नमस्कार म गर्छु तिम्रो । डाकेर सत्कार म गर्छु तिम्रो ॥
हौ साँझकी रत्न तिमी उज्याली । हाँसेर झुल्क्यौ सुनज्योति बाली ॥
भयो अँध्यारो जब सूर्य भागे । बिदा लिई पश्चिमतर्फ लागे ॥
तारासरि झल्ल बलेर झल्क्यौ । यो साँझमा रात उघार्न निस्क्यौ ॥
स्पष्ट आँखा अगुवा सबैकी । सधै उज्यालो घर पार हाम्रो ॥
हटाउँदै दुःख र त्रास कालो । जागिरहू लच्छिन पार राम्रो ॥

शक्तिसाधकले पालना गर्नुपर्ने सामान्य नियम

१. शास्त्रमा बताइएका यम र नियमको पालना गर्नू ।
२. दुर्वाच्य नबोल्नू ।
३. सन्ध्याकालमा नखानू र नसुत्नू ।
४. पूजा अवधिभर भूइँमा बिस्तरा लगाएर सुत्नू ।
५. कसैप्रति द्वेषभावना नराख्नू ।
६. विश्वकल्याणको कामना गर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ श्रीशारदीयनवरात्र

दुर्गापूजनविधिः

ॐ श्रीगणेशाय नमः । ॐ श्रीसरस्वत्यै नमः ॥

ॐ सर्वचैतन्यरूपां तामाद्यां विद्यां च धीमहि । बुद्धिं या नः प्रचोदयात् । (देवीभागवत, १/१)

अर्थ : ॐ, समस्त ज्ञानस्वरूप ती आद्या विद्याको हामी ध्यान गर्छौं, जसले हाम्रो बुद्धिलाई प्रेरित गर्छिन् ।

प्रथमदिनकृत्यम्

विधिनिर्देशः आश्विनशुक्ल प्रतिपदा तिथिमा ज्योतिषीले बताएको वा पात्रोमा उल्लेख गरिएको शुभमुहूर्तमा जगज्जननी श्रीदुर्गादेवीको पूजाकार्य सुरु गर्नुपर्छ । यसका लागि सर्वप्रथम हात गोडाका नङ काटी, अझ सकिन्छ भने मुण्डनसमेत गरी नित्यस्नान गरेर पञ्चगव्य प्राशन (खानु) गर्नुपर्छ । देवीपूजा गर्ने व्यक्तिले सम्भव भएसम्म नौ दिनतक साँझमा मात्र खाना खानु राम्रो हुन्छ । दिउँसो फलफूल वा दूध खान सकिन्छ ।

(क) पञ्चगव्यनिर्माणविधिः[१]

विधिनिर्देशः तल बताइएको मन्त्र पढ्दै गाईको गहुँत ल्याएर एउटा तामाको भाँडोमा राख्ने–

ॐ तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

विधिनिर्देशः यसपछि तलको मन्त्र पढेर गाईको गोबर राख्ने–

ॐ गन्धद्वारान्दुराधर्षान्नित्यपुष्टाङ्करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥

विधिनिर्देश : यसपछि निम्न मन्त्रले सोही भाँडोमा दूध राख्ने–

ॐ आप्यायस्व समेतु ते विश्वतः सोम वृष्ण्यम् । भवा वाजस्य सङ्गथे ॥

विधिनिर्देशः तल दिइएको मन्त्रले दही राख्ने–

ॐदधिक्राव्णोऽअकारिषञ्जिष्णोरश्वस्य वाजिनः । सुरभिर्नो मुखाकरत्प्रणऽआयूꣳषि तारिषत् ॥

---

१. अथातः संप्रवक्ष्यामि पञ्चगव्यं यथाविधि । पावनार्थे मनुष्याणामिह लोके परत्र च ॥ गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् । निर्दिष्टं पञ्चगव्यं च पवित्रं कायशोधनम् ॥ गोमूत्रे वरुणे देवो हव्यवाहस्तु गोमये । क्षीरे चन्द्रश्च भगवान्वायुर्दध्नि समाश्रितः ॥ भानुराज्ये स्थितस्तद्वज्जले हरिरुदाहृतः । दर्भे देवाः स्थिताः सर्व्वे पवित्रं तेन नित्यशः ॥ मूत्रं तु नीलवर्णायाः कृष्णाया गोमयं स्मृतम् । पयश्च ताम्रवर्णायाः श्वेताया दधि उच्यते ॥ कपिलाया घृतं ग्राह्यं महापातकनाशनम् । अलाभे सर्व्ववर्णानां कपिलैका प्रशस्यते ॥ मूत्रस्यैकपलं दद्यात्तदर्द्धं गोमयं स्मृतम् । क्षीरं सप्तपलं दद्याद्दधित्रिपलमुच्यते ॥ आज्यस्यैकपलं दद्यात्पलमेकं कुशोदकम् । सर्प्पिः कुशोदकं चैव पृथङ्मन्त्रैर्विधीयते ॥ सर्व्वेषामलाभे सर्पिः कुशोदकं पय इति निर्णयः ॥ आलोड्य प्रणवेनैव निर्मथ्य प्रणवेन तु । उद्धृत्य प्रणवेनैव त्रिः पिबेत्प्रणवेन तु । यद्यदस्थिगतं पापं देहे तिष्ठति देहिनाम् । ब्रह्मकूर्चो दहेत्सर्व्वं तत्तदग्निरिवेन्धनम् । पालाशेनाथ पर्णेन स्वर्णपत्रेण वा पुनः । रौप्यपात्रेण ताम्रेण ब्रह्मतीर्थेन वा पिबेत् । (कर्मकाण्डप्रदीपः, पृ.५२)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधिनिर्देशः तल दिइएको मन्त्रले घिउ राख्ने-

ॐतेजोसि शुक्रमस्यमृतमसि धामनामासि प्रियं देवानामनाधृष्टन्देव-यजनमसि ॥

विधिनिर्देशः तल दिइएको मन्त्रले कुश र जल मिसाउने-

ॐ देवस्य त्वा सवितुः प्रसवेश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्याम् । अग्नये जुष्टं गृह्णाम्यग्नीषोमाभ्याञ्जुष्टं गृह्णामि ॥

विधिनिर्देशः यसपछि तामाको भाँडोमा राखिएका ती सबै चिजलाई कुश र दुबोले चलाएर राम्ररी मिसाउने र **'ॐ'** यो प्रणव मन्त्रले सात पटकसम्म अभिमन्त्रण (फुक्नु) गरेर **'ॐ'** मन्त्रले नै अथवा तलको मन्त्र पढ्दै श्रद्धापूर्वक पिउने र हात धुने-

ॐ यत्त्वगस्थिगतं पापं देहे तिष्ठति मामके ।
प्राशनात्पञ्चगव्यस्य दहत्वग्निरिवेन्धनम् ॥

विधिनिर्देशः यसरी पञ्चगव्य प्राशन गरिसकेपछि नयाँ यज्ञोपवीत (जनै) धारण गर्नुपर्छ । जनै भन्नाले तीन-तीन सरा मिलाएर निर्मित भएको छ सरे जनै बुझ्नुपर्छ ।

(ख) सङ्क्षिप्तयज्ञोपवीतधारणविधिः

विधिनिर्देशः तल बताइएका तीन मन्त्रले तीन पटक आचमन गर्ने-

ॐ ऐं आत्मतत्त्वं शोधयामि स्वाहा । ॐ ह्रीं विद्यातत्त्वं शोधयामि स्वाहा । ॐ क्लीं शिवतत्त्वं शोधयामि स्वाहा । आचमन गरिसकेपछि तलको मन्त्रले हात धुने-**ॐ ऐं ह्रीं क्लीं सर्वतत्त्वं शोधयामि नमः स्वाहा ।**

विधिनिर्देशः यसपछि नयाँ जनै हातमा लिएर चोखो पानीले पखाल्ने र उक्त जनैलाई हातको हत्केलामा राखी छोटो सङ्कल्प गर्ने-

ॐ अद्येत्यादि मम श्रौतस्मार्तकर्मानुष्ठानसिद्ध्यर्थं अद्यावधि नवमदिनपर्यन्तं करिष्यमाणश्रीदुर्गापूजनकर्माङ्गत्वेन नूतनयज्ञोपवीतधारणमहं करिष्ये ।

विधिनिर्देशः यसपछि उक्त जनैलाई हत्केलामा राखेको राख्यै मनमनै दश पटकसम्म गायत्री मन्त्र पढ्ने (गायत्री मन्त्र जनैधारी सबैलाई थाहा भएकै कुरा हो भन्ने सोचेर यहाँ दिइएको छैन) । यसपछि दाहिने हातमा जनै लिएर तलका मन्त्र पढ्दै बायाँ काँधमाथि धारण गर्ने-

ॐयज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत्सहजं पुरस्तात् ।
आयुष्यमग्र्यं प्रतीमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः ।
ॐयज्ञोपवीतमसि यज्ञस्य त्वा यज्ञोपवीतेनोपनह्यामि ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) स्थानशुद्धिः

विधिनिर्देशः यसपछि भवानी दुर्गादेवीको पूजा गर्ने ठाउँलाई शुद्ध पार्नका लागि सर्वप्रथम बढारकुँडार गरी सम्भव भएसम्म गाईको गोबरले लिप्ने अथवा तलको मन्त्र पढी पञ्चगव्य वा गङ्गाजल छर्केर शुद्ध गराउने–

ॐशुचीवोहव्यामरुतः शुचीनां शुचिं हिनोम्यध्वरं शुचिभ्यः । ऋतेन सत्यमृतसाप आयन् शुचिजन्मानः शुचयः पावकाः । अग्निः शुचिर्व्रततामः शुचिर्विप्रः शुचिः कविः शुचि रोचत आहुतः । उदग्ने शुचयस्तव शुक्रा भ्राजन्त ईरते । तव ज्योतींष्यर्चयः । शुचिः पावक उच्यते सोम सुतस्य मध्वः । देवा वीरवशंसहा ।

ॐआपोहिष्ठामयो भुवस्ता नऽऊर्जे दधातन । महेरणाय चक्षसे ॥ ॐयो वः शिवतमो रसस्तस्य भाजयते हनः । उशतीरिव मातरः ।

ॐ तस्माऽअरङ्गमामवो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ॥

(घ) रङ्गवल्लीरचना

विधिनिर्देशः स्थानशुद्धि भैसकेपछि भवानी दुर्गादेवीको पूजा गर्ने ठाउँमा रेखी राख्ने । रेखीको रेखाचित्र तल दिइएको छ–



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ङ) आसनशुद्धिः

विधिनिर्देशः यसपछि देवीको पूजा गर्न चाहने यजमान वा ब्राह्मणले शुद्ध आसनमा बस्नुअगाडि सम्भव भएसम्म धोएर शुद्ध बनाइएका राता लुगा लगाउने र हातखुट्टा धुने । यति सबै तयारी गरेपछि निम्नानुसार आसनशुद्धि गर्ने र आसनमा बसेर निम्न मन्त्रले विनियोग लिने अनि आसनलाई छोई मन्त्र पढ्ने–

ॐ पृथिवीति मन्त्रस्य मेरुपृष्ठऋषिः सुतलं छन्दः कूर्मो देवता आसने विनियोगः ।

ॐ पृथ्वी त्वया धृता लोका देवि त्वं विष्णुना धृता । त्वं च धारय मां नित्यं पवित्रं कुरु चासनम् ॥

विधिनिर्देशः यसरी आसनशुद्धि गरिसकेपछि आसनमा राम्ररी बस्ने र पवित्रधारण गर्ने–

(च) पवित्रधारणम्[२]

विधिनिर्देशः तल दिइएको मन्त्र पढ्दै पैती औँला (अनामिका) मा पवित्र लगाउने–

ॐ पवित्रेस्थो वैष्णव्यो सवितुर्वः प्रसवऽउत्पुनाम्यच्छिन्द्रेण पवित्रेण सूर्यस्य रश्मिभिः । तस्य ते पवित्रपते पवित्रपूतस्य यत्कामः पुने तच्छकेयम् ॥

विधिनिर्देशः पवित्र (पैती) लगाइसकेपछि दैनिक पूजाआजा वा नित्य कृत्य गरिएको छैन भने यहीँनेर सबै नित्यकर्म गर्न सकिन्छ । नित्यकर्म सबै गरिसकेपछि देवीपूजाको विशेषक्रम प्रारम्भ हुन्छ । उक्त क्रममा सर्वप्रथम माथि बताइएकै मन्त्रले पुनः आचमन गरी प्रायश्चित्त गोदान गर्नुपर्छ । कतिपयले प्रायश्चित्त गोदान नगरीकनै कर्मपात्र आदि निर्माण गराउँछन् । तर त्यसो गर्नुभन्दा गोदान गरेर देहशुद्धि गरिसकेपछि कर्मपात्र आदि निर्माण गर्नु उचित हो । प्रायश्चित्तगोदानका लागि एउटा बौतामा छुट्टै पूजासामा, जौ–तिल–कुश, गाईको पुच्छर बनाउन लामो कुश, गोदानद्रव्य र तामाको भाँडोमा शुद्ध जल तयार पार्ने ।

---

२. अनन्तगर्भिणं साग्रं कौशं द्विदलमेव च । प्रादेशमात्रं विज्ञेयं पवित्रं यत्र कुत्रचित् ॥
अप्रशीर्णाग्रौ द्वौ कुशौ गृहीत्वा प्रादेशमात्रं परिमाय तयोरुपरि त्रीणि कुशतरुणानि तिर्यङ् निधाय पवित्रमूलेन पवित्रमावेष्ट्य द्वयोर्मूलाग्रे पवित्रमूलं च दक्षिणहस्तेनादाय पवित्रं च वामहस्तेन गृहीत्वा प्रच्छिद्य पवित्रं च प्रदक्षिणं वारद्वयमावेष्ट्य ग्रन्थिं कुर्यात् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(छ) प्रायश्चित्तगोदानम्

विधिनिर्देशः बौतो वा खोरीमा पवित्रसहित गोनिष्क्रय द्रव्य[३] राख्नू र अर्को पात्रमा जौ, तिल, कुश, जल, चन्दन, अक्षता, फूल राखी तिलानी जल बनाउनू । अब गोनिष्क्रयद्रव्यमा तलका मन्त्र पढी पूजा गर्नू–

ॐ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च ।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ॥

ॐ इरावती धेनुमती हि भूतꣳ सूयवसिनीमनवेदशस्या व्यस्क्कब्भ्नारोदसीविष्णवेतेदाधर्त्थपृथिवीमभितोमयूखैः स्वाहा ॥

ॐ गवेः नमः । ॐ गोनिष्क्रियभूतद्रव्याय नमः ॥

विधिनिर्देशः निम्न मन्त्र पढी ब्राह्मणको पूजा गर्नू वा ब्राह्मणलाई टीका लगाइदिनू–

ॐ आकृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतम्मर्त्त्यञ्च । हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन् ॥

ॐ नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः ॥ ॐब्राह्मणाय नमः ।

विधिनिर्देशः तलको मन्त्र पढी गाईको पुच्छर जलमा चोपी वा गाईका सट्टा निष्क्रयद्रंव्य दान गर्न लागेको भए उक्त द्रव्य राखेको बौतामा रहेको जल कुशका टुक्राले आफ्नो शिरमा अभिषेक लिनू–

ॐ मनो मे तर्प्पयत वाचम्मे तर्प्पयत प्राणम्मे तर्प्पयत चक्षुर्म्मे तर्प्पयत श्रोत्रम्मे तर्प्पयतात्क्मानम्मे तर्प्पयत प्रजाम्मे तर्प्पयत पशून्मे तर्प्पयत गणान्मे तर्प्पयत गणामेमा वितृषन् ॥

विधिनिर्देशः यसपछि निम्न वचन पढी गाई वा गोनिष्क्रय द्रव्यलाई छोएर सङ्कल्प लिनू–

हरिः ॐ तत्सत् ३ ॐ विष्णुः ३ ॐ नमः परमात्मने पुराणपुरुषोत्तमाय श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्त्तमानस्य सकलजगत्सृष्टिकारिणः परार्द्धद्वयजीविनो ब्रह्मणो द्वितीयपरार्द्धे श्रीश्वेतवाराहकल्पे प्रह्लादाधिपत्ये मनौ सप्तमे वैवस्वतमन्वन्तरे सत्यत्रेताद्वापरान्ते बौद्धावतारे अष्यविंशतितमे कलियुगे तस्य प्रथमचरणे भूर्लोके जम्बुद्वीपे भारतवर्षे भरतखण्डे आर्यावर्तान्तर्गत–हिमवत्पर्वतैकदेशे अमुकनद्याः, अमुकभागे (श्रीगण्डक्याः...भागे श्रीगङ्गादेव्या

---

३. वस्तुतः गोदान भनेको गाईदान गर्नु हो । तर वर्तमान समयमा गाई नै दान गर्नु कठिन छ । त्यसैले त्यसका सट्टा द्रव्य (पैसा) नै दान गर्ने चलन छ । यसैलाई गोनिष्क्रयद्रव्य भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तरभागे), हिमाचलस्य दक्षिणपार्श्वे श्रीपशुपतेः गुह्यकाल्याश्च अमुकदिग्भागे श्रीमद्विष्णुप्रजापतिक्षेत्रे नेपालराज्यान्तर्गत अमुकमण्डलमध्यवर्तिनि, अमुकग्रामे इह पुण्यभूमौ षष्ठीसंवत्सराणां मध्ये अमुकनाम्निसंवत्सरे, श्रीसूर्ये अमुकायने, अमुकर्तौ, अमुकमासे, अमुकपक्षे, अमुकवासरान्वितायां, अमुकशुभपुण्यतिथौ, अमुकराशिस्थिते सवितरि, अमुकराशिस्थिते चन्द्रमसि, अमुकराशिस्थिते देवगुरौ, अन्येषु शेषेषु ग्रहेषु यथायथास्थानस्थितेषु सत्सु एवं ग्रहगणविशेषेण विशिष्टयां शुभपुण्यतिथौ, अद्येहामुकगोत्रोऽमुकप्रवरः शुक्लयजुर्वेदान्तर्गतमाध्यन्दिनीयवाजसनेयशाखाध्यायी अमुकराशिः अमुक-शर्माहं मम अद्यदिनात्नवमदिनपर्यन्तं शारदीय-नवरात्राङ्गत्वेन करिष्यमाण-दुर्गापूजनकर्मकर्तृत्वाधिकारसिद्ध्यर्थ्यं सबाह्याभ्यन्तरतः शुद्ध्यर्थ्यं देहशुद्धि-निमित्तकामिमां गां रुद्रदैवत्यां तदभावे गोन्निष्क्रयभूतं गवानुकल्पं रौप्यखण्डं चन्द्रदैवतं, अमुकगोत्राय, अमुकनामशर्मणे सुपूजिताय विष्णुस्वरूपिणे ब्राह्मणाय प्रायश्चित्तगोदानत्वेन तुभ्यमहं सम्प्रददे ।

विधिनिर्देशः सङ्कल्प पढिसकेपछि गाईको पुच्छर वा कुशको टुक्रा ब्राह्मणको हातमा राखिदिनू र ब्राह्मणले पनि 'ॐस्वस्ति' भन्नू । यसपछि हातमा पुष्प लिएर हात जोड्नू-

ॐ कपिले सर्वदेवानां पूजनीयासि रोहिणी ।
सर्वदेवमयी यस्मादतः शान्तिं प्रयच्छ मे ॥
ॐ गावो मे अग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः ।
गावो मे हृदये सन्तु गवां मध्ये वसाम्यहम् ॥

विधिनिर्देशः यसपछि हात जोडेको पुष्प गाई वा निष्क्रयद्रव्यको छेउमा राखिदिनू र निम्न वचन पढी दानप्रतिष्ठा गर्नू-

ॐ अद्य कृतस्य प्रायश्चित्तनिमित्तकगवानुकल्परौप्यखण्डदानस्य दानप्रतिष्ठासिद्ध्यर्थ्यमिदं द्रव्यं अमुकदैवतम्, अमुकगोत्राय, अमुकशर्मणे तत्प्रतिग्रहित्रे ब्राह्मणाय दानप्रतिष्ठात्वेन तुभ्यमहं सम्प्रददे ।

विधिनिर्देशः दानप्रतिष्ठा द्रव्य ब्राह्मणका हातमा ब्राह्मणले पुनः 'ॐस्वस्ति' भन्नू र निम्न वचन पढी शान्तिप्रसाद दिनू-

ॐकोदात्त्कस्माऽअदात्कामो दात्त्कामायादात्त्कामोदाता कामः प्रतिग्रहीता कामैतत्ते ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ज) कर्मपात्रनिर्माणम्[४]

विधिनिर्देशः प्रायश्चित्तगोदान गरिसकेपछि माथि भनिएअनुसार नै पुनः आचमन गरी तल बताइएको क्रमले कर्मपात्र निर्माण गर्नू । कर्मपात्रको थाली राख्नुअघि भुइँमा पूजा गरी पुष्प ओछ्याएर सोही पूजा गरेको ठाउँमा थाली राख्नू । थाली राखिसकेपछि सो थालीमा तलका मन्त्र पढ्दै देवताहरूको आवाहन गर्नू–

ॐ यद्देवा देवहेडनन्देवासश्चकृमा वयम् । अग्निर्मा तस्मादेनसो विश्वान्मुञ्चत्वꣳहसः ॥

ॐ यदि दिवा यदि नक्तमेनाꣳसि चकृमा वयम् । वायुर्मा तस्मादेनसो विश्वान्मुञ्चत्वꣳहसः ॥

ॐ यदि जाग्रद्यदिस्वप्नऽएनाꣳसि चकृमा वयम् । सूर्यो मा तस्मादेनसो विश्वान्मुञ्चत्वꣳहसः ॥

विधिनिर्देशः यसपछि उक्त थालीमा पवित्र र कुशका टुक्रा राख्नू–

ॐ पवित्रेस्थो वैष्णव्यौ सवितुर्वः प्रसवऽउत्पुनाम्यच्छिद्रेण पवित्रेण सूर्यस्य रश्मिभिः ॥ तस्य ते पवित्रपते पवित्रपूतस्य यत्कामः पुने तच्छकेयम् ॥

विधिनिर्देशः थालीमा जल राख्नू–

ॐ शन्नो देवीरभिष्टयऽआपो भवन्तु पीतये । शं योरभि स्रवन्तु नः ॥

विधिनिर्देशः थालीमा चन्दन राख्नू–

ॐ गन्धद्वारान्दुराधर्षान्नित्यपुष्याङ्करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपव्हये श्रियम् ॥

विधिनिर्देशः थालीमा अक्षता राख्नू–

ॐ अक्षन्नमीमदन्तह्यव प्रियाऽअधूषत । अस्तोषत स्वभानवो विप्रा नविष्ठयामती योजान्विद्र ते हरी ॥

विधिनिर्देशः थालीमा जौ राख्नू–

ॐ यवोसि यवयास्मद्द्वेषो यवयारातीर्दिवे त्वान्तरिक्षाय त्वा । पृथिव्यै त्वा शुन्धान्ताँल्लोकाः पितृँषदनाः पितृषदनमसि ॥

---

४. हाम्रा कर्मकाण्डमा नित्य, नैमित्तिक वा काम्य जे जति कर्म गरिन्छन्; ती हरेक कर्ममा कर्मपात्र बनाउनुपर्छ । तामाको थाली अथवा अरू कुनै शुद्ध भाँडोमा मन्त्र पढ्दै पवित्र, कुशका टुक्रा, जल, चन्दन, अक्षता, जौ, तिल, फूलहरू राखेर बनाइने विशेष जल कर्मपात्र हो । सङ्कल्प गर्नुपर्दा त्यसैबाट कुश, जल लिएर गरिन्छ र त्यस कर्ममा कतै जलको आवश्यकता पर्दा पनि त्यसैबाट जल लिइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधिनिर्देशः थालीमा तिल राख्नू-

ॐ तिलोसि सोमदैवत्यो गोसवो देवनिर्मितः । प्रत्क्नमद्भिः पृक्तः स्वधया पितृल्लोकान् प्रिणाहि नः ॥

विधिनिर्देशः थालीमा पुष्प राख्नू-

ॐ श्रीश्चते लक्ष्मीश्च पत्न्यावहोरात्रे पार्श्वे नक्षत्राणि रूपमश्विनौ व्यात्तम् । इष्णन्निषाणामुम्मऽइषाण सर्वलोकम्मऽइषाण ॥

विधिनिर्देशः यसपछि कर्मपात्रको थालीबाट तीनवटा कुशका टुक्रासहित जल लिएर पूजा गर्ने ठाउँमा सबैतिर र आफ्नो शिर अनि शरीरमा समेत सेचन गर्नू-

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा । यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ॥

(झ) स्वस्तिवाचनम्

विधिनिर्देशः कर्मपात्र निर्माण पूरा भएपछि मूलबत्ती बालिदिने ।[५] हावा लाग्ने ठाउँ छ भने बत्तीलाई सुरक्षित राख्न प्रबन्ध मिलाउने । यसपछि हातमा चन्दन, अक्षता र पुष्प लिएर स्वस्तिवाचन गर्नू । स्वस्तिवाचन गर्दा यजमानले हात जोड्ने र ब्राह्मणले मन्त्र पढ्ने-

ॐ श्रीमन्महागणाधिपतये नमः । ॐ श्रीमन्मङ्गलमूर्तये नमः । ॐ श्रीगुरुभ्यो नमः । ॐ श्रीसरस्वत्यै नमः । ॐ श्रीवेदाय नमः । ॐ श्रीवेदपुरुषाय नमः । ॐ श्रीष्टदेवताभ्यो नमः । ॐ श्रीकुलदेवताभ्यो नमः । ॐ श्रीग्राम- देवताभ्यो नमः । ॐ श्रीस्थानदेवताभ्यो नमः । ॐ श्रीमातृपितृचरण-कमलेभ्यो नमः । ॐ श्रीमहाकाली-महालक्ष्मी-महासरस्वतीदेवीभ्यो नमः । ॐ सर्वेभ्यो देवेभ्यो नमः । ॐ श्रीसर्वेभ्यो ब्राह्मणेभ्यो नमः ।

ॐ सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ।
लम्बोदरश्च विकटो विघ्ननाशो गणाधिपः ॥
धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः ।
द्वादशैतानि नामानि यः पठेच्छृणुयादपि ॥
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।
सङ्ग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ॥
शुक्लाम्बरधरं देवं शशिवर्णं चतुर्भुजम् ।

---

५. ख्याल रहोस्, यो मूलबत्ती नौ दिनसम्म अखण्ड र अविच्छिन्न बल्नुपर्छ । त्यसैले दियो अलिक ठूलो र बत्ती पनि अलिक मोटो हुनु आवश्यक छ । बत्तीमा तेल सकिनासाथ थपिहाल्नु पर्छ । तर तेल थप्न जाँदा अशुद्ध लुगा लगाएर, नुहाइ धुवाइ नगरीकन जानु हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसन्नवदनं ध्यायेत्सर्वविघ्नोपशान्तये ॥
अभीप्सितार्थसिद्ध्यर्थ्यं पूजितो यः सुरासुरैः ।
सर्वविघ्नहरस्तस्मै गणाधिपतये नमः ॥
ॐ लाभस्तेषां जयस्तेषां कुतस्तेषां पराजयः ।
येषामिन्दीवरश्यामो हृदयस्थो जनार्दनः ॥

हरिः ॐ आनो भद्द्राक्क्रतवो यन्तुव्विश्वतोदब्धासोऽअपरीतासऽउद्भिदः ॥ देवानोयथा सद्मिद्वृधेऽअसन्नप्रायुवोरक्षितारोदिवेदिवे ॥१॥ देवानाम्भद्द्रासुमतिर्ऋजूयतान्देवानाꣳ रातिरभिनोनिवर्त्तताम् । देवानाꣳसक्ख्यमुपसेदिमाव्वयन्देवानऽआयुप्प्रतिरन्तुजीवसे ॥२॥ तान्पूर्व्वयानिविदाहूमहेव्वयम्भगम्मित्रमदितिन्दक्षमस्रिधम् ॥ अर्य्यमणंव्वरुणꣳ सोममश्श्विनासरस्वतीनः सुभगामयस्क्करत् ॥३॥ तन्नोव्वातोमयोभुव्वातुभेषजन्तन्मातापृथिवीतत्त्पितादद्यौ ॥ तदद्ग्रावाणसोमसुतोमयोभुवस्तदश्श्विनाश्रृणुतन्धिष्ण्यायुवम् ॥४॥ तमीशानञ्जगतस्तस्त्थुषस्पतिन्धियञ्जिन्वमवसेहूमहेव्वयम् ॥ पूषानो यथाव्वेदसामसद्द्वृधेरक्षितापायुरदब्धस्वस्तये ॥५॥ स्वस्ति नऽइन्द्रोव्वृद्धश्श्रवाः स्वस्ति नः पूषाव्विश्श्ववेदाः ॥ स्वस्ति नस्ताक्क्ष्र्योऽअरिष्टनेमिःस्वस्ति नो बृहस्प्पतिद्दधातु ॥६॥ पृषदश्श्वामरुतपृश्निमातरः शुभँय्यावानोव्विदथेषुजग्मयः ॥ अग्निजिह्वामनवः सूरचक्क्षसोव्विश्श्वेनोदेवाऽअवसागमन्निह ॥७॥ भद्द्रङ्कर्णेभिः श्रृणुयामदेवाभद्द्रम्पश्श्येमाक्क्षभिर्य्यजत्राः ॥ स्थिरैरङ्गैस्तुष्टुवाꣳ सस्तनूभिर्व्व्यशेमहिदेवहितंय्यदायुः ॥८॥ शतमिन्नुशरदोऽअन्तिदेवायत्रानश्चक्क्राजरसन्तनूनाम् ॥ पुत्त्रासोयत्रपितरो भवन्तिमानोमध्द्यारीरिषतायुर्गन्तो ॥९॥ अदितिद्द्यौरदितिरन्तरिक्क्षमदितिर्म्मातासपितासपुत्त्र ॥ व्विश्श्वेदेवाऽअदितिःपञ्चजनाऽअदितिर्ज्जातमदितिर्ज्जनित्त्वम् ॥१०॥ द्यौः शान्तिरन्तरिक्क्षꣳ शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः ॥ व्वनस्पतयः शान्तिर्व्विश्श्वेदेवाः शान्तिर्ब्र्रह्म्म शान्तिः सर्व्वꣳ शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥११॥ यतोयतः समीहसेततोनोऽअभयङ्कुरु ॥ शन्नः कुरुप्रजाब्भ्योभयन्नः पशुब्भ्यः ॥ १२ ॥

ॐ शान्तिः सुशान्तिर्भवतु ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ञ) अर्घ्यस्थापनम्[६]

विधिनिर्देशः यसपछि तल दिइएको मन्त्रले घण्टी बजाउँदै पूजास्थलमा सर्स्यूँ[७] छिट्नू–

ॐ अपसर्पन्तु ते भूता ये भूता भूमिमाश्रिताः ।
ये भूता विघ्नकर्तारस्ते नश्यन्तु शिवाज्ञया ॥
अपक्रामन्तु भूतानि पिशाचाः सर्वतो दिशम् ।
सर्वेषामविरोधेन पूजाकर्म समारभे ॥

विधिनिर्देशः यसपछि तल दिइएको क्रमले अर्घ्य निर्माण गर्नू । अर्घ्यस्थापना गर्दा सर्वप्रथम आफ्नो दाहिनेतिर पिठोले त्रिकोण वा षट्कोणको रेखी हालेर त्यसमाथि सानो त्रिखुट्टी राखी त्यसमाथि अर्घ्यपात्र राख्ने । यदि त्रिखुट्टी छैन भने रेखीमाथि दुनो राखी त्यसैमा अर्घ्यपात्र (अर्घौंतो) राख्ने । अर्घ्यपात्र राखिसकेपछि त्यसमा जल, दूध, दही, कुशका टुक्रा, जौ, तिल, सर्स्यूं, अक्षता, चन्दन, केराको कोसो वा छोहरा र दूबो राख्ने । सबै चिज राखिसकेपछि पूजा गर्ने–

ॐ गङ्गे च यमुने चैव गोदावरि सरस्वति ।
नर्मदे सिन्धुकावेरि जलेऽस्मिन् सन्निधिं कुरु ॥
ॐ गङ्गादिसर्वतीर्थेभ्यो नमः ।

विधिनिर्देशः अङ्कुशमुद्राले सूर्यमण्डलबाट गङ्गा, यमुना आदि नदीहरूलाई बोलाएर धेनुमुद्राले उक्त अर्घ्यलाई अमृतमय बनाउने र मत्स्यमुद्राले ढाक्ने । यसपछि उक्त अर्घ्यजलले पूजासामग्री र आफूलाई समेत सेचन गर्ने ।

(ट) आचमनीयजलनिर्माणम्

विधिनिर्देशः पञ्चपात्रो वा अन्य पात्रमा ल्वाङ, कपूर र तुलसीपत्र मिसाएर जल तयार गर्ने ।

---

६. आपःक्षीरकुशाग्राणि दधिसर्पिश्च तण्डुलाः । यवसिद्धार्थकाश्चैव अष्टाङ्गो अर्घ्य उच्यते । जुनसुकै देवताको पूजा गर्दा पनि अर्घ्यस्थापना गर्नुपर्छ । अर्घ्यविनाको पूजा अङ्गहीन मानिएको छ । अर्घ्यस्थापनाको क्रममा अर्घ्यपात्रमा जल, दूध, दही, कुशका टुक्रा, अक्षता, जौ, तिल, सर्स्यूं यति आठ वस्तु र केरा अनि दुबोसमेत राखेर गङ्गा आदि नदीलाई आवाहन गरी पूजा गर्ने चलन छ । यसैलाई अष्टाङ्गयुक्त अर्घ्य भनिन्छ । देवपूजाको स्नान कर्ममा यही प्रयोग गरिन्छ र कर्मको अन्त्यमा अभीष्ट कामनापूर्तिका लागि शेष अर्घ्य समर्पण गरिन्छ । पूजा सकिएपछि अर्घ्यपात्रमा राखेको केरा नारीले पूजा गरेको भए आफ्ना श्रीमान् वा पुत्रलाई खान दिने र पुरुषले पूजा गरेको भए नदीमा सेलाइदिने चलन पनि छ ।

७. सर्स्यूं नपाइए जौ छिट्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ठ) पञ्चामृतस्थापनम्

विधिनिर्देशः पञ्चपात्रो वा अन्य पात्रमा ल्वाङ, कपूर, दूध, दही, घिउ, मह र चिनी मिसाएर पञ्चामृत तयार गर्ने ।

(ड) प्रतिज्ञासङ्कल्पः

विधिनिर्देशः यसपछि कर्मपात्रको जल र कुशका टुक्रा लिएर प्रतिज्ञा सङ्कल्प गर्नू । प्रतिज्ञा सङ्कल्प तल दिइएको छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कपालिन्यै नमः । ॐ दुर्गायै नमः । ॐ क्षमायै नमः । ॐ शिवायै नमः । ॐ धात्र्यै नमः । इति समर्पयेत् ।

(व) कन्यापूजनम्

विधिनिर्देशः यसपछि सम्भव छ भने कुमारी पूजा गर्ने । कसैले कुमारी पूजा नै गर्दैनन् । कसैले पहिलो दिनबाट हरेक दिन कुमारी पूजा नगरेर महानवमीको दिनमा नौ वटी कन्याको एकैपटक पूजा गर्ने गर्छन् । कसैले नवमीको दिनमा केवल एउटी कन्याको पूजा गर्ने गर्छन् । यी सबै कुरा आआफ्नो गच्छे र परिस्थितिअनुसार गर्ने हो । कुमारीपूजनको विधि देवीभागवत तृतीय स्कन्धको छब्बीस र सत्ताइसौँ अध्यायमा वर्णित छ ।[३२] पहिलो दिन दुई वर्षकी कन्यालाई 'कुमारी' नामले सम्बोधन गरी हात–खुट्टा धोइदिएर टीका लगाइदिने । पुष्प, माला, सौभाग्यालङ्कार र वस्त्र आदि जे सकिन्छ दिने । धूप, दीप, नैवेद्यसमेत गर्ने । फल, मिठाई, दक्षिणा आदि पनि यथाशक्ति दिने । यसपछि हातमा पुष्प लिएर प्रार्थना गर्ने–

ॐ जगत्पूज्ये सर्ववन्द्ये सर्वशक्तिस्वरूपिणि ।
पूजां गृहाण कौमारि जगन्मातर्नमोऽस्तु ते ॥

विधिनिर्देशः कन्यापूजनपछि कन्यालाई भोजन गराउने र देवीको आरती गर्ने–

ॐ प्रवरातीरनिवासिनि निगमप्रतिपाद्ये ।
पारावारविहारिणि नारायणि हृद्ये ॥
प्रपञ्चसारे जगदाधारे श्रीविद्ये ।
प्रपन्नपालननिरते मुनिवृन्दाराध्ये ॥
ॐजय देवि जय देवि जय मोहनरूपे । मामिह जननि समुद्धर पतितं भवकूपे ॥
ॐ दिव्यसुधाकरवदने कुन्दोज्ज्वलरदने ।

---

३२. नित्यं भूमौ च शयनं कुमारीणां च पूजनम् । वस्त्रालङ्करणैर्दिव्यैर्भोजनैश्च सुधामयैः ॥
एकैकां पूजयेन्नित्यमेकवृद्ध्या तथा पुनः । द्विगुणं त्रिगुणं वाऽपि प्रत्येकं नवकं च वा ॥
एकवर्षा न कर्तव्या कन्या पूजाविधौ नृप । परमज्ञा तु भोगानां गन्धादीनां च बालिका ॥
कुमारिका तु सा प्रोक्ता द्विवर्षा या भवेदिह । त्रिमूर्तिश्च त्रिवर्षा च कल्याणी चतुरब्दिका ॥
रोहिणी पञ्चवर्षा च षड्वर्षा कालिका स्मृता । चण्डिका सप्तवर्षा स्यादष्टवर्षा च शाम्भवी ॥
नववर्षा भवेद् दुर्गा शुभद्रा दशवार्षिकी । अत ऊर्ध्वं न कर्तव्या सर्वकार्यविगर्हिता ॥
एभिश्च नामभिः पूजा कर्तव्या विधिसंयुता ।................
हीनांगीं वर्जयेत्कन्यां कुष्ठयुक्तां व्रणांकिताम् । गन्धस्फुरितहीनागीं विशालकुलसम्भवाम् ॥
जात्यन्धां केकरां काणीं कुरूपां बहुरोमशाम् । संत्यजेद्रोगिणीं कन्यां रक्तपुष्पादिनांकिताम् ॥
क्षमां गर्भसमुद्भूतां गोलकां कन्यकोद्भवाम् । वर्जनीयाः सदा चैताः सर्वपूजादिकर्मसु ॥
अरोगिणीं सुरूपाङ्गीं सुन्दरीं व्रणवर्जिताम् । एकवंशसमुद्भूतां कन्यां सम्यक् प्रपूजयेत् ॥
ब्राह्मणी सर्वकार्येषु जायार्थे नृपवंशजा । लाभार्थे वैश्यवंशोत्था मता वा शूद्रवंशजा ॥
ब्राह्मणैः ब्रह्मजाः पूज्या राजन्यैर्ब्रह्मवंशजाः । वैश्यैस्त्रिवर्गजाः पूज्याश्चतस्रः पादसम्भवैः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पदनखनिर्जितमदने मधुकैटभकदने ॥
विकसितपङ्कजनयने पन्नगपतिशयने ।
खगपतिवहने गहने सङ्कटवनदहने ॥
ॐजय देवि जय देवि जय मोहनरूपे । मामिह जननि समुद्धर पतितं भवकूपे ॥
ॐ मञ्जीराङ्कितचरणे मणिमुक्ताभरणे ।
कञ्चुकिवस्त्रावरणे वक्त्राम्बुजधरणे ॥
शक्रामयभयहरणे भूसुरसुखकरणे ।
करुणां कुरु मे शरणे गजनक्रोद्धरणे ॥
ॐजय देवि जय देवि जय मोहनरूपे । मामिह जननि समुद्धर पतितं भवकूपे ॥
ॐ छित्वा राहुग्रीवां पासि त्वं विबुधान् ।
ददासि मृत्युमनिष्टं पीयूषं विबुधान् ॥
विहरसि दानवऋद्धान् समरे संसिद्धान् ।
मध्वमुनीश्वरवरदे पालय संसिद्धान् ॥
ॐजय देवि जय देवि जय मोहनरूपे । मामिह जननि समुद्धर पतितं भवकूपे ॥
ॐआरार्तिक्यं दर्शयामि, ॐदेव्यै नमः ॥

विधिनिर्देशः यसपछि देवीलाई साष्टाङ्ग दण्डवत् गरी क्षमा माग्ने–

ॐ भो भगवति दुर्गे जगत्त्राणकारिणि न्यूनातिरिक्तं सर्वं क्षमस्व ।

विधिनिर्देशः यति गरिसकेपछि पहिलो दिन दिउँसो गरिने दुर्गापूजाको कार्यक्रम समाप्त हुन्छ । यसपछि देवीलाई चढाइएका उँखुका टुक्रा आदिको प्रसाद ग्रहण गर्ने । पूजाको कार्यक्रम सकिएपछि सात्विक भोजन गर्ने । **पहिलो दिन साँझः** जयन्ती मङ्गला ...आदि मन्त्र पढेर पञ्चोपचार[३३] ले देवीको पूजा गर्ने । वेदोक्त रात्रिसूक्त र तन्त्रोक्त रात्रिसूक्तको पाठ गर्ने । साँझ निम्न मन्त्र पढ्दै जमरामा शुद्ध जलसेचन गर्ने-

ॐ यवो त्वं यवरूपोऽसि यज्ञार्थे निर्मितो विधेः ।
देवानां तृप्तिकृद्यस्मात्तस्मात्त्वं वरदो भव ॥

३३. पञ्चोपचार भन्नाले पूजाका पाँचथरि सामग्री भन्ने बुझिन्छ । जस्तैः जल, पुष्प, धूप, दीप र नैवेद्य । अथवा चन्दन, पुष्प, धूप, दीप र नैवेद्य ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वितीयाकृत्यम्

विधिनिर्देशः दोस्रो दिन अर्थात् द्वितीयामा दुर्गापूजा र पाठ सुरु गर्नुअघि नित्य स्नान, पञ्चगव्यप्राशन, नित्यसन्ध्या र पाञ्चायतन पूजासमेत सम्पन्न गर्ने । नित्यकर्म सम्पन्न भएपछि देवीपूजाका लागि निर्दिष्ट स्थानमा आएर पहिलो दिन गरेकै तरिकाले तल बताइएको क्रमअनुसार पूजा र पाठ प्रारम्भ गर्नेः

- पवित्रधारण गरी कर्मपात्र निर्माण गर्ने ।
- कर्मपात्रको जल हातमा लिएर **ॐ अपवित्र पवित्रो...**भन्ने मन्त्रले पूजा गर्ने ठाउँमा सबैतिर र आफ्नो शिर अनि शरीरमा समेत सेचन गर्ने ।
- अर्घ्यस्थापन गर्ने र आचमनीयजल निर्माण गर्ने ।
- पञ्चामृत निर्माण गर्ने ।

विधिनिर्देशः माथि बताइएअनुसार सबै तयारी पूरा गरेपछि प्रतिज्ञासङ्कल्प गर्ने–

ॐ अद्येह पूर्वसङ्कल्पसिद्धिरस्तु अमुकगोत्रस्य अमुकप्रवरान्वितस्य अमुकनामशर्मणो मम सकलारिष्टशान्तिपूर्वकं सर्वाभ्युदयावाप्तये श्रीमहाकाली–महालक्ष्मी–महासरस्वतीश्रीइष्टदेवतास्वरूपिणीश्रीदुर्गादेवीप्रीत्यर्थं यथामिलितो–पचारैः दीपकलशगणेशपूजनपूर्वकं श्रीजगज्जननीदुर्गादेव्या द्वितीयदिनसम्बन्धि–पूजनं दुर्गासप्तशतीपाठं च अहं करिष्ये ।

विधिनिर्देशः प्रतिज्ञासङ्कल्पपछि पहिलो दिन बताइएकै विधिले प्राणायाम, ऋष्यादिकराङ्गन्यास, देवीको ध्यान र नवार्णमूलमन्त्र जप, जप निवेदन, शङ्खघण्ट र डमरुहरूको पूजा, सङ्क्षिप्तरूपमा दीपकलशगणेशपूजा, कलशस्कन्धप्रदेशमा ब्रह्माजी, क्षेत्रपाल र गणपत्यादि वनस्पत्यन्त देवता तथा दुर्गापरिवारको नाममन्त्रले पूजा गरी पहिलो दिन बताइएकै विधिअनुसार देवीदुर्गाको षोडशोपचारले पूजा गर्ने । पहिले बताइएकै विधिले सप्तशतीको पाठ गर्ने । यसपछि पहिले बताइएकै विधिले कुभिण्डाको बलि दिने । उँखु, नरिवल, केरा, स्कुस, घिरौँलो र काँक्रो आदि पनि पहिले बताइएअनुसार नै पाइएसम्म चढाउने । घिउ, पायस र कृशरादि पनि चढाउने । यसपछि **तीन वर्षकी** कन्या ल्याएर **त्रिमूर्ति** नामले सम्बोधन गरी पहिले बताइएकै विधिले पूजा र कन्याभोजनसमेत गराई प्रार्थना गर्ने–

ॐ त्रिपुरां त्रिगुणां धात्रीं सुखज्ञानस्वरूपिणीम् ।
त्रैलोक्यवन्दितां देवीं त्रिमूर्तिं पूजयाम्यहम् ॥

विधिनिर्देशः अब देवीको आरती गरी साष्टाङ्ग दण्डवत् गरी क्षमा माग्ने र दोस्रो दिन दिउँसोको पूजा समाप्त हुन्छ । **दोस्रो दिन साँझमा पनि पहिलो दिनकै विधिले** पूजाआजा गर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तृतीयचतुर्थपञ्चमदिनकृत्यानि

विधिनिर्देशः तेस्रो, चौथो र पाँचौँ दिन पनि दोस्रो दिनजस्तै गर्ने । प्रतिज्ञासङ्कल्पमा वाक्य मिलाउने । कुमारीपूजा गर्दा **तेस्रो दिनका लागि चार वर्षकी, चौथो दिनका लागि पाँच वर्षकी र पाँचौँ दिनका लागि छ वर्षकी कन्या** ल्याएर क्रमशः **कल्याणी, कामाक्षी र गायत्री** नामले सम्बोधन गरी पहिले बताइएकै विधिले पूजा र कन्याभोजनसमेत गराई प्रार्थना गर्ने–

तेस्रो दिन कल्याणीको प्रार्थना :

ॐ कालिकां तु कलातीतां कारुण्यहृदयां शिवाम् ।
कल्याणजननीं नित्यां कल्याणीं प्रार्थयाम्यहम् ॥

चौथो दिन कामाक्षीको प्रार्थना :

ॐ अणिमादिगुणोदारामकाराद्यक्षरात्मिकाम् ।
अनन्तशक्तिभेदां तां कामाक्षीं पूजयाम्यहम् ॥

पाँचौं दिन गायत्रीको प्रार्थना :

ॐ कामचारीं महामायां कारुण्यहृदयां शिवाम् ।
कामदां करुणोदारां गायत्रीं पूजयाम्यहम् ॥

विधिनिर्देशः हरेक दिन यति गरिसकेपछि देवीलाई आरती गर्नुका साथै साष्टाङ्ग दण्डवत् गरी क्षमा माग्ने र दिउँसोको पूजा समाप्त हुन्छ । **तेस्रो, चौथो र पाँचौं दिन साँझमा पनि पहिलो दिनकै विधिले पूजाआजा गर्ने ।**

षष्ठीकृत्यम्

विधिनिर्देशः षष्ठीमा पनि दिउँसोको पूजा तेस्रो, चौथो र पाँचौँ दिनकै तरिकाले गर्ने । कुमारीपूजा गर्दा **सात वर्षकी कन्या** ल्याएर **चण्डिका** नामले सम्बोधन गरी पहिले बताइएकै विधिले पूजा र कन्याभोजनसमेत गराई प्रार्थना गर्ने–

छैटौँ दिन चण्डिकाको प्रार्थना :

ॐ चण्डवीरं चण्डमायां चण्डमुण्डप्रमर्दिनीम् ।
तां नमामि च देवेशीं चण्डिकां प्रार्थयाम्यहम् ॥

विधिनिर्देशः देवीलाई आरती दर्शन गराउनुका साथै साष्टाङ्ग दण्डवत् गरी क्षमा माग्ने र दिउँसोको पूजा समाप्त हुन्छ । षष्ठीको दिन तल दिइएको विधिले बिल्व निमन्त्रण गरेपछि साँझ घरमा गरिने पूजा पूर्ववत् नै गर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षष्ठ्यां बिल्वनिमन्त्रणम्

विधिनिर्देशः षष्ठीको दिनमा साँझ बिल्व निमन्त्रण गर्ने । पूजासामग्री तयार पारी बिल्ववृक्षको नजिकै गएर पूर्वाभिमुख वा उत्तराभिमुख बसी आचमन गरेर कर्मपात्र बनाई कर्मसाक्षीका रूपमा एउटा बत्ती बाल्ने, कलश र गणेशसमेत स्थापना गर्ने । कर्मपात्रको जलले पूजासामग्रीका साथै आफूलाई समेत सेचन गरी हातमा कर्मपात्रको जल लिएर सङ्कल्प गर्ने–

ॐ अद्येह पूर्वसङ्कल्पसिद्धिरस्तु अमुकगोत्रस्य अमुकप्रवरान्वितस्य अमुकनामशर्मणो मम अस्मिन् शारदनवरात्रदुर्गापूजोत्सवाङ्गबिल्वनिमन्त्रण–कर्मणि श्रीदुर्गादेवीप्रीतये बिल्ववृक्षपूजनं दुर्गापूजनञ्चाहं करिष्ये ।

विधिनिर्देशः यसपछि दियो, कलश र गणेशको सङ्क्षिप्त पूजा गर्ने । रातो कपडाले बेलपत्रको फेंद ढाकेर त्यहाँ तल बताइएअनुसार भगवती दुर्गाको आवाहन गर्ने–

ॐ भगवति दुर्गे इहागच्छेह तिष्ठ, यावत् पूजां करोमि तावत्त्वां सुस्थिरा भव, सुप्रसन्ना भव, सुवरदा भव ।

विधिनिर्देशः यसरी आवाहन गरिसकेपछि भगवती दुर्गालाई **ॐ भगवत्यै दुर्गादिव्यै नमः** भन्ने मन्त्रले पूजा गर्ने । यसपछि हातमा चन्दन, अक्षता र पुष्प लिएर हात जोडी देवीको प्रार्थना गर्ने–

ॐ रावणस्य वधार्थाय रामस्यानुग्रहाय च ।
अकाले ब्रह्मणा बोधो देव्यास्त्वयि कृतः पुरा ॥
अहमप्याश्विने षष्ठ्यां सायाह्ने बोधयाम्यतः ।
शक्रेणापि च संबोध्य प्राप्तं राज्यं सुरालये ॥
तस्मादहं त्वां प्रतिबोधयामि विभूतिराज्यप्रतिपत्तिहेतोः ।
यथैव रामेण हतो दशास्यस्तथैव शत्रून् विनिपातयामि ॥
ॐ भगवत्यै दुर्गादिव्यै नमः, प्रार्थनां समर्पयामि ।

विधिनिर्देशः देवी दुर्गाको प्रार्थना गरिसकेपछि हातमा चन्दन, अक्षता र पुष्प लिई बिल्व वृक्षको प्रार्थना गर्ने–

ॐ मेरुमन्दरकैलाशहिमवच्छिखरे गिरौ ।
जातः श्रीबिल्ववृक्षस्त्वमम्बिकाशिवयोः प्रियः ॥
श्रीशैलशिखरे जात श्रीफल श्रीनिकेतन ।
नेतव्योऽसि मयाऽऽगच्छ पूज्यो दुर्गास्वरूपतः ॥
बिल्ववृक्ष महाभाग सदा त्वं सकलप्रियः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गृहीत्वा तव शाखां वै देवीपूजां करोम्यहम् ॥
शाखाच्छेदोद्भवं दुःखं न च कार्यं त्वया विभो ।
देवैर्गृहीत्वा ते शाखां पूज्या दुर्गेति विश्रुतिः ॥

विधिनिर्देशः यसरी बेलपत्रको प्रार्थना गरिसकेपछि **ॐ कोऽसि कतमोऽसि कस्यासि को नामासि** भन्ने मन्त्रले सकेसम्म बिल्ववृक्षको वायव्य वा नैऋत्य दिशातिर रहेको, कम्तीमा दुई वटा दाना लागेको र पात भएको हाँगोमा तेल–बेसार लगाइदिने । त्यसपछि चन्दन, अक्षता, पुष्प र माला आदिले पूजा गरेर भुइँमा खिचडी वा मासचामलको बलि दिई त्यसमा चन्दन, अक्षता र पुष्पसमेत चढाई हातमा कर्मपात्रको जल लिएर तलका मन्त्र पढी उक्त जल बलि दिएको ठाउँकै छेउँमा खन्याइदिने–

ॐ ह्रीं ह्रूं क्रींभूतक्रूरेभ्यः स्वाहा ।
भूताः प्रेताः पिशाचाश्च ये वसन्त्यत्र भूतले ।
ते गृह्णन्तु मया दत्तं बलिमेवं प्रसाधितम् ॥
पूजिता गन्धपुष्पाद्यैस्तर्पिता बलिभिस्तथा ।
देशादस्माद्विनिःसृत्य पूजां गृह्णन्तु मत्कृताम् ॥

विधिनिर्देशः यसपछि हातमा अलिकति जौ र सर्स्यूं लिएर निम्न मन्त्र पढ्दै सात पटकसम्म अभिमन्त्रण गरी दशै दिशामा छरिदिने–

ॐ वेतालाश्च पिशाचाश्च राक्षसाश्च सरीसृपाः ।
अपसर्पन्तु ते सर्वे दुर्गापूजां करोम्यहम् ॥ ॐफट् ।

विधिनिर्देशः यसपछि बेलपत्रको हाँगामा बसेकी देवीलाई प्रणाम गरी तलको मन्त्र पढ्दै सो हाँगालाई मुसार्दै रक्षाबन्धन बाँधिदिने र घर फर्किने–

ॐ रक्षोहणं वलगहनं वैष्णवीमिदमहन्तं वलगमुत्किरामि यम्मेनिष्ट्यो यममात्यो निचखानेदमहन्तं वलगमुत्किरामि यम्मे समानो यमसमानो निचखानेदमहन्तं वलगमुत्किरामि यम्मे सबन्धुर्यमसबन्धुर्निचखानेदमहन्तं वलगमुत्किरामि यम्मे सजातो यमसजातो निचखानोत्कृत्याङ्किरामि ॥

सप्तमीकृत्यम्

विधिनिर्देशः सप्तमीमा पनि सम्पूर्ण पूजाहरू द्वितीयाकै दिनमा झैं गर्ने । यसपछि **आठ वर्षकी कन्या** ल्याएर **शाम्भवी** नामले सम्बोधन गरी पहिले बताइएकै विधिले पूजा र कन्याभोजनसमेत गराई प्रार्थना गर्ने–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ सदानन्दकरीं शान्तां सर्वदेवनमस्कृताम् ।
सर्वभूतात्मिकां लक्ष्मीं शाम्भवीं प्रार्थयाम्यहम् ॥

विधिनिर्देशः यसपछि सरस्वतीपूजा आदि तल बताइएका विधिहरू सम्पन्न गर्ने–

(क) सरस्वतीपूजनम्

विधिनिर्देशः सम्भव भएसम्म देवीस्थापना गरेकै ठाउँ नजिक एउटा टपरीमा चामल राखी त्यसमाथि पुस्तक, कलम, मसी, पात्र आदि स्थापना गरेर कर्मपात्रको जल लिई निम्न सङ्कल्प गर्ने–

ॐ अद्येह पूर्वसङ्कल्पसिद्धिरस्तु मम शारदनवरात्राङ्गदुर्गापूजनोत्सवकर्मणि श्रीइष्टदेवता दुर्गादेवीप्रीत्यर्थं श्रीसरस्वतीपूजनमहं करिष्ये ।

विधिनिर्देशः सङ्कल्पपछि **'ॐ ऐं वद वद वाग्वादिनि स्वाहा', 'ॐ सरस्वत्यै नमः'** भन्ने मन्त्रले सरस्वतीको आवाहन गरी आसन, पाद्य, अर्घ्य, आचमनीय, पञ्चामृत, शुद्धोदक, चन्दन, अक्षता, पुष्प, वस्त्र, धूप, दीप, नैवेद्य, दक्षिणा, प्रदक्षिणा र नमस्कारसमेत षोडशोपचारले पूजा गरी निम्नबमोजिम स्तुतिप्रार्थना गर्ने–

ॐ या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता ।
या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ॥
या ब्रह्माच्युतशङ्करप्रभृतिभिर्देवैः सदा वन्दिता ।
सा मां पातु सरस्वती भगवती निःशेषजाड्यापहा ॥

ॐ शुक्लां ब्रह्मविचारसारपरमामाद्यां जगद्व्यापिनीं ।
वीणापुस्तकधारिणीमभयदां जाड्यान्धकारापहाम् ॥
हस्ते स्फाटिकमालिकां विदधतीं पद्मासने संस्थितां ।
वन्दे तां परमेश्वरीं भगवतीं बुद्धिप्रदां शारदाम् ॥ ॐ सरस्वत्यै नमः ।

(ख) सप्तम्यामेव भद्रकालीपूजा

विधिनिर्देशः सप्तमीकै दिनमा भद्रकालीको समेत पूजा गर्नुपर्छ । यसका लागि घटस्थापनाको घडामै **ॐ भद्रकाल्यै नमः** भनेर षोडशोपचारले पूजा गरी प्रदक्षिणा र नमस्कारसमेत समर्पण गर्ने र भद्रकालीलाई कुभिण्डो र दहीचामलको बलि समेत दिएर निम्न मन्त्रले प्रार्थना गर्ने–

ॐ ऐं ह्रीं श्रीं नमोऽस्तु ते जगद्धात्रि तथा महिषमर्दिनि ।
त्रिशूलं पातु नो भीतेर्भद्रकालि नमोऽस्तु ते ॥
ज्वालाकरालमत्युग्रमशेषासुरसूदनम् ।
त्रिशूलं पातु नो भीतेर्भद्रकालि नमोऽस्तु ते । ॐ भद्रकाल्यै नमः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधिनिर्देशः भद्रकाली पूजापछि देवीलाई आरती समर्पण गरी दण्डवत् गर्ने र सप्तमीको नित्यकृत्य समाप्त हुन्छ । यसपछि दिउँसो नवपत्रिका प्रवेश (फूलपाती भित्र्याउने) र सायंकृत्य निम्नबमोजिम गर्नुपर्छ–

(ग) नवपत्रिकाप्रवेशः

विधिनिर्देशः सप्तमीको दिनमा, मूल नक्षत्रयुक्त शुभमुहूर्त वा अन्य शुभमुहूर्तमा पहिलो दिन निमन्त्रणा गरिएको बेलपत्रको फेँदनेरै गएर बस्ने । **ॐ दुर्गाप्रियाय बिल्ववृक्षाय नमः** भन्ने नाममन्त्र पढ्दै चन्दन, अक्षता र पुष्प चढाई पूजा गर्ने र निम्न मन्त्रले प्रार्थना गर्ने–

ॐ बिल्ववृक्ष महाभाग सदा त्वं शङ्करप्रियः ।
गृहीत्वा तव शाखाङ्गं दुर्गापूजां करोम्यहम् ॥
शाखाच्छेदोद्भवं दुःखं न च कार्यं त्वया विभो ।
नेतव्योऽसि मया ऽऽगच्छ पूज्यो दुर्गास्वरूपतः ॥

विधिनिर्देशः यसरी प्रार्थना गरेपछि पहिलो दिन पूजा गरिएको दुई वटा फलसहितको हाँगोलाई पूजा गरी **ॐ छिन्धि छिन्धि फट् फट् हुं फट् स्वाहा** भनेर हाँगो भाँची निम्न मन्त्रले प्रार्थना गर्ने–

ॐ पुत्रायुर्धनवृद्ध्यर्थं नेष्यामि चण्डिकालये ।
बिल्वशाखां समाश्रित्य राज्यं लक्ष्मीं प्रयच्छ मे ॥
आगच्छ चण्डिके देवि सर्वकल्याणहेतवे ।
पूजां गृहाण सुमुखि नमस्ते शङ्करप्रिये ॥

विधिनिर्देशः बिल्वप्रार्थनापछि नवपत्रिकासमेत सङ्कलन गर्ने,[३४] बेलको हाँगो र उँखुसहित सबै नवपत्रिकालाई बाजागाजा बजाउँदै, डोलीमा राखेर हर्षबढाइँ र देवीको जयजयकार गर्दै, मालश्री गाउँदै, चमर डोलाउँदै, शङ्खघण्ट बजाउँदै देवीपूजा भैरहेको घरको आँगनमा ल्याउने । यसपछि अपराह्नको पछिल्लो पहरमा चन्दन, अक्षता, पुष्प छिट्दै बाजागाजा र खड्ग, कलशसहित नवपत्रिका राखेको ठाउँमा गएर उक्त नवपत्रिका र बेलपत्रको हाँगोलाई समेत तीन पटक परिक्रमा गरी गङ्गाजल र पञ्चगव्य छिट्ने । यसपछि लिपेको भुइँमा नवपत्रिका राखेर अर्घ्यस्थापनसमेत गरी नवपत्रिकाको पूजा गर्नका लागि निम्न सङ्कल्प गर्ने–

ॐ अद्येह पूर्वसङ्कल्पसिद्धिरस्तु अमुकगोत्रस्य अमुकनामशर्मणः सपरिवारयुतस्य मम सर्वपापसर्वशत्रुक्षयसर्वारिष्टशान्तिसकलदारिद्र्योपशमनदीर्घायुः आरोग्य-

---

३४. नवपत्रिका भनेका कदली (केरा), दाडिमी (दारिम), धान्या (धान), हरिद्रा (हलेदो), मानक (माने पिंडालु), कचु (कचूर वा कालो बेसार), बिल्व (बेलपत्र), अशोक (अशोक) र जयन्ती (राता फूल हुने जयन्ती पुष्प) हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐश्वर्योदयाद्यभिवृद्ध्यर्थम् आदौ दीपकलशगणेशपूजनपूर्वकं नवपत्रिका – पूजनमहं करिष्ये ।

विधिनिर्देशः सङ्कल्पपछि दीपकलशगणेशको पूजाका साथै बेलपत्रको हाँगोसहित सबै नवपत्रिकालाई ॐ जयन्ती मङ्गला काली....मन्त्रले छुट्ट्याछुट्टै पूजा गर्ने । यसपछि सम्भव भएसम्म पहिले बताइएकै विधिले कुभिण्डाको बलि र मासचामलको बलिसमेत दिने । यसपछि ॐ चामुण्डे चल चल चालय चालय शीघ्रं मम देवीपूजालये प्रवेशय स्वाहा भन्दै ती नवपत्रिकालाई देवीको पूजा भैरहेको ठाउँमा प्रवेश गराएर कर्मपात्रको जल र शुद्धजलले ती नवपत्रिकालाई छुट्ट्याछुट्टै स्नान गराउने–

कदलीस्नाने

ॐ दुर्गे देवि समागच्छ सान्निध्यमिह कल्पय ।
रम्भारूपेण मे नित्यं शान्तिं कुरु सदा शुभ ॥

दाडिमीस्नाने

ॐ दाडिमि त्वं पुरा युद्धे रक्तबीजस्य सम्मुखे ।
उमाकार्यं कृतं यस्मात्तस्माद्दुर्गे नमोऽस्तु ते ॥

धान्यस्नाने

ॐ जगतः प्राणरक्षार्थं ब्रह्मणा निर्मितं पुरा ।
उमाप्रीतिकरं धान्यं तस्माद्रक्षतु सर्वदा ॥

हरिद्रास्नाने

ॐ हरिद्रे वरदे देवि उमारूपासि सुव्रते ।
मम विघ्नविनाशाय पूजां गृह्ण सुरोत्तमे ॥

मानकस्नाने

ॐ यस्य पत्रे वसेद्देवी मानवृक्ष शचीप्रिय ।
मम चानुग्रहार्थाय ह्यागतासि सुरप्रिये ॥

कचुस्नाने

ॐ महिषासुरयुद्धेषु कच्वीभूतासि सुव्रते ।
मम चानुग्रहार्थाय ह्यागतासि सुरप्रिये ॥

बिल्वस्नाने

ॐ महादेवप्रियकरो वासुदेवप्रियः सदा ।
उमाप्रीतिकरो नित्यं बिल्ववृक्ष नमोऽस्तु ते ॥

अशोकस्नाने

ॐ हरप्रियकरो वृक्ष त्वमेकः शोकनाशनः ।
दुर्गाप्रीतिकरो यस्मात्तस्मात्त्वं रक्ष मां सदा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जयन्तीस्नाने

ॐ निशुम्भशुम्भमथने सेन्द्रैर्देवगणैः सह ।
जयन्ति पूजयामि त्वामस्माकं वरदा भव ॥

विधिनिर्देशः यसपछि देवीको स्थापनाको नजिकै पहेँलो कपडा बिछ्याएर उत्तरोत्तरक्रमले नवपत्रिका राख्ने र सङ्क्षिप्त पूजा गरी फलसहितको बेलपत्रको हाँगोमा देवी बसेको कल्पना गरी प्रार्थना गर्ने–

ॐ कैलासशिखराद् देवि विन्ध्याद्रेर्हिमपर्वतात् ।
आगत्य बिल्वशाखायां चण्डिके कुरु सन्निधिम् ॥

विधिनिर्देशः प्रार्थनापछि **ॐ भगवति चण्डिके इहागच्छेह तिष्ठ** भन्दै फलसहितको बेलपत्रको हाँगोमा देवीको आवाहन गरी **ॐ मनोजूतिर्जुषतामाज्यस्य बृहस्पतिर्यज्ञमिमं तनोत्वरिष्टं यज्ञꣳसमिमं दधातु । विश्वे देवासऽइह मादयन्तामों ३ प्रतिष्ठ** भन्ने मन्त्रले प्राणप्रतिष्ठा गरी **ॐ दक्षयज्ञविनाशिन्यै महाघोरायै योगिनीकोटिपरिवृतायै भद्रकाल्यै ह्रीं नमः** भनेर देवीको सङ्क्षिप्त पूजा गर्ने र पुनः प्रार्थना गर्ने–

ॐ उग्रचण्डेरुचण्डे च चण्डोग्रे चण्डनायिके ।
चण्डे चण्डवति चण्डे तुभ्यं चण्डि नमो नमः ॥
महिषघ्नि महामाये चामुण्डे मुण्डमालिनि ।
क्षेममारोग्यमैश्वर्यं देहि देवि प्रसीद मे ॥

विधिनिर्देशः प्रार्थनापछि केरामा **रम्भाधिष्ठात्र्यै ॐ ब्राह्मै नमः** । दाडिममा **दाडिम्याधिष्ठात्र्यै ॐ रक्तदन्तिकायै नमः** । धानमा **धान्याधिष्ठात्र्यै ॐ लक्ष्म्यै नमः** । हलेदोमा **हरिद्राधिष्ठात्र्यै ॐ दुर्गायै नमः** । मानकमा **मानकाधिष्ठात्र्यै ॐ चामुण्डायै नमः** । कचुमा **कच्च्वधिष्ठात्र्यै ॐ कालिकायै नमः** । बेलमा **बिल्वाधिष्ठात्र्यै ॐ शिवायै नमः** । अशोकमा **अशोकाधिष्ठात्र्यै ॐ शोकहारिण्यै नमः** । जयन्तीमा **जयन्त्यधिष्ठात्र्यै ॐ कार्तिक्यै नमः** , यी मन्त्रले पूजा गर्ने र प्रार्थना गर्ने–

ॐ पत्रिके नवदुर्गे त्वं महादेवमनोरमे ।
पूजां समस्तां संगृह्य रक्ष मां त्रिदशेश्वरि ॥

विधिनिर्देशः यति गरिसकेपछि नवपत्रिकाप्रवेशको काम सम्पन्न हुन्छ । यसपछि साँझमा गर्नुपर्ने दैनिक कृत्य द्वितीयाकै दिनमा झैं सम्पन्न गर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अष्टमीकृत्यम्

विधिनिर्देशः यस अष्टमीलाई महाष्टमी पनि भन्दछन् । यस दिन पनि सम्पूर्ण पूजाहरू द्वितीयाकै दिनमा भैँ गर्ने ।[३५] यसपछि **नौ वर्षकी कन्या** ल्याएर **दुर्गा** नामले सम्बोधन गरी पहिले बताइएकै विधिले पूजा र कन्याभोजनसमेत गराई प्रार्थना गर्ने–

ॐ दुर्गमे दुस्तरे कार्ये भवदुःखविनाशिनीम् ।
प्रणमामि सदा भक्त्या दुर्गां दुर्गतिनाशिनीम् ॥

विधिनिर्देशः महाष्टमीमा पनि साँझमा गर्नुपर्ने दैनिककृत्य पूर्ववत् सम्पन्न गर्ने । त्यस दिन रातिमा कालरात्रिको पूजासमेत गर्नुपर्छ । उक्त पूजाको विधि निम्नानुसार छ–

(क) कालरात्रिपूजनार्थे प्रतिज्ञासङ्कल्पः

विधिनिर्देशः कालरात्रिको पूजा गर्दा पहिलो दिनको विधिमा बताइएझैँ कर्मपात्र निर्माण, अर्घ्यस्थापन, आचमन, प्राणायाम, न्यास र **ॐजयजूट...** भन्ने मन्त्रले ध्यान गरी नवार्ण मूलमन्त्र जपेर देवीलाई जप निवेदन गर्ने । त्यसपछि हातमा कर्मपात्रको जल लिएर प्रतिज्ञा सङ्कल्प गर्ने–

ॐअद्येह पूर्वसङ्कल्पसिद्धिरस्तु मम श्रीमहाकाली–महालक्ष्मी–महासरस्वती–इष्टदेवतास्वरूपिणीदुर्गादेवीप्रीतिद्वारा दुर्भिक्षदारिद्र्यदुःखदौर्भाग्यदुर्वृत्तनिवृत्तिः सर्वपापक्षयपूर्वककल्पोक्तफलावाप्तये अद्य महाष्टम्यां यथामिलितोपचारैः कालरात्रिनिमित्तकपूजनमहं करिष्ये ।

विधिनिर्देशः यसरी प्रतिज्ञा सङ्कल्प गरेपछि दीप, कलश, गणेश, ब्रह्मा, क्षेत्रपाल र ग्रहहरूको समेत नाममन्त्रले सङ्क्षिप्त पूजा गरी हातमा चन्दन, अक्षता र पुष्प लिई घटस्थापनाको दुर्गाकलशलाई छोएर निम्न मन्त्र पढ्ने–

---

३५. महाष्टमी वा महानवमीका दिन देवीस्थान, शक्तिपीठ र आफ्नै घरमा समेत मौलो बनाएर बलि दिने चलन छ । दुर्गापूजामा बलि दिनु शास्त्रीय विधान नै हो । कालिका पुराण (७१/३-५ एवं ९५-९६) मा दुर्गा र भैरवको सम्मानमा बलि दिइने जीवहरूका बारेमा उल्लेख गरिएको पाइन्छ । बलि दिइने जीवमध्ये बोको, राँगो र भेँडोलाई विशेष मानिएको छ । बिल्वफल, कुभिण्डो, उँखु, मापान्न (कृशर) इत्यादिको बलि दिन सकिने विधान पनि पाइन्छ । जीव बलि दिने हो भने त्यस्तो जीवको कान काटिएको र चोटपटक लागेको हुनु हुँदैन । बलिको रगत र शिर देवीलाई चढाउनु पर्ने विधान छ । दिनदिनै जीव बलि दिन नसक्नेले अरू दिन कूष्माण्डादि बलि दिएर अष्टमी वा नवमीमा जीव बलि दिने गर्छन् । कतिपय व्यक्तिको हृदय पशुबलि दिँदा करुणाले द्रवित हुने गर्छ, त्यसैले कालिका पुराणमा कूष्माण्डादि बलिहरूको विधान गरिएको हो । बलि दिनु शाक्त उपासनापद्धति हो, तसर्थ अन्य उपासनापद्धति अनुसरण गर्नेहरूका लागि बलिदान अनिवार्य मानिँदैन । देवी बलि दिएर मात्र खुसी हुने होइनन् भन्ने कुरा यहाँ स्मरणीय छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ एहि दुर्गे महाभागे रक्षार्थं मम सर्वदा ।
आवाहितासि प्रागेव सर्वकामार्थसिद्धये ॥
अस्यां मूर्तौ समास्थाय मम पूजां गृहाण भो ।
रक्षां कुरु महाभद्रे दुर्गे देवि नमोऽस्तु ते ॥

ॐ भगवती दुर्गे इहागच्छ इहतिष्ठ सुप्रसन्ना शुभदा सुवरदा भव । ॐ जयन्ती मङ्गला... ... ॐ भगवत्यै दुर्गादेव्यै नमः ।

विधिनिर्देशः यसपछि देवीलाई पाद्य, अर्घ्य आदि षोडशोपचारले पूजा गर्ने र निम्न मन्त्र पढी नवपत्रिकाको समेत पूजा गर्ने–

ॐ हूं अम्बिकायै नवपत्रिकाभ्यस्तदधिष्ठात्रीदेवीदेवेभ्यो नमः ।

विधिनिर्देशः अब देवीस्थापनाको दाहिनेबाट तल बताइएका चतुर्थ्यन्त नाममन्त्रले क्रमशः पूजा गर्ने–

ॐ ह्रीं जयन्त्यै नमः । एवं क्रमेण ॐ ह्रीं मङ्गलायै...। ॐ ह्रीं काल्यै... । ॐ ह्रीं भद्रकाल्यै... । ॐ ह्रीं कपालिन्यै...। ॐ ह्रीं दुर्गायै... । ॐ ह्रीं क्षमायै...। ॐ ह्रीं शिवायै...। ॐ ह्रीं धात्र्यै...। ॐ ह्रीं स्वाहायै...। ॐ ह्रीं स्वधायै...।

विधिनिर्देशः अब देवीस्थापनाको बायाँबाट तल बताइएका चतुर्थ्यन्त नाममन्त्रले क्रमशः पूजा गर्ने–

ॐ ह्रीं उग्रदंष्ट्रायै नमः, ॐ ह्रीं करालिन्यै नमः, ॐ ह्रीं पिङ्गलनेत्रायै नमः, ॐ ह्रीं विशालाक्ष्यै नमः, ॐ ह्रीं मङ्गलायै नमः, ॐ ह्रीं विजयायै नमः, ॐ ह्रीं जयायै नमः ।

विधिनिर्देशः यसैगरी देवीस्थापनाको अघिल्तिर तल बताइएका चतुर्थ्यन्त नाममन्त्रले क्रमशः पूजा गर्ने–

ॐ ह्रीं मङ्गलायै नमः, ॐ ह्रीं नन्दिन्यै नमः, ॐ ह्रीं भद्रायै नमः, ॐ ह्रीं लक्ष्म्यै नमः, ॐ ह्रीं कीर्त्यै नमः, ॐ ह्रीं यशस्विन्यै नमः, ॐ ह्रीं पुष्ट्यै नमः, ॐ ह्रीं मेधायै नमः, ॐ ह्रीं शिवायै नमः, ॐ ह्रीं साध्वै नमः, ॐ ह्रीं यशस्यै नमः, ॐ ह्रीं शोभायै नमः, ॐ ह्रीं जयायै नमः, ॐ ह्रीं धृत्यै नमः, ॐ ह्रीं आनन्दायै नमः, ॐ ह्रीं सुनन्दायै नमः ।

विधिनिर्देशः देवीस्थापनाको नजिकै चतुर्थ्यन्त नाममन्त्रले क्रमशः पूजा गर्ने–

ॐ ह्रीं जयन्त्यै नमः, ॐ ह्रीं मङ्गलायै नमः, ॐ ह्रीं धृत्यै नमः, ॐ ह्रीं शान्त्यै नमः, ॐ ह्रीं शिवायै नमः, ॐ ह्रीं शाखायै नमः, ॐ ह्रीं क्षमायै नमः, ॐ ह्रीं ब्रह्माण्यै नमः, ॐ ह्रीं कौशिक्यै नमः, ॐ ह्रीं मत्यै नमः, ॐ ह्रीं दुर्गायै नमः, ॐ ह्रीं क्रियायै नमः, ॐ ह्रीं घण्टकर्णायै नमः, ॐ ह्रीं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कपालिन्यै नमः, ॐ ह्रीं रौद्र्यै नमः, ॐ ह्रीं भीमायै नमः, ॐ ह्रीं काल्यै नमः, ॐ ह्रीं भद्रायै नमः, ॐ ह्रीं सिद्ध्यै नमः, ॐ ह्रीं पुष्ट्यै नमः ।

विधिनिर्देशः यसपछि देवीको शिरमा पूजा गर्ने–

ॐ भैरवं परमं देवं सर्वकामप्रसाधनम् ।
पूजयाम्यूर्ध्वतो देव्याः सर्वकामप्रसाधनम् ॥
ॐ भैरवाय नमः । इति भैरवं पूजयेत् ।

विधिनिर्देशः यसपछि देवीलाई अष्टाङ्ग अर्घ्य अर्पण गर्ने–

एषोऽष्टाङ्गोऽर्घ्यो ॐ भगवत्यै दुर्गादेव्यै मया दत्तं नमः ।

विधिनिर्देशः अर्घ्य दिएपछि बेलपत्रमा चन्दन लगाएर देवीलाई अर्पण गर्ने–

ॐ अमृतोद्भव श्रीवृक्षं महादेवप्रियं सदा ।
बिल्वपत्रं प्रयच्छामि पवित्रं ते सुरेश्वरी ॥ ॐ दुर्गादेव्यै नमः ।

विधिनिर्देशः यसपछि बेलपत्रको माला चढाउने–

ॐ चन्दनेन समालिप्ते कुङ्कुमेन विलेपिते ।
बिल्वपत्रकृतापीडे दुर्गेऽहं शरणं गतः ॥ ॐ दुर्गादेव्यै नमः । इत्यर्पयेत् ।

विधिनिर्देशः यसपछि तल बताइएअनुसार सिंहपूजा गर्ने–

ॐ ह्रौं ह्रः हः महाशार्दूलवितानाय पिङ्गललोचनाय नमः । इति पूजयेत् ।

विधिनिर्देशः अब देवी–षडङ्गन्यास गर्ने–

ॐकालीवज्रेश्वरीलोहदण्डायै स्वाहा, हृदयाय नमः ।
ॐ कालीवज्रेश्वरीलोहदण्डायै स्वाहा, शिरसे स्वाहा ।
ॐ कालीवज्रेश्वरीलोहदण्डायै स्वाहा, शिखायै वषट् ।
ॐ कालीवज्रेश्वरीलोहदण्डायै स्वाहा, कवचाय हुम् ।
ॐ कालीवज्रेश्वरीलोहदण्डायै स्वाहा, नेत्राभ्यां वौषट् ।
ॐकालीवज्रेश्वरीलोहदण्डायै स्वाहा, अस्त्राय फट् ।

अथ दिक्पूजा

विधिनिर्देशः अब दिक्पूजन गर्ने–

पूर्वे–ॐ ह्रां कालीवज्रेश्वरी, ईशानाय नमः । दक्षिणे–ॐ ह्रीं कालीवज्रेश्वरी, तत्पुरुषाय नमः । पश्चिमे–ॐ ह्रूं कालीवज्रेश्वरी, अघोराय नमः । उत्तरे– ॐ ह्रैं कालीवज्रेश्वरी, सद्योजाताय नमः । मध्ये– ॐ ह्रीं कालीवज्रेश्वरी, वामदेवाय नमः । ॐ ह्रः कालीवज्रेश्वरी, सर्वेभ्यो वक्त्रेभ्यो नमः । ततो देव्याः शिरसि भैरवसमीपे–ॐ कालीवज्रेश्वरीलोहदण्डायै विद्याभ्यो नमः । इति पूजयेत् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ शस्त्रास्त्रपूजा

विधिनिर्देशः यसपछि शस्त्रास्त्रपूजा गर्ने । सर्वप्रथम शस्त्रास्त्र (हातहतियार, खरखजाना) पूजाका लागि हातहतियारलाई राम्ररी पखालेर यथास्थानमा राखी चन्दन, अक्षता, पुष्पले पूजा गर्ने र खड्गलाई छोएर तलको मन्त्र पढ्ने–

ॐ असिर्विशसनः खड्गस्तीक्ष्णधारो दुरासदः ।
श्रीगर्भो विजयश्चैव धर्माधारस्तथैव च ॥
इत्यष्टौ तव नामानि स्वयमुक्तानि वेधसा ।
नक्षत्रं ते कृत्तिका तु दैवतं च जनार्दनः ॥
पिता पितामहो देवस्त्वं मां पालय सर्वदा ।
नीलजीमूतसङ्काश तीक्ष्णदंष्ट्रकृशोदर ।
आश्चर्यो वर्षणश्चैव अतितेजास्तथैव च ॥
इयं येन धृता क्षोणी हतश्च महिषासुरः ।
तीक्ष्णधाराय शुद्धाय तस्मै खड्गाय ते नमः ॥
ॐ खड्गाय नमः इति पूजयेत् ।

विधिनिर्देशः अब ॐकारको उच्चारणसहित तलका नाममन्त्रले शस्त्रास्त्र पूजा गर्ने–

ॐ त्रिशूलाय नमः । ॐ बाणाय नमः । ॐ चक्राय नमः । ॐ चर्मणे नमः । ॐ दुग्धपूर्णकलशाय नमः । ॐ छुरिकायै नमः । ॐकट्टारकाय नमः । ॐकुन्ताय नमः । ॐधनुषे नमः । ॐ दुन्दुभये नमः । ॐपताकायै नमः । ॐध्वजाय नमः । ॐ छत्राय नमः । ॐशङ्खाय नमः । ॐ चामराय नमः ।

विधिनिर्देशः यसपछि सिंहासनको पूजा गर्ने–

ॐ विजयो जयदो जेता रिपुजेता प्रियङ्करः ।
दुःखहा धर्मदः शान्तः सर्वारिष्टविनाशकः ॥
इत्यष्टै तव नामानि तस्मात् सिंहपराक्रमः ।
तेन सिंहासनो नित्यं नाम्ना देवेषु गीयते ॥
त्वयि स्थितः शिवः साक्षात् त्वयि शक्रः सुरेश्वरः ।
त्वयि स्थितो हरिर्देवस्त्वदर्थस्तप्यते तपः ।
नमस्ते सर्वतोभद्र शिवो भव महीपते ।
त्रैलोक्यजय सर्वस्व सिंहासन नमोऽस्तु ते ।
ॐ सिंहासनाय नमः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधिनिर्देशः यसपछि एउटा तामाको थालीमा अष्टदल लेखेर वा केराको पातमा सेता अक्षताका नौ वटा थुप्रा राखेर वा नौ वटा थालीमा चामल राखेर वा नौ वटा टपरीमा चामल राखेर नवदुर्गा स्थापना गरी तल दिइएको विधिले नवदुर्गाको सङ्क्षिप्त पूजा गर्ने–

ॐ ह्रीं श्रीं रुद्रचण्डायै नमः । ॐ ह्रीं श्रीं प्रचण्डायै नमः । ॐ ह्रीं श्रीं चण्डोग्रायै नमः । ॐ ह्रीं श्रीं चण्डनायिकायै नमः । ॐ ह्रीं श्रीं चण्ड्यै नमः । ॐ ह्रीं श्रीं चण्डवत्यै नमः । ॐ ह्रीं श्रीं चण्डरूपायै नमः । ॐ ह्रीं श्रीं चण्डिकायै नमः । ॐ ह्रीं श्रीं उग्रचण्डायै नमः ।

विधिनिर्देशः नवदुर्गा स्थापनाको बाहिर क्रमशः आठवटा आवरणको कल्पना गरी चतुः षष्टियोगिनी (६४) को सङ्क्षिप्त पूजा गर्ने–

प्रथमावर्ते– **ॐ ह्रीं श्रीं ब्रह्मण्यै नमः । एवमेव– ॐ ह्रीं श्रीं चण्डिकायै... । ॐ ह्रीं श्रीं रौद्र्यै...। ॐ ह्रीं श्रीं गौर्यै...। ॐ ह्रीं श्रीं ऐन्द्राण्यै... । ॐ ह्रीं श्रीं कौमार्यै...। ॐ ह्रीं श्रीं भैरव्यै...। ॐ ह्रीं श्रीं दुर्गायै...।**

द्वितीयावर्ते– **ॐ ह्रीं श्रीं नारसिंह्यै...। ॐ ह्रीं श्रीं चामुण्डायै...। ॐ ह्रीं श्रीं शिवदूत्यै...। ॐ ह्रीं श्रीं वाराह्यै...। ॐ ह्रीं श्रीं कौशिक्यै...। ॐ ह्रीं श्रीं माहेश्वर्यै...। ॐ ह्रीं श्रीं शाङ्कर्यै... । ॐ ह्रीं श्रीं जयन्त्यै...।**

तृतीयावर्ते– **ॐ ह्रीं श्रीं सर्वमङ्गलायै...। ॐ ह्रीं श्रीं काल्यै...। ॐ ह्रीं श्रीं करालिन्यै...। ॐ ह्रीं श्रीं मेधायै...। ॐ ह्रीं श्रीं शिवायै...। ॐ ह्रीं श्रीं शाकम्भर्यै...। ॐ ह्रीं श्रीं शिवायै...। ॐ ह्रीं श्रीं शान्तायै...।**

चतुर्थावर्ते– **ॐ ह्रीं श्रीं भ्रामर्यै...। ॐ ह्रीं श्रीं रुद्रायै...। ॐ ह्रीं श्रीं अम्बिकायै...। ॐ ह्रीं श्रीं क्षमायै...। ॐ ह्रीं श्रीं धात्र्यै...। ॐ ह्रीं श्रीं स्वाहायै...। ॐ ह्रीं श्रीं स्वधायै...। ॐ ह्रीं श्रीं अपर्णायै...।**

पञ्चमावर्ते– **ॐ ह्रीं श्रीं मोहायै...। ॐ ह्रीं श्रीं घोररूपिण्यै...। ॐ ह्रीं श्रीं महाकाल्यै...। ॐ ह्रीं श्रीं भद्रकाल्यै...। ॐ ह्रीं श्रीं कपालिन्यै...। ॐ ह्रीं श्रीं क्षेमङ्कर्यै...। ॐ ह्रीं श्रीं उग्रचण्डायै...। ॐ ह्रीं श्रीं चण्डोग्रायै...।**

षष्ठावर्ते– **ॐ ह्रीं श्रीं चण्डनायिकायै... । ॐ ह्रीं श्रीं चण्डायै...। ॐ ह्रीं श्रीं चण्डवत्यै..। ॐ ह्रीं श्रीं महामोहाङ्घ्रिपङ्कजायै...। ॐ ह्रीं श्रीं बलविकरिण्यै...। ॐ ह्रीं श्रीं बलप्रमथिन्यै..। ॐ ह्रीं श्रीं सर्वभूतदमन्यै...। ॐ ह्रीं श्रीं उमायै...।**

सप्तमावर्ते– **ॐ ह्रीं श्रीं तारायै...। ॐ ह्रीं श्रीं निद्रायै... । ॐ ह्रीं श्रीं विजयायै...। ॐ ह्रीं श्रीं जयायै...। ॐ ह्रीं श्रीं शैलपुत्र्यै...। ॐ ह्रीं श्रीं चण्डिकायै...। ॐ ह्रीं श्रीं चन्द्रघण्टयै नमः । ॐ ह्रीं श्रीं योगिन्यै...।**

अष्टमावर्ते– **ॐ ह्रीं श्रीं कूष्माण्डायै...। ॐ ह्रीं श्रीं स्कन्दमात्रे...। ॐ ह्रीं श्रीं कात्यायन्यै...। ॐ ह्रीं श्रीं चन्द्रघण्टयै...। ॐ ह्रीं श्रीं पारातायै...। ॐ ह्रीं श्रीं भद्रायै...। ॐ ह्रीं श्रीं माहेश्वर्यै...। ॐ ह्रीं श्रीं कालरात्र्यै... ।**

पूर्वे– **ॐ ह्रीं श्रीं कोटियोगिनीभ्यो नमः । इति पूजयेत् ।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधिनिर्देशः यसपछि नवदुर्गा स्थापनाको बाहिरपट्टि नै ईशानादि दिशा र माझमा समेत क्रमशः पूजा गर्ने–

ॐ ह्रीं श्रीं ब्राह्मयै नमः । ॐ ह्रीं श्रीं माहेश्वर्यै...। ॐ ह्रीं श्रीं कौमार्यै...। ॐ ह्रीं श्रीं वाराह्यै..। ॐ ह्रीं श्रीं नारसिंह्यै...। ॐ ह्रीं श्रीं इन्द्राण्यै...। ॐ ह्रीं श्रीं चामुण्डायै...। इति सम्पूज्य ततो देवीसन्निधाने पूर्वोक्तबीजपूर्वकं–ॐ ह्रीं श्रीं जयन्त्यै नमः । एवं–ॐ ह्रीं श्रीं मङ्गलायै...। ॐ ह्रीं श्रीं काल्यै...। ॐ ह्रीं श्रीं भद्रकाल्यै...। ॐ ह्रीं श्रीं कपालिन्यै...। ॐ ह्रीं श्रीं दुर्गायै...। ॐ ह्रीं श्रीं धात्र्यै...। ॐ ह्रीं श्रीं स्वाहायै...।

विधिनिर्देशः यसपछि यतिबेर पूजा गरेका सबै देवीहरूलाई बलि दिनका लागि देवीको अगाडि त्रिकोण लेखेर त्यसमा कुभिण्डो स्थापना गर्ने र **ॐ कूष्माण्डबलये नमः** भन्ने मन्त्रले जलसेचन गर्ने । त्यसपछि खड्गलाई समेत **ॐ भो खड्ग मया पूजितोऽसि क्षमस्व** भन्दै पुछपाछ पारेर पूजा गर्ने । तल बताइएको सङ्कल्प पढ्ने–

ॐ अद्येह अहं सैशलवनकाननभूदानजन्यफलसमफलप्राप्तिकामः श्रीदुर्गादेवी–प्रीत्यर्थं कूष्माण्डाय महामहिषफलरूपाय महाद्भुतदानवाय श्रीदुर्गात्रिपुर–सुन्दरीमहाकालीशाकम्भरीप्रियाय महाष्टमीनवमीसंयुक्ताय मम सकलशत्रुदुष्ट–जनान् भक्षय २ प्रसादं कुरु २ इमं कूष्माण्डबलिं महिषमर्दिनीप्रीतयेऽर्पयिष्ये । भो भगवती कौशिकी कूष्माण्डबलिना आप्यायताम् । यति भन्दै घण्टा, डमरु र बाजा बजाएर देवीलाई बलि दिने ।

विधिनिर्देशः अब काँक्रो, उँखु, बेलको दानो, नरिवल आदि लिएर कर्मपात्रको जलसहित सङ्कल्प गर्ने–

ॐ अद्येह मम आयुरारोग्यैश्वर्योदयाद्यनेकविधोत्तरोत्तरहर्षविजयोदयादि अभिवृद्ध्यर्थं श्रीदुर्गाभगवतीप्रीत्यर्थं बल्यर्थे इमानि कर्कटीक्षुदण्डबिल्व–नारिकेलादीनि अहमर्पयिष्ये । इत्युक्त्वा समर्पयेत् ।

विधिनिर्देशः अब घिउ, पायस, लावा, बारा, हलुवा आदि पनि देवीलाई श्रद्धापूर्वक समर्पण गर्ने र तल दिइएको सङ्कल्प पढी ईशान दिशामा नौ कोठे मण्डल लेखी भएसम्म मास र चामल नभए दहीअक्षताको बलि दिने । सङ्कल्प यस प्रकार छ–

ॐ अद्येह मम श्रीदुर्गादेवीप्रीतिद्वारा नानाप्रतिबन्धनिवारणसकलाभीष्ट–सिद्ध्यर्थमिमं कृशरबलिमर्पयिष्ये । इत्युक्त्वा कुशादिकं भूमौ निःक्षिप्य लिखितनवकोष्ठके पूर्वादिक्रमेण ॐ जयन्त्यै नमः । ॐ मङ्गलायै नमः । ॐ काल्यै नमः । ॐ भद्रकाल्यै...। ॐकपालिन्यै...। ॐ दुर्गायै...। ॐ क्षमायै...। ॐ शिवायै...। ॐ धात्र्यै...इत्यर्पयेत् । इति बलिदानम् । ततो पुष्पाञ्जलिं गृहित्वा–ॐ दुर्गे स्मृता..। ॐ शरणागत..। ॐसर्वमङ्गलमाङ्गल्ये..। ॐ जयन्ती.. इत्यादिमन्त्रान् पठित्वा पुष्पाञ्जलिमर्पयेत् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ख) अष्टम्यां कालरात्रौ होमविधिः

विधिनिर्देशः अष्टमीको रातिमा कालरात्रि पूजापछि कालरात्रिको होम गर्नुपर्छ । होमका लागि उपयुक्त र शुद्ध थलोमा अग्निस्थापनाविधिले अग्नि जगाई सङ्क्षिप्त रूपमा ब्राह्मणवरण र पुण्याहवाचनसमेत गरेपछि दीपकलशगणेशका साथै गणपत्यादिवनस्पत्यन्त देवताको छोटो पूजा गर्ने । यसपछि अग्निस्थापनाकै विधिले चतुःस्वत्यादिसम्म हवन पुऱ्याएपछि चरुमा पायस वा हलुवा मिसाएर घृताहुतिपूर्वक सप्तशतीका प्रत्येक मन्त्रले वा नवार्णमन्त्रले सातसय पटक **ॐ देव्यै स्वाहा, इदं देव्यै न मम** भनेर हवन गर्ने र हवनको दशांशले तर्पण एवं तर्पणको दशांशले मार्जन गर्ने । यसको विकल्पमा एकादश अध्यायका प्रत्येक मन्त्रले हवन, द्वादश अध्यायका मन्त्रले तर्पण र त्रयोदश अध्यायका मन्त्रले मार्जन गर्ने विधान पनि छ। यदि यो सम्भव छैन भने नवार्णमन्त्रले एकसय आठ हवन, बाह्र पटक तर्पण र दुई पटक मार्जन गर्ने। यसपछि चतुःस्वस्त्यादि होमशेष समाप्त गरेर पूर्णाहुति, पूर्णपात्र र ब्राह्मण दक्षिणासमेत गर्ने र टीकाप्रसाद लिने ।

नवमीकृत्यम्

विधिनिर्देशः यस नवमीलाई महानवमी पनि भन्दछन् । यस दिन पनि प्रारम्भका सम्पूर्ण पूजाहरू द्वितीयाकै दिनमा भैँ गर्ने । यसपछि **दश वर्षकी कन्या** ल्याएर **सुभद्रा** नामले सम्बोधन गरी पहिले बताइएकै विधिले पूजा र कन्याभोजनसमेत गराई प्रार्थना गर्ने–

ॐ सुन्दरीं स्वर्णवर्णाभां सर्वसौभाग्यदायिनीम् ।
सुभद्रां जननीं देवीं सुभद्रां प्रार्थयाम्यहम् ॥

विधिनिर्देशः यसरी नित्यपूजा सकेपछि देवीको विशेषपूजा गर्नका लागि निम्न सङ्कल्प गर्ने–

ॐ अद्येह मम श्रीभगवतीदुर्गादेवीप्रीतिद्वारा सर्वपापक्षयपूर्वकदेवीपदप्राप्त्यर्थं अद्य महानवमीदिने दुर्गास्वरूपिणीं त्रिशूलिनीं देवीमहं पूजयिष्ये ।

विधिनिर्देशः सङ्कल्पपछि महाष्टमीका दिन अष्टदल वा अक्षताका थुप्रामा पूजा गरिएको ठाउँमै **ॐ ह्रीं श्रीं उग्रचण्डायै नमः** भनेर पूजा गर्ने । यसपछि सोही ठाउँमा **ॐ नमो भगवति त्रिशूलिनि दुर्गे इहागच्छ इहतिष्ठ** भनेर आवाहन गर्ने र **ॐ भगवतीदुर्गास्वरूपिण्यै त्रिशूलिन्यै नमः** भनेर यथामिलितोपचारले पूजा गर्ने । अब सोही अष्टदल वा अक्षतपुञ्जको वरिपरि पूर्वादिक्रमले निम्न नाममन्त्रले पूजा गर्ने–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ ब्रह्माण्यै नमः । ॐ माहेश्वर्यै नमः । ॐ कौमार्यै नमः । ॐ वैष्णव्यै नमः । ॐ वाराह्यै नमः । ॐ नारसिंह्यै नमः । ॐ ऐन्द्र्यै नमः । ॐ शिवदूत्यै नमः ।

विधिनिर्देशः यसपछि नवमीमा गर्नुपर्ने होम गर्ने । अग्निस्थापनाविधिले अग्नि जगाई सङ्क्षिप्त रूपमा ब्राह्मणवरण र पुण्याहवाचनसमेत गरेपछि दीपकलशगणेशका साथै गणपत्यादिवनस्पत्यन्त देवताको छोटो पूजा गर्ने । यसपछि अग्निस्थापनाकै विधिले चतुःस्वत्यादिसम्म हवन पुर्‍याएपछि चरुमा पायस वा हलुवा मिसाएर घृताहुतिपूर्वक सप्तशतीका प्रत्येक मन्त्रले वा नवार्णमन्त्रले सातसय पटक **ॐ देव्यै स्वाहा, इदं देव्यै न मम** भनेर हवन गर्ने र हवनको दशांशले तर्पण एवं तर्पणको दशांशले मार्जन गर्ने । यसको विकल्पमा एकादश अध्यायका प्रत्येक मन्त्रले हवन, द्वादश अध्यायका मन्त्रले तर्पण र त्रयोदश अध्यायका मन्त्रले मार्जन गर्ने विधान पनि छ । यदि यो सम्भव छैन भने नवार्णमन्त्रले एकसय आठ हवन, बाह्र पटक तर्पण र दुई पटक मार्जन गर्ने । यसपछि पूर्णाहुति, पूर्णपात्र, आरती, पुष्पाञ्जली, अर्घ्यनिवेदन, भूयसी दक्षिणा र ब्राह्मण दक्षिणासमेत गर्ने । अग्निस्थापनाको विसर्जन गर्ने, तर देवीको विसर्जन नगर्ने । टीकाप्रसाद लिने ।

यदि अरू दिनमा कन्या पूजा गरेको छैन र नवमीमै नौ वटी कन्याको पूजा गर्ने योजना छ, वा अरू दिन कन्यापूजा गर्दै आएको भए पनि नवमीमा नौ वटी कन्याको विशेष पूजा गर्ने चाहना छ वा नवमीमा एउटी मात्रै कुमारीको पूजा गर्ने चाहना छ भने तलको विधिअनुसार गर्ने–

(क) सकृन्नवकुमारीपूजनविधिः

विधिनिर्देशः पूजास्थानमा बसेर कर्मपात्र बनाई आचमन प्राणायाम गरी छोटो सङ्कल्प गर्ने–

ॐ अद्येह अहं श्रीभगवतीदुर्गाप्रसादसिद्धिद्वारा समस्तमनोभिलषितफलावाप्तये श्रीदेवीपदप्राप्तये अद्य महानवमीदिने नवकुमारी (कुमारी) पूजनादिकं करिष्ये ।

विधिनिर्देशः अर्घ्यस्थापन गरी दीप, कलश, गणेश र गणपत्यादिवनस्पत्यन्त देवताको समेत छोटो पूजा गर्ने । यसपछि हरेक कुमारीका हात खुट्टा धोइदिने र उनीहरूतिर फर्केर तलका मन्त्र पढ्ने–

ॐ चतुर्वर्गप्रदात्री त्वं चतुर्वेदप्रतिष्ठिता ।
प्रसीद वैष्णवि स्वस्थे मुक्तये प्रार्थयाम्यहम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्राक्षरमयीं लक्ष्मीं मातृणां रूपधारिणीम् ।
नवदुर्गात्मिकां साक्षात्कन्यामावाहयाम्यहम् ॥

विधिनिर्देशः कन्याहरूलाई टीका लगाइदिने । वस्त्र, अलङ्कार, भोज्य सामग्री र दक्षिणा आदि जे सकिन्छ दिने । धूपदीप र नैवेद्यसमेत गर्ने र **ॐ शरणागत दीनार्त.....** अनि **ॐ जयन्ती मङ्गला काली.....** मन्त्र पढेर देवीदुर्गा र कन्याहरूलाई नमस्कार गर्ने । यसपछि कन्याभोजनसमेत गराउने ।

(ख) बलिदानम्

विधिनिर्देशः महानवमीमा पनि पूर्ववत् बलि दिने । यसपछि देवीका अनुचरहरूका लागि केही फल, हलुवा आदिको सामान्य बलिको परिकल्पना गरेर निम्न सङ्कल्प पढी बलि दिने–

ॐ नमः कपालग्रहनक्षत्राः सुरासुरगन्धर्वयक्षराक्षसाः विद्याधरगरुडमहोरगकिन्नराः गजेन्द्रदेवताप्सरोगणभूतप्रेतक्रव्यादिपिशाचमनुष्यमातृगणाः डाकिनीयोगिनीगणाः इमं नानाद्रव्यबलिं गृह्णन्तु स्वाहा । यसरी बलि दिएपछि तलको मन्त्र पढ्ने–

ॐ शिवाः कङ्कालवेतालाः पूतनाजृम्भकादयः ।
ते सर्वे तृप्तिमायान्तु बलिदानेन तोषिताः ॥

विधिनिर्देशः देवीको विसर्जन नगरिएको हुनाले **महानवमीको दिनमा पनि साँझ पूर्ववत् सायंकृत्य गर्नुपर्छ** ।

दशमीकृत्यम्

विधिनिर्देशः यस दशमीलाई विजयादशमी[३६] भन्दछन् । यस दिन टीकाको साइत प्रारम्भ हुनुभन्दा दुई घण्टा अगाडि पूजामा बस्ने र प्रारम्भका सम्पूर्ण पूजाहरू द्वितीयाकै दिनमा झैँ गर्ने । यस दिन सप्तशतीको पाठ र कन्यापूजन

३६. विजयादशमी वर्षका अत्यन्त शुभतिथिहरूमध्ये एक हो । विजयादशमीको विस्तृत विवेचन हेमाद्रि (व्रत, भाग १), निर्णयसिन्धु, पुरुषार्थचिन्तामणि, व्रतराज, कालतत्त्वविवेचन, धर्मसिन्धु आदि ग्रन्थमा गरिएको पाइन्छ । यस दिन ज्योतिषीय दृष्टिले चन्द्रसूर्य आदि व्यवस्थित नभए पनि शुभकर्म गर्न साइत हेर्नु पर्दैन भन्ने चलन छ । यसै दिन श्रवण नक्षत्रमा पहिले पहिले राजाहरू शत्रुमाथि आक्रमण गर्न प्रस्थान गर्थे । यस शुभदिनका प्रमुख कृत्यहरूमा शमीपूजन, सीमोल्लङ्घन, आरार्तिक्य आदि पर्दछन् । कतिपय मानिसहरू विजयादशमीका दिनमा राम र सीताको पूजा गर्नुपर्छ किनभने यसै दिन श्रवण नक्षत्र परेको मुहूर्तमा रामले लंकामा आक्रमण गरी विजय प्राप्त गरेका थिए पनि भन्दछन् । दशमीमा गरिने अपराजिता पूजाका बारेमा धर्मसिन्धु (पृ.९६) मा र विशेषगरी राजाहरूका लागि विधान गरिएको शमीपूजाका बारेमा निर्णयसिन्धु, पुरुषार्थ चिन्तामणि, धर्मसिन्धु, महाभारत विराट्पर्व आदि ग्रन्थमा वर्णन गरिएको पाइन्छ । पहिले पहिले तराईमा दसैंका बेला दश दिनसम्म भव्य रामलीला देखाउने चलन थियो । नेपालमा सशस्त्र द्वन्द्व सुरु भएपछि यो चलन हराएको भए पनि भारतका उत्तरप्रदेश, बिहार र बंगालमा अझै पनि यो प्रचलन पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नु पर्दैन । बलिदान पनि गरिँदैन । यस दिन विशेषगरी अपराजिताको पूजा गर्नुपर्छ । अपराजिता पूजाका लागि सर्वप्रथम प्रतिज्ञा सङ्कल्प–

ॐ अद्येह मम श्रीपरमेश्वरीष्टदेवता महाकालीमहालक्ष्मीमहासरस्वतीस्वरूपिणी-भगवतिश्रीदुर्गादेवीप्रीतये प्रतिपदादारभ्याद्यपर्यन्तं कृतस्य शरत्कालिकदेवी-पूजनकर्मणः कल्पोक्तफलप्राप्त्यर्थमपराजिताजयाविजयादीनां पूजनं तथा एतावद्दिनपर्यन्तं स्थापितपूजितदेवीदेवानां विसर्जनञ्चाहं करिष्ये ।

अथ अपराजितापूजा

विधिनिर्देशः यसपछि न्यास गर्ने–

ॐ अँ अङ्गुष्ठाभ्यां नमः । ॐ पं तर्जनीभ्यां स्वाहा । ॐ राँ मध्यमाभ्यां वषट् । ॐ जिँ अनामिकाभ्यां हुम् । ॐ ताँ कनिष्ठिकाभ्यां वौषट् । ॐ अः करतलकरपृष्ठाभ्यां फट् ।

ॐ अं हृदयाय नमः । ॐ पं शिरसे स्वाहा । ॐ रां शिखायै वषट् । ॐ जिं कवचाय हुम् । ॐ तां नेत्रत्रयाय वौषट् । ॐ अः अस्त्राय फट् ।

विधिनिर्देशः ॐ फट् यस मन्त्रद्वारा कर्मपात्रको जल लिएर अर्घ्यमा सेचन गरी धेनुमुद्रा प्रदर्शन गर्ने । यसपछि हातमा चन्दन, अक्षता र पुष्प लिएर आफ्नो हृदयरूपी कमलको माझमा अत्यन्त गोरो वर्णकी, पीतवस्त्र लगाएकी, चार हात र तीन नेत्र भएकी, गैँडाको छाला लगाएकी (खड्गचर्मधरा), सम्पूर्ण अलङ्कारहरू लगाएकी, सर्वाङ्गसुन्दरी देवीको ध्यान गरी उनलाई मानसोपचारले पूजा गरेको भावना गर्दै ती देवी हृदयको बाटे हुँदै बायाँ नाकको प्वालबाट पुष्पाञ्जलि लिएको हातमा आएको सम्झिने । यसपछि सो पुष्पलाई घटस्थापनाको घटको मुखमा राखेर **ॐ भगवत्यपराजिते आवाहिता सुप्रतिष्ठिता भव** भन्ने । यसैगरी जया र विजयाको समेत ध्यान गरी **ॐ भगवति जये आवाहिता सुप्रतिष्ठिता भव** र **ॐ भगवति विजये आवाहिता सुप्रतिष्ठिता भव** भन्ने । यसपछि **ॐ जयन्ती मङ्गला काली......**भन्ने मन्त्रले **ॐ अपराजितायै नमः** भनेर पूजा गर्ने । यसैको दक्षिणपट्टि **ॐ जयायै नमः,** यसैको बाँयापट्टि **ॐ विजयायै नमः** भनेर पूजा गर्ने । त्यहीँनेर **ॐ आदित्यादिनवग्रहेभ्यो नमः** भनेर पूजा गर्ने । यसपछि पाँच किसिमका रङ्गाइएका पताकाहरू, कपासको बियाँ, कुभिण्डाको फूल, अपराजिता–द्रोणपुष्प–करवीर–बेलपत्र–लोध्रपुष्प आदि जे सम्भव हुन्छ देवीलाई अर्पण गरेर देवीपरिवार र आफ्ना कुलदेवताको समेत पूजा गरी प्रार्थना गर्ने–

ॐ जय देवि जगन्मातर्जय विश्वविमोहिनि ।
प्रसीद मम कल्याणि वाञ्छासिद्धिकरी भव ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधिनिर्देशः यसपछि **ॐ दुर्गे स्मृताः......., ॐ देवी प्रपन्नार्ति....., ॐ न मन्त्रं नो यन्त्रं.....** इत्यादि मन्त्र पढी क्षमा माग्ने र एउटा पहेँलो वस्त्र बिछ्याएर त्यसमा सर्स्यूं र अपराजिताको पातसमेत राखी **ॐ क्रियासिद्ध्यै अपराजितायै नमः, ॐ दुर्गायै नमः** भन्ने मन्त्रले पूजा गरी सानो कुटुरो बनाएर देवीको दाहिने हातमा बाँधेको कल्पना गरी देवीको नजिकै राखिदिने । यसपछि **ॐ अः हृदयाय नमः** भनी देवीको प्रदक्षिणा गर्ने र शङ्खजलसमेत घुमाउने । यसपछि अर्घ्य उठाएर आफ्नो शिरको नजिकै ल्याई जगज्जननी भवानीका दुवै चरणहरूको सम्झना गर्दै तलका मन्त्रहरू पढेर अर्घ्य दिने–

ॐ गन्धाक्षतैश्च संयुक्तं फलपुष्पयुतं तव ।
दत्तमर्घ्यं गृहाणेदं प्रसीद परमेश्वरि ॥

यसपछि हातमा चन्दन, अक्षता र पुष्प लिएर प्रार्थना गर्ने–

ॐ अपराधसहस्राणि क्रियन्तेऽहर्निशं मया ।
दासोऽयमिति मां मत्वा क्षमस्व परमेश्वरि ॥

विधिनिर्देशः यसरी अपराजिताको पूजा गरेपछि कर्मपात्रमा अवशिष्ट कुशहरू पात्रबाट निकालेर भुइँमा राखिदिने । पुष्प, अक्षता हातमा लिएर तलका मन्त्र पढ्दै देवीको स्थापनामाथि र पूजा गरिएका सबै देवतालाई पुष्प, अक्षता छिट्दै विसर्जन गर्ने[३७]–

ॐ दुर्गे देवि जगन्मातः स्वस्थानं गच्छ पूजिते ।
संवत्सरे व्यतीते तु पुनरागमनाय वै ॥
ॐ उत्तिष्ठ देवि चण्डेशि शुभपूजां प्रगृह्य च ।
कुरुष्व मम कल्याणमष्टाभिः शक्तिभिः सह ॥
आवाहनं न जानामि न जानामि तवार्चनम् ।
पूजां चैव न जानामि क्षमस्व परमेश्वरि ॥
मन्त्रहीनं क्रियाहीनं विधिहीनं च यद्भवेत् ।
तत्सर्वं क्षम्यतां देवि प्रसीद परमेश्वरि ॥
गच्छ गच्छ परं स्थानं स्वस्थानं देवि चण्डिके ।
यत्पूजितं मया देवि परिपूर्णं तदस्तु मे ॥

ॐ भगवति दुर्गे, गणपत्याद्यावाहितदेवीदेवाः पूजिताः स्थ क्षमध्वम् भन्दै दण्डवत् गर्ने ।

---

३७. **मूलेन स्थापयेद् देवीं श्रवणेन विसर्जयेत्** भन्ने शास्त्र वचन छ । त्यसैले विसर्जनका क्षणमा श्रवण नक्षत्र हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधिनिर्देशः यसपछि दुर्गाप्रतिमासहित घटस्थापनाको घडालाई समेत चलाएर भुइँमा राख्ने । यसपछि उक्त घडानजिक रहेको जल–पुष्प–प्रसाद र जौका जमरासमेत थोरै निकालेर अर्को भाँडामा राखी **ॐ प्रसादग्राहिदेवेभ्यो देवीपार्षदेभ्यो भक्तेभ्यश्च इमं भगवत्या जलप्रसादादिकं समर्पयामि** भनेर देवीभक्तहरूलाई सम्झी अलग्गै राखिदिने र बाँकी जलप्रसाद देवीको प्रसादका रूपमा टीका लगाउने बेला आफूहरूले ग्रहण गर्ने ।

विधिनिर्देशः घटस्थापनाको घडामा रहेको जल, शान्तिकलश (मूलकलश) को जल र कर्मपात्रको अवशिष्ट जलसमेत मिसाई शान्तिअभिषेक लिने–

हरिः ॐ द्यौः शान्तिरन्तरिक्ष६ँशान्तिः पृथिवीशान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः सर्व६ँशान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥

ॐ तच्चक्षुर्देव हितम्पुरस्ताच्छुक्रमुच्चरत् । पश्येम शरदः शतञ्जीवेम शरदः शत६ँशृणुयाम शरदः शतम्प्रब्रवाम शरदः शतमदीना स्याम शरदः शतभूयश्च शरदः शतात् ॥

ॐ स्वस्तिनऽइन्द्रो वृद्धश्रवाः स्वस्तिनः पूषा विश्ववेदाः ।
स्वस्तिनतार्क्ष्योऽरिष्टनेमिः स्वस्तिनो बृहस्पतिर्दधातु ॥

ॐ विश्वानि देवसवितर्दुरितानि परासुव । यद्भद्रं नन्नऽआसुव ॥

ॐ शूलेन पाहि नो देवि पाहि खड्गेन चाम्बिके ।
घण्टास्वनेन नः पाहि चापज्यानिः स्वनेन च ॥
प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे ।
भ्रामणेनात्मशूलस्य उत्तरस्यां तथेश्वरि ॥
सौम्यानि यानि रूपाणि त्रैलोक्ये विचरन्ति ते ।
यानि चात्यर्थघोराणि तै रक्षास्मांस्तथा भुवम् ॥
खड्गशूलगदादीनि यानि चास्त्राणि तेऽम्बिके ।
करपल्लवसङ्गीनि तैरस्मान् रक्ष सर्वतः ॥

ॐ रोगानशेषानपहंसि तुष्टा
रुष्टा तु कामान् सकलानभीष्टान् ।
त्वामाश्रितानां न विपन्नराणां
त्वामाश्रिता ह्याश्रयतां प्रयान्ति ॥
एतत्कृतं यत्कदनं त्वयाद्य
धर्मद्विषां देवि महासुराणाम् ।
रूपैरनेकैर्बहुधात्ममूर्तिं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृत्वाम्बिके तत्प्रकरोति कान्या ॥
विद्यासु शास्त्रेषु विवेकदीपे-
ष्वाद्येषु वाक्येषु च का त्वदन्या ।
ममत्वगर्तेऽतिमहान्धकारे
विभ्रामयत्येतदतीव विश्वम् ॥
रक्षांसि यत्रोग्रविषाश्च नागा
यत्रारयो दस्युबलानि यत्र ।
दावानलो यत्र तथाब्धिमध्ये ।
तत्र स्थिता त्वं परिपासि विश्वम् ॥
विश्वेश्वरि त्वं परिपासि विश्वं
विश्वात्मिका धारयसीति विश्वम् ।
विश्वेशवन्द्या भवती भवन्ति
विश्वाश्रया ये त्वयि भक्तिनम्राः ॥
देवि प्रसीद परिपालय नोऽरि-
भीतेर्नित्यं यथासुरवधादधुनैव सद्यः ।
पापानि सर्वजगतां प्रशमं नयाशु
उत्पातपाकजनितांश्च महोपसर्गान् ॥
प्रणतानां प्रसीद त्वं देवि विश्वार्तिहारिणि ।
त्रैलोक्यवासिनामीड्ये लोकानां वरदां भव ॥

विधिनिर्देशः अब यसपछि चन्द्रमालाई सम्मुख वा दाहिने पारी मान्यजनका हातबाट दसैंको टीकाप्रसाद र आशीर्वाद ग्रहण गर्ने-

ॐ आब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायतामा राष्ट्रे राजन्यः शूरऽइषव्योऽतिव्याधी महारथो जायतां दोग्ध्री धेनुर्वोढानड्वानाशुः सप्ति पुरन्धिर्योषा जिष्णू रथेष्ठाः सभेयो युवास्य यजमानस्य वीरो जायतां निकामे निकामे नः पर्जन्यो वर्षतु फलवत्यो नऽओषधयः पच्यन्तां योगक्षेमो नः कल्पन्ताम् ॥ दीर्घायुस्तऽओषधे खनिता यस्मै च त्वा खनाम्यहम् । अथो त्वन्दीर्घायुर्भूत्वा शतवल्शा विरोहतात् ॥ पुनस्त्वादित्या रुद्रा वसवः समिन्धताम् । पुनर्ब्रह्माणो वसुनीथ यज्ञैः घृतेन त्वं तन्वं वर्धयस्व सत्याः सन्तु यजमानस्य कामाः ॥
ॐ जयन्ती मंगला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥
ॐ श्रीर्वर्चस्वमायुष्यमारोग्यमाभिधात्पवमानं महीयते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धनं धान्यं पशुं बहुपुत्रलाभं शतसंवत्सरं दीर्घमायुः ॥

ॐ मन्त्रार्थाः सफलाः सन्तु पूर्णाः सन्तु मनोरथाः ।
शत्रूणां बुद्धिनाशोऽस्तु मित्राणामुदयस्तव ।
अव्याधिना शरीरेण मनसा च निराधिना ।
पूरयन्नर्थिनामशास्त्वं जीव शरदां शतम् ॥

ॐ आयुर्द्रोणसुते श्रियो दशरथे शत्रुक्षयो राघवे ।
ऐश्वर्यं नहुषे गतिश्च पवने मानं च दुर्योधने ।
शौर्यं शान्तनवे बलं हलधरे सत्यं च कुन्तीसुते ।
विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे ॥
भद्रमस्तु शिवं चास्तु महालक्ष्मीः प्रसीदतु ।
तुष्यन्तु त्वां सदा देवाः आशीषः सन्तु सुस्थिराः ॥

इत्यादिमन्त्रान्ते प्रसादं गृह्णीयात् ॥ इति प्रसादग्रहणम् ॥

॥ इति पूजाविधिः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ सप्तश्लोकी दुर्गा

शिव उवाच–

देवि त्वं भक्तसुलभे सर्वकार्यविधायिनी ।

कलौ हि कार्यसिद्ध्यर्थमुपायं ब्रूहि यत्नतः ॥

देव्युवाच–

श्रृणु देव प्रवक्ष्यामि कलौ सर्वेष्टसाधनम् ।

मया तवैव स्नेहेनाप्यम्बास्तुतिः प्रकाश्यते ॥

ॐ अस्य श्रीदुर्गासप्तश्लोकीस्तोत्रमन्त्रस्य नारायण ऋषिः, अनुष्टुप् छन्दः, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वत्यो देवताः, श्रीदुर्गाप्रीत्यर्थं सप्तश्लोकी दुर्गापाठे विनियोगः ।

ॐ ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा ।

बलादाकृष्य मोहाय महामाया प्रयच्छति ॥१॥

दुर्गे स्मृता हरसि भीतिमशेषजन्तोः

स्वस्थैः स्मृता मतिमतीव शुभां ददासि ।

दारिद्र्यदुःखभयहारिणि का त्वदन्या

सर्वोपकारकरणाय सदार्द्रचित्ता ॥२॥

भगवान् शिवले भन्नुभयो– हे देवी ! तिमी भक्तका लागि सुलभ छ्यौ र समस्त कर्मको विधान पनि गर्दछ्यौ । कलियुगमा कामनाहरूको सिद्धिका लागि यदि कुनै उपाय छ भने त्यो उपाय आफ्ना वाणीद्वारा व्यक्त गर ।

देवीले भनिन्– हे देव ! हजूरको ममाथि धेरै स्नेह छ । कलियुगमा समस्त कामनाहरू सिद्ध गर्ने जुन साधन छ, त्यो मैले बताउँछु सुन्नुहवस्, त्यो साधनको नाम 'अम्बास्तुति' हो ।

ॐ यो दुर्गासप्तश्लोकी स्तोत्रमन्त्रका नारायण ऋषि हुन्, अनुष्टुप् छन्द हो, श्रीमहाकाली, महालक्ष्मी र महासरस्वती देवता हुन्, श्रीदुर्गाको प्रसन्नताका लागि सप्तश्लोकी दुर्गापाठमा यसको विनियोग गरिन्छ ।

भगवती महामाया ज्ञानीहरूको चित्तलाई समेत बलपूर्वक खिँचेर मोहमा पारिदिन्छिन् ॥१॥

हे दुर्गेमाता ! हजूरले स्मरण गरेको अवस्थामा सबै प्राणीहरूको भय हरिदिनुहुन्छ र स्वस्थ पुरुषहरूद्वारा चिन्तन गर्दा उनीहरूलाई परम कल्याणमयी बुद्धि प्रदान गर्नुहुन्छ । दुःख, दारिद्र्य एवं भय नाश गर्ने हे देवी ! हजूरभन्दा अरू को नै छ र ? हजूरको चित्त सबैको उपकार गर्नका लागि सधै दयार्द्र रहन्छ ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥३॥
शरणागतदीनार्तपरित्राणपरायणे ।
सर्वस्यार्तिहरे देवि नारायणी नमोऽस्तु ते ॥४॥
सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते ।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते ॥५॥
रोगानशेषानपहंसि तुष्टा
रुष्टा तु कामान् सकलानभीष्टान् ।
त्वामाश्रितानां न विपन्नराणां
त्वामाश्रिता ह्याश्रयतां प्रयान्ति ॥६॥
सर्वाबाधाप्रशमनं त्रैलोक्यस्याखिलेश्वरि ।
एवमेव त्वया कार्यमस्मद्वैरिविनाशनम् ॥७॥

॥ इति सप्तश्लोकी दुर्गा सम्पूर्णा ॥

हे नारायणी ! हजूर सबै प्रकारको मंगल प्रदान गर्ने मंगलमयी हुनुहुन्छ । कल्याणदायिनी शिवा हुनुहुन्छ । सबै पुरुषार्थहरू सिद्ध गर्ने शरणागतवत्सला तीन नेत्र भएकी हे गौरी, तपाईंलाई नमस्कार छ ॥३॥ शरणमा आएका दीन र पीडितहरूको रक्षामा संलग्न रहने तथा सबैको पीडालाई भगाउने हे नारायणी देवी ! तपाईंलाई नमस्कार छ ॥४॥ सर्वस्वरूपा, सर्वेश्वरी तथा सबै प्रकारको शक्तिले सम्पन्न दिव्यरूपा दुर्गा देवी ! सबै किसिमका डरबाट हाम्रो रक्षा गर्नुहोस्, तपाईंलाई नमस्कार छ ॥५॥ हे देवी ! तपाईं प्रसन्न भएको अवस्थामा सबै रोग नष्ट गरिदिनुहुन्छ र रिसाएको अवस्थामा मनोवाञ्छित सबै कामनाहरू निस्तेज गरिदिनुहुन्छ । जो हजूरको शरणमा आइसकेका हुन्छन्, उनीमाथि कुनै विपत्ति आउँदैन । तपाईंको शरणमा आएका मनुष्य अरूलाई पनि शरण दिन सक्ने हुन्छन् ॥६॥ हे सर्वेश्वरी ! हजूरले यसरी तीनै लोकका समस्त बाधाहरूलाई शान्त गर्नोस् र हाम्रा शत्रुहरूको नाश गर्नोस् ॥७॥

॥ श्रीसप्तश्लोकी दुर्गा सम्पूर्णा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

॥ ॐ श्रीदुर्गायै नमः ॥

श्रीदुर्गाष्टोत्तरशतनामस्तोत्रम्

ईश्वर उवाच–

शतनाम प्रवक्ष्यामि श्रृणुष्व कमलानने ।
यस्य प्रसादमात्रेण दुर्गा प्रीता भवेत् सती ॥१॥
ॐ सती साध्वी भवप्रीता भवानी भवमोचनी ।
आर्या दुर्गा जया चाद्या त्रिनेत्रा शूलधारिणी ॥२॥
पिनाकधारिणी चित्रा चण्डघण्टा महातपाः ।
मनो बुद्धिरहंकारा चित्तरूपा चिता चितिः ॥३॥
सर्वमन्त्रमयी सत्ता सत्यानन्दस्वरूपिणी ।
अनन्ता भाविनी भाव्या भव्याभव्या सदागतिः ॥४॥
शाम्भवी देवमाता च चिन्ता रत्नप्रिया सदा ।
सर्वविद्या दक्षकन्या दक्षयज्ञविनाशिनी ॥५॥
अपर्णानेकवर्णा च पाटला पाटलावती ।
पट्टाम्बरपरीधाना कलमञ्जीररञ्जिनी ॥ ६ ॥

भगवान् शंकरले पार्वतीलाई भन्नुहुन्छ– हे कमलानने ! अब म अष्टोत्तरशतनामको वर्णन गर्दछु, सुन, जसको श्रवण तथा पाठ गर्नाले मात्र परम साध्वी भगवती दुर्गा प्रसन्न बन्दछिन् ॥१॥ १.ॐ सती, २.साध्वी, ३.भवप्रीता (भगवान् शिवमाथि जसले प्रीति राख्छिन्), ४. भवानी, ५.भवमोचनी (संसारको बन्धनबाट मुक्त पार्ने), ६.आर्या, ७.दुर्गा, ८.जया, ९.आद्या, १०.त्रिनेत्रा, ११.शूलधारिणी, १२. पिनाक- धारिणी, १३. चित्रा, १४.चण्डघण्टा (प्रचण्डस्वरले घण्टनाद गर्ने), १५. महातपा (घोर तपस्या गर्नेवाली), १६. मन (मनन–शक्ति), १७.बुद्धि (बोधशक्ति), १८.अहङ्कार (अहंताको आश्रय), १९.चित्तरूपा, २०. चिता, २१.चिति (चेतना), २२.सर्वमन्त्रमयी, २३.सत्ता (सत्–स्वरूपा), २४.सत्यानन्दस्वरूपिणी, २५. अनन्ता (जसको स्वरूपको अन्त्य छैन), २६.भाविनी (सबैलाई उत्पन्न गर्ने), २७.भाव्या (भावना एवं ध्यान गर्नयोग्य), २८. भव्या (कल्याणरूपा), २९.अभव्या (त्योभन्दा भव्य अन्यत्र कहीं पनि छैन), ३०. सदागति, ३१. शाम्भवी (शिवप्रिया), ३२.देवमाता, ३३.चिन्ता, ३४.रत्नप्रिया, ३५.सर्वविद्या, ३६.दक्षकन्या, ३७.दक्षयज्ञविनाशिनी, ३८.अपर्णा (पातसमेत नखाएर तपस्या गर्ने), ३९.अनेकवर्णा(अनेक रङ्गवाली), ४०.पाटला (रातो रङ्ग भएकी), ४१.पाटलावती (गुलाबको फूल या रातो फूल धारण गर्ने),४२.पट्टाम्बरपरिधाना (रेशमी वस्त्र लगाउने), ४३. कलमञ्जीर- रञ्जिनी (मधुरध्वनि गर्ने मञ्जीरलाई धारण गरेर प्रसन्न रहने),

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमेयविक्रमा क्रूरा सुन्दरी सुरसुन्दरी ।
वनदुर्गा च मातङ्गी मतङ्गमुनिपूजिता ॥७॥
ब्राह्मी माहेश्वरी चैन्द्री कौमारी वैष्णवी तथा ।
चामुण्डा चैव वाराही लक्ष्मीश्च पुरुषाकृतिः ॥८॥
विमलोत्कर्षिणी ज्ञाना क्रिया नित्या च बुद्धिदा ।
बहुला बहुलप्रेमा सर्ववाहनवाहना ॥९॥
निशुम्भशुम्भहननी महिषासुरमर्दिनी ।
मधुकैटभहन्त्री च चण्डमुण्डविनाशिनी ॥१०॥
सर्वासुरविनाशा च सर्वदानवघातिनी ।
सर्वशास्त्रमयी सत्या सर्वास्त्रधारिणी तथा ॥११॥
अनेकशस्त्रहस्ता च अनेकास्त्रस्य धारिणी ।
कुमारी चैककन्या च कैशोरी युवती यतिः ॥१२॥
अप्रौढा चैव प्रौढा च वृद्धमाता बलप्रदा ।
महोदरी मुक्तकेशी घोररूपा महाबला ॥१३॥
अग्निज्वाला रौद्रमुखी कालरात्रिस्तपस्विनी ।
नारायणी भद्रकाली विष्णुमाया जलोदरी ॥१४॥
शिवदूती कराली च अनन्ता परमेश्वरी ।
कात्यायनी च सावित्री प्रत्यक्षा ब्रह्मवादिनी ॥१५॥

४४.अमेयविक्रमा (असीम पराक्रम भएकी), ४५.क्रूरा (दैत्यहरूप्रति कठोर),४६.सुन्दरी,४७.सुरसुन्दरी, ४८.वनदुर्गा, ४९.मातंगी, ५०. मतङ्गमुनिपूजिता, ५१.ब्राह्मी, ५२.माहेश्वरी, ५३.ऐन्द्री, ५४.कौमारी, ५५. वैष्णवी, ५६. चामुण्डा, ५७. वाराही, ५८. लक्ष्मी, ५९. पुरुषाकृति, ६०. विमला, ६१. उत्कर्षिणी, ६२.ज्ञाना, ६३. क्रिया, ६४.नित्या, ६५.बुद्धिदा, ६६.बहुला, ६७.बहुलप्रेमा, ६८.सर्ववाहनवाहना, ६९.निशुम्भ-शुम्भहननी, ७०.महिषासुरमर्दिनी, ७१.मधुकैटभहन्त्री, ७२.चण्डमुण्डविनाशिनी, ७३.सर्वासुरविनाशा, ७४.सर्वदानवघातिनी, ७५.सर्वशास्त्रमयी, ७६.सत्या, ७७.सर्वास्त्रधारिणी, ७८.अनेकशस्त्रहस्ता, ७९.अनेकास्त्रधारिणी, ८०.कुमारी, ८१.एककन्या, ८२.कैशोरी, ८३.युवती, ८४.यति, ८५.अप्रौढा, ८६.प्रौढा, ८७.वृद्धमाता, ८८.बलप्रदा, ८९.महोदरी, ९०.मुक्तकेशी, ९१.घोररूपा, ९२.महाबला, ९३.अग्निज्वाला, ९४.रौद्रमुखी, ९५.कालरात्रि, ९६.तपस्विनी, ९७.नारायणी, ९८.भद्रकाली, ९९.विष्णुमाया, १००.जलोदरी, १०१.शिवदूती, १०२.कराली, १०३.अनन्ता (विनाशरहिता), १०४.परमेश्वरी, १०५.कात्यायनी, १०६.सावित्री, १०७.प्रत्यक्षा, १०८.ब्रह्मवादिनी ॥ २-१५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

य इदं प्रपठेन्नित्यं दुर्गानामशताष्टकम् ।
नासाध्यं विद्यते देवि त्रिषु लोकेषु पार्वति ॥१६॥
धनं धान्यं सुतं जायां हयं हस्तिनमेव च ।
चतुर्वर्गं तथा चान्ते लभेन्मुक्तिं च शाश्वतीम् ॥१७॥
कुमारीं पूजयित्वा तु ध्यात्वा देवीं सुरेश्वरीम् ।
पूजयेत् परया भक्त्या पठेन्नामशताष्टकम् ॥१८॥
तस्यसिद्धिर्भवेद् देवि सर्वैः सुरवरैरपि ।
राजानो दासतां यान्ति राज्यश्रियमवाप्नुयात् ॥१९॥
गोरोचनालक्तककुङ्कुमेन
सिन्दूरकर्पूरमधुत्रयेण ।
विलिख्य यन्त्रं विधिना विधिज्ञो
भवेत् सदा धारयते पुरारिः ॥२०॥
भौमावास्यानिशामग्रे चन्द्रे शतभिषां गते ।
विलिख्य प्रपठेत् स्तोत्रं स भवेत् सम्पदां पदम् ॥२१॥

॥ इति श्रीविश्वसारतन्त्रे दुर्गाष्टोत्तरशतनामस्तोत्रं समाप्तम् ॥

हे पार्वती ! जसले प्रतिदिन दुर्गाजीका यी अष्टोत्तरशतनामको पाठ गर्दछ, त्यसका लागि तीनै लोकमा असाध्य भनेको केही पनि छैन ॥१६॥
ऊ धन-धान्य, पुत्र, स्त्री, घोडा, हात्ती, धर्म आदि चार पुरुषार्थ तथा अन्त्यमा सनातन मुक्ति पनि प्राप्त गर्दछ ॥१७॥ कुमारीको पूजन र देवी सुरेश्वरीको ध्यान गरेर पराभक्तिका साथ उनको पूजन गर्नुपर्दछ त्यसपछि अष्टोत्तरशतनामको पाठ आरम्भ गर्नुपर्दछ ॥१८॥
देवि ! जसले यस्तो गर्दछ, त्यसले सबै श्रेष्ठ देवताले पाउन नसकेको सिद्धि प्राप्त गर्दछ । राजा उसको दास बन्दछन्, उसले राज्यलक्ष्मी पनि प्राप्त गर्दछ ॥१९॥
गोरोचन, लाक्षा, कुंकुम, सिन्दुर, कपूर, घिउ (अथवा दूध), चिनी र महलाई एकत्र गरी यसबाट विधिपूर्वक यन्त्र लेखेर जुन विधिज्ञ पुरुषले सदा त्यो यन्त्र धारण गर्दछ, ऊ शिवतुल्य (मोक्षरूप) बन्दछ ॥२०॥
भौमवती अमावस्याको रातमा, चन्द्रमा शतभिषा नक्षत्रमा भएको अवस्थामा, यो स्तोत्रलाई लेखेर जसले पाठ गर्दछ, ऊ सम्पत्तिले युक्त बन्दछ ॥२१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ सप्तशतीपाठविधिः

(यहाँ दिइएको पाठविधि शारदीय नवरात्रमा गरिने पाठबाहेक अन्य पूजाहरू, जस्तैः रुद्रीको अङ्गका रूपमा, ग्रहपूजनको अङ्गका रूपमा, श्रीमद्भागवत सप्ताहयज्ञको अङ्गका रूपमा वा अन्य अवसरमा चण्डीपाठ गर्दा पनि उसैगरी उपयोग गर्न सकिन्छ । देवीस्थान र दसैंघरहरूमा चण्डीपाठ गर्दा पनि यहाँ दिइएको विधिबाटै पाठ सुरु गर्न सकिन्छ ।)

विधिनिर्देशः पाठ सुरु गर्नुअघि निम्न कुरा ख्याल गर्ने–

- पहिलेदेखि नै पूजाको आसनमा बसिरहेको भए त्यसै आसनमा बसेर पाठ गर्न सकिन्छ ।
- यदि ब्राह्मणद्वारा पाठ गराउने हो भने बस्ने आसन बिछ्याइदिने ।
- पाठ गर्ने ब्राह्मणले समेत हात–खुट्टा धोई पञ्चगव्य प्राशन गरेर मात्र पाठ गर्न बस्ने ।
- पाठ गर्ने व्यक्तिले रित्तै निधार पाठ नगर्ने ।
- ब्राह्मणद्वारा पाठ गराउने हो भने वरणका बेला सम्भव भएसम्म माला पनि लगाइदिने ।
- पाठ गर्ने व्यक्तिले आफ्ना अगाडि एउटा पात्रमा शुद्ध जल, पूजासामा, दुर्गासप्तशतीको पुस्तक, जपमाला र पाइएसम्म वेदको पुस्तक पनि राख्ने ।
- शिखा बाँध्ने, पूर्वाभिमुख भएर तत्त्वशुद्धिका लागि तीन पटक आचमन गर्ने (आचमनको विधि पूर्ववत्) ।
- त्यसपछि देवीको ध्यान गरेर नवार्ण मूलमन्त्र (ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे) ले किताब राख्ने ठाउँमा आधारशक्तिको पूजा गरी त्यसमाथि उक्त पुस्तक राख्ने ।
- पुस्तकलाई भुइँमा नराख्ने ।
- सप्तशती पाठ गरिसकेपछि जे जति सकिन्छ वेद पनि पाठ गर्ने ।

अथ सप्तशतीपुस्तकपूजनम्

विधिनिर्देशः पञ्चोपचार विधिले निम्न मन्त्र पढी पुस्तकको पूजा गर्ने र सम्भव भएसम्म बेरेर राख्नका लागि एउटा वस्त्र पनि चढाइदिने । पुस्तक पूजन मन्त्र–

ॐ नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ।

ॐ शुक्लां ब्रह्मविचारसारपरमामाद्यां जगद्व्यापिनीं ।
वीणापुस्तकधारिणीमभयदा जाड्यान्धकारापहाम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

हस्ते स्फाटिकमालिकां विदधतीं पद्मासने संस्थितां ।
वन्दे तां परमेश्वरीं भगवतीं बुद्धिप्रदां शारदाम् ॥ ॐ वाङ्मयमूर्तये नमः । ॐ दुर्गादेव्यै नमः ॥

सप्तशतीपाठप्रारम्भः

विधिनिर्देशः यसपछि सप्तशती पाठको सङ्कल्प गर्ने–

हरिः ॐ तत्सत् ३ ॐ विष्णुः ३ ॐ पूर्वसङ्कल्पसिद्धिरस्तु अद्येह श्रीमहाकाली–महालक्ष्मी–महासरस्वतीश्रीष्टदेवतास्वरूपिणीभगवतीश्रीदुर्गा–देवीप्रीतये शारदीयनवरात्राङ्गत्वेन करिष्यमाणदुर्गापूजनकर्मणि सकलशास्त्र–श्रुतिस्मृतिपुराणोक्तफलप्राप्तिकामः अमुकगोत्रोत्पन्नः अमुकशर्माऽहं ममात्मनः सपुत्रस्त्रीबान्धवस्य श्रीनवदुर्गानुग्रहतो ग्रहकृतराजकृतसर्वविधपीडानिवृत्तिपूर्वकं नैरुज्यदीर्घायुः पुष्टिधनधान्यसमृद्ध्यर्थं श्रीनवदुर्गाप्रसादेन सर्वापन्निवृत्ति–सर्वाभीष्टफलावाप्तिपूर्वकं धर्मार्थकाममोक्षचतुर्विधपुरुषार्थसिद्धिद्वारा श्रीमहाकालीमहालक्ष्मी महासरस्वतीदेवताप्रीत्यर्थं शापोद्धारपुरस्सरं कवचार्गल–कीलकपाठवेदतन्त्रोक्तरात्रिसूक्तपाठदेव्यथर्वशीर्षपाठन्यासविधिसहितनवार्णजप–सप्तशतीन्यासध्यानसहितचरित्रसम्बन्धिविनियोगन्यासध्यानपूर्वकं च 'मार्कण्डेय उवाच ॥ सावर्णिः सूर्यतनयो यो मनुः कथ्यतेऽष्टमः।' इत्याद्यारभ्य 'सावर्णिर्भविता मनुः' इत्यन्तं दुर्गासप्तशतीपाठं तदन्ते न्यासविधिसहितनवार्णमन्त्रजपं वेद–तन्त्रोक्तदेवीसूक्तपाठं रहस्यत्रयपठनं शापोद्धारादिकं च करिष्ये ।

विधिनिर्देशः यसपछि योनिमुद्रा प्रदर्शन गरेर भगवतीलाई प्रणाम गर्ने र तल दिइएको शापोद्धार मन्त्र[३८] सात पटक जप गर्ने–

ॐ ह्रीं क्लीं श्रीं क्रां क्रीं चण्डिकादेव्यै शापनाशानुग्रहं कुरु कुरु स्वाहा ।

विधिनिर्देशः शापोद्धारपछि तल दिइएको उत्कीलन मन्त्र[३९] एक्काइस पटक जप गर्ने–

ॐ श्रीं क्लीं ह्रीं सप्तशति चण्डिके उत्कीलनं कुरु कुरु स्वाहा ।

विधिनिर्देशः अब तल दिइएको मृतसञ्जीवनी[४०] विद्याको सात पटक जप गर्ने–

ॐ ह्रीं ह्रीं वं वं ऐं ऐं मृतसञ्जीवनि विद्ये मृतमुत्थापयोत्थापय क्रीं ह्रीं ह्रीं वं स्वाहा ।

विधिनिर्देशः यसपछि मारीच कल्पमा बताइएको सप्तशती–शापविमोचन मन्त्र एक

---

३८. 'सप्तशती–सर्वस्व' मा उल्लिखित उपासनाक्रममा पहिले शापोद्धार गरेर पछि षडङ्गसहित पाठ गर्नुपर्ने कुरा बताइएको छ । त्यसैले कवच आदि पाठ गर्नुभन्दा पहिले नै शापोद्धार गर्नुपर्छ । शापोद्धारका अनेकौं प्रकार छन् । शापोद्धार पाठको आदि र अन्त्य दुवै क्षणमा गर्नुपर्छ।

३९. उत्कीलन–मन्त्र पाठको प्रारम्भ र अन्त्य दुवैमा २१–२१ पटक जप्नुपर्छ ।

४०. मृतसञ्जीवनीविद्यामन्त्र पाठको प्रारम्भ र अन्त्य दुवैमा ७–७ पटक जप्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सय आठ पटक जप्ने[४१]–

ॐ श्रीं श्रीं क्लीं हूं ॐ ऐं क्षोभय मोहय उत्कीलय उत्कीलय उत्कीलय ठंठं ।

विधिनिर्देशः यसपछि निम्न स्तोत्र पाठ गरी देवीको ध्यान गर्ने–

ॐ विद्युद्दामसमप्रभां मृगपतिस्कन्धस्थितां भीषणां ।
कन्याभिः करवालखेटविलसद्धस्ताभिरासेविताम् ॥
हस्तैश्चक्रगदासिखेटविशिखाँश्चापं गुणं तर्जनीं ।
विभ्राणामनलात्मिकां शशिधरां दुर्गां त्रिनेत्रां भजे ॥

विधिनिर्देशः यसपछि मधुर र मन्द स्वरमा छ अङ्गसहित (कवच, अर्गला र कीलक अनि तीनवटा रहस्यहरू नै छ अङ्ग हुन्)[४२] दुर्गा सप्तशतीको पाठ आरम्भ गर्ने । पाठ गर्दा अत्यन्त श्रद्धापूर्वक हरेक श्लोकको अर्थ बुझ्ेर गर्नुपर्छ । श्रद्धाभाव नै भवानीलाई प्रसन्न तुल्याउने सर्वोत्तम उपाय हो ।

---

४१. सप्तशती–शापविमोचन मन्त्र पाठको प्रारम्भमा मात्र जप्ने । पाठको अन्त्यमा जप्नु पर्दैन ।

४२. योगरत्नावलीमा कवचलाई बीज, अर्गलालाई शक्ति र कीलकलाई कीलक भनिएको छ । जसरी सबै मन्त्रमा पहिले बीज, त्यसपछि शक्ति र अन्त्यमा कीलकको उच्चारण हुन्छ । त्यसैगरी यहाँ पनि पहिले कवचरूप बीजको, त्यसपछि अर्गलारूप शक्तिको र अन्त्यमा कीलकरूप कीलकको क्रमशः पाठ गर्नुपर्छ । यस पुस्तकमा पनि सोही क्रमको अनुसरण गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ देव्याः कवचम्

ॐ अस्य श्रीचण्डीकवचस्य ब्रह्मा ऋषिः, अनुष्टुप् छन्दः, चामुण्डा देवता, अङ्गन्यासोक्तमातरो बीजम्, दिग्बन्धदेवतास्तत्त्वम्, श्रीजगदम्बाप्रीत्यर्थे सप्तशतीपाठाङ्गत्वेन जपे विनियोगः ।

ॐ नमश्चण्डिकायै ।

मार्कण्डेय उवाच

ॐ यद्गुह्यं परमं लोके सर्वरक्षाकरं नृणाम् ।
यन्न कस्यचिदाख्यातं तन्मे ब्रूहि पितामह ॥१॥

ब्रह्मोवाच

अस्ति गुह्यतमं विप्र सर्वभूतोपकारकम् ।
देव्यास्तु कवचं पुण्यं तच्छृणुष्व महामुने ॥२॥
प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी ।
तृतीयं चन्द्रघण्टेति कूष्माण्डेति चतुर्थकम् ॥३॥
पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च ।
सप्तमं कालरात्रीति महागौरीति चाष्टमम् ॥४॥
नवमं सिद्धिदात्री च नवदुर्गाः प्रकीर्तिताः ।
उक्तान्येतानि नामानि ब्रह्मणैव महात्मना ॥५॥

ॐ चण्डिकादेवीलाई नमस्कार गर्दछु ।

मार्कण्डेयजीले भन्नुभयो–हे पितामह ! जो यो संसारको साह्रै गोपनीय तथा मानिसलाई सम्पूर्ण प्रकारले रक्षा गर्ने कुरा हो र जो अहिलेसम्म हजुरले अरू कसैका सामु प्रकट गर्नुभएको छैन, त्यस्तो कुनै साधनका बारेमा मलाई बताइदिनुहोस् ॥१॥

ब्रह्माजीले भन्नुभयो– हे ब्रह्मन् ! त्यस्तो साधन भनेको देवीको कवच हो, जुन गोप्यभन्दा पनि अति गोप्य छ, पवित्र छ र सम्पूर्ण प्राणीमात्रको उपकार गर्दछ । महामुनि, तपाईं त्यो कुरा सुन्नुहोस् ॥२॥ देवीका नै मूर्तिहरू छन्, जसलाई 'नवदुर्गा' भनिन्छ । ती सबैलाई छुट्टाछुट्टै नामले सम्बोधन गरिन्छ । पहिलो नाम शैलपुत्री हो । दोस्रो मूर्तिको नाम ब्रह्मचारिणी, तेस्रो स्वरूप चन्द्रघण्टाको नामले प्रसिध्द छ । चौथो मूर्तिलाई कूष्माण्डा भनिन्छ । पाँचौं दुर्गादेवीको नाम स्कन्दमाता हो । देवीको छैटौं रूपलाई कात्यायनी भनिन्छ । सातौं स्वरूप कालरात्रि र आठौं स्वरूप महागौरीका नामले प्रसिध्द छ । नवौं दुर्गाको नाम सिध्दिदात्री हो । यी सबै नाम सर्वज्ञ महात्मा वेदभगवान्द्वारा नै प्रतिपादित भएका हुन् ॥३–५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अग्निना दह्यमानस्तु शत्रुमध्ये गतो रणे ॥
विषमे दुर्गमे चैव भयार्ताः शरणं गताः ॥६॥
न तेषां जायते किञ्चिदशुभं रणसंकटे ।
नापदं तस्य पश्यामि शोकदुःखभयं न हि ॥७॥
यैस्तु भक्त्या स्मृता नूनं तेषां वृद्धिः प्रजायते ॥
ये त्वां स्मरन्ति देवेशि रक्षसे तान्न संशयः ॥८॥
प्रेतसंस्था तु चामुण्डा वाराही महिषासना ।
ऐन्द्री गजसमारूढा वैष्णवी गरुडासना ॥९॥
माहेश्वरी वृषारूढा कौमारी शिखिवाहना ।
लक्ष्मीः पद्मासना देवी पद्महस्ता हरिप्रिया ॥१०॥
श्वेतरूपधरा देवी ईश्वरी वृषवाहना ।
ब्राह्मी हंससमारूढा सर्वाभरणभूषिता ॥११॥
इत्येता मातरः सर्वाः सर्वयोगसमन्विताः ।
नानाभरणशोभाढ्या नानारत्नोपशोभिताः ॥१२॥
दृश्यन्ते रथमारूढा देव्यः क्रोधसमाकुलाः ।
शङ्खं चक्रं गदां शक्तिं हलं च मुसलायुधम् ॥ १३ ॥
खेटकं तोमरं चैव परशुं पाशमेव च ।
कुन्तायुधं त्रिशूलं च शार्ङ्गमायुधमुत्तमम् ॥ १४ ॥

जो मानव आगोमा जलिरहेको छ, रणभूमिमा शत्रुबाट घेरिइरहेको छ र घोर संकटबाट गुज्रिरहेको छ तथा यसप्रकारको डरले आतुर भएर भगवती दुर्गाको शरणमा पुगेको हुन्छ, त्यसको कहिल्यै कुनै अमंगल हुने छैन । युध्दको समयमा संकटमा परेकामाथि पनि यो कवच भएपछि कुनै विपत्ति आउन सक्दैन । उसलाई शोक, दुःख र भय आइपर्दैन ॥६-७॥ जसले भक्तिपूर्वक देवीको स्मरण गर्ने गर्दछ, त्यसको निश्चय नै अभ्युदय हुन्छ, उन्नति हुन्छ । हे देवेश्वरी ! जसले तिम्रो चिन्तन गर्दछ, त्यसको अवश्य रक्षा हुन्छ ॥८॥ चामुण्डादेवी प्रेतमाथि बसेकी हुन्छिन्, वाराही भैँसीमाथि सवार हुन्छिन् । ऐन्द्रीको वाहन ऐरावत हात्ती हो । वैष्णवीदेवी गरुडमाथि आसन जमाउँछिन् ॥९॥ महेश्वरी साँढेमाथि बसेकी हुन्छिन् । कौमारीको वाहन मयूर हो । भगवान विष्णुकी प्रियतमा लक्ष्मीदेवी कमलमाथि विराजमान हुन्छिन् र हातमा कमल लिएकी हुन्छिन् ॥१०॥ साँढेमाथि चढेकी ईश्वरीदेवीले सेतो (श्वेत) रूप धारण गरेकी हुन्छिन् । ब्राह्मीदेवी हंसमाथि बसेर सबै प्रकारका गरगहनाले सुशोभित हुन्छिन् ॥११॥ यसप्रकार सबै माताहरू सम्पूर्ण किसिमका योगशक्तिले सम्पन्न देखिन्छन् । यी बाहेक अन्य धेरै देवीहरू पनि छन्, जो अनेक प्रकारका आभूषण र रत्नहरूले सुशोभित छन् ॥१२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दैत्यानां देहनाशाय भक्तानामभयाय च ।
धारयन्त्यायुधानीत्थं देवानां च हिताय वै ॥ १५ ॥
नमस्तेऽस्तु महारौद्रे महाघोरपराक्रमे ।
महाबले महोत्साहे महाभयविनाशिनि ॥ १६ ॥
त्राहि मां देवि दुष्प्रेक्ष्ये शत्रूणां भयवर्धिनि ।
प्राच्यां रक्षतु मामैन्द्री आग्नेय्यामग्निदेवता ॥ १७ ॥
दक्षिणेऽवतु वाराही नैर्ऋत्यां खड्गधारिणी ।
प्रतीच्यां वारुणी रक्षेद्वायव्यां मृगवाहिनी ॥ १८ ॥
उदीच्यां पातु कौमारी ऐशान्यां शूलधारिणी ।
ऊर्ध्वं ब्रह्माणि मे रक्षेदधस्ताद् वैष्णवी तथा ॥ १९ ॥
एवं दश दिशो रक्षेच्चामुण्डा शववाहना ।
जया मे चाग्रतः पातु विजया पातु पृष्ठतः ॥ २० ॥
अजिता वामपार्श्वे तु दक्षिणे चापराजिता ।
शिखामुद्योतिनी रक्षेदुमा मूर्ध्नि व्यवस्थिता ॥ २१ ॥

यी सम्पूर्ण देवीहरू क्रोधले भरिएका छन् र भक्तको रक्षाका लागि रथमाथि बस्ने गर्छन् । यिनले शंख, चक्र, गदा, शक्ति, हल र मुसल, खेटक, तोमर, परशु र पाश, कुन्त र त्रिशूल तथा उत्तम शार्ङ्गधनुष आदि शस्त्र-अस्त्र आफ्नो हातमा लिएका हुन्छन् । दैत्यको विनाश गर्नु, भक्तलाई रक्षा गर्नु र देवताहरूको कल्याण गर्नु नै देवीहरूले शस्त्रधारण गर्नुको उद्देश्य हो ॥१३-१५॥
(कवच आरम्भ गर्नुभन्दा पहिले यसप्रकारको प्रार्थना गर्नु पर्दछ) महान् रौद्ररूप, अत्यन्त ठूलो पराक्रम, महान् बल र उत्साह दिने देवी ! तपाईं भयलाई नाश गर्न समर्थ हुनुहुन्छ । तपाईंलाई नमस्कार छ ॥१६॥ तपाईंतिर हेर्न पनि कठिन छ । शत्रुमाथि भय पैदा गराउन सक्ने हे जगदम्बिके ! मेरो रक्षा गर्नुहोस् । पूर्व दिशामा ऐन्द्री (इन्द्रशक्ति) ले मेरो रक्षा गर्नुहोस् । अग्निकोणमा अग्निशक्ति, दक्षिण दिशामा वाराही तथा नैऋत्यकोणमा खड्गधारिणीले मेरो रक्षा गर्नुहोस् । पश्चिम दिशामा वारुणी र वायव्यकोणमा मृगमाथि चढेकी देवीले मेरो रक्षा गर्नुहोस् ॥१७-१८॥ उत्तर दिशामा कौमारी र ईशान कोणमा शूलधारिणीदेवीले रक्षा गर्नुहोस् । ब्रम्हाणीले माथिबाट मेरो रक्षा गर्नुहोस् र वैष्णवीदेवीले तलबाट मेरो रक्षा गर्नुहोस् ॥१९॥ यसप्रकार शवलाई आफ्नो वाहन बनाउने चामुण्डादेवीले दशै दिशामा मेरो रक्षा गर्नुहोस् । अगाडिबाट जयाले र पछाडिबाट विजयाले मेरो रक्षा गर्नुहोस् ॥ २० ॥ वामभागमा अजिता र दक्षिणभागमा अपराजिताले मेरो रक्षा गर्नुहोस् । उद्योतिनीले शिखाको रक्षा गर्नुहोस् । उमाले मेरो शिरमाथि बसेर रक्षा गर्नुहोस् ॥२१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मालाधरी ललाटे च भ्रुवौ रक्षेद् यशस्विनी ।
त्रिनेत्रा च भ्रुवोर्मध्ये यमघण्टा च नासिके ॥ २२ ॥
शङ्खिनी चक्षुषोर्मध्ये श्रोत्रयोर्द्वारवासिनी ॥
कपोलौ कालिका रक्षेत्कर्णमूले तु शांकरी ॥ २३ ॥
नासिकायां सुगन्धा च उत्तरोष्ठे च चर्चिका ।
अधरे चामृतकला जिह्वायां च सरस्वती ॥ २४ ॥
दन्तान् रक्षतु कौमारी कण्ठदेशे तु चण्डिका ।
घण्टिकां चित्रघण्टा च महामाया च तालुके ॥ २५ ॥
कामाक्षी चिबुकं रक्षेद्वाचं मे सर्वमङ्गला ।
ग्रीवायां भद्रकाली च पृष्ठवंशे धनुर्धरी ॥ २६ ॥
नीलग्रीवा बहिःकण्ठे नलिकां नलकूबरी ।
स्कन्धयोः खड्गिनी रक्षेद् बाहू मे वज्रधारिणी ॥ २७ ॥
हस्तयोर्दण्डिनी रक्षेदम्बिका चाङ्गुलीषु च ।
नखाञ्छूलेश्वरी रक्षेत्कुक्षौ रक्षेत्कुलेश्वरी ॥ २८ ॥
स्तनौ रक्षेन्महादेवी मनःशोकविनाशिनी ।
हृदये ललिता देवी उदरे शूलधारिणी ॥ २९ ॥

निधारमा रहेर मालाधारीले रक्षा गर्नुहोस् । यशस्विनीदेवीले मेरा आँखीभुइँको संरक्षण गर्नुहोस् । आँखीभुइँको मध्यभागमा त्रिनेत्रा र नाकका दुई प्वालको यमघण्टादेवीले रक्षा गर्नुहोस् ॥२२॥ दुई आँखाको मध्यभागमा शंखिनीले र दुई कानको रक्षा द्वारवासिनीले गर्नुहोस् । कालिकादेवीले गालाको र भगवती शांकरीले कानको मूलभागको रक्षा गर्नुहोस् ॥ २३ ॥ नाकमा सुगन्धा र माथिल्लो ओठमा चर्चिकादेवीले रक्षा गर्नुहोस् । तल्लो ओठमा अमृतकला र जिब्रोमा सरस्वतीदेवीले रक्षा गर्नुहोस् ॥ २४ ॥ कौमारीले दाँतको र चण्डिकाले कण्ठको रक्षा गर्नुहोस् । रुद्रघण्टीको चित्रघण्टाले र महामायाले तालुको रक्षा गर्नुहोस् ॥२५॥ कामाक्षीले च्यूँडाको र सर्वमंगलाले मेरो वाणीको रक्षा गर्नुहोस् । भद्रकाली मुखमा र धनुर्धरी मेरुदण्डमा बसेर मेरो रक्षा गर्नुहोस् ॥ २६ ॥ कण्ठको बाहिरी भागमा नीलग्रीवा र कण्ठनलीमा नलकूबरी बसेर रक्षा गर्नुहोस् । दुईवटा काँधको खड्गिनीले र मेरा दुईवटै हातको वज्रधारिणी देवीले रक्षा गर्नुहोस् ॥ २७ ॥ दुईवटा हातमा दण्डिनी र औँलामा अम्बिकाले रक्षा गर्नुहोस् । शूलेश्वरीले नङको रक्षा गर्नुहोस् । कुलेश्वरीले दुवै कोखाको रक्षा गर्नुहोस् ॥ २८ ॥ महादेवीले दुवै स्तनको र शोकविनाशिनीदेवीले मनको रक्षा गर्नुहोस् । ललितादेवी हृदयमा र शूलधारिणी पेटमा बसेर रक्षा गर्नुहोस् ॥२९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाभौ च कामिनी रक्षेद् गुह्यं गुह्येश्वरी तथा ।
पूतना कामिका मेढ्रं गुदे महिषवाहिनी ॥ ३० ॥
कट्यां भगवती रक्षेज्जानुनी विन्ध्यवासिनी ।
जङ्घे महाबला रक्षेत्सर्वकामप्रदायिनी ॥ ३१ ॥
गुल्फयोर्नारसिंही च पादपृष्ठे तु तैजसी ।
पादाङ्गुलीषु श्री रक्षेत्पादाधस्तलवासिनी ॥ ३२ ॥
नखान् दंष्ट्रकराली च केशांश्चैवोर्ध्वकेशिनी ।
रोमकूपेषु कौबेरी त्वचं वागीश्वरी तथा ॥ ३३ ॥
रक्तमज्जावसामांसान्यस्थिमेदांसि पार्वती ।
अन्त्राणि कालरात्रिश्च पित्तं च मुकुटेश्वरी ॥ ३४ ॥
पद्मावती पद्मकोशे कफे चूडामणिस्तथा ।
ज्वालामुखी नखज्वालामभेद्या सर्वसन्धिषु ॥ ३५ ॥
शुक्रं ब्रह्माणी मे रक्षेच्छायां छत्रेश्वरी तथा ।
अहंकारं मनो बुद्धिं रक्षेन्मे धर्मधारिणी ॥ ३६ ॥
प्राणापानौ तथा व्यानमुदानं च समानकम् ।
वज्रहस्ता च मे रक्षेत्प्राणं कल्याणशोभना ॥ ३७ ॥

नाइटोको रक्षा कामिनीले र गुह्यभागको रक्षा गुह्येश्वरीले गर्नुहोस् । पूतना र कामिकाले लिंगको र महिषवाहिनीले नितम्बको रक्षा गर्नुहोस् ॥३०॥ भगवतीले कम्मर र विन्ध्यवासिनीले घुँडाको रक्षा गर्नुहोस् । सम्पूर्ण कामनाहरू पूरा गरिदिने महाबलादेवीले दुवै पिंडौंलाको रक्षा गर्नुहोस् ॥३१॥ नारसिंहीले दुवै गोलीगाँठाको र तैजसीदेवीले दुवै खुट्टाका पछाडिका भागको रक्षा गर्नुहोस् । श्रीदेवीले खुट्टाका औंलाको र तलवासिनीले खुट्टाका कुर्कुच्चाको रक्षा गर्नुहोस् । आफ्नो दाह्राका कारण भयंकर देखिने दंष्ट्राकरालीदेवीले नङको र ऊर्ध्वकेशिनीदेवीले केशको रक्षा गर्नुहोस् । रौंका प्वालमा कौबेरी र छालामा बसेर वागीश्वरीदेवीले रक्षा गर्नुहोस् ॥३३॥ पार्वतीदेवीले रगत, कलेजो, बोसो, मासु, हाड र मासीको रक्षा गर्नुहोस् । आँतको कालरात्रिले र पित्तको मुकुटेश्वरीले रक्षा गर्नुहोस् ॥३४॥ मूलाधार आदि कमल–कोशमा बसेर पद्मावतीदेवीले र कफमा बसेर चूडामणिदेवीले रक्षा गर्नुहोस् । नङको तेजलाई ज्वालामुखीले रक्षा गर्नुहोस् । जसको कुनै पनि अस्त्रले भेदन हुन सक्दैन, त्यस्ती अभेद्यादेवी शरीरका सम्पूर्ण जोनीहरूमा बसेर रक्षा गर्नुहोस् ॥३५॥ हे ब्रह्माणी ! तपाईं मेरो वीर्यको रक्षा गर्नुहोस् । छत्रेश्वरीले छायाको, धर्मधारिणीदेवीले मेरो अहंकार, मन र बुद्धिको रक्षा गर्नुहोस् ॥३६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रसे रूपे च गन्धे च शब्दे स्पर्शे च योगिनी ।
सत्त्वं रजस्तमश्चैव रक्षेन्नारायणी सदा ॥ ३८ ॥
आयू रक्षतु वाराही धर्मं रक्षतु वैष्णवी ।
यशः कीर्तिं च लक्ष्मीं च धनं विद्यां च चक्रिणी ॥ ३९ ॥
गोत्रमिन्द्राणि मे रक्षेत्पशून्मे रक्ष चण्डिके ।
पुत्रान् रक्षेन्महालक्ष्मीर्भार्यां रक्षतु भैरवी ॥ ४० ॥
पन्थानं सुपथा रक्षेन्मार्गं क्षेमकरी तथा ।
राजद्वारे महालक्ष्मीर्विजया सर्वतः स्थिता ॥ ४१ ॥
रक्षाहीनं तु यत्स्थानं वर्जितं कवचेन तु ।
तत्सर्वं रक्ष मे देवि जयन्ती पापनाशिनी ॥ ४२ ॥
पदमेकं न गच्छेत्तु यदीच्छेच्छुभमात्मनः ।
कवचेनावृतो नित्यं यत्र यत्रैव गच्छति ॥ ४३ ॥
तत्र तत्रार्थलाभश्च विजयः सार्वकामिकः ।
यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितम् ॥ ४४ ॥

हातमा वज्र लिने वज्रहस्तादेवीले मेरो प्राण, अपान (खराब वायु), व्यान, उदान र समान वायुको रक्षा गर्नुहोस् । कल्याण दिलाउने भगवती कल्याणशोभनाले मेरो प्राणको रक्षा गर्नुहोस् ॥३७॥ रस, रूप, गन्ध, शब्द र स्पर्श यी सबै विषयको अनुभव गर्ने बेलामा योगिनीदेवीले मेरो रक्षा गर्नुहोस् । सत्त्वगुण, रजोगुण र तमोगुणको रक्षा सदैव नारायणीदेवीले गरिदिनुहोस् ॥ ३८ ॥ वाराहीले आयुको रक्षा गरिदिनुहोस् । वैष्णवीले धर्मको रक्षा गरिदिनुहोस् र चक्र लिने चक्रिणीदेवीले यश, कीर्ति, लक्ष्मी, धन तथा विद्याको रक्षा गरिदिनुहोस् ॥३९॥ हे इन्द्राणी । तपाईं मेरो गोत्रको रक्षा गरिदिनुहोस् । हे चण्डिके ! तपाईंले मेरा पशुहरूको रक्षा गरिदिनुहोस् । महालक्ष्मीले मेरा पुत्रहरूको र भैरवीले पत्नीको रक्षा गरिदिनुहोस् ॥ ४० ॥ मेरो पथको सुपथाले र मार्गको क्षेमकरीले रक्षा गरिदिनुहोस् । राजाको दरबारमा रहँदा महालक्ष्मीले रक्षा गरिदिनुहोस् । सबैतिर व्याप्त रहने विजयादेवीले सम्पूर्ण भयबाट मेरो रक्षा गरिदिनुहोस् । ॥४१॥ हे देवी ! जुन स्थान कवचमा उल्लेख गरिएको छैन, त्यो सम्पूर्ण तपाईंद्वारा सुरक्षित छ, किनभने तपाईं विजयशालिनी र पापनाशिनी हुनुहुन्छ ॥४२॥ यदि आफ्नो शरीरको भलो चाहने हो भने मान्छे विना कवच कहीं पनि एक पाइला हिंड्नु हुँदैन, कवचको पाठ गरेर मात्र यात्रा गर्नुपर्छ । कवचद्वारा सुरक्षित मानिस जहाँ–जहाँ जान्छ, त्यहाँ–त्यहाँ उसलाई धनलाभ हुन्छ र सम्पूर्ण कामना सिध्दि गर्ने विजय प्राप्त हुन्छ । ऊ जुन–जुन वस्तुको चिन्तन गर्छ, त्यो निश्चित रूपमा प्राप्त गर्न सक्छ । त्यो पुरुषले यो पृथ्वीमा तुलनारहित ठूलो सुख भोग र ऐश्वर्य प्राप्ति गर्न पाउँछ ॥४३–४४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परमैश्वर्यमतुलं प्राप्स्यते भूतले पुमान् ।
निर्भयो जायते मर्त्यः संग्रामेष्वपराजितः ॥ ४५ ॥
त्रैलोक्ये तु भवेत्पूज्यः कवचेनावृतः पुमान् ।
इदं तु देव्याः कवचं देवानामपि दुर्लभम् ॥ ४६ ॥
यः पठेत्प्रयतो नित्यं त्रिसन्ध्यं श्रद्धयान्वितः ।
दैवी कला भवेत्तस्य त्रैलोक्येष्वपराजितः ॥ ४७ ॥
जीवेद्वर्षशतं साग्रमपमृत्युर्विवर्जितः ।
नश्यन्ति व्याधयः सर्वे लूताविस्फोटकादयः ॥ ४८ ॥
स्थावरं जङ्गमं चैव कृत्रिमं चापि यद्विषम् ।
अभिचाराणि सर्वाणि मन्त्रयन्त्राणि भूतले ॥ ४९ ॥
भूचराः खेचराश्चैव जलजाश्चोपदेशिकाः ।
सहजा कुलजा माला डाकिनी शाकिनी तथा ॥ ५० ॥
अन्तरिक्षचरा घोरा डाकिन्यश्च महाबलाः ।
ग्रहभूतपिशाचाश्च यक्षगन्धर्वराक्षसाः ॥ ५१ ॥
ब्रह्मराक्षसवेतालाः कूष्माण्डा भैरवादयः ।
नश्यन्ति दर्शनात्तस्य कवचे हृदि संस्थिते ॥ ५२ ॥

कवचबाट सुरक्षित मानव भयरहित हुन्छ । युध्दमा उसको हार हुने सक्दैन र तीनै लोकमा ऊ पूजनीय हुन्छ । ।४५।। देवीको यो पुण्यकवच देवताहरूका लागि पनि दुर्लभ छ । जो प्रतिदिन नियमपूर्वक तीनै सन्ध्याकालमा श्रध्दाका साथ यसको पाठ गर्दछ, उसलाई दैवीकला प्राप्त हुन्छ साथै ऊ तीन लोकमा कहीँ पनि पराजित हुँदैन । यति मात्र होइन, ऊ अकालमृत्युबाट समेत बँच्न सक्दछ । सयवर्षभन्दा धेरै बाँच्न सक्दछ ।।४६-४७।। लुतो, बिफर र कुष्ठ आदि उसका सम्पूर्ण रोग-व्याधिहरू नष्ट हुन्छन् । भाङ, अफिम, धतुरो आदिको स्थावर विष र सर्प, बिच्छी आदिको जंगम विषको समेत उसमा कुनै असर पर्दैन ।।४८।। यो पृथ्वीमाथि मार्ने, मोहित पार्ने आदि जति पनि अभिचारमूलक कृयाकलापहरू भइरहेका छन्, जति पनि मन्त्र-यन्त्र छन्, ती सबै यो कवचलाई हृदयमा धारण गर्ने हो भने आफै नष्ट हुन्छन् । यति मात्र होइन, पृथ्वीमा विचरण गर्ने ग्राम देवता, आकाशचारी देवविशेष, पानीबाट उत्पन्न हुने देवता, कुलदेवता, माला (कण्ठमाला आदि), डाकिनी, शाकिनी, अन्तरिक्षमा घुम्ने अत्यन्त बलवान् र भयानक डाकिनीहरू, ग्रह, भूत, पिशाच, यक्ष, गन्धर्व, राक्षस, ब्रह्मराक्षस, बेताल, कूष्माण्ड र भैरव आदि अनिष्टकारक देवता पनि हृदयमा कवच धारण गरेर बस्ने मानिसलाई देख्दैमा भाग्छन् । यस कवचले राजाको समेत मान बढाइदिन्छ र उन्नति गराइदिन्छ साथै राजाको तेजमा समेत वृद्धि हुन्छ ।।४९-५२।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानोन्नतिर्भवेद् राज्ञस्तेजोवृद्धिकरं परम् ।
यशसा वर्धते सोऽपि कीर्तिमण्डितभूतले ॥ ५३ ॥
जपेत्सप्तशतीं चण्डीं कृत्वा तु कवचं पुरा ।
यावद्भूमण्डलं धत्ते सशैलवनकाननम् ॥ ५४ ॥
तावत्तिष्ठति मेदिन्यां सन्ततिः पुत्रपौत्रिकी ।
देहान्ते परमं स्थानं यत्सुरैरपि दुर्लभम् ॥ ५५ ॥
प्राप्नोति पुरुषो नित्यं महामायाप्रसादतः ।
लभते परमं रूपं शिवेन सह मोदते ॥ॐ ॥५६॥

॥ इति वाराहपुराणेहरिहरब्रह्मादिविरचितं श्रीदेव्याः कवचं सम्पूर्णम् ॥

कवच पाठ गर्ने पुरुष आफ्नो कीर्तिले विभूषित भएर भूतलमाथि सुखसयलपूर्वक बस्न पाउँछ । जसले पहिले कवचको पाठ गरेर त्यसपछि सप्तशती चण्डीको पाठ गर्छ, त्यसले जबसम्म यो वन, पहाड, पर्वत र यो पृथ्वी टिकिरहन्छ, तबसम्म छोरा, नाति आदि सन्तान परम्परा कायम गराइरहन सक्छ ॥५३-५४॥ यो देह अन्त हुँदा उसले भगवती महामायाको प्रसादबाट परमपद प्राप्त गर्दछ, जुन पद देवताका लागि पनि दुर्लभ छ । उसले सुन्दर दिव्य रूप धारण गर्दछ र कल्याणमय शिवका साथ आनन्दको भागी हुन पाउँछ ॥५६॥

॥ इति श्रीदेव्याः कवचम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथार्गलास्तोत्रम्

ॐ अस्य श्रीअर्गलास्तोत्रमन्त्रस्य विष्णुर्ऋषिः, अनुष्टुप् छन्दः, श्रीमहालक्ष्मीर्देवता, श्रीजगदम्बाप्रीत्यर्थे सप्तशतीपाठाङ्गत्वेन जपे विनियोगः ।

ॐ नमश्चण्डिकायै ।

मार्कण्डेय उवाच

ॐ जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तुते ॥१॥
जय त्वं देवि चामुण्डे जय भूतार्तिहारिणि ।
जय सर्वगते देवि कालरात्रि नमोऽस्तुते ॥२॥
मधुकैटभविद्राविविधातृवरदे नमः ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥३॥
महिषासुरनिर्णाशि भक्तानां सुखदे नमः ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥४॥
रक्तबीजवधे देवि चण्डमुण्डविनाशिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥५॥
शुंभस्यैव निशुम्भस्य धूम्राक्षस्य च मर्दिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥६॥

ॐ चण्डिकादेवीलाई नमस्कार गर्दछु ।

मार्कण्डेयजीले भन्नुभयो–जयंन्ती, मंगला, काली, भद्रकाली, कपालिनी, दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा र स्वधा यी नामले प्रसिध्द हे जगदम्बिके ! तपाईंलाई मेरो नमस्कार छ । देवी चामुण्डे ! तपाईंको जय होस् । सम्पूर्ण प्राणीहरूको पीडा हटाउने देवी ! तपाईंको जय होस् । सम्पूर्णमा व्याप्त रहने देवी ! तपाईंको जय होस् । कालरात्रि ! तपाईंलाई नमस्कार छ ॥१-२॥ मधु र कैटभलाई मार्नेवाली तथा ब्रह्माजीलाई वरदान दिने हे देवी ! तपाईंलाई नमस्कार छ । तपाईं मलाई आत्मस्वरूपको ज्ञान दिनुहोस् । जय अर्थात् मोहमाथि विजय दिनुहोस् । यश (मोह-विजय तथा ज्ञान-प्राप्तिरूप यश) दिनुहोस्, र काम, क्रोध आदि शत्रुको नाश गरिदिनुहोस् ॥३॥ महिषासुरको नाश गर्ने र भक्तलाई सुख दिने हे देवी ! तपाईंलाई नमस्कार छ । तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥४॥ रक्तबीजको वध र चण्डमुण्डको विनाश गर्ने हे देवी ! तपाईंलाई नमस्कार छ । तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वन्दिताङ्घ्रियुगे देवि सर्वसौभाग्यदायिनि।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥७॥
अचिन्त्यरूपचरिते सर्वशत्रुविनाशिनि।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥८॥
नतेभ्यः सर्वदाभक्त्या चण्डिके दुरितापहे।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥९॥
स्तुवद्भ्यो भक्तिपूर्वं त्वां चण्डिके व्याधिनाशिनि।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१०॥
चण्डिके सततं ये त्वामर्चयन्तीह भक्तितः।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥११॥
देहि सौभाग्यमारोग्यं देहि मे परमं सुखम्।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१२॥
विधेहि द्विषतां नाशं विधेहि बलमुच्चकैः।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१३॥

शुम्भ र निशुम्भ तथा धूम्रलोचनको मर्दन गर्ने हे देवी ! तपाईंलाई नमस्कार छ । तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥६॥ सबैले दुवै खुट्टामा सधैं ढोगिदिने सम्पूर्ण सौभाग्यदातृहे देवी ! तपाईंलाई नमस्कार छ । तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥७॥ हे देवी ! तपाईंको रूप र चरित्र चिन्तन गरेर पनि पार नपाइने छ । तपाईंलाई नमस्कार छ । तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् तपाई सम्पूर्ण शत्रूहरूको नाश गरिदिनुहोस् ।८॥ पापलाई हटाउने चण्डिके ! जसले भक्तिपूर्वक तपाईंको खुट्टामा सदैव निधार भुकाउने गर्दछन्, तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥९॥ रोग हटाइदिने हे चण्डिके ! जसले भक्तिपूर्वक तपाईंको पूजा र स्तुति गर्दछ, उसलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥१०॥ हे चण्डिके ! यस संसारमा जसले भक्तिपूर्वक तपाईंको पूजा गर्दछन्, उनीहरूलाई तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥११॥ मलाई सौभाग्य र आरोग्य दिनुहोस् । परम सुख दिनुहोस्, हे देवी ! तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥१२॥ जो मसँग द्वेष राख्छन्, उनको नाश र मेरो बलको वृद्धि गरिदिनुहोस् । तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विधेहि देवि कल्याणं विधेहि परमां श्रियम् ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१४॥
सुरासुरशिरोरत्ननिघृष्टचरणेऽम्बिके ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१५॥
विद्यावन्तं यशस्वन्तं लक्ष्मीवन्तं जनं कुरु ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१६॥
प्रचण्डदैत्यदर्पघ्ने चण्डिके प्रणताय मे ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१७॥
चतुर्भुजे चतुर्वक्त्रसंस्तुते परमेश्वरि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१८॥
कृष्णेन संस्तुते देवि शश्वद्भक्त्या सदाम्बिके ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१९॥
हिमाचलसुतानाथसंस्तुते परमेश्वरि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥२०॥
इन्द्राणीपतिसद्भावपूजिते परमेश्वरि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥२१॥

हे देवी । मेरो कल्याण गरिदिनुहोस् । मलाई उत्तम सम्पत्ति प्रदान गरिदिनुहोस् । तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥१४॥ हे अम्बिके ! देवता र असुर दुवै आफ्नो शिरको मुकुटको मणि तपाईंको चरणमा घोट्छन्, समर्पण गर्छन् । तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥१५॥ तपाईं आफ्ना भक्तजनलाई विद्वान्, यशस्वी र लक्ष्मीवान् बनाउनुहोस् साथै रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥१६॥ ठूला-ठूला दैत्यहरूको विनाश गर्ने शक्ति भएकी चण्डिके ! म शरणागतलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥१७॥ चतुर्मुख ब्रह्माजीद्वारा प्रशंसित चार हात भएकी परमेश्वरी ! तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥१८॥ हे देवी अम्बिके ! भगवान् विष्णु नित्य निरन्तर भक्तिपूर्वक तपाईंको स्तुति गरिरहनुहुन्छ । तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥१९॥ हिमालयकन्या पार्वतीका पति महादेवद्वारा प्रशंसित परमेश्वरी ! तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥ २०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवि प्रचण्डदोर्दण्डदैत्यदर्पविनाशिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥२२॥
देवि भक्तजनोद्दामदत्तानन्दोदयेऽम्बिके ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥२३॥
पत्नीं मनोरमां देहि मनोवृत्तानुसारिणीम् ।
तारिणीं दुर्गसंसारसागरस्य कुलोद्भवाम् ॥२४॥
इदं स्तोत्रं पठित्वा तु महास्तोत्रं पठेन्नरः ।
स तु सप्तशतीसंख्यावरमाप्नोति सम्पदाम् ॥ॐ ॥२५॥
॥ इति अर्गलास्तोत्रं सम्पूर्णम् ॥

शचीपति इन्द्रद्वारा भक्तिपूर्वक पूजित हे परमेश्वरी ! तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥२१॥ प्रचण्ड भुजदण्ड भएका दैत्यको घमण्ड नाश गर्ने हे देवी ! तपाईं रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥२२॥ देवी अम्बिके ! तपाईं आफ्ना भक्तजनलाई सदा असीम आनन्द प्रदान गरिररहनु हुन्छ । मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् र काम, क्रोध आदि शत्रुहरूको नाश गरिदिनुहोस् ॥ २३ ॥ दुर्गम संसार-सागर तार्नसक्ने नौका जस्तै मनको इच्छाअनुसार चल्ने उत्तम कुलमा उत्पन्न भएकी मनोहर पत्नी दिनुहोस् ॥ २४ ॥ जुन मानिस यो स्तोत्रको पाठ गरेर सप्तशतीरूपी महास्तोत्रको पाठ गर्ने गर्दछ, त्यसलाई सप्तशतीको जपसंख्याका आधारमा श्रेष्ठ फल मिल्दछ साथै उसलाई धेरै सम्पत्ति समेत प्राप्त हुन्छ ॥ २५ ॥

॥ इति अर्गलास्तोत्रम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ कीलकम्

ॐ अस्य श्रीकीलकमन्त्रस्य शिव ऋषिः, अनुष्टुप् छन्दः, श्रीमहासरस्वती देवता, श्रीजगदम्बाप्रीत्यर्थं सप्तशतीपाठाङ्गत्वेन जपे विनियोगः ।

ॐ नमश्चण्डिकायै ।

मार्कण्डेय उवाच

ॐ विशुद्धज्ञानदेहाय त्रिवेदीदिव्यचक्षुषे ।
श्रेयः प्राप्तिनिमित्ताय नमः सोमार्धधारिणे ॥१॥
सर्वमेतद्विजानीयान्मन्त्राणामभिकीलकम् ।
सोऽपि क्षेममवाप्नोति सततं जाप्यतत्परः ॥२॥
सिद्ध्यन्त्युच्चाटनादीनि वस्तूनि सकलान्यपि ।
एतेन स्तुवतां देवी स्तोत्रमात्रेण सिद्ध्यति ॥३॥
न मन्त्रो नौषधं तत्र न किञ्चिदपि विद्यते ।
विना जाप्येन सिद्ध्येत सर्वमुच्चाटनादिकम् ॥४॥
समग्राण्यपि सिद्ध्यन्ति लोकशङ्कामिमां हरः ।
कृत्वा निमन्त्रयामास सर्वमेवमिदं शुभम् ॥५॥

ॐ चण्डिकादेवीलाई नमस्कार गर्दछु ।

मार्कण्डेयजी भन्नुहुन्छ–विशुद्ध ज्ञान नै जसको शरीर हो, तीन वेद जसका दिव्य आँखा हुन्, जो निधारमा अर्धचन्द्रको मुकुट पहिरिनुहुन्छ, जो कल्याणप्राप्तिका हेतु हुनुहुन्छ, उनै भगवान् शिवलाई नमस्कार छ ॥१॥ मन्त्रको सिद्धिमा विघ्नबाधा ल्याउने श्रापरूपी कीलकलाई जसले निवारण गर्छ, त्यस्तो सप्तशतीस्तोत्रलाई सम्पूर्ण रूपमा जान्नु र उपासना गर्नु पर्दछ, यद्यपि सप्तशतीबाहेक अन्य मन्त्रको जपमा जो निरन्तर लागिरहन्छ, ऊ पनि कल्याणको भागी हुन्छ ॥२॥ त्यस्तो व्यक्तिले पनि उच्चाटन आदि कर्मसिद्धि प्राप्त गर्दछ, साथै समस्त दुर्लभ वस्तुहरू प्राप्त गर्न सक्दछ। जसले अन्य मन्त्रहरू जप नगरीकन केवल सप्तशतीनामक स्तोत्रले देवीको स्तुति गर्दछ, उसलाई स्तुतिमात्रले पनि सच्चिदानन्दस्वरूपिणी देवी सिद्ध हुन्छिन् ।३॥ उसलाई आफ्नो कार्यसिध्दिका लागि मन्त्र, औषधि तथा अन्य कुनै साधनको उपयोगको आवश्यकता पर्दैन। जप विना नै पनि उसलाई उच्चाटन आदि सम्पूर्ण अभिचारमूलक कर्म सिद्ध हुन्छन् ॥४॥ अझ यति मात्र होइन, उसका सम्पूर्ण अभीष्ट वस्तु पनि सिद्ध हुन्छन् । मानिसको मनमा यो शंका थियो कि केवल सप्तशतीको उपासनाले अथवा सप्तशतीबाहेक अन्य मन्त्रको उपासनाले पनि समानरूपबाट सबै कार्यसिद्धि हुनु कसरी सम्भव छ ? यसमा श्रेष्ठ साधन कुन हो ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्तोत्रं वै चण्डिकायास्तु तच्च गुप्तं चकार सः ।
समाप्तिर्न च पुण्यस्य तां यथावन्नियन्त्रणाम् ॥६॥
सोऽपि क्षेममवाप्नोति सर्वमेवं न संशयः ।
कृष्णायां वा चतुर्दश्यामष्टम्यां वा समाहितः ॥७॥
ददाति प्रतिगृह्णाति नान्यथैषा प्रसीदति ।
इत्थंरूपेण कीलेन महादेवेन कीलितम् ॥८॥
यो निष्कीलां विधायैनां नित्यं जपति संस्फुटम् ।
स सिद्धः स गणः सोऽपि गन्धर्वो जायते नरः ॥९॥
न चैवाप्यटतस्तस्य भयं क्वापीह जायते ।
नापमृत्युवशं याति मृतो मोक्षमवाप्नुयात् ॥१०॥
ज्ञात्वा प्रारभ्य कुर्वीत न कुर्वाणो विनश्यति ।
ततो ज्ञात्वैव सम्पन्नमिदं प्रारभ्यते बुधैः ॥११॥

मानिसहरूले राखेका यी शंकालाई सम्बोधन गर्दै भगवान् शंकरले आफूसँग सोध्न आएका जिज्ञासुहरुलाई सम्झाउँदै सप्तशती नामक सम्पूर्ण स्तोत्र नै सर्वश्रेष्ठ एवं कल्याणमय भएको कुरा बताइदिनु भयो ॥५॥ यसपछि भगवती चण्डिकाको सप्तशती नामक स्तोत्रलाई भगवान् महादेवले गुप्त पारिदिनुभयो । सप्तशती पाठबाट जो पुण्य प्राप्त हुन्छ, त्यो कहिल्यै समाप्त हुँदैन, तर अरू मन्त्रको ज़पजन्य पुण्य भने समाप्त हुन्छ । त्यसैले भगवान् शिवले अन्य मन्त्रको अपेक्षा सप्तशती नै श्रेष्ठ छ भन्ने पनि निर्णय गर्नुभयो । यो यथार्थलाई हामी सबैले जान्नु पर्दछ ॥६॥ अन्य मन्त्रको जप गर्ने पुरुष पनि यदि सप्तशती स्तोत्र र जपको अनुष्ठान गर्दछ भने ऊ पूर्णरूपले कल्याणको भागी बन्दछ, यसमा कुनै सन्देह छैन । जुन साधक कृष्णपक्षको चतुर्दशी अथवा अष्टमीको दिन एकाग्र चित्त लिएर भगवतीको सेवामा आफ्नो सर्वस्व समर्पित गर्छ र त्यसलाई प्रसादका रूपमा ग्रहण गर्छ, त्यसैमाथि भगवती प्रसन्न रहन्छिन्, अन्यथा उनको प्रसन्नता प्राप्त हुन सक्दैन । यसरी सिद्धिका प्रतिबन्धकरूप कीलकद्वारा भगवान् महादेवले यो स्तोत्रलाई कीलित गरिदिनुभएको छ ॥७-८॥ यसलाई पूर्वोक्त तरिकाले निष्कीलन गरेर जसले यो सप्तशतीस्तोत्रको प्रतिदिन स्पष्ट उच्चारणपूर्वक पाठ गर्दछ, त्यो मान्छे सिद्ध हुन जान्छ र ऊ नै देवीको पार्षद र गन्धर्वसमेत बन्छ ॥९॥ यो संसारमा जता हिंडे पनि उसलाई कुनै भय रहँदैन । ऊ अपमृत्युको वशमा पर्न सक्दैन र उसले देह त्यागनासाथ मोक्ष प्राप्त गर्दछ ॥१०॥ त्यसैले कीलनलाई चिनेर त्यसको परिहार गरी सप्तशतीको पाठ आरम्भ गर्नु पर्दछ। जसले यस्तो गर्दैन, उसको नाश हुन जान्छ। त्यसैले कीलक र निष्कीलकको ज्ञान प्राप्त गरेर मात्र यो स्तोत्र निर्दोष हुन्छ। विद्वान् पुरुषहरू यो दोषरहित स्तोत्रको पाठ गर्न लालायित रहन्छन् ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सौभाग्यादि च यत्किञ्चिद् दृश्यते ललनाजने ।
तत्सर्वं तत्प्रसादेन तेन जाप्यमिदं शुभम् ॥१२॥
शनैस्तु जप्यमानेऽस्मिन् स्तोत्रे सम्पत्तिरुच्चकैः ।
भवत्येव समग्रापि ततः प्रारभ्यमेव तत् ॥१३॥
ऐश्वर्यं यत्प्रसादेन सौभाग्यारोग्यसम्पदः ।
शत्रुहानिः परो मोक्षःस्तूयते सा न किं जनैः॥ॐ ॥१४॥
॥ इति भगवत्याः कीलकस्तोत्रं सम्पूर्णम् ॥

स्त्रीहरूमा जो सौभाग्य आदि दृष्टिगोचर हुन्छ, त्यो सबै देवीकै प्रसादको फल हो। त्यसैले यस कल्याणमय स्तोत्रको सदैव जप गर्नु पर्दछ ॥१२॥ यो स्तोत्रको मन्द स्वरले पाठ गर्दा थोरै फल प्राप्त हुन्छ भने उच्चस्वरले पाठ गर्दा पूर्ण फलसिद्धि हुन्छ ॥१३॥ यसको प्रसादले ऐश्वर्य, सौभाग्य, आरोग्य, सम्पत्ति, शत्रुनाश तथा परम मोक्षको सिद्धि प्राप्त हुन्छ। त्यसैले कल्याणमयी जगदम्बाको स्तुति हामी सबैले किन नगर्ने ? ॥१४॥

॥ इति कीलकम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ वेदोक्तं रात्रिसूक्तम्

ॐ रात्रीत्याद्यष्टर्चस्य सूक्तस्य कुशिकः सौभरो रात्रिर्वा भारद्वाजो ऋषिः, रात्रिर्देवता, गायत्री छन्दः, देवीमाहात्म्यपाठे विनियोगः ।

ॐ रात्री व्यख्यदायती पुरुत्रा देव्यक्षभिः ।
विश्वाअधि श्रियोऽधित ॥१॥
ओर्वप्रा अमर्त्यानिवतो देव्युद्वतः ।
ज्योतिषा बाधते तमः ॥२॥
निरु स्वसारमस्कृतोषसं देव्यायती ।
अपेदु हासते तमः ॥३॥
सा नो अद्य यस्या वयं नि ते यामन्नविक्ष्महि ।
वृक्षे न वसतिं वयः ॥४॥
नि ग्रामासो अविक्षत नि पद्वन्तो नि पक्षिणः ।
नि श्येनासश्चिदर्थिनः ॥५॥
यावया वृक्यं वृकं यवय स्तेनमूर्म्ये ।
अथा नः सुतरा भव ॥६॥

महत्तत्त्वादिरूप व्यापक इन्द्रियहरूद्वारा सबै क्षेत्रमा समस्त वस्तुहरूको प्रकाशित गर्ने रात्रिरूपा देवीले आफूले उत्पन्न गरेका जगत्का जीवको शुभाशुभ कर्मलाई विशेष रूपले हेर्दछिन् र सो अनुरूप फलको व्यवस्था गर्नका लागि समस्त विभूतिहरू धारण गर्दछिन् ॥१॥ ती देवी अमर छिन्, जसले आफ्नो अनुकम्पाबाट सम्पूर्ण विश्वका साथै तल फैलिने लता आदि तथा माथि बढ्ने वृक्ष आदिलाई पनि व्याप्त गरेर स्थित छन् । यति मात्र होइन, उनी ज्ञानमय ज्योतिले जीवको अज्ञानान्धकारलाई नाश गरिदिन्छिन् ॥२॥ परा चिच्छक्तिरूपा रात्रिदेवी आएर आफ्नी बहिनी ब्रह्मविद्यामयी उषादेवीलाई प्रकट गरिदिन्छिन्, जसको अनुकम्पाबाट अविद्यामय अन्धकार स्वतः नष्ट हुन्छ ॥३॥ यी रात्रिदेवी ममाथि प्रसन्न होऊन्, जसको आगमनमा हामी आफ्नो घरमा सुखपूर्वक सुत्दछौं, त्यस्तै रात्रिको समयमा पक्षीहरू पनि वृक्षहरूमा बनाएको आफ्नो गुँडमा सुखपूर्वक सुत्दछन् ॥४॥ ती करुणामय रात्रिदेवीको काखमा सम्पूर्ण गाउँमा बस्ने मनुष्य, खुट्टाले हिंड्ने गाई र घोडा आदि पशु, प्वाँखले उड्ने पक्षी एवं पतंग आदि र अन्य कुनै प्रयोजनले यात्रा गर्ने पथिक एवं बाज आदि पनि सुखपूर्वक सुत्दछन् ॥५॥ हे रात्रिमयी चिच्छक्ति ! तिमी कृपा गरेर वासनामयी वृकी तथा पापमय वृकलाई हामीबाट अलग पारिदेऊ र काम आदि तस्कर समुदायलाई हामीबाट टाढा हटाइदेऊ । त्यसपछि हाम्रा लागि सुखपूर्वक तर्नयोग्य डुँगा बनिदेऊ र मोक्षदायिनी एवं कल्याणकारिणी बनिदेऊ ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उप मा पेपिशत्तमः कृष्णं व्यक्तमस्थित ।
उष ऋणेव यातय ॥७॥
उप ते गा इवाकरं वृणीष्व दुहितर्दिवः ।
रात्रि स्तोमं न जिग्युषे ॥८॥

हे उषा ! हे रात्रिकी अधिष्ठात्री देवी ! सबैतर्फ फैलिएको यो अज्ञानमय कालो अन्धकार मेरो नजिक आएको छ, तिमीले यसलाई ऋणलाई जस्तै टाढा भगाइदेऊ। जसरी धन दिएर भक्तलाई ऋणबाट मुक्त गर्छ्यौ, त्यसैगरी ज्ञान दिएर यो अज्ञानलाई पनि हटाइदेऊ ॥७॥
हे रात्रिदेवी ! तिमी प्रशस्त दूध दिने गाईसमान छ्यौ । म तिम्रो समीप आएर स्तुति आदिबाट मेरो अनुकूल तुल्याउन चाहन्छु। परम व्योमरूप परमात्माकी पुत्री ! तिम्रो कृपाले मैले काम आदि शत्रुहरूलाई जितिसकेको छु, तिमीले स्तोमले जस्तै मेरो यो हविष्यलाई पनि ग्रहण गर ॥८॥

॥ इति वेदोक्तं रात्रिसूक्तम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तन्त्रोक्तं रात्रिसूक्तम्

(यसको अर्थ सप्तशतीको प्रथम अध्यायमा दिइएको छ।)

ॐविश्वेश्वरीं जगद्धात्रीं स्थितिसंहारकारिणीम्।
निद्रां भगवतीं विष्णोरतुलां तेजसः प्रभुः ॥१॥

ब्रह्मोवाच

त्वं स्वाहा त्वं स्वधा त्वं हि वषट्कारः स्वरात्मिका।
सुधा त्वमक्षरे नित्ये त्रिधा मात्रात्मिका स्थिता ॥२॥
अर्धमात्रास्थिता नित्या यानुच्चार्या विशेषतः।
त्वमेव सन्ध्या सावित्री त्वं देवि जननी परा ॥३॥
त्वयैतद्धार्यते विश्वं त्वयैतत्सृज्यते जगत्।
त्वयैतत्पाल्यते देवि त्वमत्स्यन्ते च सर्वदा ॥४॥
विसृष्टौ सृष्टिरूपा त्वं स्थितिरूपा च पालने।
तथा संहृतिरूपान्ते जगतोऽस्य जगन्मये ॥५॥
महाविद्या महामाया महामेधा महास्मृतिः।
महामोहा च भवती महादेवी महासुरी ॥ ६ ॥
प्रकृतिस्त्वं च सर्वस्य गुणत्रयविभाविनी।
कालरात्रिर्महारात्रिर्मोहरात्रिश्च दारुणा ॥७॥
त्वं श्रीस्त्वमीश्वरी त्वं ह्रीस्त्वं बुद्धिर्बोधलक्षणा।
लज्जा पुष्टिस्तथा तुष्टिस्त्वं शान्तिः क्षान्तिरेव च ॥८॥
खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा।
शङ्खिनी चापिनी बाणभुशुण्डीपरिघायुधा ॥९॥
सौम्या सौम्यतराशेषसौम्येभ्यस्त्वतिसुन्दरी।
परापराणां परमा त्वमेव परमेश्वरी ॥१०॥
यच्च किञ्चित् क्वचिद्वस्तु सदसद्वाखिलात्मिके।
तस्य सर्वस्य या शक्तिः सा त्वं किं स्तूयसे तदा ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यया त्वया जगत्स्रष्टा जगत्पात्यत्ति यो जगत् ।
सोऽपि निद्रावशं नीतः कस्त्वां स्तोतुमिहेश्वरः ॥१२॥
विष्णुः शरीरग्रहणमहमीशान एव च ।
कारितास्ते यतोऽतस्त्वां कः स्तोतुं शक्तिमान् भवेत् ॥१३॥
सा त्वमित्थं प्रभावैः स्वैरुदारैर्देवि संस्तुता ।
मोहयैतौ दुराधर्षावसुरौ मधुकैटभौ ॥१४॥
प्रबोधं च जगत्स्वामी नीयतामच्युतो लघु ।
बोधश्च क्रियतामस्य हन्तुमेतौ महासुरौ ॥१५॥

॥ इति तन्त्रोक्तं रात्रिसूक्तम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदेव्यथर्वशीर्षम्

ॐ सर्वे वै देवा देवीमुपतस्थुः कासि त्वं महादेवीति ॥१॥ साब्रवीत्–अहं ब्रह्मस्वरूपिणी । मत्तः प्रकृतिपुरुषात्मकं जगत् । शून्यं चाशून्यं च ॥२॥ अहमानन्दानानन्दौ । अहं विज्ञानाविज्ञाने । अहं ब्रह्माब्रह्मणी वेदितव्ये । अहं पञ्चभूतान्यपञ्चभूतानि । अहमखिलं जगत् ॥३॥ वेदोऽहमवेदोऽहम् । विद्याहमविद्याहम् । अजाहमनजाहम् । अधश्चोर्ध्वं च तिर्यक्चाहम् ॥४॥ अहं रुद्रेभिर्वसुभिश्चरामि । अहमादित्यैरुत विश्वेदेवैः । अहं मित्रावरुणावुभौ बिभर्मि । अहमिन्द्राग्नी अहमश्विनावुभौ ॥५॥ अहं सोमं त्वष्टारं पूषणं भगं दधामि । अहं विष्णुमुरुक्रमं ब्रह्माणमुत प्रजापतिं दधामि ॥६॥ अहं दधामि द्रविणं हविष्मते सुप्राव्ये यजमानाय सुन्वते । अहं राष्ट्री सङ्गमनी वसूनां चिकितुषी प्रथमा यज्ञियानाम् । अहं सुवे पितरमस्य मूर्धन्मम योनिरप्स्वन्तः समुद्रे । य एवं वेद । स दैवीं सम्पदमाप्नोति ॥७॥

ॐ सबै देवता देवीका समीप गए र नम्रतापूर्वक सोध्न थाले–हे महादेवी ! तिमी को हौ ? ॥१॥ उहाँले भन्नुभयो– म ब्रह्मस्वरूप हूँ । मबाट प्रकृति–पुरुषात्मक सद्रूप र असद्रूप जगत्को उत्पत्ति भएको हो ॥२॥ म आनन्द र अनानन्द रूपा हूँ । म विज्ञान एवं अविज्ञान रूपा हूँ । जान्नेयोग्य ब्रह्म एवं अब्रह्म पनि मै हूँ । पञ्चीकृत र अपञ्चीकृत महाभूत पनि मै हूँ । यो सारा दृश्य जगत् म नै हूँ ॥३॥ वेद एवं अवेद पनि मै हूँ, विद्या एवं अविद्या पनि मै हूँ, अजा एवं अनजा(प्रकृति र उसभन्दा भिन्न) पनि मै हूँ, तल–माथि, यता–उता पनि म नै हूँ ॥४॥ म नै रुद्र एवं वसुहरूको रूपमा सञ्चरण गर्दछु, म नै आदित्य एवं विश्वेदेवको रूपमा घुम्दछु, म नै मित्र एवं वरुणको रूपमा, इन्द्र एवं अग्निका एवं दुवै अश्विनीकुमारहरूको भरण–पोषण पनि गर्दछु ॥५॥ मैले नै त्वष्टा, पूषा एवं भगलाई धारण गर्दछु, त्रिलोकलाई आक्रान्त गर्नका लागि विस्तीर्ण, पादक्षेप गर्नेवाला विष्णु, ब्रह्मदेव एवं प्रजापतिलाई पनि मैले नै धारण गर्दछु ॥६॥ देवताहरूलाई उत्तम हवि पुऱ्याउने र सोमरस निकाल्ने यजमानका लागि हविर्द्रव्यहरूले युक्त धन पनि धारण गर्दछु । म नै सम्पूर्ण जगत्की ईश्वरी, उपासकलाई धन दिने, ब्रह्मरूप र यज्ञहोममा (यजन गर्ने योग्य देवताहरूमा) मुख्य पनि मै हुँ । म आत्मस्वरूप आकाशादि पनि निर्माण गर्दछु । मेरो स्थान आत्मस्वरूपलाई धारण गर्ने बुद्धिवृत्ति हो । जसले यसप्रकारले जान्दछ, उसले दैवी सम्पत्ति पनि लाभ गर्दछ ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ते देवा अब्रूवन्–

नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ॥८॥
तामग्निवर्णां तपसा ज्वलन्तीं वैरोचनीं कर्मफलेषु जुष्टाम् ।
दुर्गां देवीं शरणं प्रपद्यामहेऽसुरान्नाशयित्र्यै ते नमः ॥९॥
देवीं वाचमजनयन्त देवास्तां विश्वरूपाः पशवो वदन्ति ।
सा नो मन्द्रेषमूर्जं दुहाना धेनुर्वागस्मानुप सुष्टुतैतु ॥१०॥
कालरात्रीं ब्रह्मस्तुतां वैष्णवीं स्कन्दमातरम् ।
सरस्वतीमदितिं दक्षदुहितरं नमामः पावनां शिवाम् ॥११॥
महालक्ष्म्यै च विद्महे सर्वशक्त्यै च धीमहि ।
तन्नो देवी प्रचोदयात् ॥१२॥
अदितिर्ह्यजनिष्ट दक्ष या दुहिता तव ।
तां देवा अन्वजायन्त भद्रा अमृतबन्धवः ॥१३॥
कामो योनिः कमला वज्रपाणिर्गुहा हसा मातरिश्वाभ्रमिन्द्रः ।
पुनर्गुहा सकला मायया च पुरूच्यैषा विश्वमातादिविद्योम् ॥१४॥

त्यसपछि देवताहरूले भने– देवीलाई नमस्कार छ । सबैलाई आ–आफ्नो कर्तव्यमा प्रवृत्त गराउने कल्याणकर्तृ देवीलाई सदा नमस्कार छ । गुणसाम्यावस्था रूपिणी मंगलमयी देवीलाई नमस्कार छ । नियमयुक्त भएर हामीले हजूरलाई प्रणाम गर्दछौं ॥८॥ अग्निजस्तो वर्ण भएकी, ज्ञानले गर्दा जगमगाउने, दीप्तिमती, कर्मफलप्राप्तिका लागि सेवन गर्नयोग्य दुर्गादेवी हामी हजूरको शरणमा छौं । असुरहरूलाई संहार गर्ने देवी ! हजूरलाई नमस्कार छ ॥९॥ प्राणरूप देवताहरूले जसरी प्रकाशमान वैखरी वाणीलाई उत्पन्न गरेका थिए जुन वाणीको माध्यमद्वारा अनेक प्रकारका प्राणीहरू बोल्दछन् । कामधेनुतुल्य आनन्ददायक हुनुका साथै अन्न तथा बल दिने वाग्रूपिणी भगवती हाम्रो यो उत्तम स्तुतिबाट सन्तुष्ट भएर हाम्रो समीपमा आऊ ॥१०॥ काललाई पनि नाश गर्ने वेदद्वारा स्तुति गरिएकी विष्णुशक्ति, स्कन्दमाता(शिवशक्ति), सरस्वती(ब्रह्मशक्ति), देवमाता अदिति र दक्षकन्या(सती), पापनाशिनी कल्याणकारिणी भगवतीलाई हामी प्रणाम गर्दछौं ॥११॥ हामीले महालक्ष्मीलाई जान्दछौ र उनै सर्वशक्तिरूपिणीको ध्यान गर्दछौ । ती देवीले हामीलाई त्यो विषयमा(ज्ञान–ध्यानमा) प्रवृत्त गरून् ॥१२॥ हे दक्ष ! हजूरकी कन्या जुन अदिति छन्, उनी प्रसूता भइन् र उनीबाट मृत्युरहित कल्याणमय देव उत्पन्न भए ॥१३॥ काम(क), योनि(ए), कमला(ई), वज्रपाणि–इन्द्र(ल), गुहा(ह्रीं), ह, स–वर्ण, मातरिश्वा–वायु(क), अभ्र(ह), इन्द्र(ल), पुनः गुहा(ह्रीं), स,क,ल–वर्ण र माया(ह्रीं) सर्वात्मिका मूल विद्या र ब्रह्मरूपिणी हुन् ॥१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एषाऽऽत्मशक्तिः । एषा विश्वमोहिनी । पाशाङ्कुशधनुर्बाणधरा । एषा श्रीमहाविद्या । य एवं वेद स शोकं तरति ॥१५॥ नमस्ते अस्तु भगवति मातरस्मान् पाहि सर्वतः ॥१६॥

सैषाष्टौ वसवः । सैषैकादश रुद्राः । सैषा द्वादशादित्याः । सैषा विश्वेदेवाः सोमपा असोमपाश्च । सैषा यातुधाना असुरा रक्षांसि पिशाचा यक्षाः सिद्धाः । सैषा सत्त्वरजस्तमांसि । सैषा ब्रह्मविष्णुरुद्ररूपिणी । सैषा प्रजापतीन्द्रमनवः । सैषा ग्रहनक्षत्रज्योतींषि । कलाकाष्ठादिकालरूपिणी । तामहं प्रणौमि नित्यम् ॥

पापापहारिणीं देवीं भुक्तिमुक्तिप्रदायिनीम् ।
अनन्तां विजयां शुद्धां शरण्यां शिवदां शिवाम् ॥१७॥

(शिवशक्त्यभेदरूपा, ब्रह्म-विष्णु-शिवात्मिका, सरस्वती-लक्ष्मी-गौरीरूपा, अशुद्ध-मिश्र-शुद्धोपासनात्मिका, समरसीभूत-शिवशक्त्यात्मक ब्रह्मस्वरूपको निर्विकल्प ज्ञान दिने, सर्वतत्त्वात्मिका महात्रिपुरसुन्दरी यही मन्त्रको भावार्थ हो । यो मन्त्र सबै मन्त्रहरूको मुकुटमणि हो र मन्त्रशास्त्रमा पंचदशी आदि श्रीविद्याका नामले प्रसिद्ध छन् । यसका छः प्रकारका अर्थ अर्थात् भावार्थ, वाच्यार्थ, सम्प्रदायार्थ, लौकिकार्थ, रहस्यार्थ र तत्त्वार्थ 'नित्यषोडशिकार्णव' ग्रन्थमा बताइएको छ । यसैगरी 'वरिवस्यारहस्य' आदि ग्रन्थमा यसका अरू पनि अनेक अर्थ देखाइएका छन् । श्रुतिमा पनि यी मन्त्र यस्तै प्रकारले अर्थात् क्वचित् स्वरूपोच्चार, क्वचित् लक्षणा र लक्षित लक्षणाबाट र कतै वर्णका पृथक्-पृथक् अवयव देखाएर भलिभाँती विश्रृंखलरूपमा बताइएका छन् । यसबाट यी मन्त्रहरूको महत्त्व र गोपनीयता स्पष्ट हुन्छ ।)

यिनी परात्माकी शक्ति हुन्, विश्वमोहिनी हुन् । पाश, अंकुश, धनुष एवं वाण धारण गरेकी देवीका रूपमा चिनिन्छिन् । यिनै 'श्रीमहाविद्या' हुन् । जसले यिनलाई जान्दछ उसले शोकलाई पार गर्दछ ॥१५॥

भगवती ! तिमीलाई नमस्कार छ । माता ! सबै प्रकारले हामीहरूलाई रक्षा गरिबक्सियोस् ॥१६॥

(मन्त्रद्रष्टा ऋषि भन्दछन्-) उनै अष्टवसु हुन्, उनै एकादश रुद्र हुन्, उनै द्वादशादित्य हुन्, उनै सोमपान गर्ने र सोमपान नगर्ने विश्वेदेव हुन्, उनै यातुधान(एक प्रकारका राक्षस), असुर, राक्षस, पिशाच, यक्ष र सिद्ध पनि हुन् । उनै सत्त्व-रज-तम हुन्, उनै ब्रह्मा, विष्णु-रुद्ररूपिणी हुन्, उनै प्रजापति-इन्द्र-मनु हुन् । उनै ग्रह, नक्षत्र र तारा हुन् । उनै कला-काष्ठादि कालरूपिणी हुन् । उनै पाप नाश गर्नेवाली भोग एवं मोक्ष दिनेवाली, अन्तरहित, विजयाधिष्ठात्री, निर्दोष, शरण लिनेयोग्य, कल्याणदात्री र मंगलरूपिणी देवीलाई हामीले सदा प्रणाम गर्दछौं ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वियदीकारसंयुक्तं वीतिहोत्रसमन्वितम् ।
अर्धेन्दुलसितं देव्या बीजं सर्वार्थसाधकम् ॥१८॥
एवमेकाक्षरं ब्रह्म यतयः शुद्धचेतसः ।
ध्यायन्ति परमानन्दमया ज्ञानाम्बुराशयः ॥१९॥
वाङ्माया ब्रह्मसूस्तस्मात् षष्ठं वक्त्रसमन्वितम् ।
सूर्योऽवामश्रोत्रबिन्दुसंयुक्तष्टात्तृतीयकः ।
नारायणेन सम्मिश्रो वायुश्चाधरयुक् ततः ।
विच्चे नवार्णकोऽर्णः स्यान्महदानन्ददायकः ॥२०॥
हृत्पुण्डरीकमध्यस्थां प्रातः सूर्यसमप्रभाम् ।
पाशाङ्कुशधरां सौम्यां वरदाभयहस्तकाम् ।
त्रिनेत्रां रक्तवसनां भक्तकामदुघां भजे ॥२१॥
नमामि त्वां महादेवीं महाभयविनाशिनीम् ।
महादुर्गप्रशमनीं महाकारुण्यरूपिणीम् ॥२२॥

वियत्-आकाश(ह) तथा 'ई' कारले युक्त, वितिहोत्र-अग्नि(र)-सहित, अर्धचन्द्र(ँ)-ले अलंकृत जुन देवीको बीज छ त्यो सम्पूर्ण मनोरथ पूर्ण गर्नेवाला रहेको छ । यस्तै यो एकाक्षर ब्रह्म(ह्रीं)-को यस्ता यतिहरूले ध्यान गर्दछन् जसको चित्त शुद्ध रहेको छ, जो निरतिशयानन्दपूर्ण र ज्ञानका सागर रहेका छन् । (यो मन्त्र देवीप्रणव मानिन्छ । ॐकार समान नै यो प्रणव पनि व्यापक अर्थले भरिएको छ । संक्षेपमा यसको अर्थ इच्छा-ज्ञान-क्रिया, धार, अद्वैत, अखण्ड, सच्चिदानन्द, समरसीभूत, शिवशक्तिस्फुरण हो ।)१८-१९॥
वाणी(ऐं), माया(ह्रीं), ब्रह्मसू-काम(क्लीं), यसभन्दा अगाडि छैठौं व्यञ्जन अर्थात् च, त्यही वक्त्र अर्थात् आकारले युक्त(चा), सूर्य(म), 'अवाम श्रोत्र'-दक्षिण कान(उ) र बिन्दु अर्थात् अनुस्वारले युक्त(मुं), टकारदेखि तेस्रो वर्ण 'ड' उनै नारायण अर्थात् 'आ' संग मिसिएको(डा), वायु(य), त्यही अधर अर्थात् 'ऐ' ले युक्त (यै) र 'विच्चे' यो नवार्णमन्त्र उपासकहरूलाई आनन्द एवं ब्रह्मसायुज्य दिने खालको रहेको छ ॥२०॥(यो मन्त्रको अर्थ-हे चित्स्वरूपिणी महासरस्वती ! हे सद्रूपिणी महालक्ष्मी ! हे आनन्दरूपिणी महाकाली ! ब्रह्मविद्या पाउनका लागि हामी सबै समयमा हजूरको ध्यान गर्दछौं । हे महाकाली-महालक्ष्मी-महासरस्वती स्वरूपिणी चण्डिके ! हजूरलाई नमस्कार छ । अविद्यारूप रज्जुको दृढ ग्रन्थिलाई खोलेर मलाई मुक्त गर ।)
हृत्कमलको मध्यमा रहनेवाली, प्रातःकालीन सूर्यसमान प्रभावशाली, पाश एवं अंकुश धारण गर्नेवाली, मनोहर रूप भएकी, वरद एवं अभयमुद्रा धारणले युक्त हात भएकी, तीन आँखा भएकी, रातो वस्त्र पहिरेकी एवं कामधेनु समान भक्तहरूको मनोरथ पूर्ण गर्ने देवीको म भजन गर्दछु ॥२१॥ महाभयलाई नाश गर्ने, महासंकटलाई शान्त गर्ने एवं महान् करुणाकी साक्षात् मूर्ति महादेवी हजूरलाई म नमस्कार गर्दछु ॥२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्याः स्वरूपं ब्रह्मादयो न जानन्ति तस्मादुच्यते अज्ञेया । यस्या अन्तो न लभ्यते तस्मादुच्यते अनन्ता । यस्या लक्ष्यं नोपलक्ष्यते तस्मादुच्यते अलक्ष्या । यस्या जननं नोपलभ्यते तस्मादुच्यते अजा । एकैव सर्वत्र वर्तते तस्मादुच्यते एका । एकैव विश्वरूपिणी तस्मादुच्यते नैका । अत एवोच्यते अज्ञेयानन्तालक्ष्याजैका नैकेति ॥२३॥

मन्त्राणां मातृका देवी शब्दानां ज्ञानरूपिणी ।
ज्ञानानां चिन्मयातीता शून्यानां शून्यसाक्षिणी ।
यस्याः परतरं नास्ति सैषा दुर्गा प्रकीर्तिता ॥२४॥

तां दुर्गां दुर्गमां देवीं दुराचारविघातिनीम् ।
नमामि भवभीतोऽहं संसारार्णवतारिणीम् ॥२५॥

इदमथर्वशीर्षं योऽधीते स पञ्चाथर्वशीर्षजपफलमाप्नोति । इदमथर्वशीर्षमज्ञात्वा योऽर्चां स्थापयति-शतलक्षं प्रजप्त्वापि सोऽर्चासिद्धिं न विन्दति । शतमष्टोत्तरं चास्य पुरश्चर्याविधिः स्मृतः ।

दशवारं पठेत् यस्तु सद्यः पापैः प्रमुच्यते ।
महादुर्गाणि तरति महादेव्याः प्रसादतः ॥२६॥

जसको स्वरूप ब्रह्मादि गरिएका देवताले पनि जान्दैनन् यसर्थ देवीलाई अज्ञेया भनिएको हो । जसको अन्त्य छैन, त्यसैले अनन्ता भनिएको हो । यस्तै जसको कुनै लक्ष्य देखिँदैन, त्यसैले देवीलाई अलक्ष्य पनि भनिएको हो । जसको जन्मका सम्बन्धमा थाहा नभएकोले देवीलाई अजा भनिएको हो । सर्वत्र एक्लै रहने भएकोले देवीलाई एका भनिएको हो । यस्तै एक्लै विश्वरूपमा सजिएकीले उहाँलाई नैका पनि भनिन्छ । तसर्थ देवीलाई अज्ञेया, अनन्ता, अलक्ष्या, अजा, एका र नैका भनिएको हो ॥२३॥ सबै मन्त्रमा 'मातृका' मूलाक्षर रूपमा रहेकी, शब्दमा ज्ञान(अर्थ) रूपले रहने, ज्ञानमा 'चिन्मयातीता', शून्यमा 'शून्यसाक्षिणी' तथा जो भन्दा कुनै पनि श्रेष्ठ छैन त्यसैले देवीलाई दुर्गा पनि भनिएको हो ॥२४॥ यस्ती दुर्विज्ञेया, दुराचारनाशक एवं संसारसागरबाट तार्नेवाली दुर्गादेवीलाई संसारदेखि डराएको मैले नमस्कार गर्दछु ॥२५॥ यो अथर्वशीर्षको जसले अध्ययन गर्दछ उसलाई पाँच अथर्वशीर्षहरूको जप गरेको फल प्राप्त हुन्छ । यो अथर्वशीर्षलाई नजानेर जसले प्रतिमास्थापन गर्दछ उसले सयकडौं लाख जप गरे पनि उसले अर्चासिद्धि प्राप्त गर्न सक्दैन । अष्टोत्तरशत(१०८पटक) जप यसको पुरश्चरण विधि रहेको छ । जसले यसलाई दस पटक पाठ गर्दछ,ऊ त्यही समयमा नै पापबाट मुक्त हुन्छ र महादेवीको प्रसादबाट ठूला-ठूला संकटबाट पनि पार पाउँछ ॥२६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सायमधीयानो दिवसकृतं पापं नाशयति । प्रातरधीयानो रात्रिकृतं पापं नाशयति । सायं प्रातः प्रयुञ्जानो अपापो भवति । निशीथे तुरीयसन्ध्यायां जप्त्वा वाक्सिद्धिर्भवति । नूतनायां प्रतिमायां जप्त्वा देवतासान्निध्यं भवति । प्राणप्रतिष्ठायां जप्त्वा प्राणानां प्रतिष्ठा भवति । भौमाश्विन्यां महादेवीसन्निधौ जप्त्वा महामृत्युं तरति । स महामृत्युं तरति । य एवं वेद । इत्युपनिषत् ॥

यसको सायंकालमा पाठ गर्ने व्यक्ति दिनमा गरेका पापबाट मुक्त हुन्छ भने बिहान पाठ गर्ने व्यक्ति रात्रिको समयमा गरेका पापबाट मुक्त हुन्छ । दुवै समयमा अध्ययन गर्नेवाला निष्पाप हुन्छ । मध्यरात्रिको तुरीय[४३] सन्ध्यामा जप गर्नाले वाक्सिद्धि प्राप्त हुन्छ । नयाँ प्रतिमामा जप गर्नाले देवतासान्निध्य प्राप्त हुन्छ । प्राणप्रतिष्ठाको समयमा जप गर्नाले प्राणप्रतिष्ठा हुन्छ । भौमाश्विनी(अमृतसिद्धि) योगमा महादेवीको सान्निध्यमा जप गर्नाले महामृत्युबाट पार भइन्छ । जसले यसलाई जान्दछ त्यो महामृत्युबाट पार हुन्छ। यसरी यो अविद्यानाशिनी ब्रह्मविद्याका रूपमा रहेको छ ।

॥ इति देव्यथर्वशीर्षम् ॥

४३ श्रीविद्याका उपासकका लागि चार सन्ध्याहरू आवश्यक हुन्छन् । चार सन्ध्यामध्ये तुरीय सन्ध्या मध्यरात्रिलाई मानिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ नवार्णविधिः

सप्तशतीको पाठ सुरु गर्नुअघि नवार्णविधि सम्पन्न गर्नु आवश्यक छ। यसको विधि तल बताइएको छ–

विधिनिर्देशः आचमनीमा जल लिएर नवार्णमन्त्रको विनियोग लिने–

श्रीगणपतिर्जयति । ॐ अस्य श्रीनवार्णमन्त्रस्य ब्रह्मविष्णुरुद्रा ऋषयः, गायत्र्युष्णिगनुष्टुभश्छन्दांसि, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वत्यो देवताः, ऐं बीजम्, ह्रीं शक्तिः, क्लीं कीलकम्, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीप्रीत्यर्थे जपे विनियोगः। यति पढेर जल भुइँमा छोडिदिने।

ऋष्यादिन्यासः

विधिनिर्देशःयसपछि मन्त्र पढ्दै तल बताइएअनुसार शरीरका विभिन्न अङ्गमा दाहिने हातका औँलाले स्पर्श गर्ने–

ॐ ब्रह्मविष्णुरुद्रऋषिभ्यो नमः, शिरसि । ॐ गायत्र्युष्णिगनुष्टुप्छन्दोभ्यो नमः, मुखे । ॐ महाकालीमहालक्ष्मीमहासरस्वतीदेवताभ्यो नमः, हृदि । ॐ ऐं बीजाय नमः, गुह्ये । ॐ ह्रीं शक्तये नमः, पादयोः । ॐ क्लीं कीलकाय नमः, नाभौ।

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे इति मन्त्रेण करं संशोध्य–

करन्यासः

ॐ ऐं अङ्गुष्ठाभ्यां नमः । ॐ ह्रीं तर्जनीभ्यां नमः । ॐ क्लीं मध्यमाभ्यां नमः । ॐ चामुण्डायै अनामिकाभ्यां नमः । ॐ विच्चे कनिष्ठिकाभ्यां नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे करतलकरपृष्ठाभ्यां नमः ।

हृदयादिन्यासः

ॐ ऐं हृदयाय नमः । ॐ ह्रीं शिरसे स्वाहा । ॐ क्लीं शिखायै वषट् । ॐ चामुण्डायै कवचाय हुम् । ॐ विच्चे नेत्रत्रयाय वौषट् । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे अस्त्राय फट् ।

अक्षरन्यासः

ॐ ऐं नमः, शिखायाम्। ॐ ह्रीं नमः, दक्षिणनेत्रे । ॐ क्लीं नमः, वामनेत्रे। ॐ चां नमः, दक्षिणकर्णे । ॐ मुं नमः, वामकर्णे । ॐ डां नमः, दक्षिणनासापुटे । ॐ यैं नमः, वामनासापुटे । ॐ विं नमः, मुखे । ॐ च्चें नमः, गुह्ये ।

दिङ्न्यासः

(तल बताइएअनुसार हरेक दिशामा चुट्की बजाउने)

ॐ ऐं प्राच्यै नमः। ॐ ऐं आग्नेय्यै नमः। ॐ ह्रीं दक्षिणायै नमः। ॐ ह्रीं नैर्ऋत्यै नमः । ॐ क्लीं प्रतीच्यै नमः । ॐ क्लीं वायव्यै नमः । ॐ चामुण्डायै उदीच्यै नमः । ॐ चामुण्डायै ऐशान्यै नमः। ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ऊर्ध्वायै नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे भूम्यै नमः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ध्यानम्

विधिनिर्देशः न्यास गरिसकेपछि तल दिइएको स्तुतिवाक्यले भगवती दुर्गादेवीको ध्यान गर्नुपर्छ । ध्यान गर्ने भनेको भगवती दुर्गाको सम्पूर्ण स्वरूपलाई मनमनै सम्झेर आफ्नो हृदयकमलमा वहाँलाई विराजमान गराउनु हो–

ॐ खड्गं चक्रगदेषुचापपरिघाञ्छूलं भुशुण्डीं शिरः ।
शङ्खं सन्दधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ॥
नीलाश्मद्युतिमास्यपाददशकां सेवे महाकालिकां ।
यामस्तौत्स्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम् ॥

ॐ अक्षस्त्रक्परशुं गदेषु कुलिशं पद्मं धनुष्कुण्डिकां ।
दण्डं शक्तिमसिं च चर्म जलजं घण्टां सुराभाजनम् ॥
शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रसन्नाननां ।
सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ॥

ॐ घण्टाशूलहलानि शङ्खमुसले चक्रं धनुः सायकं ।
हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम् ॥
गौरीदेहसमुद्भवां त्रिजगतामाधारभूतां महा–
पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम् ॥

विधिनिर्देशः ध्यान गरिसकेपछि ॐ ऐं ह्रीं अक्षमालिकायै नमः भन्ने मन्त्रले मालाको पूजा गर्ने र तल दिइएका मन्त्रले प्रार्थना गर्ने–

ॐ मां माले महामाये सर्वशक्तिस्वरूपिणी ।
चतुर्वर्गस्त्वयि न्यस्तस्तस्मान्मे सिद्धिदा भव ॥
ॐ अविघ्नं कुरु माले त्वं गृह्णामि दक्षिणे करे ।
जपकाले च सिद्ध्यर्थं प्रसीद मम सिद्धये ॥

ॐ अक्षमालाधिपतये सुसिद्धिं देहि देहि सर्वमन्त्रार्थसाधिनि साधय साधय सर्वसिद्धिं परिकल्पय परिकल्पय मे स्वाहा ।

विधिनिर्देशः यसपछि नवार्णमन्त्र (ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे) को १०८ पटक जप गर्ने र तलको मन्त्र पढी देवीको बायाँ हातमा जप निवेदन गरेको सम्झी जल भुइँमा खन्याइदिने–

ॐ गुह्यातिगुह्यगोप्त्री त्वं गृहाणास्मत्कृतं जपम् ।
सिद्धिर्भवतु मे देवि त्वत्प्रसादान्महेश्वरि ॥

विधिनिर्देशः यसपछि सप्तशतीन्यास गर्ने–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सप्तशतीन्यासः

ॐ प्रथममध्यमोत्तरचरित्राणां ब्रह्मविष्णुरुद्रा ऋषयः, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वत्यो देवताः, गायत्र्युष्णिगनुष्टुभश्छन्दांसि, नन्दाशाकम्भरीभीमाः शक्तयः, रक्तदन्तिकादुर्गाभ्रामर्यो बीजानि, अग्निवायुसूर्यास्तत्त्वानि, ऋग्यजुःसामवेदा ध्यानानि, सकलकामनासिद्धये श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीदेवताप्रीत्यर्थे जपे विनियोगः।

ॐ खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा।
शङ्खिनी चापिनी बाणभुशुण्डीपरिघायुधा॥ अङ्गुष्ठाभ्यां नमः।
ॐ शूलेन पाहि नो देवी पाहि खड्गेन चाम्बिके।
घण्टास्वनेन नः पाहि चापज्यानिः स्वनेन च॥ तर्जनीभ्यां नमः।
ॐ प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे।
भ्रामणेनात्मशूलस्य उत्तरस्यां तथेश्वरि॥ मध्यमाभ्यां नमः।
ॐ सौम्यानि यानि रूपाणि त्रैलोक्ये विचरन्ति ते।
यानि चात्यर्थघोराणि तै रक्षास्मांस्तथा भुवम्॥ अनामिकाभ्यां नमः।
ॐ खड्गशूलगदादीनि यानि चास्त्राणि तेऽम्बिके।
करपल्लवसङ्गीनि तैरस्मान् रक्ष सर्वतः॥ कनिष्ठिकाभ्यां नमः।
ॐ सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते॥ करतलकरपृष्ठाभ्यां नमः।

ॐ खड्गिनी शूलिनी घोरा....–हृदयाय नमः।
ॐ शूलेन पाहि नो देवी....–शिरसे स्वाहा।
ॐ प्राच्यां रक्ष प्रतीच्यां च.....–शिखायै वषट्।
ॐ सौम्यानि यानि रूपाणि....–कवचाय हुम्।
ॐ खड्गशूलगदादीनि....–नेत्रत्रयाय वौषट्।
ॐ सर्वस्वरूपे सर्वेशे.....–अस्त्राय फट्।

ध्यानम्

विद्युद्दामसमप्रभां मृगपतिस्कन्धस्थितां भीषणां।
कन्याभिः करवालखेटविलसद्धस्ताभिरासेविताम्॥
हस्तैश्चक्रगदासिखेटविशिखांश्चापं गुणं तर्जनीं।
बिभ्राणामनलात्मिकां शशिधरां दुर्गां त्रिनेत्रां भजे॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

॥ श्रीदुर्गायै नमः ॥

अथ श्रीदुर्गासप्तशती

प्रथमोऽध्यायः

मेधा ऋषिद्वारा राजा सुरथ र समाधि वैश्यसँग भगवतीको महिमा र मधुकैटभ वधको प्रसङ्ग वर्णन

विनियोगः

ॐ प्रथमचरित्रस्य ब्रह्मा ऋषिः, महाकाली देवता, गायत्री छन्दः, नन्दा शक्तिः, रक्तदन्तिका बीजम्, अग्निस्तत्त्वम्, ऋग्वेदः स्वरूपम्, श्रीमहाकालीप्रीत्यर्थे प्रथमचरित्रजपे विनियोगः ।

ध्यानम्

ॐ खड्गं चक्रगदेषुचापपरिघाञ्छूलं भुशुण्डीं शिरः ।
शङ्खं सन्दधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ॥
नीलाश्मद्युतिमास्यपाददशकां सेवे महाकालिकां ।
यामस्तौत्स्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम् ॥

ॐ नमश्चण्डिकायै

ॐ ऐं मार्कण्डेय उवाच ॥ १ ॥

सावर्णिः सूर्यतनयो यो मनुः कथ्यतेऽष्टमः ।
निशामय तदुत्पत्तिं विस्तराद् गदतो मम ॥२॥

ॐ प्रथम चरित्रका ब्रह्मा ऋषि, महाकाली देवता, गायत्री छन्द, नन्दा शक्ति, रक्तदन्तिका बीज, अग्नितत्त्व र ऋग्वेद स्वरूप हुन् । श्रीमहाकालीको प्रसन्नताका लागि प्रथम चरित्र जपको विनियोग गरिन्छ ।

भगवान् विष्णु सुतेपछि मधु र कैटभलाई मार्नका लागि कमलजन्मा ब्रह्माजीले जसको स्तवन गर्नुभएको थियो, उनै महाकाली देवीको म सेवन गर्दछु । उनी आफ्ना दश हातमा खड्ग, चक्र, गदा, बाण, धनुष, परिघ, शूल, भुशुण्डी, मस्तक र शंख धारण गर्दछिन् । उनका तीन आँखा छन् । उनी समस्त अंगमा दिव्यआभूषणद्वारा विभूषित छन् । उनको शरीरको कान्ति नीलमणिसमान छ । उनी दश मुख र दश खुट्टाले युक्त छिन् ।

ॐ चण्डिकादेवीलाई नमस्कार छ ।

मार्कण्डेयले भने-॥१॥ आठौं मनुका रूपमा चिनिने सूर्यपुत्र सावर्णिको उत्पत्तिको कथा विस्तारपूर्वक भन्दछु, सुन ॥२॥ सूर्यपुत्र सावर्णि भगवती महामायाको अनुग्रहका कारण जसरी मन्वन्तरका स्वामी भएका थिए, त्यो प्रसङ्ग यहाँ उल्लेख गर्दैछु ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महामायानुभावेन यथा मन्वन्तराधिपः ।
स बभूव महाभागः सावर्णिस्तनयो रवेः ॥३॥
स्वारोचिषेऽन्तरे पूर्वं चैत्रवंशसमुद्भवः ।
सुरथो नाम राजाभूत्समस्ते क्षितिमण्डले ॥४॥
तस्य पालयतः सम्यक्प्रजाः पुत्रानिवौरसान् ।
बभूवुः शत्रवो भूपाः कोलाविध्वंसिनस्तदा ॥५॥
तस्य तैरभवद् युद्धमतिप्रबलदण्डिनः ।
न्यूनैरपि स तैर्युद्धे कोलाविध्वंसिभिर्जितः ॥६॥
ततः स्वपुरमायातो निजदेशाधिपोऽभवत् ।
आक्रान्तः स महाभागस्तैस्तदा प्रबलारिभिः ॥७॥
अमात्यैर्बलिभिर्दुष्टैर्दुर्बलस्य दुरात्मभिः ।
कोशो बलं चापहृतं तत्रापि स्वपुरे ततः ॥८॥
ततो मृगयाव्याजेन हृतस्वाम्यः स भूपतिः ।
एकाकी हयमारुह्य जगाम गहनं वनम् ॥९॥
स तत्राश्रममद्राक्षीद् द्विजवर्यस्य मेधसः ।
प्रशान्तश्वापदाकीर्णं मुनिशिष्योपशोभितम् ॥१०॥
तस्थौ कंचित्स कालं च मुनिना तेन सत्कृतः ।
इतश्चेतश्च विचरंस्तस्मिन्मुनिवराश्रमे ॥११॥

प्राचीनकालको कुरा हो, स्वारोचिष मन्वन्तरमा चैत्रवंशमा उत्पन्न सुरथ नामका एक राजा थिए, जसको सम्पूर्ण पृथ्वीमा अधिकार थियो ॥४॥ उनले प्रजालाई आफ्नै औरस पुत्रलाई जस्तै पालनपोषण गर्दथे, तथापि कोलाविध्वंसी नामक क्षत्रिय उनका शत्रु बन्न पुगे ॥५॥ राजा सुरथको दण्डनीति अत्यन्त सुदृढ थियो । शत्रुहरूसँग उनको युद्ध भयो । यद्यपि कोलाविध्वंसीहरू सङ्ख्यामा कम थिए, तर पनि राजा सुरथ युद्धमा उनीहरूसँग पराजित भए ॥६॥ युद्ध भूमिबाट आफ्नो नगरमा आएपछि सम्पूर्ण पृथ्वीको राजा नभएर केवल आफ्नै देशको मात्र राजा बनेर सुरथ रहन थाले । तर त्यहाँ पनि शत्रुहरूले उनीमाथि आक्रमण गरे ॥७॥ यसरी शत्रुपक्षबाट पराजित भएको अवस्थामा आफ्नै बलवान् एवं धोकेबाज मन्त्रीहरूले सेना, हतियार एवं खजाना आफ्नो नियन्त्रणमा लिए ॥८॥ राजा सुरथको प्रभुत्व समाप्त भएकोले उनी सिकार खेल्ने बहानामा एक्लै घोडामा चढेर घना जङ्गलतर्फ लागे ॥९॥ यही क्रममा उनले मेधा मुनिको आश्रम देखे, जहाँ हिंसक जीवजन्तुहरू पनि आफ्नो हिंस्रक वृत्तिलाई छोडेर शान्तभावले रहेका थिए । मुनिका अनेकौं शिष्यहरूले वनको शोभा बढाइरहेका थिए ॥१०॥ त्यहाँ मुनिले उनको सत्कार गरे । सुरथ राजाले केही समयसम्म त्यही आश्रममा यताउता गर्दै काल बिताए ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सोऽचिन्तयत्तदा तत्र ममत्वाकृष्टमानसः ।
मत्पूर्वैः पालितं पूर्वं मया हीनं पुरं हि तत् ॥ १२ ॥
मद्भृत्यैस्तैरसद्वृत्तैर्धर्मतः पाल्यते न वा ।
न जाने स प्रधानो मे शूरहस्ती सदामदः ॥ १३ ॥
मम वैरिवशं यातः कान् भोगानुपलप्स्यते ।
ये ममानुगता नित्यं प्रसादधनभोजनैः ॥ १४ ॥
अनुवृत्तिं ध्रुवं तेऽद्य कुर्वन्त्यन्यमहीभृताम् ।
असम्यग्व्ययशीलैस्तैः कुर्वद्भिः सततं व्ययम् ॥ १५ ॥
सञ्चितः सोऽतिदुःखेन क्षयं कोशो गमिष्यति ।
एतच्चान्यच्च सततं चिन्तयामास पार्थिवः ॥ १६ ॥
तत्र विप्राश्रमाभ्याशे वैश्यमेकं ददर्श सः ।
स पृष्टस्तेन कस्त्वं भो हेतुश्चागमनेऽत्र कः ॥ १७ ॥
सशोक इव कस्मात्त्वं दुर्मना इव लक्ष्यसे ।
इत्याकर्ण्य वचस्तस्य भूपतेः प्रणयोदितम् ॥ १८ ॥
प्रत्युवाच स तं वैश्यः प्रश्रयावनतो नृपम् ॥१९॥

वैश्य उवाच ॥ २० ॥

समाधिर्नाम वैश्योऽहमुत्पन्नो धनिनां कुले ॥ २१ ॥
पुत्रदारैर्निरस्तश्च धनलोभादसाधुभिः ।
विहीनश्च धनैर्दारैः पुत्रैरादाय मे धनम् ॥ २२ ॥

रहँदा बस्दा राज्यको सम्झना र ममताले आकृष्टचित्त बनेका उनले चिन्ता गर्न थाले– विगतमा मेरा पुर्खाहरूले जसको पालन गरेका थिए, त्यही राज्य अहिले मबाट रहित भयो । थाहा छैन, मेरा दुराचारी भृत्यगणबाट राज्यको धर्मपूर्वक पालन भएको छ या छैन, सधैँ मदको वर्षा गर्ने मेरो बलवान् हात्ती शत्रुको अधीनमा रहेर कस्तो व्यवहार भोगिरहेको होला ? मेरो कृपाका कारण धन र भोजन पाउनेहरू, जो सदा मेरो अघिपछि हुन्थे, तिनीहरूको अवस्था के होला ? ॥१२–१४॥ तिनीहरूले निश्चय पनि अर्कैको अनुसरण गर्छन् होला र ती असंयमी, व्ययशीलहरूले मोज गरिरहेका होलान् ॥१५॥ मैले कष्टपूर्वक सञ्चित गरेको त्यो कोष नाश हुनेछ भन्ने जस्ता कुराहरू राजाले सोचे ॥१६॥ यही क्रममा त्यही आश्रममा एउटा वैश्यलाई राजाले देखे र सोधे–तिमी को हौ ? र तिमी यहाँ आउनुको कारण के हो ? ॥१७॥ तिमी शोकले युक्त एवं दुःखी देखिन्छौ, राजाको वचन सुनेर वैश्यले राजालाई प्रणाम गरे ॥१८॥ राजाको प्रेमपूर्ण वचन सुनेर प्रणाम गर्दै **वैश्यले** भने– ॥१९–२०॥ म सम्पन्न कुलमा जन्मिएको समाधि नामको वैश्य हुँ ॥२१॥ धनको लोभका कारण मेरा दुष्ट पुत्र–कलत्रादिले मलाई निकालिदिए ॥२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वनमभ्यागतो दुःखी निरस्तश्चाप्तबन्धुभिः ।
सोऽहं न वेद्मि पुत्राणां कुशलाकुशलात्मिकाम् ॥ २३ ॥
प्रवृत्तिं स्वजनानां च दाराणां चात्र संस्थितः ।
किं नु तेषां गृहे क्षेममक्षेमं किं नु साम्प्रतम् ॥ २४ ॥
कथं ते किं नु सद्वृत्ता दुर्वृत्ताः किं नु मे सुताः ॥२५॥
राजोवाच ॥ २६ ॥
यैर्निरस्तो भवाँल्लुब्धैः पुत्रदारादिभिर्धनैः ॥ २७ ॥
तेषु किं भवतः स्नेहमनुबध्नाति मानसम् ॥२८॥
वैश्य उवाच ॥ २९ ॥
एवमेतद्यथा प्राह भवानस्मद्गतं वचः ॥ ३० ॥
किं करोमि न बध्नाति मम निष्ठुरतां मनः ।
यैः सन्त्यज्य पितृस्नेहं धनलुब्धैर्निराकृतः ॥ ३१ ॥
पतिस्वजनहार्दं च हार्दि तेष्वेव मे मनः ।
किमेतन्नाभिजानामि जानन्नपि महामते ॥ ३२ ॥
यत्प्रेमप्रवणं चित्तं विगुणेष्वपि बन्धुषु ।
तेषां कृते मे निःश्वासो दौर्मनस्यं च जायते ॥ ३३ ॥
करोमि किं यन्न मनस्तेष्वप्रीतिषु निष्ठुरम् ॥ ३४ ॥
मार्कण्डेय उवाच ॥ ३५ ॥
ततस्तौ सहितौ विप्र तं मुनिं समुपस्थितौ ॥ ३६ ॥

यति हुँदाहुँदै पनि वनमा आएर बसेको म उनीहरू सुखी होलान् या दुःखी भन्ने चिन्ताले दुःखी बनेको छु ॥२३॥ मेरा ती स्वजनहरूको स्थिति अहिले के होला ? के गर्दै होलान् ? ॥२४॥ अहिले उनीहरूको व्यवहार परिवर्तन भएको होला या नहोला ? यही चिन्ताले व्याकुल भएको छु ॥२५॥

राजाले भने–॥२६॥ हे वैश्यवर, धनको लोभमा परेर जसले तिमीलाई घरबाट निकालिदिए ॥२७॥ तिनीहरूप्रति अहिले पनि तिम्रो मनमा स्नेह रहनुको कारण के हो ? ॥२८ ॥ वैश्यले भने- ॥२९॥ तपाईंले भनेको कुरा ठीकै हो । तपाईंले मेरो मनको कुरा बताउनु भयो ॥३०॥ पितृको स्नेहलाई लत्याएर धनमा आसक्ति देखाउने उनीहरूप्रति मेरो मन किन निष्ठुर हुन सकेको छैन भनेर म स्वयंले बुझ्िरहेको छैन ॥३१॥ मैले जान्दा जान्दै पनि मेरो मन किन उनीहरूबाट टाढा हुन सकेको छैन ? हे राजा, तपाईं बुद्धिमान् हुनुहुन्छ । ती दुर्जन बन्धुहरूप्रतिको मेरो स्नेह अझै छुटेको छैन । तिनीहरूका प्रति मेरो मनमा निष्ठुरता किन पलाउँदैन ? ॥३२-३४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समाधिर्नाम वैश्योऽसौ स च पार्थिवसत्तमः ।
कृत्वा तु तौ यथान्यायं यथार्हं तेन संविदम् ॥ ३७ ॥
उपविष्टौ कथाः काश्चिच्चक्रतुर्वैश्यपार्थिवौ ॥३८॥

राजोवाच ॥ ३९ ॥

भगवंस्त्वामहं प्रष्टुमिच्छाम्येकं वदस्व तत् ॥ ४० ॥
दुःखाय यन्मे मनसः स्वचित्तायत्ततां विना ।
ममत्वं गतराज्यस्य राज्याङ्गेष्वखिलेष्वपि ॥ ४१ ॥
जानतोपि यथाज्ञस्य किमेतन्मुनिसत्तम ।
अयं च निकृतः पुत्रैर्दारैर्भृत्यैस्तथोज्झितः ॥ ४२ ॥
स्वजनेन च संत्यक्तस्तेषु हार्दी तथाप्यति ।
एवमेष तथाहं च द्वावप्यत्यन्तदुःखितौ ॥ ४३ ॥
दृष्टदोषेऽपि विषये ममत्वाकृष्टमानसौ ।
तत्किमेतन्महाभाग यन्मोहो ज्ञानिनोरपि ॥ ४४ ॥
ममास्य च भवत्येषा विवेकान्धस्य मूढता ॥ ४५ ॥

ऋषिरुवाच ॥ ४६ ॥

ज्ञानमस्ति समस्तस्य जन्तोर्विषयगोचरे ॥ ४७ ॥

मार्कण्डेयले भने- ॥३५॥ यसरी राजा सुरथ र वैश्य समाधि आपसमा कुराकानी गर्दै मेधा मुनिको सेवामा तत्पर भए । वैश्य र राजाले यथायोग्य न्यायानुकुल विनय र शिष्टाचार प्रदर्शन गर्दै मुनिका साथमा बसे ॥३६-३८॥

राजा सुरथले सोधे- ॥३९॥ हे मुनिवर, म तपाईंसँग केही कुरा सोद्धछु, त्यो तपाईं बताइदिनोस् ॥४०॥ मेरो चित्त आफ्नै अधीनमा नभएकाले एउटा कुराले मेरो मन निकै दुःखी भैरहेको छ । जुन राज्य मेरो हातबाट गयो, त्यसमा र त्यसका सम्पूर्ण अङ्गमा मेरो ममता भरिएको छ ॥४१॥ मुनिश्रेष्ठ, ती सबै कुरा मेरा होइनन् भन्ने जानेर पनि अज्ञानीलाई जस्तै ती कुराले मलाई दुःख दिइरहेका छन् । यस्तो किन हुन्छ ? अर्कोतिर यी वैश्य पनि घरबाट अपमानपूर्वक निकालिएका छन् । यिनका छोराछोरी, पत्नी र नोकरचाकरले यिनलाई छोडिदिए ॥४२॥ स्वजनहरूले यिनको परित्याग गरिदिए, तर पनि यिनी तिनीहरूप्रति स्नेह नै राख्छन् । यसरी यिनी र म दुवै अत्यन्त दुःखी छौं ॥४३॥ जुन कुरामा प्रत्यक्ष दोष देखिएको छ, त्यस विषयका लागि पनि हाम्रो मनमा ममताजन्य आकर्षण पैदा भैरहेको छ । हे मुनिवर, हामी दुवै बुझक्की छौं, तर पनि यी कुराप्रति हाम्रो मनमा जो मोह पैदा भइरहेको छ, त्यसको हेतु के हो ? विवेकशून्य मान्छेमा जस्तै ममा र यिनमा पनि यस्तो मूढता प्रत्यक्ष देखिएको छ ॥४४-४५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयाश्च महाभाग यान्ति चैवं पृथक् पृथक् ।
दिवान्धाः प्राणिनः केचिद्रात्रावन्धास्तथापरे ॥ ४८ ॥
केचिद्दिवा तथा रात्रौ प्राणिनस्तुल्यदृष्टयः ।
ज्ञानिनो मनुजाः सत्यं किं तु ते न हि केवलम् ॥ ४९ ॥
यतो हि ज्ञानिनः सर्वे पशुपक्षिमृगादयः ।
ज्ञानं च तन्मनुष्याणां यत्तेषां मृगपक्षिणाम् ॥ ५० ॥
मनुष्याणां च यत्तेषां तुल्यमन्यत्तथोभयोः ।
ज्ञानेऽपि सति पश्यैतान् पतङ्गाञ्छावचञ्चुषु ॥ ५१ ॥
कणमोक्षादृतान्मोहात्पीड्यमानानपि क्षुधा ।
मानुषा मनुजव्याघ्र साभिलाषाः सुतान् प्रति ॥ ५२ ॥
लोभात्प्रत्युपकाराय नन्वेतान् किं न पश्यसि ।
तथापि ममतावर्त्ते मोहगर्ते निपातिताः ॥ ५३ ॥
महामायाप्रभावेण संसारस्थितिकारिणा ।
तन्नात्र विस्मयः कार्यो योगनिद्रा जगत्पतेः ॥ ५४ ॥
महामाया हरेश्चैषा तया संमोह्यते जगत् ।
ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा ॥ ५५ ॥
बलादाकृष्य मोहाय महामाया प्रयच्छति ।
तया विसृज्यते विश्वं जगदेतच्चराचरम् ॥ ५६ ॥
सैषा प्रसन्ना वरदा नृणां भवति मुक्तये ।
सा विद्या परमा मुक्तेर्हेतुभूता सनातनी ॥ ५७ ॥
संसारबन्धहेतुश्च सैव सर्वेश्वरेश्वरी ॥ ५८ ॥

मेधा ऋषिले भने- ॥४६॥ हे महाराज ! संसारमा जे-जति प्राणीहरू छन् ती सबैलाई इन्द्रियगोचरको विषयमा ज्ञान रहन्छ । तथापि इन्द्रियगोचरका सम्बन्धमा विभिन्न प्राणीहरूको प्रवृत्ति भिन्न-भिन्न देखिन्छ । कतिपय प्राणीले दिनमा देख्दैनन्, कतिपयले रात्रिमा देख्दैनन् र कतिपयले दिनरात दुवैमा समान देख्दछन् । यो ठीक हो कि मनुष्य ज्ञानवान् हुन्छ, तर मनुष्यमात्र ज्ञानवान् हुन्छ भन्ने कुरा भने ठीक होइन । संसारमा जे-जति प्राणीहरू छन्, ती सबै ज्ञानवान् हुन्छन् । तर पशुपक्षीमा स्वाभाविक जुन ज्ञान हुन्छ, त्यत्तिमात्र मनुष्यको ज्ञान होइन, किनभने मनुष्यमा शास्त्रजन्य, योगजन्य ज्ञान पनि हुन्छ, जुन ज्ञान पशुपक्षीहरूमा हुँदैन । तथापि पशुपक्षी र मनुष्य दुवैमा इन्द्रियगोचर ज्ञान त हुन्छ नै । पशुपक्षीहरू स्वयं भोकले व्याकुल हुँदा हुँदै पनि मायाममताका कारण आफूले खानका लागि जम्मा गरेको खानेकुरा आफ्ना बालबच्चालाई ठोँडका माध्यमले होस् या मुखका माध्यमले खुवाउँछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजोवाच ॥ ५९ ॥
भगवन् का हि सा देवी महामायेति यां भवान् ॥ ६० ॥
ब्रवीति कथमुत्पन्ना सा कर्मास्याश्च किं द्विज ।
यत्प्रभावा च सा देवी यत्स्वरूपा यदुद्भवा ॥ ६१ ॥
तत्सर्वं श्रोतुमिच्छामि त्वत्तो ब्रह्मविदां वर ॥ ६२ ॥
ऋषिरुवाच ॥ ६३ ॥
नित्यैव सा जगन्मूर्तिस्तया सर्वमिदं ततम् ॥ ६४ ॥
तथापि तत्समुत्पत्तिर्बहुधा श्रूयतां मम ।
देवानां कार्यसिद्ध्यर्थमाविर्भवति सा यदा ॥ ६५ ॥
उत्पन्नेति तदा लोके सा नित्याप्यभिधीयते ।
योगनिद्रां यदा विष्णुर्जगत्येकार्णवीकृते ॥ ६६ ॥
आस्तीर्य शेषमभजत्कल्पान्ते भगवान् प्रभुः ।
तदा द्वावसुरौ घोरौ विख्यातौ मधुकैटभौ ॥ ६७ ॥

मनुष्यहरू पशुपक्षीका अपेक्षा ज्ञानवान् हुँदाहुँदै आफ्ना सन्तानका प्रति उनबाट सुखप्राप्ति होला भन्ने आशाले कति ममत्व र वात्सल्यभाव राख्दछन् ? यसरी मनुष्य आफूले जान्दा जान्दै पनि महामायाको प्रभावका कारण मोहजालमा पर्दछ । यसप्रति आश्चर्य हुनुपर्ने कुनै कारण छैन । संसारका सबै प्राणीमा पुत्रकलत्रादिप्रतिको मोह रहन्छ नै । जगत्पति विष्णुकी जो महामाया रहेकी छिन्, उनले संसारलाई मोहपरायण बनाउँछिन् । ती महामायाले ज्ञानी व्यक्तिहरूलाई पनि बलपूर्वक आफूतर्फ खिँचेर मायाममताको वशमा गर्दछिन् । यिनै देवीबाट नै यो समस्त चराचर जगत्‌को रचना भएको हो । यिनै देवी जब प्रसन्न हुन्छिन्, तब मनुष्यलाई अभ्युदय र निःश्रेयसको वर दिन्छिन् । यिनै माया अविद्या र विद्या दुवैका रूपमा विद्यमान छन् । यी महामायालाई अविद्या यसरी भनिएको हो, किनकि यिनी अज्ञानीहरूका साथ बस्दछिन् । अविद्याको स्वरूप विद्याभन्दा विपरीत हुन्छ । किनभने यिनी मोहलक्ष्मी हुन् र विद्या भनेकी मोक्षलक्ष्मी हुन् । यिनको सत्ता ब्रह्मस्वरूप भएका कारण शाश्वत छ । यो सम्पूर्ण विश्व यिनैको स्वरूप हो । यिनी नै ईश्वरकी ईश्वरी पनि हुन्, किनभने ईश्वरले पनि आफ्नो स्वरूपको दर्शनका लागि यिनको आश्रय लिन्छन् । यसरी संसाररूपी स्रोत-प्रवाहको निरोध तथा रोकको कारण पनि यिनै ईश्वरी नै हुन् ॥४७-५८॥

राजा सुरथले सोधे- ॥५९॥ हे मुनि, तपाईंले जुन महामायाका बारेमा भन्नुभयो, ती देवी कुन हुन् ? तिनको उत्पत्ति कसरी भएको हो ? उनको के कस्तो पराक्रम छ, त्यसका बारेमा वर्णन गर्नुहवस् । हे ऋषिवर, तपाईं ब्रह्मज्ञानीहरूमध्ये श्रेष्ठ हुनुहुन्छ, तसर्थ मैले तपाईंको मुखारविन्दबाट देवीको सामर्थ्य, स्वरूप र आविर्भावका सम्बन्धमा सुन्न चाहन्छु ॥६०-६२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विष्णुकर्णमलोद्भूतौ हन्तुं ब्रह्माणमुद्यतौ ।
स नाभिकमले विष्णोः स्थितो ब्रह्मा प्रजापतिः ॥ ६८ ॥
दृष्ट्वा तावसुरौ चोग्रौ प्रसुप्तं च जनार्दनम् ।
तुष्टाव योगनिद्रां तामेकाग्रहृदयस्थितः ॥ ६९ ॥
विबोधनार्थाय हरेर्हरिनेत्रकृतालयाम् ।
विश्वेश्वरीं जगद्धात्रीं स्थितिसंहारकारिणीम् ॥ ७० ॥
निद्रां भगवतीं विष्णोरतुलां तेजसः प्रभुः ॥ ७१ ॥

ब्रह्मोवाच ॥ ७२ ॥

त्वं स्वाहा त्वं स्वधा त्वं हि वषट्कारः स्वरात्मिका ॥ ७३ ॥
सुधा त्वमक्षरे नित्ये त्रिधा मात्रात्मिका स्थिता ।
अर्धमात्रास्थिता नित्या यानुच्चार्या विशेषतः ॥ ७४ ॥
त्वमेव सन्ध्या सावित्री त्वं देवि जननी परा ।
त्वयैतद्धार्यते विश्वं त्वयैतत्सृज्यते जगत् ॥ ७५ ॥
त्वयैतत्पाल्यते देवि त्वमत्स्यन्ते च सर्वदा ।
विसृष्टौ सृष्टिरूपा त्वं स्थितिरूपा च पालने ॥ ७६ ॥
तथा संहृतिरूपान्ते जगतोऽस्य जगन्मये ।
महाविद्या महामाया महामेधा महास्मृतिः ॥ ७७ ॥
महामोहा च भवती महादेवी महेश्वरी ।
प्रकृतिस्त्वं च सर्वस्य गुणत्रयविभाविनी ॥७८॥

ऋषिले भने- ॥६३॥ हे महाराज, जगन्मूर्ति ती देवी नित्य रहेकी छन् । यो सम्पूर्ण जगत् उनकै सृष्टि हो । तैपनि उनको उत्पत्तिका सम्बन्धमा जे जति मलाई थाहा छ, म बताउँछु, सुन्नुहोस् । देवताहरूको कार्यसिद्धिका लागि सधैं उनको आविर्भाव हुन्छ, जसलाई सर्वसाधारणले उत्पत्ति ठान्दछन् । ती महामायाको आविर्भाव त्यतिबेला भएको हो, जतिबेला कल्पान्त तथा महाप्रलय भएको अवस्था थियो र सम्पूर्ण जगत् जलमय थियो । भगवान् विष्णु त्यो समयमा शेषनागको शैय्यामा योगनिद्रामा निद्रित थिए । भगवान् विष्णु योगनिद्रामा निमग्न भएको अवस्थामा उनको कर्णमल (कानेगुजी) बाट मधु र कैटभ नामका दुई दानवहरूको उत्पत्ति भयो । ती दानवहरू विष्णुको नाभिकमलमा विराजमान ब्रह्मालाई मार्नका लागि तयार भए । नाभिकमलमा आसीन ब्रह्माले ती दुई असुरले उग्ररूप धारण गरेको देखे, जतिबेला भगवान् विष्णु योगनिद्रामा मग्न थिए । यस्तो अवस्थामा भगवान् विष्णुको नेत्रमा विराजमान योगनिद्राको स्तुति गर्न लागे, जसको प्रभावबाट भगवान्को निद्रा टुटोस् र दैत्यहरूको वध गर्न सकियोस् ॥६४-७१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कालरात्रिर्महारात्रिर्मोहरात्रिश्च दारुणा ।
त्वं श्रीस्त्वमीश्वरी त्वं ह्रीस्त्वं बुद्धिर्बोधलक्षणा ॥ ७९ ॥
लज्जा पुष्टिस्तथा तुष्टिस्त्वं शान्तिः क्षान्तिरेव च ।
खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ॥ ८० ॥
शङ्खिनी चापिनी बाणभुशुण्डीपरिघायुधा ।
सौम्या सौम्यतराशेषसौम्येभ्यस्त्वतिसुन्दरी ॥ ८१ ॥
परापराणां परमा त्वमेव परमेश्वरी ।
यच्च किञ्चित्क्वचिद्वस्तु सदसद्वाखिलात्मिके ॥ ८२ ॥
तस्य सर्वस्य या शक्तिः सा त्वं किं स्तूयसे तदा ।
यया त्वया जगत्स्रष्टा जगत्पात्यत्ति यो जगत् ॥ ८३ ॥
सोऽपि निद्रावशं नीतः कस्त्वां स्तोतुमिहेश्वरः ।
विष्णुः शरीरग्रहणमहमीशान एव च ॥ ८४ ॥
कारितास्ते यतोऽतस्त्वां कः स्तोतुं शक्तिमान् भवेत् ।
सा त्वमित्थं प्रभावैः स्वैरुदारैर्देवि संस्तुता ॥ ८५ ॥
मोहयैतौ दुराधर्षावसुरौ मधुकैटभौ ।
प्रबोधं च जगत्स्वामी नीयतामच्युतो लघु ॥ ८६ ॥
बोधश्च क्रियतामस्य हन्तुमेतौ महासुरौ ॥ ८७ ॥

ब्रह्माजीले भने-॥७२॥ हे देवी ! तपाईं नै स्वाहा, स्वधा एवं वषट्कार पनि हुनुहुन्छ । स्वर पनि तपाईंकै स्वरूप हो । तपाईं नै जीवनदायिनी अमृत हुनुहुन्छ । प्रणवरूपी नित्य अक्षरमा अकार, उकार र मकार–यी तीन मात्राका रूपमा तपाईं नै अवस्थित हुनुहुन्छ र यी तीन मात्राका अतिरिक्त जुन बिन्दुरूपी नित्य अर्धमात्रा छ र जसको विशेषरूपले उच्चारण गरिँदैन, त्यो पनि तपाईं नै हुनुहुन्छ । हे देवी ! तपाईं नै सन्ध्या, सावित्री र परम जननी हुनुहुन्छ । तपाईंले नै यो विश्वको धारण गर्नुहुन्छ र सृजन पनि गर्नुहुन्छ । तपाईंबाटै संसारको पालन हुन्छ र सधै कल्पको अन्तमा तपाईं नै संहाररूप धारण गर्नुहुन्छ । तपाईं नै महाविद्या, महामाया, महामेधा, महास्मृति, महामोहरूपा, महादेवी र महासुरी हुनुहुन्छ । तपाईं नै तीन गुणहरूलाई उत्पन्न गर्नुहुन्छ र सबैकी प्रकृति हुनुहुन्छ । भयङ्कर कालरात्रि, महारात्रि र मोहरात्रि पनि तपाईं नै हुनुहुन्छ । तपाईं नै श्री, तपाईं नै ईश्वरी, तपाईं नै ह्री र तपाईं नै बोधस्वरूपा बुद्धि हुनुहुन्छ । लज्जा, पुष्टि, तुष्टि, शान्ति र क्षमा पनि तपाईं नै हुनुहुन्छ । तपाईं खड्गधारिणी, शूलधारिणी, घोररूपा र गदा, चक्र, शंख तथा धनुष धारण गर्ने हुनुहुन्छ । बाण, भुशुण्डी र परिघ पनि तपाईंकै अस्त्र हुन् । तपाईं सौम्य र सौम्यतर हुनुहुन्छ । यति मात्रै होइन, संसारमा जति पनि सौम्य पदार्थ छन्, ती सबैका अपेक्षा तपाईं सर्वाधिक सुन्दरी हुनुहुन्छ । पर र अपर- यी सबैभन्दा पर रहने परमेश्वरी तपाईं नै हुनुहुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋषिरुवाच ॥ ८८ ॥
एवं स्तुता तदा देवी तामसी तत्र वेधसा ॥ ८९ ॥
विष्णोः प्रबोधनार्थाय निहन्तुं मधुकैटभौ ।
नेत्रास्यनासिकाबाहुहृदयेभ्यस्तथोरसः ॥ ९० ॥
निर्गम्य दर्शने तस्थौ ब्रह्मणोऽव्यक्तजन्मनः ।
उत्तस्थौ च जगन्नाथस्तया मुक्तो जनार्दनः ॥ ९१ ॥
एकार्णवेऽहिशयनात्ततः स ददृशे च तौ ।
मधुकैटभौ दुरात्मानावतिवीर्यपराक्रमौ ॥ ९२ ॥
क्रोधरक्तेक्षणावत्तुं ब्रह्माणं जनितोद्यमौ ।
समुत्थाय ततस्ताभ्यां युयुधे भगवान् हरिः ॥ ९३ ॥
पञ्चवर्षसहस्राणि बाहुप्रहरणो विभुः ।
तावप्यतिबलोन्मत्तौ महामायाविमोहितौ ॥ ९४ ॥
उक्तवन्तौ वरोऽस्मत्तो व्रियतामिति केशवम् ॥ ९५॥

हे सर्वस्वरूपा देवी ! जहाँ पनि सत् र असत् स्वरूप जे जति वस्तु छन् र तिनको जो शक्ति छ, त्यो सबै तपाईँ नै हुनुहुन्छ । यस्तो अवस्थामा तपाईँको स्तुति नै के हुन सक्छ र ? हे देवी ! तपाईँको स्तुति गर्ने सामर्थ्य कसैमा छैन । भगवान् विष्णु पनि योगनिद्रामा रहेर तपाईँकै वशीभूत हुन्छन् । हे देवी ! तपाईँद्वारा नै प्रजापति ब्रह्माले, भगवान् विष्णुले र भगवान् शंकरले शरीर धारण गर्नुपरेको हो । हे देवी ! तपाईँको सामर्थ्य र प्रभावको वर्णनबाट मैले तपाईँकै स्तुति गरेको छु । तपाईँको त्यो सामर्थ्य र प्रभावबाट मधु र कैटभ नामका दैत्यहरूलाई मोहमायामा वशीभूत गरिदिनूस् । हे देवी ! तपाईँले भगवान् विष्णुको योगनिद्रा पनि भंग गरिदिनुस् र यी दैत्यहरूको वध गर्नका लागि उत्साहित गर्ने खालको बुद्धि जागृत गरिदिनुस् ॥७३-८७॥

ऋषिले भने- ॥८८॥ हे महाराज ! महाप्रलयको समयमा भगवान् विष्णुको नाभिकमलमा आसीन प्रजापति ब्रह्माद्वारा जुन देवीको स्तुति भयो, त्यसपछि तामसी महामाया देवी मधु र कैटभ नामक दैत्यलाई वध गर्नका लागि भगवान् विष्णुलाई योगनिद्राबाट जगाउन उद्यत भइन् । भगवान् विष्णुका आँखा, मुख, नाक, हात, हृदय र वक्षःस्थलबाट बाहिर निस्किन् र अव्यक्तजन्मा प्रजापति ब्रह्माका समक्ष उपस्थित भइन् । जब भगवान् विष्णु निद्राबाट जागेपछि उठ्नुभयो र ती मधु-कैटभ नाम गरेका राक्षसहरूलाई देख्नुभयो । ती मधु र कैटभ नामका महादैत्य राता-राता आँखा देखाउँदै ब्रह्मालाई खान उद्धत भए । त्यसपछि भगवान् विष्णु शेषशैय्याबाट उठेर ती दुई दानवहरूका साथ पाँचहजार वर्षसम्म बाहुयुद्ध लड्नु भयो । आफ्नो बलका कारण उन्मत्त बनेका ती दैत्यहरूलाई महामायाले मदोन्मत्त बनाइदिनुभयो, जसका कारण ती दैत्यले भगवान् विष्णुसँग भने- तिमीले हामीसँग जो वर माग्नुछ माग ॥८८-९५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीभगवानुवाच ॥ ९६ ॥

भवेतामद्य मे तुष्टौ मम वध्यावुभावपि ॥ ९७ ॥
किमन्येन वरेणात्र एतावद्धि वृतं मम ॥ ९८ ॥

ऋषिरुवाच ॥ ९९ ॥

वञ्चिताभ्यामिति तदा सर्वमापोमयं जगत् ॥ १०० ॥
विलोक्य ताभ्यां गदितो भगवान् कमलेक्षणः ।
आवां जहि न यत्रोर्वी सलिलेन परिप्लुता ॥ १०१ ॥

ऋषिरुवाच ॥ १०२ ॥

तथेत्युक्त्वा भगवता शङ्खचक्रगदाभृता ।
कृत्वा चक्रेण वै छिन्ने जघने शिरसी तयोः ॥ १०३ ॥
एवमेषा समुत्पन्ना ब्रह्मणा संस्तुता स्वयम् ।
प्रभावमस्या देव्यास्तु भूयः श्रृणु वदामि ते ॥ ऐं ॐ ॥ १०४ ॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये मधुकैटभवधो नाम प्रथमोध्यायः ॥१॥

उवाच १४, अर्धश्लोकाः २४, श्लोकाः ६६, एवमादितः ॥ १०४ ॥

भगवान्ले भन्नुभयो-॥९६॥ यदि तिमी दुई मबाट प्रसन्न छौ भने मलाई यो वर देऊ कि तिमी दुवै मबाट मर । मलाई अरू वरको के खाँचो, मलाई यही वर चाहियो, जसबाट तिमी दुईलाई मार्न सकूँ ॥९७-९८॥

ऋषिले भने- ॥९९॥ यसरी महामायाबाट मोहित दानवहरूले जताततै जलमय संसार देखेपछि भगवान् विष्णुसँग भने- यदि तिमीले हामीलाई मार्ने हो भने जल नभएको ठाउँमा मार । हामी दुई तिम्रो युद्धकौशलबाट प्रसन्न छौं । तिम्रा हातबाट मर्नु हाम्रा लागि पनि श्लाघनीय रहेको छ ॥१००-१०१॥

ऋषिले भने- ॥१०२ ॥ भगवान् विष्णुले पनि तथास्तु भनेर उनीहरूलाई आफ्नो जाँघमा राखेर आफ्नो चक्रका माध्यमद्वारा उनीहरूलाई काट्नुभयो । यसरी स्वयं ब्रह्माद्वारा स्तुति गरिएकी देवी महामाया देवताहरूको कार्यसिद्धिका लागि प्रादुर्भाव भएको कुराको वर्णन मैले गर्दै छु, त्यो कुरा तपाईंहरू सुन्नुहवस् ॥१०३-१०४॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'मधुकैटभ वध' नामक पहिलो अध्याय पूरा भयो ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वितीयोऽध्यायः

देवताहरूको तेजबाट देवीको प्रादुर्भाव र महिषासुरका सेनाहरूको वध

विनियोगः

ॐ मध्यमचरित्रस्य विष्णुर्ऋषिः, महालक्ष्मीर्देवता, उष्णिक् छन्दः, शाकम्भरी शक्तिः, दुर्गा बीजम्, वायुस्तत्त्वम्, यजुर्वेदः स्वरूपम्, श्रीमहालक्ष्मीप्रीत्यर्थं मध्यमचरित्रजपे विनियोगः ।

ध्यानम्

ॐ अक्षस्त्रक्परशुं गदेषु कुलिशं पद्मं धनुष्कुण्डिकां ।
दण्डं शक्तिमसिं च चर्म जलजं घण्टां सुराभाजनम् ॥
शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रसन्नाननां ।
सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ॥

ॐ ह्रीं ऋषिरुवाच ॥ १ ॥

देवासुरमभूद्युद्धं पूर्णमब्दशतं पुरा ।
महिषेऽसुराणामधिपे देवानां च पुरन्दरे ॥२॥
तत्रासुरैर्महावीर्यैर्देवसैन्यं पराजितम् ।
जित्वा च सकलान् देवानिन्द्रोऽभून्महिषासुरः ॥३॥
ततः पराजिता देवाः पद्मयोनिं प्रजापतिम् ।
पुरस्कृत्य गतास्तत्र यत्रेशगरुडध्वजौ ॥४॥
यथावृत्तं तयोस्तद्वन्महिषासुरचेष्टितम् ।
त्रिदशाः कथयामासुर्देवाभिभवविस्तरम् ॥५॥

ॐ, मध्यमचरित्रका विष्णु ऋषि, महालक्ष्मी देवता, उष्णिक् छन्द, शाकम्भरी शक्ति, दुर्गा बीज, वायुतत्त्व र यजुर्वेद स्वरूप हुन् । श्रीमहालक्ष्मीको प्रसन्नताका निमित्त मध्यम चरित्रको पाठ यसको विनियोग हो ।

म कमलको आसनमाथि प्रसन्न चित्तले बसेकी महिषासुरमर्दिनी भगवती महालक्ष्मीको भजन गर्दछु, जसले आफ्नो हातमा अक्षमाला, बन्चरो, गदा, बाण, वज्र, पद्म, धनुष, कुण्डिका, दण्ड, शक्ति, खड्ग, ढाल, शंख, घण्टा, मधुपात्र, शूल, पाश र चक्र लिएकी छिन् ।

ऋषि भन्दछन्– ॥१॥ पूर्वकालमा देवता र राक्षसबीच पूरै सय वर्षसम्म घोर संग्राम भएको थियो । त्यसमा राक्षसका प्रमुख महिषासुर थिए भने देवताका नायक इन्द्र थिए । यो युध्दमा देवताका सेना महाबली राक्षसद्वारा पराजित भए । सम्पूर्ण देवतालाई जितेर महिषासुर इन्द्र बने ॥२–३॥ पराजित बनेका देवता प्रजापति ब्रह्माजीलाई अगाडि लगाएर भगवान् शंकर र विष्णु विराजमान भएको ठाउँमा गए ॥४॥ देवताले महिषासुरको पराक्रम तथा आफूहरूको पराजय भएको सम्पूर्ण विवरण ती दुई देवेश्वरलाई विस्तारपूर्वक बताए ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्येद्राग्न्यनिलेन्दूनां यमस्य वरुणस्य च ।
अन्येषां चाधिकारान् स स्वयमेवाधितिष्ठति ॥६॥
स्वर्गान्निराकृताः सर्वे तेन देवगणा भुवि ।
विचरन्ति यथा मर्त्या महिषेण दुरात्मना ॥७॥
एतद्वः कथितं सर्वममरारिविचेष्टितम् ।
शरणं वः प्रपन्नाः स्मो वधस्तस्य विचिन्त्यताम् ॥८॥
इत्थं निशम्य देवानां वचांसि मधुसूदनः ।
चकार कोपं शम्भुश्च भ्रुकुटीकुटिलाननौ ॥९॥
ततोऽतिकोपपूर्णस्य चक्रिणो वदनात्ततः ।
निश्चक्राम महत्तेजो ब्रह्मणः शंकरस्य च ॥१०॥
अन्येषां चैव देवानां शक्रादीनां शरीरतः ।
निर्गतं सुमहत्तेजस्तच्चैक्यं समगच्छत ॥११॥
अतीव तेजसः कूटं ज्वलन्तमिव पर्वतम् ।
ददृशुस्ते सुरास्तत्र ज्वालाव्याप्तदिगन्तरम् ॥१२॥
अतुलं तत्र तत्तेजः सर्वदेवशरीरजम् ।
एकस्थं तदभून्नारी व्याप्तलोकत्रयं त्विषा ॥१३॥
यदभूच्छाम्भवं तेजस्तेनाजायत तन्मुखम् ।
याम्येन चाभवन् केशा बाहवो विष्णुतेजसा ॥१४॥

उनीहरूले भने–'भगवन् ! महिषासुरले सूर्य, इन्द्र, अग्नि, वायु, चन्द्रमा, यम, वरुण तथा अन्य देवताहरूको पनि अधिकार खोसेर स्वयं सबैको अधिष्ठाता बनेर बसेको छ ॥६॥ दुरात्मा महिषले सम्पूर्ण देवतालाई स्वर्गबाट निकालिदियो । अहिले उनीहरू मनुष्यजस्तै पृथ्वीमा घुम्दै छन् ॥७॥ राक्षसहरूको यो सारा कुकृत्य हामीले यहाँहरूलाई सुनायौं । अब हामी हजुरहरूको शरणमा आएका छौं । उसलाई मार्ने कुनै उपाय सोच्नु पर्‍यो' ॥८॥ यसप्रकार देवताको कुरा सुनेर भगवान् विष्णु र शिव राक्षसहरूसँग खुब रिसाए । उनीहरूको आँखीभुँइ तन्कियो र मुख बांगियो ॥९॥ तब अत्यन्त क्रोधित बनेका चक्रपाणि भगवान् विष्णुको मुखबाट एक महान् तेज प्रकट भयो । यसैगरी ब्रह्मा, शंकर तथा इन्द्र आदि अन्य देवताहरूका शरीरबाट पनि ठूलो संख्यामा तेज उत्पन्न भयो । यो सबै मिलेर एक भयो ॥१०–११॥ धेरै तेजहरूको यो पुञ्ज जाज्वल्यमान पर्वतजस्तै लाग्दथ्यो । देवताहरूले देखे– त्यसको ज्वाला सम्पूर्ण दिशामा फैलिरहेको छ ॥१२॥ सम्पूर्ण देवताहरूको शरीरबाट पैदा भएको त्यो तेजको तुलना कसैसँग गर्न सकिँदैनथ्यो । एकत्रित भएपछि त्यो तेज एक नारीको रूपमा परिणत भयो र आफ्नो प्रकाशद्वारा तीनै लोकमा व्याप्त भएझैं देखियो ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सौम्येन स्तनयोर्युग्मं मध्यं चैन्द्रेण चाभवत् ।
वारुणेन च जङ्घोरू नितम्बस्तेजसा भुवः ॥१५॥
ब्रह्मणस्तेजसा पादौ तदङ्गुल्योऽर्क तेजसा ।
वसूनां च कराङ्गुल्यः कौबेरेण च नासिका ॥१६॥
तस्यास्तु दन्ताः सम्भूताः प्राजापत्येन तेजसा ।
नयनत्रितयं जज्ञे तथा पावकतेजसा ॥१७॥
भ्रुवौ च संध्ययोस्तेजः श्रवणावनिलस्य च ।
अन्येषां चैव देवानां सम्भवस्तेजसां शिवा ॥१८॥
ततः समस्तदेवानां तेजोराशिसमुद्भवाम् ।
तां विलोक्य मुदं प्रापुरमरा महिषार्दिताः ॥१९॥
शूलं शूलाद्विनिष्कृष्य ददौ तस्यै पिनाकधृक् ।
चक्रं च दत्तवान् कृष्णः समुत्पाद्य स्वचक्रतः ॥२०॥
शङ्खं च वरुणः शक्तिं ददौ तस्यै हुताशनः ।
मारुतो दत्तवांश्चापं बाणपूर्णे तथेषुधी ॥२१॥
वज्रमिन्द्रः समुत्पाद्य कुलिशादमराधिपः ।
ददौ तस्यै सहस्राक्षो घण्टामैरावताद् गजात् ॥२२॥

भगवान् शंकरको जुन तेज थियो, त्यसबाट ती देवीको मुख प्रकट भयो । यमराजको तेजबाट उनको शिरमा कपाल उम्रिन पुग्यो । श्रीविष्णु भगवान्को तेजबाट उनका हात उत्पन्न भए ॥१४॥ चन्द्रमाको तेजबाट दुई स्तन र इन्द्रको तेजबाट मध्यभाग (कटिप्रदेश) उत्पन्न भयो । वरुणको तेजबाट जाँघ र पिंडुला तथा पृथ्वीको तेजबाट नितम्ब भाग प्रकट भयो ॥१५॥ ब्रह्माको तेजबाट दुईवटा खुट्टा र सूर्यको तेजबाट उनका औंला उत्पन्न भए । वसुहरूको तेजबाट हातका औंला र कुबेरको तेजबाट नाक प्रकट भयो ॥१६॥ ती देवीका दाँत प्रजापतिको तेजबाट र तीनवटा आँखा अग्निको तेजबाट उत्पन्न भएका थिए ॥१७॥ उनका आँखीभौं सन्ध्या र कान वायुको तेजबाट उत्पन्न भएका थिए । यसप्रकार अन्य देवताहरूको तेजले पनि उनै कल्याणमयी देवीको उत्पत्ति भएको थियो ॥१८॥यसप्रकार सम्पूर्ण देवताहरूको तेजपुञ्जले प्रकट भएकी देवीलाई देखेर महिषासुरबाट सताइएका देवताहरू साह्रै प्रसन्न भए ॥१९॥ पिनाकधारी भगवान् शंकरले आफ्नो त्रिशूलबाट एउटा शूल निकालेर उनलाई दिए । त्यसैगरी भगवान् विष्णुले पनि आफ्नो चक्रबाट चक्र उत्पन्न गरेर भगवतीलाई अर्पण गरे ॥२०॥ वरुणले शंख उपहार दिए भने अग्निले उनलाई शक्ति दिए । त्यसैगरी वायुले धनुष तथा बाणले भरिएको ठोक्रो दिए ॥२१॥ हजार आँखा भएका देवराज इन्द्रले आफ्नो वज्रद्वारा वज्र उत्पन्न गरेर दि एभने ऐरावत हात्तीलाई एउटा घण्ट पनि फुकालेर दिए ॥२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कालदण्डाद्यमो दण्डं पाशं चाम्बुतिर्ददौ ।
प्रजापतिश्चाक्षमालां ददौ ब्रह्मा कमण्डलुम् ॥२३॥
समस्तरोमकूपेषु निजरश्मीन् दिवाकरः ।
कालश्च दत्तवान् खड्गं तस्याश्चर्म च निर्मलम् ॥२४॥
क्षीरोदश्चामलं हारमजरे च तथाम्बरे ।
चूडामणिं तथा दिव्यं कुण्डले कटकानि च ॥२५॥
अर्धचन्द्रं तथा शुभ्रं केयूरान् सर्वबाहुषु ।
नूपुरौ विमलौ तद्वद् ग्रैवेयकमनुत्तमम् ॥२६॥
अङ्गुलीयकरत्नानि समस्तास्वङ्गुलीषु च ।
विश्वकर्मा ददौ तस्यै परशुं चातिनिर्मलम् ॥२७॥
अस्त्राण्यनेकरूपाणि तथाभेद्यं च दंशनम् ।
अम्लानपङ्कजां मालां शिरस्युरसि चापराम् ॥२८॥
अददज्जलधिस्तस्यै पङ्कजं चातिशोभनम् ।
हिमवान् वाहनं सिंहं रत्नानि विविधानि च ॥२९॥
ददावशून्यं सुरया पानपात्रं धनाधिपः ।
शेषश्च सर्वनागेशो महामणिविभूषितम् ॥३०॥
नागहारं ददौ तस्यै धत्ते यः पृथिवीमिमाम् ।
अन्यैरपि सुरैर्देवी भूषणैरायुधैस्तथा ॥३१॥
सम्मानिता ननादोच्चैः साट्टहासं मुहुर्मुहुः ।
तस्या नादेन घोरेण कृत्स्नमापूरितं नभः ॥३२॥

यमराजले कालदण्डबाट दण्ड, वरुणले पाश, प्रजापतिले स्फटिकको माला तथा ब्रह्माजीले कमण्डलु प्रदान गरे ॥२३॥ सूर्यले देवीका संम्पूर्ण रोम कूप (रौँका प्वाल) मा आफ्नो प्रकाशद्वारा किरण फैलाइदिए । कालले चम्किलो ढाल र तरबार दिए ॥२४॥ क्षीरसमुद्रले उज्ज्वल हार र कहिल्यै पुराना नहुने दुई दिव्यवस्त्र उपहार दिए । साथै उनले दिव्य चूडामणि, दुई कुण्डल उज्ज्वल अर्धचन्द्र, सम्पूर्ण हातका लागि केयूर, दुवै खुट्टाका लागि निर्मल पाउजेब, गलामा लगाउने तिलहरी र सबै औँलामा लगाउनका लागि रत्न आभूषणद्वारा बनेका औंठी पनि दिए । विश्वकर्माले उनलाई अत्यन्त निर्मल बञ्चरो प्रदान गरे ॥२५-२७॥ साथै अनेक प्रकारका अस्त्र–शस्त्र र अभेद्य कवच दिए । अझ त्यति मात्र होइन, निधार र वक्षस्थलका लागि कहिल्यै नओइलाउने कमलको माला पनि प्रदान गरे ॥२८॥ जलधिले उनलाई सुन्दर कमलका फूल उपहार दिए । हिमालयले सवारीका लागि सिंह तथा थरीथरीका रत्नहरू समर्पित गरे ॥२९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमायतातिमहता प्रतिशब्दो महानभूत् ।
चुक्षुभुः सकला लोकाः समुद्राश्च चकम्पिरे ॥३३॥
चचाल वसुधा चेलुः सकलाश्च महीधराः ।
जयेति देवाश्च मुदा तामूचुः सिंहवाहिनीम् ॥३४॥
तुष्टुवुर्मुनयश्चैनां भक्तिनम्रात्ममूर्तयः ।
दृष्ट्वा समस्तं संक्षुब्धं त्रैलोक्यममरारयः ॥३५॥
सन्नद्धाखिलसैन्यास्ते समुत्तस्थुरुदायुधाः ।
आः किमेतदिति क्रोधादाभाष्य महिषासुरः ॥३६॥
अभ्यधावत तं शब्दमशेषैरसुरैर्वृतः ।
स ददर्श ततो देवीं व्याप्तलोकत्रयां त्विषा ॥३७॥
पादाक्रान्त्या नतभुवं किरीटोल्लिखिताम्बराम् ।
क्षोभिताशेषपातालां धनुर्ज्यानिःस्वनेन ताम् ॥३८॥
दिशो भुजसहस्रेण समन्ताद् व्याप्य संस्थिताम् ।
ततः प्रववृते युद्धं तया देव्या सुरद्विषाम् ॥३९॥

धनका पति कुबेरले मधुबाट भरिएको पानपात्र दिए । यस पृथ्वीलाई धारण गर्ने सम्पूर्ण नागका राजा शेषले उनलाई बहुमूल्य मणिमाणिक्यहरूबाट विभूषित नागहार प्रदान गरे । यसप्रकार अन्य देवताहरूले पनि आभूषण र अस्त्र–शस्त्र दिएर देवीको सम्मान गरे । त्यसपछि उनले बारम्बार अट्टहासपूर्वक ठूलो स्वरबाट गर्जना गरिन् । त्यो उच्च आवाजले सम्पूर्ण आकाश गुञ्जायमान भयो ॥३०–३२॥ देवीको यो अत्यन्त ठूलो स्वरले सम्पूर्ण पृथ्वी कम्पायमान हुन लागेको आभास भयो । यसबाट सम्पूर्ण विश्वमा हलचल मच्चियो र समुद्रमा ज्वारभाटा उठ्न थाल्यो ॥३३॥ पृथ्वी काँप्न थालिन्, पहाड, पर्वतहरू हल्लिन थाले । त्यस समय देवताहरूले अत्यन्त प्रसन्नताका साथ सिंहवाहिनी भवानीलाई भने– 'हे देवी ! तपाईको जय होस्' ॥३४॥ साथै महर्षिहरूले भक्तिभावबाट विनम्र भएर उनको स्तवन गरे । सम्पूर्ण त्रिलोक त्राहीमाम भएको देखेर राक्षसहरू आफ्ना सम्पूर्ण सेनालाई अस्त्रशस्त्रले सुसज्जित पारी हातमा हतियारहरू बोकेर तम्तयार भएर आए । उक्त समयमा महिषासुरले साह्रै रिसाउँदै भन्यो– 'अहो ! यो के भइरहेको छ ?' सम्पूर्ण दैत्यहरूबाट घेरिएर बसेको उसले त्यो सिंहनाद जब सुन्यो, तब त्यतैतिर सेनासहित ऊ दौडियो । अगाडि पुगेर मात्र उसले देवीलाई देख्यो । देवीमा व्याप्त भएको त्यो किरणले तीनै लोक प्रकाशित भइरहेको थियो ॥३५–३७॥ उनका खुट्टाको भारले पृथ्वीसमेत भासिइरहेको थियो । शिरको मुकुटले आकाशमा रेखा खिचेजस्तै देखिएको थियो । आफ्नो धनुषको टंकारले ती देवी सातै वटा पाताललाई क्षुब्ध गराइरहेकी थिइन् ॥३८॥ देवी आफ्ना हज्जारौं हातद्वारा सम्पूर्ण दिशालाई ढाक्दै उभिइरहेकी थिइन् । त्यसपछि उनीसँग राक्षसको युध्द सुरु भयो ॥३९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शस्त्रास्त्रैर्बहुधा मुक्तैरादीपितदिगन्तरम् ।
महिषासुरसेनानीश्चिक्षुराख्यो महासुरः ॥४०॥
युयुधे चामरश्चान्यैश्चतुरङ्गबलान्वितः ।
रथानामयुतैः षड्भिरुदग्राख्यो महासुरः ॥४१॥
अयुध्यतायुतानां च सहस्रेण महाहनुः ।
पञ्चाशद्भिश्च नियुतैरसिलोमा महासुरः ॥४२॥
अयुतानां शतैः षड्भिर्बाष्कलो युयुधे रणे ।
गजवाजिसहस्रौघैरनेकैः परिवारितः ॥४३॥
वृतो रथानां कोट्या च युद्धे तस्मिन्नयुध्यत ।
बिडालाख्योऽयुतानां च पञ्चाशद्भिरथायुतैः ॥४४॥
युयुधे संयुगे तत्र रथानां परिवारितः ।
अन्ये च तत्रायुतत्रायुतशो रथनागहयैर्वृताः ॥४५॥
युयुधुः संयुगे देव्या सह तत्र महासुराः ।
कोटिकोटिसहस्रैस्तु रथानां दन्तिनां तथा ॥४६॥
हयानां च वृतो युद्धे तत्राभून्महिषासुरः ।
तोमरैर्भिन्दिपालैश्च शक्तिभिर्मुसलैस्तथा ॥४७॥
युयुधुः संयुगे देव्या खड्गैः परशुपट्टिशैः ।
केचिच्च चिक्षिपुः शक्तीः केचित्पाशांस्तथापरे ॥४८॥

नानाप्रकारका अस्त्रशस्त्रको प्रहारले सम्पूर्ण क्षेत्र प्रभावित हुन पुग्यो । चिक्षुर नामको ठूलो असुर महिषासुरको सेनानायक थियो ॥४०॥ ऊ देवीसँग युध्द गर्न लाग्यो । अरू दैत्यका चतुरंगिणी सेनाहरू साथमा लिएर चामर पनि लड्न लाग्यो । साठीहजार रथीहरूलाई साथमा लिएर उदग्र नामको महादैत्य बलशाली भएर लड्यो ॥४१॥ एक करोड रथीहरू साथमा लिएर महाहनु नामक दैत्य युध्द गर्न लाग्यो । तरबारजस्तै तिखा रौँ भएको असिलोमा नामक महादैत्य पाँच करोड रथी सैनिकसहित युध्दमा डटेर आयो ॥४२॥ साठी लाख रथीहरूले घेरिएर बाष्कल नामको दैत्य त्यस युध्दमा लड्न लाग्यो । परिवारित नामको राक्षस हात्ती र घोडामा चढेका अनेक दल र रथीहरू साथ लिएर युध्द गर्न लाग्यो । बिडाल नामको दैत्य पाँच अरब रथले घेरिएर साहसिक युध्द गर्न थाल्यो । यस बाहेक अरू पनि हजारौं महादैत्य रथ, हात्ती र घोडासहित सेना लिएर देवीसँग युध्द गर्न लागे । स्वयं महिषासुर त्यस रणभूमिमा कोटी-कोटी सहस्र रथ, हात्ती र घोडासहितका सेनाद्वारा घेरिएर बसेको थियो । देवीमाथि तमोर, भिन्दिपाल, शक्ति, मुसल, खड्ग, परशु र पट्टिश आदि अस्त्रशस्त्रले प्रहार गर्दै युध्द गरिरहेका थिए । केही दैत्यहरूले देवीमाथि शक्तिको प्रहार गरे, कसैले पाश फ्याँके ॥४३-४८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवीं खड्गप्रहारैस्तु ते तां हन्तुं प्रचक्रमुः ।
सापि देवी ततस्तानि शस्त्राण्यस्त्राणि चण्डिका ॥४९॥
लीलयैव प्रचिच्छेद निजशस्त्रास्त्रवर्षिणी ।
अनायस्तानना देवी स्तूयमाना सुरर्षिभिः ॥५०॥
मुमोचासुरदेहेषु शस्त्राण्यस्त्राणि चेश्वरी ।
सोपि क्रुद्धो धुतसटो देव्या वाहनकेसरी ॥५१॥
चचारासुरसैन्येषु वनेष्विव हुताशनः ।
निःश्वासान् मुमुचे यांश्च युध्यमाना रणेऽम्बिका ॥५२॥
त एव सद्यः सम्भूता गणाः शतसहस्रशः ।
युयुधुस्ते परशुभिर्भिन्दिपालासिपट्टिशैः ॥५३॥
नाशयन्तोऽसुरगणान् देवीशक्त्युपबृंहिताः ।
अवादयन्त पटहान् गणाः शङ्खांस्तथापरे ॥५४॥
मृदङ्गांश्च तथैवान्ये तस्मिन्युद्धमहोत्सवे ।
ततो देवी त्रिशूलेन गदया शक्तिवृष्टिभिः ॥५५॥
खड्गादिभिश्च शतशो निजघान महासुरान् ।
पातयामास चैवान्यान् घण्टास्वनविमोहितान् ॥५६॥
असुरान् भुवि पाशेन बद्ध्वा चान्यानकर्षयत् ।
केचिद् द्विधा कृतास्तीक्ष्णैः खड्गपातैस्तथापरे ॥५७॥

कुनै दैत्यले खड्गले प्रहार गरेर देवीलाई मार्ने प्रयत्न गरे । देवीले पनि रिसाउँदै विभिन्न अस्त्र-शस्त्रको वर्षा गराउँदै उनीहरूका शस्त्र-अस्त्रलाई काट्दै गइन् । उनको अनुहारमा परिश्रम तथा थकावटको लेस पनि थिएन । देवता र ऋषिहरू उनको स्तुति गर्दै थिए र भगवती परमेश्वरी दैत्यको शरीरमा अस्त्र शस्त्रहरू वर्षाइरहेकी थिइन् । देवीको वाहन सिंह पनि क्रोधमा आएर गर्धनको रौ हल्लाइरहेको थियो । असुरहरू महसुस गरिरहेका थिए कि वनमा ठूलो डढेलो लागिरहेको छ । रणभूमिमा दैत्यसँग युध्द गरिरहेकी अम्बिकादेवीले जति श्वास छाड्थिन्, ती सबै तत्काल सैकडौं, हज्जारौं गणका रुपमा प्रकट हुन्थे र परशु, भिन्दिपाल, खड्ग तथा पट्टिश आदि अस्त्रशस्त्रद्वारा असुरको समना गर्न थाल्थे ॥४९-५३॥ देवीको शक्तिबाट बनेको त्यो गण असुरलाई नाश गर्दै नगाडा र शंख बजाइरहेको थियो ॥५४॥ त्यो संग्राम-महोत्सवमा कति गणहरू मृदंग बजाइरहेका थिए । त्यसपछि देवीले त्रिशूल, गदा र खड्गबाट शक्तिशाली प्रहारहरू गर्दै सैकडौं महादैत्यहरूको संहार गरिन् । कत्ति त घण्टको भयंकर आवाजले मुर्च्छित भएर पनि मरे ॥५५-५६॥ धेरै दैत्यहरूलाई पाशले बाँधेर पनि जमीनमा घिसारियो । कति दैत्य त उनको तीखो तरबारले टुक्रा-टुक्रा भए ॥५७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विपोथिता निपातेन गदया भुवि शेरते।
वेमुश्च केचिद्रुधिरं मुसलेन भृशं हताः ॥५८॥
केचिन्निपतिता भूमौ भिन्नाः शूलेन वक्षसि।
निरन्तराः शरौघेण कृताः केचिद्रणाजिरे ॥५९॥
श्येनानुकारिणः प्राणान् मुमुचुस्त्रिदशार्दनाः।
केषांचिद् बाहवश्छिन्नाश्छिन्नग्रीवास्तथापरे ॥६०॥
शिरांसि पेतुरन्येषामन्ये मध्ये विदारिताः।
विच्छिन्नजङ्घास्त्वपरे पेतुरुर्व्यां महासुराः ॥६१॥
एकबाह्वक्षिचरणाः केचिद्देव्या द्विधा कृताः।
छिन्नेऽपि चान्ये शिरसि पतिताः पुनरुत्थिताः ॥६२॥
कबन्धा युयुधुर्देव्या गृहीतपरमायुधाः।
ननृतुश्चापरे तत्र युद्धे तूर्यलयाश्रिताः ॥६३॥
कबन्धाश्छिन्नशिरसः खड्गशक्त्यृष्टिपाणयः।
तिष्ठ तिष्ठेति भाषन्तो देवीमन्ये महासुराः ॥६४॥
पातितै रथनागाश्वैरसुरैश्च वसुन्धरा।
अगम्या साभवत्तत्र यत्राभूत्स महारणः ॥६५॥
शोणितौघा महानद्यः सद्यस्तत्र प्रसुस्रुवुः।
मध्ये चासुरसैन्यस्य वारणासुरवाजिनाम् ॥६६॥

कति गदाको चोटले घायल भएर पृथ्वीमा सुते । कति मुसलको मारले अत्यन्त पीडित भएर रगत छाद्न लागे । कुनै दैत्यको शूलले छाती चिरिएर रगत बगाउँदै जमीनमा ढले । त्यो रणभूमिमा बाणहरूको वृष्टिले धेरै असुरहरूको कम्मर टुट्यो ॥५८–५९॥ देवताहरूलाई पीडा दिने दैत्यगणहरू बाजले परेवामाथि झम्टिएझैं आफ्नो प्राण आहुति गर्दै थिए । कतिको छाती छिन्नभिन्न भयो भने कतिको हात र गर्धन काटियो । कतिको शरीरको मध्यभाग नै विदीर्ण भयो भने कतिको हात, खुट्टा र जाँघ काटिएकाले भुइँमा ढल्न पुगे । कतिलाई त देवीले एक हात, एक खुट्टा र एक आँखा अंगभंग गराई दुई टुक्रामा चिरिदिइन् । कति दैत्यको शिर काटिएकाले भुंइमा लड्थे र फेरि गौंडमात्रै भएर पनि राम्रा–राम्रा हतियार हातमा लिएर देवीसँग युध्द गर्न जान्थे । अरू हतियारधारी योध्दाहरू पनि बाणको वर्षासँगै नाचिरहेझैं महसुस हुन्थ्यो ॥६०–६३॥ कति त शिर नै नभएको गौंड मात्रको शरीरले हातमा खड्ग, शक्ति र ऋष्टि लिएर दौडिदै 'पर्ख–पर्ख' भन्दै देवीलाई युध्दका लागि ललकार्थे । जहाँ यस्तो घोर संग्राम भएको थियो, त्यो धरती लडेका रथ, मरेका लाश, हात्ती र घोडाका मृत शरीरले वरपर गर्न समेत असम्भव हुन थालेको थियो ॥६४–६५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्षणेन तन्महासैन्यमसुराणां तथाम्बिका ।
निन्ये क्षयं यथा वह्निस्तृणदारुमहाचयम् ॥६७॥
स च सिंहो महानादमुत्सृजन्धुतकेसरः ।
शरीरेभ्योऽमरारीणामसूनिव विचिन्वति ॥६८॥
देव्या गणैश्च तैस्तत्र कृतं युद्धं महासुरैः ॥
यथैषां तुतुषुर्देवाः पुष्पवृष्टिमुचो दिवि ॥ॐ॥६९॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये महिषासुरसैन्यवधो नाम द्वितीयोऽध्यायः ॥२॥

उवाच १, श्लोकाः ६८, एवम् ६९, एवमादितः ॥ १७३ ॥

दैत्यको सेनामा हात्ती, घोडा र असुरको शरीरबाट यति धेरै मात्रामा रगत बगेको थियो कि केही क्षणमै रगतका ठूला-ठूला नदी नै बग्न थालेका थिए ॥६६॥ जगदम्बाले असुरको ठूलो सेनाको क्षणभरमै नाश गरिदिइन्, जसरी त्यान्द्रो वा काठको भारी आगोको ज्वालाले क्षणभरमै भस्म गरिदिन्छ ॥६७॥ सिंह पनि गर्धन हल्लाई-हल्लाई ठूलो-ठूलो स्वरले गर्जना गरिरहेको थियो, मानौं दैत्यको शरीरबाट उसले छानी-छानी प्राण लिइरहेको छ ॥६८॥ उता देवीका गणले पनि महादैत्यसँग यस्तो युध्द गरे, जसले गर्दा आकाशमा उभिएका देवताहरू साह्रै हर्षित भएर फूल वर्षाउन लागे ॥६९॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'महिषासुरसैन्य वध' नामक दोस्रो अध्याय पूरा भयो ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तृतीयोऽध्यायः

सेनापतिहरूसहित महिषासुरको वध

ध्यानम्

ॐ उद्यद्भानुसहस्रकान्तिमरुणक्षौमां शिरोमालिकां ।
रक्तालिप्तपयोधरां जपवटीं विद्यामभीतिं वरम् ॥
हस्ताब्जैर्दधतीं त्रिनेत्रविलसद्वक्त्रारविन्दश्रियं ।
देवीं बद्धहिमांशुरत्नमुकुटां वन्देऽरविन्दस्थिताम् ॥

ॐ ऋषिरुवाच ॥ १ ॥

निहन्यमानं तत्सैन्यमवलोक्य महासुरः ।
सेनानीश्चिक्षुरः कोपाद्ययौ योद्धुमथाम्बिकाम् ॥२॥
स देवीं शरवर्षेण ववर्ष समरेसुरः ।
यथा मेरुगिरेः श्रृङ्गं तोयवर्षेण तोयदः ॥३॥
तस्यच्छित्वा ततो देवी लीलयैव शरोत्करान् ।
जघान तुरगान् बाणैर्यन्तारं चैव वाजिनाम् ॥४॥
चिच्छेद च धनुः सद्यो ध्वजं चातिसमुच्छ्रितम् ।
विव्याध चैव गात्रेषु छिन्नधन्वानमाशुगैः ॥५॥
सच्छिन्नधन्वा विरथो हताश्वो हतसारथिः ।
अभ्यधावत तां देवीं खड्गचर्मधरोऽसुरः ॥६॥

जगदम्बाको श्रीअंगको कान्ति उदयकालका सहस्र सूर्यसमान छ। उनी रातो रंगको रेशमी सारीमा सजिएकी छन्। उनको गलालाई मुण्डमालाले सुशोभित तुल्याइरहेको छ। दुईवटै स्तनमा रक्तचन्दनको लेप लागेको छ। उनी आफ्ना करकमलमा जपमालिका, विद्या र अभय तथा वर नामक मुद्रा धारण गर्छिन्। तीन आँखाले सुशोभित उनको मुखारविन्दले साह्रै शोभा प्रदान गरेको हुन्छ। उनको निधारमाथि चन्द्रमाझैं रत्नमय मुकुट बाँधिएको हुन्छ भने कमलको आसनमाथि उनी विराजमान छिन्। यस्ती देवीलाई म भक्तिपूर्वक प्रणाम गर्दछु।

ऋषि भन्छन्– ॥१॥ दैत्यका सेनाको यसप्रकार तहस–नहस भएको देखेर महादैत्य सेनापति चिक्षुर रिसले मुर्मुरिंदै अम्बिकादेवीसँग युध्द गर्न अगाडि बढ्यो ॥२॥ त्यो दैत्यले रणभूमिमा देवीमाथि यसरी बाण वर्षाउन थाल्यो, जसरी बादल पहाडमा मुसलधारे पानीको वर्षा गराउँछ ॥३॥ देवीले पनि आफ्नो बाणले उसका बाण काटेर घोडा तथा सारथीलाई मारिदिइन् ॥४॥ उसको धनुष र अग्लो ध्वजालाई पनि तत्कालै काटेर झारिदिइन् । धनुष काटिएपछि उसको अंगलाई आफ्नो बाणले चिरा पारिन् ॥५॥ धनुष, रथ, घोडा र सारथी नष्ट भइसकेकाले त्यो असुर अब ढाल र तरबार लिएर देवी भएतिर दौडिन थाल्यो ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहमाहत्य खड्गेन तीक्ष्णधारेण मूर्धनि ।
आजघान भुजे सव्ये देवीमप्यतिवेगवान् ॥७॥
तस्याः खड्गो भुजं प्राप्य पफाल नृपनन्दन ।
ततो जग्राह शूलं स कोपादरुणलोचनः ॥८॥
चिक्षेप च ततस्तत्तु भद्रकाल्यां महासुरः ।
जाज्वल्यमानं तेजोभी रविबिम्बमिवाम्बरात् ॥९॥
दृष्ट्वा तदापतच्छूलं देवी शूलममुञ्चत ।
तच्छूलं शतधा तेन नीतं स च महासुरः ॥१०॥
हते तस्मिन्महावीर्ये महिषस्य चमूपतौ ।
आजगाम गजारूढश्चामरस्त्रिदशार्दनः ॥११॥
सोऽपि शक्तिं मुमोचाथ देव्यास्तामम्बिका द्रुतम् ।
हुंकाराभिहतां भूमौ पातयामास निष्प्रभाम् ॥१२॥
भग्नां शक्तिं निपतितां दृष्ट्वा क्रोधसमन्वितः ।
चिक्षेप चामरः शूलं बाणैस्तदपि साच्छिनत् ॥१३॥
ततः सिंहः समुत्पत्य गजकुम्भान्तरे स्थितः ।
बाहुयुद्धेन युयुधे तेनोच्चैस्त्रिदशारिणा ॥१४॥
युद्ध्यमानौ ततस्तौ तु तस्मान्नागान्महीं गतौ ।
युयुधातेऽतिसंरब्धौ प्रहारैरतिदारुणैः ॥१५॥

उसले तीखो दाँत भएको तरबारबाट सिंहको निधारमाथि चोट लगाउँदै देवीको पनि बायाँ हातमा प्रहार गर्‍यो ॥७॥ हे राजन ! देवीको बाहुमा पुग्नासाथै त्यो तरबार टुक्रा भयो, अब राक्षसले रिसले राता-राता आँखा बनाउँदै शूल हातमा लियो ॥८॥ त्यस महादैत्यले उक्त शूल भगवती भद्रकालीमाथि चलायो । शूल आकाशमा पुग्नासाथ सूर्यमण्डलजस्तै आफ्नो तेजले प्रकाशित भयो ॥९॥ त्यो शूल आफूतिर आएको देख्नासाथ देवीले पनि शूलकै प्रहार गरिन् । त्यसले राक्षसको शूललाई टुक्रा-टुक्रा पारिदियो । देवीको यस कार्यले महादैत्य चिक्षुरको धज्जी उड्नुका साथैसाथै उसले आफ्नो प्राणसमेत त्याग्नुपर्‍यो ॥१०॥ महिषासुरको सेनापति त्यस पराक्रमी चिक्षुर मरेको हुँदा अब देवतालाई पीडा दिने चामर हात्तीमाथि चढेर आयो । उसले देवीमाथि शक्तिको प्रयोग गर्‍यो । तर जगदम्बाले त्यसलाई आफ्नो हुँकारबाटै आहत र निष्प्रभावित बनाएर पृथ्वीमा झारिदिइन् ॥११-१२॥ शक्ति टुटेर झरेको देखेपछि चामर साह्रै रिसायो । अब उसले शूल प्रहार गर्‍यो, तर देवीले त्यसलाई पनि आफ्नो बाणले काटिदिइन् ॥१३॥ यत्तिकैमा देवीको सिंह उफ्रिएर चामर चढेको हात्तीको निधारमाथि चढेर बस्यो र त्यो दैत्यसँग खुब जोडका साथ बाहुयुध्द गर्न थाल्यो ॥१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततो वेगात् खमुत्पत्य निपत्य च मृगारिणा ।
करप्रहारेण शिरश्चामरस्य पृथक्कृतम् ॥१६॥
उदग्रश्च रणे देव्या शिलावृक्षादिभिर्हतः ।
दन्तमुष्टितलैश्चैव करालश्च निपातितः ॥१७॥
देवी क्रुद्धा गदापातैश्चूर्णयामास चोद्धतम् ।
वाष्कलं भिन्दिपालेन बाणैस्ताम्रं तथान्धकम् ॥१८॥
उग्रास्यमुग्रवीर्यं च तथैव च महाहनुम् ।
त्रिनेत्रा च त्रिशूलेन जघान परमेश्वरी ॥१९॥
बिडालस्यासिना कायात्पातयामास वै शिरः ।
दुर्धरं दुर्मुखं चोभौ शरैर्निन्ये यमक्षयम् ॥२०॥
एवं संक्षीयमाणे तु स्वसैन्ये महिषासुरः ।
माहिषेण स्वरूपेण त्रासयामास तान् गणान् ॥२१॥
काश्चित्तुण्डप्रहारेण खुरक्षेपैस्तथापरान् ।
लाङ्गूलताडितांश्चान्याञ्छृङ्गाभ्यां च विदारितान् ॥२२॥
वेगेन कांश्चिदपरान्नादेन भ्रमणेन च ।
निःश्वासपवनेनान्यान् पातयामास भूतले ॥२३॥
निपात्य प्रमथानीकमभ्यधावत सोऽसुरः ।
सिंहं हन्तुं महादेव्याः कोपं चक्रे ततोऽम्बिका ॥२४॥

ती दुवै युध्द गर्दागर्दै हात्तीबाट पृथ्वीमा झरे र अत्यन्त रिसले एक दोस्रोसँग भयंकर युध्द गर्न लागे ॥१५॥ त्यसपछि सिंह साह्रै वेगले आकाशतिर उफ्र्यो र आकाशबाट भुँइमा झर्दा चामरको सिर आफ्नो पञ्जाले शरीरबाट अलग गरिदियो ॥१६॥ यसैगरी उदग्र, शिला र वृक्ष आदि समेत मार खाएर रणभूमिमा देवीको हातबाट मारिए । कराल पनि मुक्का र थप्पडका अनेकौं चोटले धराशायी हुन पुग्यो ॥१७॥ रिसले आगो भएकी देवीले गदाको चोटबाट उध्दतको घमण्ड तोडिदिइन् । भिन्दिपालले वाष्कललाई तथा बाणले ताम्र र अन्धकलाई मारिदिइन् ॥१८॥ तीन आँखा भएकी परमेश्वरीले त्रिशूलले उग्रास्य, उग्रवीर्य तथा महाहनु नाम गरेका दैत्यहरूलाई मारिन् ॥१९॥ तरबारको चोटले विडालको गर्धन काटियो भने दुर्धर र दुर्मुख यी दुवैलाई पनि आफ्नो बाणबाट यमलोक पठाइदिइन् ॥२०॥ यसप्रकार आफ्नो सेनाको संहार भएको देखेर महिषासुरले भैंसीको रूप धारण गरेर देवीका गणलाई तर्साउन थाल्यो ॥२१॥ कतिलाई थुत्तुनाले मारिदियो, कतिलाई अगाडिको खुरले कुल्चिएर, कतिलाई पुच्छरले चोट पुर्‍याउन थाल्यो, कतिलाई सिँगले विदीर्ण गरायो, कतिलाई सिंहनादले त कतिलाई धक्का दिएर पल्टाउन थाल्यो ॥२२-२३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सोऽपि कोपान्महावीर्यः खुरक्षुण्णमहीतलः ।
श्रृंगाभ्यां पर्वतानुच्चांश्चिक्षेप च ननाद च ॥२५॥
वेगभ्रमणविक्षुण्णा मही तस्य व्यशीर्यत ।
लाङ्गूलेनाहतश्चाब्धिः प्लावयामास सर्वतः ॥२६॥
धुतश्रृङ्गविभिन्नाश्च खण्डं खण्डं ययुर्घनाः ।
श्वासानिलास्ताः शतशो निपेतुर्नभसोऽचलाः ॥२७॥
इति क्रोधसमाध्मातमापतन्तं महासुरम् ।
दृष्ट्वा सा चण्डिका कोपं तद्वधाय तदाकरोत् ॥२८॥
सा क्षिप्त्वा तस्य वै पाशं तं बबन्ध महासुरम् ।
तत्याज माहिषं रूपं सोऽपि बद्धो महामृधे ॥२९॥
ततः सिंहोऽभवत्सद्यो यावत्तस्याम्बिका शिरः ।
छिनत्ति तावत्पुरुषः खड्गपाणिरदृश्यत ॥३०॥
तत एवाशु पुरुषं देवी चिच्छेद सायकैः ।
तं खड्गचर्मणा सार्धं ततः सोऽभून्महागजः ॥३१॥
करेण च महासिंहं तं चकर्ष जगर्ज च ।
कर्षतस्तु करं देवी खड्गेन निरकृन्तत ॥३२॥
ततो महासुरो भूयो माहिषं वपुरास्थितः ॥
तथैव क्षोभयामास त्रैलोक्यं सचराचरम् ॥३३॥

यसप्रकारले गणका सेनालाई हराउँदै त्यो असुर महादेवीको सिंहलाई मार्नका लागि झम्टन पुग्यो । यसले जगदम्बालाई क्रोधित तुल्यायो ॥२४॥ यता महापराक्रमी महिषासुर पनि उत्तिकै क्रोधित भएर पृथ्वीलाई आफ्ना खुरले कोट्याउन थाल्यो, सिँगले अग्ला-अग्ला पर्वतहरूलाई उठाएर फ्याँक्न थाल्यो र गर्जन गर्न लाग्यो ॥२५॥ उक्त वेगका कारण पृथ्वी पनि फाट्न थाल्यो, धरती पनि समुद्रमा डुब्न लाग्यो ॥२६॥ सिंगको आघातले बादल पनि टुक्रा-टुक्रा भयो । उसको श्वासको प्रचण्ड वेगले मात्र सैकडौं पर्वतहरू झर्न थाले ॥२७॥ यसरी रिसले भरिएको महादैत्य आफूतिर आएको देखेर चण्डिका अझ उग्र भइन् ॥२८॥ उनले पाश फ्याँकेर त्यस असुरलाई बाँधिन् । महासंग्राममा बाँधिएकाले उसले आफ्नो भैँसीको रूप त्यागिदियो ॥२९॥ अब ऊ सिंहका रूपमा प्रकट भयो । त्यही अवस्थामै जगदम्बा जब उसको गर्धन काट्नका लागि उद्यत भइन्, तत्काल ऊ खड्गधारी पुरुषका रूपमा देखिन पुग्यो ॥३०॥ अब देवीले तत्काल बाण वर्षाउँदै ढाल र तरबारका साथ त्यस पुरुषलाई पनि विदीर्ण पारिन् । यत्तिकैमा ऊ अब महान् गजराजका रूपमा फेरि परिणत भयो ॥३१॥ आफ्नो सुँडले देवीको विशाल सिंहलाई तान्दै गर्जन थाल्यो । यसरी जब उसले तान्दै थियो, देवीले तत्कालै त्यसको सुँड काटिदिइन् ॥३२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः क्रुद्धा जगन्माता चण्डिका पानमुत्तमम् ।
पपौ पुनः पुनश्चैव जहासारुणलोचना ॥३४॥
ननर्द चासुरः सोऽपि बलवीर्यमदोद्धतः ।
विषाणाभ्यां च चिक्षेप चण्डिकां प्रति भूधरान् ॥३५॥
सा च तान् प्रहितांस्तेन चूर्णयन्ती शरोत्करैः ।
उवाच तं मदोद्धूतमुखरागाकुलाक्षरम् ॥३६ ॥

देव्युवाच ॥३७॥

गर्ज गर्ज क्षणं मूढ मधु यावत्पिबाम्यहम् ।
मया त्वयि हतेऽत्रैव गर्जिष्यन्त्याशु देवताः ॥३८॥

ऋषिरुवाच ॥३९॥

एवमुक्त्वा समुत्पत्य साऽऽरूढा तं महासुरम् ।
पादेनाक्रम्य कण्ठे च शूलेनैनमताडयत् ॥४०॥
ततः सोऽपि पदाऽऽक्रान्तस्तया निजमुखात्ततः ।
अर्धनिष्क्रान्त एवासीद् देव्या वीर्येण संवृतः ॥४१॥
अर्धनिष्क्रान्त एवासौ युध्यमानो महासुरः ।
तया महासिना देव्या शिरश्छित्त्वा निपातितः ॥४२ ॥
ततो हाहाकृतं सर्वं दैत्यसैन्यं ननाश तत् ।
प्रहर्षं च परं जग्मुः सकला देवतागणाः ॥४३॥

त्यसपछि त्यो महादैत्यले फेरि भैंसीकै रूप धारण गरेर पहिलेझैँ चराचर प्राणीसहित तीनै लोकलाई व्याकुल गर्न थाल्यो ॥३३॥ क्रोधमा आएर जगन्माता चण्डिका बारम्बार राता-राता आँखा बनाउँदै हाँस्न लागिन् ॥३४॥ यता ऊ बल र पराक्रमका साथ मदले उन्मत्त भएर आफ्नो सिंगले चण्डीकै नजिक पर्वतहरू फ्याँक्न लाग्यो ॥३५॥ त्यस समय देवी आफ्ना बाणहरू सम्पूर्ण फ्याँकेर त्यस पहाडलाई धुजा-धुजा बनाउँदै बोल्न लागिन् । बोल्दा उनको मुख मधुको मदले रातो भएको थियो र बोली लरखराएको थियो ॥३६॥ **देवीले भनिन् –**॥३७॥ ओ मूर्ख ! म जबसम्म मधु पिउँछु, तबसम्म तँ क्षणभरका लागि खुब करा । मेरा हातबाट तेरो मृत्यु भएपछि छिटै देवताहरू पनि खुसी हुनेछन् ॥३८॥ **ऋषि भन्छन् –**॥३९॥ यति भनेर देवी उठिन् र त्यो दैत्यमाथि चढिन् । त्यसपछि आफ्नो खुट्टाले कुल्चिँदै उनले शूलले त्यसको घाँटीमा प्रहार गरिन् ॥४०॥ उनको खुट्टाले थिचिएको भए पनि महिषासुर आफ्नो मुखका माध्यमले दोस्रो रूपमा बाहिर आउन खोज्दै थियो । ऊ आधा शरीरबाट पनि बाहिर निक्लन खोज्दै थियो, तर देवीले आफ्नो प्रभावबाट त्यसलाई रोकिदिइन् ॥४१॥ यति हुँदाहुँदै पनि त्यो महादैत्य देवीसँग युध्द गर्दै थियो । अब देवीले साह्रै ठूलो तलबारले त्यसको गर्धन काटिदिइन् ॥४२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तुष्टुवुस्तां सुरा देवीं सह दिव्यैर्महर्षिभिः ।
जगुर्गन्धर्वपतयो ननृतुश्चाप्सरोगणाः॥ॐ॥४४॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये महिषासुरवधो नाम तृतीयोऽध्यायः ॥३॥

उवाच ३, श्लोकाः ४१, एवम् ४४, एवमादितः ॥ २१७ ॥

तब हाहाकार गर्दै दैत्यका सम्पूर्ण सेनाहरू भाग्न थाले, देवताहरू साह्रै प्रसन्न भए ॥४३॥ देवताहरूले दिव्य महर्षिहरूका साथ दुर्गादेवीको स्तवन गरे । गन्धर्वराज गीत गाउन थाले भने अप्सराहरू नाच्न लागे ॥४४॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'महिषासुरवध' नामक तेस्रो अध्याय पूरा भयो ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चतुर्थोऽध्यायः

इन्द्रादि देवताहरूद्वारा देवीको स्तुति

ध्यानम्

ॐ कालाभ्राभां कटाक्षैररिकुलभयदां मौलिबद्धेन्दुरेखां।
शंखं चक्रं कृपाणं त्रिशिखमपि करैरुद्वहन्तीं त्रिनेत्राम् ॥
सिंहस्कन्धाधिरूढां त्रिभुवनमखिलं तेजसा पूरयन्तीं।
ध्यायेद् दुर्गां जयाख्यां त्रिदशपरिवृतां सेवितां सिद्धिकामैः ॥

ॐ ऋषिरुवाच ॥ १ ॥

शक्रादयः सुरगणा निहतेऽतिवीर्ये
तस्मिन्दुरात्मनि सुरारिबले च देव्या ॥
तां तुष्टुवुः प्रणतिनम्रशिरोधरांसा
वाग्भिः प्रहर्षपुलकोद्गमचारुदेहाः ॥२॥
देव्या यया ततमिदं जगदात्मशक्त्या
निश्शेषदेवगणशक्तिसमूहमूर्त्या।
तामम्बिकामखिलदेवमहर्षिपूज्यां
भक्त्या नताःस्म विदधातु शुभानि सा नः ॥३॥
यस्याः प्रभावमतुलं भगवाननन्तो
ब्रह्मा हरश्च न हि वक्तुमलं बलं च।

सिध्दिको इच्छा गर्ने पुरुषले जसको सेवा गर्दछन्, अथवा देवता जसलाई नजिकबाट घेरेर राख्दछन्, उनी 'जया' नामकी दुर्गादेवी हुन् र हामी उनको ध्यान गरौं । उनको अंगको रंग कालो छ, उनी आफ्नो हेराइले नै शत्रुहरूलाई डर पैदा गराउने क्षमता राख्छिन् । उनको निधारमा चन्द्रमाको रेखाले झैं शोभा पाइरहेको हुन्छ । उनी हातमा शंख, चक्र, कृपाण र त्रिशूल लिने गर्छिन् । उनका तीन आँखा छन् र सिंहको काँधमाथि चढेर आफ्नो तेजले तीनै लोकलाई परिपूर्ण गरिरहेकी हुन्छिन् ।

ऋषि भन्छन् –॥१॥ अत्यन्त पराक्रमी दुरात्मा महिषासुर तथा उनको दैत्य सेनालाई देवीले मारेपछि इन्द्र आदि देवताहरू प्रणामका लागि शिर झुकाएर उनै भगवती दुर्गाका उत्तम वचनको स्तवन गर्न थाले । त्यस समय उनको सुन्दर अंगमा हर्षका कारण रोमाञ्च पैदा भइरहेको थियो ॥२॥ देवताहरूले भने–'सम्पूर्ण देवताहरूको शक्तिको समुदाय नै जसको शरीर छ, त्यस्ती देवीले आफ्नो शक्तिबाट सम्पूर्ण जगत्लाई व्याप्त गरिरहनु भएको छ । समस्त देवता र महर्षिहरूकी पूजनीया उनै जगदम्बालाई हामी भक्तिपूर्वक नमस्कार गर्दछौं । हाम्रो कल्याण गर्नुहोस् ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सा चण्डिकाखिलजगत्परिपालनाय
नाशाय चाशुभभयस्य मतिं करोतु ॥४॥
या श्रीः स्वयं सुकृतिनां भवनेष्वलक्ष्मीः
पापात्मनां कृतधियां हृदयेषु बुद्धिः ।
श्रद्धा सतां कुलजनप्रभवस्य लज्जा
तां त्वां नताः स्म परिपालय देवि विश्वम् ॥५॥
किं वर्णयाम तव रूपमचिन्त्यमेतत्
किं चातिवीर्यमसुरक्षयकारि भूरि ।
किं चाहवेषु चरितानि तवाद्भुतानि
सर्वेषु देव्यसुरदेवगणादिकेषु ॥६॥
हेतुः समस्तजगतां त्रिगुणापि दोषै-
र्न ज्ञायसे हरिहरादिभिरप्यपारा ।
सर्वाश्रयाखिलमिदं जगदंशभूत
मव्याकृता हि परमा प्रकृतिस्त्वमाद्या ॥७॥
यस्याः समस्तसुरता समुदीरणेन
तृप्तिं प्रयाति सकलेषु मखेषु देवि ।
स्वाहासि वै पितृगणस्य च तृप्तिहेतु-
रुच्चार्यसे त्वमत एव जनैः स्वधा च ॥८॥

जसको अनुपम प्रभाव र बलको वर्णन गर्नमा भगवान् शेषनाग, ब्रह्माजी तथा महादेवजी पनि समर्थ हुनुहुन्न, तिनै भगवती चण्डिका सम्पूर्ण जगत्को पालन गरी खराबीलाई नाश गर्न सक्नुहुन्छ ॥४॥ पुण्यात्माका घरमा स्वयं उहाँ लक्ष्मीका रूपमा, पापीकहाँ दरिद्रका रूपमा, शुध्द अन्तःकरण भएका व्यक्तिका लागि हृदयमा बुध्दिका रूपमा, सत्पुरुषका लागि श्रध्दाका रूपमा तथा कुलीन मानिसमा लज्जाका रूपमा उहाँ बस्नुहुन्छ, उनै दुर्गामातालाई हामी नमस्कार गर्दछौं । देवी ! तपाईं सम्पूर्ण विश्वको पालन गर्नुहोस् ॥५॥ देवी ! तपाईंको यो अचिन्त्य रूपको, असुरको नाश गर्ने ठूलो पराक्रमको तथा समस्त देवताहरूको उध्दार गर्दै दैत्यसामु देखाएको अद्भुत क्षमताको हामी कुनै पनि प्रकारले वर्णन गर्न सक्दैनौं ॥६॥ तपाईं सम्पूर्ण जगत्को उत्पत्तिको कारण हुनुहुन्छ । तपाईंमा सत्वगुण, रजोगुण र तमोगुण यी तीनै गुण विद्यमान् छन् । भगवान् विष्णु र महादेव पनि यहाँभन्दा माथि जान सक्नुहुन्न । तपाईं नै सबैकी आश्रयदाता हुनुहुन्छ । सम्पूर्ण जगत् तपाईंको अंशस्वरूप रहेको छ, किनभने तपाईं सबैकी आदिभूत अव्याकृता परा प्रकृति हुनुहुन्छ ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

या मुक्तिहेतुरविचिन्त्यमहाव्रता त्व-
मभ्यस्यसे सुनियतेन्द्रियतत्त्वसारैः ।
मोक्षार्थिभिर्मुनिभिरस्तसमस्तदोषै-
र्विद्यासि सा भगवती परमा हि देवि ॥९॥
शब्दात्मिका सुविमलर्ग्यजुषां निधान-
मुद्गीथरम्यपदपाठवतां च साम्नाम् ।
देवी त्रयी भगवती भवभावनाय
वार्ता च सर्वजगतां परमार्तिहन्त्री ॥१०॥
मेधासि देवि विदिताखिलशास्त्रसारा
दुर्गासि दुर्गभवसागरनौरसङ्गा ।
श्रीः कैटभारिहृदयैककृताधिवासा
गौरी त्वमेव शशिमौलिकृतप्रतिष्ठा ॥११॥
ईषत्सहासममलं परिपूर्णचन्द्र-
बिम्बानुकारिकनकोत्तमकान्तिकान्तम् ।
अत्यद्भुतं प्रहृतमात्तरुषा तथापि
वक्त्रं विलोक्य सहसा महिषासुरेण ॥१२॥

हे देवी ! सम्पूर्ण यज्ञमा जसको उच्चारणले सबै देवता तृप्त हुन्छन् र लाभ प्राप्त गर्छन्, त्यो स्वाहा स्वयं तपाईं नै हुनुहुन्छ । यसका अतिरिक्त तपाईं पितृको पनि तृप्तिको कारण हुनुहुन्छ । अतएव सम्पूर्ण व्यक्तिहरू तपाईंलाई स्वधा भन्दछन् ॥८॥ देवी ! जो मोक्षप्राप्तिको साधन छ, अचिन्त्य महाव्रतस्वरूप छ, सम्पूर्ण दोषले रहित छ, जितेन्द्रिय छ, तत्त्वलाई नै सारवस्तु मान्ने तथा मोक्षको अभिलाषा राख्ने मुनिहरूसमेत जसको अभ्यास गर्दछन्, ती परा विद्यारूप भगवती स्वयं तपाईं नै हुनुहुन्छ ॥९॥ तपाईं शब्दस्वरूपा हुनुहुन्छ, अत्यन्त निर्मल ऋग्वेद, यजुर्वेद तथा गायनको सुन्दर पाठले युक्त सामवेदकी आधार पनि तपाईं नै हुनुहुन्छ । तपाईं देवी, त्रयी (तीनै वेद), भगवती (छवटै ऐश्वर्यले युक्त) हुनुहुन्छ । यस विश्वको उत्पत्ति र पालनका लागि नै तपाईं प्रकट हुनुभएको हो । तपाईं सम्पूर्ण जगत्को पीडालाई नाश गर्ने देवी हुनुहुन्छ ॥१०॥ हे देवी ! जसबाट समस्त शास्त्रको ज्ञान प्राप्त हुन्छ, त्यो मेधाशक्ति तपाईं नै हुनुहुन्छ । भवसागरबाट पार उतार्ने नौकारूपी दुर्गादेवी स्वयं तपाईं नै हुनुहुन्छ । तपाईंको कहीं पनि आसक्ति देखिँदैन । कैटभका शत्रु भगवान् विष्णुको वक्षःस्थलमा बस्ने भगवती लक्ष्मी तथा भगवान् चन्द्रशेखरद्वारा सम्मानित गौरीदेवी स्वयं तपाईं नै हुनुहुन्छ ॥११॥ मन्दमुस्कानले सुशोभित तपाईंको मुख स्वच्छ, सफा र सुन्दर पूर्णचन्द्रमाको बिम्बझैं लाग्छ, जुन उत्तम सुवर्णको मनोहर कान्तिले कमनीय छ, तर पनि त्यस्तो सुन्दर अनुहार देखेर महिषासुरलाई क्रोध उत्पन्न भयो र उसले तपाईंमाथि प्रहार गर्‍यो, यो आश्चर्यलाग्दो कुरा हो ॥१२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दृष्ट्वा तु देवि कुपितं भ्रुकुटीकराल-
मुद्यच्छशाङ्कसदृशच्छवि यन्न सद्यः ।
प्राणान्मुमोच महिषस्तदतीव चित्रं
कैर्जीव्यते हि कुपितान्तकदर्शनेन ॥१३॥
देवि प्रसीद परमा भवती भवाय
सद्योविनाशयसि कोपवती कुलानि ।
विज्ञातमेतदधुनैव यदस्तमेत-
न्नीतं बलं सुविपुलं महिषासुरस्य ॥१४॥
ते सम्मता जनपदेषु धनानि तेषां
तेषां यशांसि न च सीदति धर्मवर्गः ।
धन्यास्त एव निभृतात्मजभृत्यदारा
येषां सदाभ्युदयदा भवती प्रसन्ना ॥१५॥
धर्म्याणि देवि सकलानि सदैव कर्मा-
ण्यत्यादृतः प्रतिदिनं सुकृती करोति ।
स्वर्गं प्रयाति च ततो भवतीप्रसादा-
ल्लोकत्रयेऽपि फलदा ननु देवि तेन ॥१६॥
दुर्गे स्मृता हरसि भीतिमशेषजन्तोः
स्वस्थैः स्मृता मतिमतीव शुभां ददासि ।
दारिद्र्यदुःखभयहारिणि का त्वदन्या
सर्वोपकारकरणाय सदाऽऽर्द्रचित्ता ॥१७॥

हे देवी ! त्यही मुख जब क्रोधले युक्त हुन्छ, उदयकालको चन्द्रमाको जस्तो रातो र विकराल हुन्छ । यो देखेर पनि जब महिषासुरको प्राण तुरुन्तै निस्किएन, यो अझै आश्चर्यलाग्दो कुरा हो, किनभने क्रोधले तातेका यमराजलाई देखेर पनि को जीवित रहन सक्ला ? ॥१३॥ हे देवी ! तपाईं प्रसन्न रहनुहोस् । परमात्मास्वरूपा तपाईं खुसी भएमा जगत्को अभ्युदय हुन्छ र रिसाउँदा तत्कालै कति कुलको सर्वनाश हुन सक्छ । यो कुरा त भरखरै अनुभव भएकै विषय हो, किनभने महिषासुरको विशाल सेना क्षणभरमै तपाईंको रिसले नष्ट भएको थियो ॥१४॥ सँधैंभरि अभ्युदय प्रदान गर्ने तपाईं जोसँग प्रसन्न हुनुहुन्छ, त्यो देशमा सबै सम्मानित हुन्छन्, धन र यश प्राप्ति हुन्छ । उसको धर्म कहिल्यै नाश वा शिथिल हुन सक्दैन, श्रीमती, छोराछोरीका साथ ऊ धन्य भएर रहन सक्छ ॥१५॥ देवी ! तपाईंको कृपाबाट पुण्यात्मा पुरुष प्रतिदिन अत्यन्त श्रध्दापूर्वक सदा सबै प्रकारका धर्मानुकूलका काम गर्न सक्छन् र उनीहरू स्वर्गलोकमा पुग्छन् । त्यसैले तपाईं तीनै लोकमा निश्चय नै मनोवाञ्छित फल दिन सक्नुहुन्छ ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एभिर्हतैर्जगदुपैति सुखं तथैते
कुर्वन्तु नाम नरकाय चिराय पापम् ।
संग्राममृत्युमधिगम्य दिवं प्रयान्तु
मत्वेति नूनमहितान् विनिहंसि देवि ॥१८॥
दृष्ट्वैव किं न भवती प्रकरोति भस्म
सर्वासुरानरिषु यत्प्रहिणोषि शस्त्रम् ।
लोकान् प्रयान्तु रिपवोऽपि हि शस्त्रपूता
इत्थं मतिर्भवति तेष्वपि तेऽतिसाध्वी ॥१९॥
खड्गप्रभानिकरविस्फुरणैस्तथोग्रैः
शूलाग्रकान्तिनिवहेन दृशोऽसुराणाम् ।
यन्नागता विलयमंशुमदिन्दुखण्ड-
योग्याननं तव विलोकयतां तदेतत् ॥२०॥
दुर्वृत्तवृत्तशमनं तव देवि शीलं
रूपं तथैतदविचिन्त्यमतुल्यमन्यैः ।
वीर्यं च हन्तृ हृतदेवपराक्रमाणां
वैरिष्वपि प्रकटितैव दया त्वयेत्थम् ॥२१॥

आमा दुर्गा ! तपाईंले सम्झिनासाथ सबै प्राणीहरूको भय हटाइदिनुहुन्छ र स्वस्थ पुरुषद्वारा चिन्तन गर्दा कल्याणमयी बुध्दि पनि प्रदान गरिदिनुहुन्छ । दुःख, दारिद्र्य र भय हटाइदिने देवी ! तपाईं बाहेक अरू को होला, जसले सबैको कल्याण गर्न सकोस् ॥१७॥ हे देवी ! यी राक्षसलाई मारेर संसारमा सुख मिल्छ तथा राक्षस धेरै समयसम्म नर्कमा रहनका लागि भलै पाप गरिरहेका हुन्, यो समय संग्राममा मृत्यु पाएर स्वर्गलोकमा पुगून्, यो सोचेर तपाईं शत्रुको विनाश गर्नुहुन्छ ॥१८॥ तपाईं शत्रुमाथि शस्त्रका प्रहार किन गर्नुहुन्छ ? समस्त असुरलाई हेर्दैमा भस्म किन गरिदिनुहुन्न ? यसमा एक रहस्य छ । शत्रु पनि हाम्रो शास्त्रअनुसार पवित्र भएर उत्तम लोकमा जान पाऊन् । यसप्रकार उनका लागि पनि तपाईंको विचार अत्यन्त उत्तम मानिन्छ ॥१९॥ खड्गको भयंकर आवाज, त्रिशूलको घोचाइले पनि जुन असुरको आँखा फुटेको थिएन, त्यसको कारण यही थियो कि उनीहरू तपाईंको मनोहर आँखा, जसले चन्द्रमाको दीप्तिझैं आनन्द प्रदान गराउँथ्यो त्यस्तो आँखा र सुन्दर मुखको दर्शन गरिरहेका हुन्थे ॥२०॥ हे देवी ! तपाईंको शील दुराचारीका नराम्रा कृयाकलाप हटाउनका लागि प्रयोग हुन्छ । साथै यो यस्तो रूप हो, जो कुनै चिन्तनमा पनि आउन सक्दैन, जसको कुनै दोस्रोसँग तुलना पनि हुन सक्दैन तथा तपाईंको बल, पराक्रम ती दैत्यलाई पनि समाप्त गर्ने हुन्छ, जसले कहिले कहीं देवताको पराक्रमलाई पनि नष्ट गर्ने गर्थे । यसप्रकारले तपाईंले शत्रुमाथि पनि दया प्रकट गर्नु भएको छ ॥२१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केनोपमा भवतु तेऽस्य पराक्रमस्य
रूपं च शत्रुभयकार्यतिहारि कुत्र ।
चित्ते कृपा समरनिष्ठुरता च दृष्टा
त्वय्येव देवि वरदे भुवनत्रयेऽपि ॥२२॥
त्रैलोक्यमेतदखिलं रिपुनाशनेन
त्रातं त्वया समरमूर्धनि तेऽपि हत्वा ।
नीता दिवं रिपुगणा भयमप्यपास्त-
मस्माकमुन्मदसुरारिभवं नमस्ते ॥२३॥
शूलेन पाहि नो देवि पाहि खड्गेन चाम्बिके ।
घण्टास्वनेन नः पाहि चापज्यानिः स्वनेन च ॥
प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे ।
भ्रामणेनात्मशूलस्य उत्तरस्यां तथेश्वरि ॥२५॥
सौम्यानि यानि रुपाणि त्रैलोक्ये विचरन्ति ते ।
यानि चात्यर्थघोराणि तै रक्षास्मांस्तथा भुवम् ॥२६॥
खड्गशूलगदादीनि यानि चास्त्राणि तेऽम्बिके ।
करपल्लवसङ्गीनि तैरस्मान् रक्ष सर्वतः ॥२७॥
ऋषिरुवाच ॥२८॥
एवं स्तुता सुरैर्दिव्यैः कुसुमैर्नन्दनोद्भवैः ।
अर्चिता जगतां धात्री तथा गन्धानुलेपनैः ॥२९॥

वरदायिनी देवी ! तपाईंको यो पराक्रम कसैका साथ तुलना हुन सक्दैन, शत्रुलाई भय पैदा गराउने अत्यन्त मनोहर रूप पनि तपाईंको सिवाय अरू कसको होला र ? हृदयमा कृपा र युध्दमा निष्ठुरता यी दुई कुरा तीन लोकभित्र केवल तपाईंमा मात्र देखिएको छ ॥२२॥ माता ! तपाईंले शत्र'को नाश गरेर यो समस्त त्रिलोकको रक्षा गर्नुभएको छ । ती शत्रुलाई पनि युध्दभूमिमा मारेर स्वर्गलोकमा पुर्‍याइदिने तथा उन्मत्त दैत्यको प्रताडनाबाट समेत तपाईंले रक्षा गराइदिनुभएको छ । यस्ती तपाईंलाई हामी नमस्कार गर्दछौं ॥२३॥ देवी ! तपाईं शूलले हाम्रो रक्षा गर्नुहोस् । अम्बिके ! तपाईंको खड्गले हाम्रो रक्षा गर्नुहोस्, तथा घण्टको ध्वनि र धनुषको टंकारले पनि हाम्रो रक्षा गर्नुहोस् ॥२४॥ चण्डिके ! पूर्व, पश्चिम र दक्षिण दिशामा तपाईं हाम्रो रक्षा गर्नुहोस् तथा ईश्वरी ! आफ्नो त्रिशूल घुमाएर तपाईं उत्तर दिशामा पनि हाम्रो रक्षा गर्नुहोस् ॥२५॥ तीनै लोकमा तपाईंको जुन परम सुन्दर र अत्यन्त भयंकर रूप विचरण गरिरहेको हुन्छ, त्यसबाट पनि तपाईं हाम्रो तथा यस भूगोलको रक्षा गर्नुहोस् ॥२६॥ अम्बिके ! तपाईंका हातमा शोभा पाइरहेका खड्ग, शूल र गदा आदि जुन जुन अस्त्र छन्, ती सबैद्वारा हामी सबैको रक्षा गर्नुहोस् ॥२७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भक्त्या समस्तैस्त्रिदशैर्दिव्यैर्धूपैस्तु धूपिता ।
प्राह प्रसादसुमुखी समस्तान् प्रणतान् सुरान् ॥३०॥
देव्युवाच ॥३१॥
व्रियतां त्रिदशाः सर्वे यदस्मत्तोऽभिवाञ्छितम् ॥३२॥
देवा ऊचुः ॥३३॥
भगवत्या कृतं सर्वं न किञ्चिदवशिष्यते ॥३४॥
यदयं निहतः शत्रुरस्माकं महिषासुरः
यदि चापि वरो देयस्त्वयास्माकं महेश्वरि ॥३५॥
संस्मृता संस्मृता त्वं नो हिंसेथाः परमापदः ।
यश्च मर्त्यः स्तवैरेभिस्त्वां स्तोष्यत्यमलानने ॥३६॥
तस्य वित्तर्द्धिविभवैर्धनदारादिसम्पदाम् ।
वृद्धयेऽस्मत्प्रसन्ना त्वं भवेथाः सर्वदाम्बिके ॥३७॥
ऋषिरुवाच ॥३८॥
इति प्रसादिता देवैर्जगतोऽर्थे तथाऽऽत्मनः ।
तथेत्युक्त्वा भद्रकाली बभूवान्तर्हिता नृप ॥३९॥
इत्येतत्कथितं भूप सम्भूता सा यथा पुरा ।
देवी देवशरीरेभ्यो जगत्त्रयहितैषिणी ॥४०॥
पुनश्च गौरीदेहात्सा समुद्भूता यथाभवत् ।
वधाय दुष्टदैत्यानां तथा शुम्भनिशुम्भयोः ॥४१॥

ऋषि भन्नुहुन्छ– ॥२८॥ यसप्रकार देवताहरूले जगन्माता दुर्गाको स्तुति गर्दै नन्दन वनका सुन्दर र राम्रा फूल तथा सुगन्धित चन्दन आदिद्वारा उनको पूजा गरे । त्यसपछि सबै मिलेर भक्तिपूर्वक धूपको सुगन्धले आव्हान गर्दै देवीलाई प्रसन्न पारेर प्रणाम गरे । यसरी देवताहरूले प्रणाम गरेपछि प्रसन्न बनेकी देवीले देवताहरूलाई सम्बोधन गरिन् ॥२९-३०॥
देवीले भनिन्– ॥३१॥ हे देवताहरू हो ! तपाईं सबैजना मबाट जुन वस्तुको अभिलाषा राख्नुहुन्छ, त्यसको माग गर्नुहोस् ॥३२॥
देवताहरूले भने– ॥३३॥ भगवतीले हाम्रो सम्पूर्ण इच्छा पूरा गरिदिनुभयो, अब हाम्रो केही पनि कामना बाँकी छैन ॥३४॥ किनभने मूल शत्रु महिषासुर मारिदिनुभयो । हे महेश्वरी ! यसपछि पनि हामीलाई अरू वर दिन खोज्नुभएको हो भने हामी जब तपाईंको स्मरण गर्दछौं, त्यतिखेर तपाईं हामीलाई दर्शन दिएर हाम्रो महान् संकटलाई निवारण गरिदिनुहोस्, प्रसन्नमुखी अम्बिके ! जुन मानव यो स्तोत्रद्वारा तपाईंको स्तुति गर्दछ, उसलाई धन, सम्पत्ति आदि दिएर अरू बढाउनका लागि समेत सदा हामीसँग प्रसन्न रहनुहोस् ॥३५-३७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रक्षणाय च लोकानां देवानामुपकारिणी ।
तच्छृणुष्व मयाऽऽख्यातं यथावत्कथयामि ते ॥ ह्रीं ॐ॥४२॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये शक्रादिस्तुतिर्नाम चतुर्थोऽध्यायः ॥४॥

उवाच ५, अर्धश्लोकौ २, श्लोकाः ३५, एवम् ४२, एवमादितः ॥ २५९॥

ऋषि भन्नुहुन्छ– ॥३८॥ राजन् ! देवताले जब आफ्नो तथा जगत्को कल्याणका लागि भद्रकाली देवीलाई यसप्रकारले प्रसन्न गरे, तब उनी तथास्तु भनेर अन्तर्ध्यान भइन् ॥३९॥ हे राजन ! यसप्रकार पूर्वकालमा तीन लोकको हित गर्न चाहने देवी जसरी देवताको शरीरमा प्रकट भएकी थिइन्, त्यो सम्पूर्ण कथा मैले सुनाएँ ॥४०॥ अब पुनः देवताको उपकार गर्ने देवी दुष्ट दैत्यहरू र शुम्भ-निशुम्भको वध गर्दै सम्पूर्ण लोकको रक्षा गर्न गौरीदेवीको शरीरबाट जसरी प्रकट भइन्, त्यो प्रसंग अब मेरो मुखबाट सुन्नुहोस् । म त्यसको यथार्थ वर्णन सुनाउँछु ॥४१-४२॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'शक्रादिस्तुति' नामक चौथो अध्याय पूरा भयो ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चमोऽध्यायः

देवताहरूद्वारा देवीको स्तुति, चण्डमुण्डको मुखबाट
अम्बिकाका रूपको प्रशंसा सुनेर शुम्भद्वारा दूतप्रेषण

विनियोगः

ॐ अस्य श्रीउत्तरचरित्रस्य रुद्र ऋषिः, महासरस्वती देवता, अनुष्टुप् छन्दः, भीमा शक्तिः, भ्रामरी बीजम्, सूर्यस्तत्त्वम्, सामवेदः स्वरूपम्, श्रीमहासरस्वतीप्रीत्यर्थे उत्तरचरित्रजपे विनियोगः।

ध्यानम्

ॐ घण्टाशूलहलानि शङ्खमुसले चक्रं धनुः सायकं ।
हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम् ॥
गौरीदेहसमुद्भवां त्रिजगतामाधारभूतां महा-
पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम् ॥

ॐ क्लीं ऋषिरुवाच ॥ १ ॥

पुरा शुम्भनिशुम्भाभ्यामसुराभ्यां शचीपतेः ।
त्रैलोक्यं यज्ञभागाश्च हृता मदबलाश्रयात् ॥२॥
तावेव सूर्यतां तद्वदधिकारं तथैन्दवम् ।
कौबेरमथ याम्यं च चक्राते वरुणस्य च ॥३॥
तावेव पवनर्द्धिं च चक्रतुर्वह्निकर्म च ।
ततो देवा विनिर्धूता भ्रष्टराज्याः पराजिताः ॥४॥
हृताधिकारास्त्रिदशास्ताभ्यां सर्वे निराकृताः ।
महासुराभ्यां तां देवीं संस्मरन्त्यपराजिताम् ॥५॥
तयास्माकं वरो दत्तो यथाऽऽपत्सु स्मृताखिलाः ।
भवतां नाशयिष्यामि तत्क्षणात्परमापदः ॥६॥

ॐ, यस उत्तरचरित्रका रुद्र ऋषि हुन्, महासरस्वती देवता हुन्, अनुष्टुप् छन्द हो, भीमा शक्ति हुन्, भ्रामरी बीज हो, सूर्यतत्त्व हुन् र सामवेद स्वरूप हुन् । श्रीमहासरस्वतीको प्रसन्नताका लागि उत्तर चरित्रको पाठ यसको विनियोग हो।

जसले आफ्नो करकमलमा घण्टा, शूल, हल, शंख, मुसल, चक्र, धनुष र बाण धारण गर्नुहुन्छ; शरदऋतुका शोभासम्पन्न चन्द्रमासमान जसको मनोहर कान्ति छ, जो तीनै लोककी आधारभूता तथा शुम्भ आदि दैत्यलाई नाश गर्ने हुनुहुन्छ र जो गौरीको शरीरबाट प्रकट हुनुभएको हो, उनै महासरस्वती देवीको म निरन्तर भजन गर्दछु।

ऋषि भन्दछन्— ॥१॥ पूर्वकालमा शुम्भ र निशुम्भ नाम गरेका असुरहरूले आफ्नो बलको घमण्डले शचीका पति इन्द्रबाट तीनै लोकको राज्य खोसेर लिए ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इति कृत्वा मतिं देवा हिमवन्तं नगेश्वरम् ।
जग्मुस्तत्र ततो देवीं विष्णुमायां प्रतुष्टुवुः ॥७॥

देवा ऊचुः ॥८॥

नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ॥९॥
रौद्रायै नमो नित्यायै गौर्यै धात्र्यै नमो नमः ।
ज्योत्स्नायै चेन्दुरूपिण्यै सुखायै सततं नमः ॥१०॥
कल्याण्यै प्रणतां वृद्ध्यै सिद्ध्यै कुर्मो नमो नमः ।
नैर्ऋत्यै भूभृतां लक्ष्म्यै शर्वाण्यै ते नमो नमः ॥११॥
दुर्गायै दुर्गपारायै सारायै सर्वकारिणि ।
ख्यात्यै तथैव कृष्णायै धूम्रायै सततं नमः ॥१२॥
अतिसौम्यातिरौद्रायै नतास्तस्यै नमो नमः ।
नमो जगत्प्रतिष्ठायै देव्यै कृत्यै नमो नमः ॥१३॥
या देवी सर्वभूतेषु विष्णुमायेति शब्दिता ।
नमस्तस्यै ॥१४॥ नमस्तस्यै ॥१५॥ नमस्तस्यै नमो नमः ॥१६॥

यी दुई असुरहरूले सूर्य, चन्द्रमा, कुबेर, यम र वरुणको अधिकारको पनि उपयोग गर्न थाले । वायु र अग्निको कार्य पनि उनैले हेर्न थाले । यिनीहरूले सवै देवताहरूलाई अपमानित, राज्यभ्रष्ट, पराजित तथा अधिकारहीन बनाई स्वर्गबाट निकालिदिए। ती दुईवटा ठूला असुरहरूबाट तिरस्कृत देवताहरूले अपराजिता देवीको स्मरण गर्दै सोचे–'जगदम्बाले हामीहरूलाई वर दिनुभएको थियो कि आपत्तिकालमा मलाई स्मरण गरेको खण्डमा म तिमीहरूको आपत्तिलाई हटाइदिने छु' ॥३–६॥ यस्तो विचार गरेर देवता गिरिराज हिमालयमा गए र त्यहाँ बसेर भगवती विष्णुमायाको स्तुति गर्न लागे ॥७॥

देवताहरूले भने–॥८॥ देवीलाई नमस्कार छ, महादेवी शिवालाई नमस्कार छ। प्रकृति र भद्रालाई प्रणाम गर्दछौं। हामीहरू नियमपूर्वक जगदम्बालाई नमस्कार गर्दछौं ॥९॥ रौद्रालाई नमस्कार गर्दछौं । नित्या, गौरी र धात्रीलाई बारम्बार नमस्कार गर्दछौं । ज्योत्स्नामयी, चन्द्ररूपिणी र सुखस्वरूपादेवीलाई सतत प्रणाम गर्दछौं ॥१०॥ शरणागतको कल्याण गर्ने तथा वृध्दि र सिध्दिरूपादेवीलाई हामीहरू बारम्बार नमस्कार गर्दछौं । नैऋत्ती (राक्षसकी लक्ष्मी), राजाहरूकी लक्ष्मी तथा शर्वाणी (शिवपत्नी)–स्वरूपा तपाईं जगदम्बालाई बारम्बार नमस्कार छ ॥११॥ दुर्गा, दुर्गपारा (दुर्गम संकटबाट पार उतार्ने), सारा (सबैकी सारभूता), सर्वकारिणी, ख्याति, कृष्णा र धूम्रादेवीलाई सर्वदा नमस्कार छ ॥१२॥ साह्रै सौम्य तथा अत्यन्त रौद्ररूपा देवीलाई हामी नमस्कार गर्दछौं, उनलाई हाम्रो बारम्बार प्रणाम छ। जगत्की आधार कृतिदेवीलाई बारम्बार नमस्कार छ ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

या देवी सर्वभूतेषु चेतनेत्यभिधीयते ।
नमस्तस्यै ॥१७॥ नमस्तस्यै ॥१८॥ नमस्तस्यै नमो नमः ॥१९॥
या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता ।
नमस्तस्यै ॥२०॥ नमस्तस्यै ॥२१॥ नमस्तस्यै नमो नमः ॥२२॥
या देवी सर्वभूतेषु निद्रारूपेण संस्थिता ।
नमस्तस्यै ॥२३॥ नमस्तस्यै ॥२४॥ नमस्तस्यै नमो नमः ॥२५॥
या देवी सर्वभूतेषु क्षुधारूपेण संस्थिता ।
नमस्तस्यै ॥२६॥ नमस्तस्यै ॥२७॥ नमस्तस्यै नमो नमः ॥२८॥
या देवी सर्वभूतेषुच्छायारूपेण संस्थिता ।
नमस्तस्यै ॥२९॥ नमस्तस्यै ॥३०॥ नमस्तस्यै नमो नमः ॥३१॥
या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता ।
नमस्तस्यै ॥३२॥ नमस्तस्यै ॥३३॥ नमस्तस्यै नमो नमः ॥३४॥
या देवी सर्वभूतेषु तृष्णारूपेण संस्थिता ।
नमस्तस्यै ॥३५॥ नमस्तस्यै ॥३६॥ नमस्तस्यै नमो नमः ॥३७॥
या देवी सर्वभूतेषु क्षान्तिरूपेण संस्थिता ।
नमस्तस्यै ॥३८॥ नमस्तस्यै ॥३९॥ नमस्तस्यै नमो नमः ॥४०॥
या देवी सर्वभूतेषु जातिरूपेण संस्थिता ।
नमस्तस्यै ॥४१॥ नमस्तस्यै ॥४२॥ नमस्तस्यै नमो नमः ॥४३॥

जुन देवी सम्पूर्ण प्राणीहरूमा विष्णुमायाका नामले प्रसिध्द छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥१४-१६॥ जुन देवी सम्पूर्ण प्राणीमा चेतना प्रदान गर्छिन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥१७-१९॥ जुन देवी सम्पूर्ण प्राणीमा बुध्दिरूपले स्थित छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥२०-२२॥ जुन देवी सम्पूर्ण प्राणीमा निद्रारूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥२३-२५॥ जुन देवी सम्पूर्ण प्राणीमा क्षुधारूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥२६-२८॥ जुन देवी सम्पूर्ण प्राणीमा छायारूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥२९-३१॥ जुन देवी सम्पूर्ण प्राणीमा शक्तिरूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥३२-३४॥ जुन देवी सम्पूर्ण प्राणीमा तृष्णारूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥३५-३७॥ जुन देवी सम्पूर्ण प्राणीमा क्षमारूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥३८-३९॥ जुन देवी सम्पूर्ण प्राणीमा जातिरूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥४०-४३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

या देवी सर्वभूतेषु लज्जारूपेण संस्थिता ।
नमस्तस्यै ॥४४॥ नमस्तस्यै ॥४५॥ नमस्तस्यै नमो नमः ॥४६॥
या देवी सर्वभूतेषु शान्तिरूपेण संस्थिता ।
नमस्तस्यै ॥४७॥ नमस्तस्यै ॥४८॥ नमस्तस्यै नमो नमः ॥४९॥
या देवी सर्वभूतेषु श्रद्धारूपेण संस्थिता ।
नमस्तस्यै ॥५०॥ नमस्तस्यै ॥५१॥ नमस्तस्यै नमो नमः ॥५२॥
या देवी सर्वभूतेषु कान्तिरूपेण संस्थिता ।
नमस्तस्यै ॥५३॥ नमस्तस्यै ॥५४॥ नमस्तस्यै नमो नमः ॥५५॥
या देवी सर्वभूतेषु लक्ष्मीरूपेण संस्थिता ।
नमस्तस्यै ॥५६॥ नमस्तस्यै ॥५७॥ नमस्तस्यै नमो नमः ॥५८॥
या देवी सर्वभूतेषु वृत्तिरूपेण संस्थिता ।
नमस्तस्यै ॥५९॥ नमस्तस्यै ॥६०॥ नमस्तस्यै नमो नमः ॥६१॥
या देवी सर्वभूतेषु स्मृतिरूपेण संस्थिता ।
नमस्तस्यै ॥६२॥ नमस्तस्यै ॥६३॥ नमस्तस्यै नमो नमः ॥६४॥
या देवी सर्वभूतेषु दयारूपेण संस्थिता ।
नमस्तस्यै ॥६५॥ नमस्तस्यै ॥६६॥ नमस्तस्यै नमो नमः ॥६७॥
या देवी सर्वभूतेषु तुष्टिरूपेण संस्थिता ।
नमस्तस्यै ॥६८॥ नमस्तस्यै ॥६९॥ नमस्तस्यै नमो नमः ॥७०॥

जुन देवी सम्पूर्ण प्राणीमा लज्जारूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥४४–४६॥ जुन देवी सम्पूर्ण प्राणीमा शान्तिरूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥४७–४९॥ जुन देवी सम्पूर्ण प्राणीमा श्रद्धारूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥५०–५२॥ जुन देवी सम्पूर्ण प्राणीमा कान्तिरूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥५३–५५॥ जुन देवी सम्पूर्ण प्राणीमा लक्ष्मीरूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥५६–५८॥ जुन देवी सम्पूर्ण प्राणीमा वृत्तिरूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥५९–६१॥ जुन देवी सम्पूर्ण प्राणीमा स्मृतिरूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥६२–६४॥ जुन देवी सम्पूर्ण प्राणीमा दयारूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥६५–६७॥ जुन देवी सम्पूर्ण प्राणीमा तुष्टिरूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥६८–७०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता।
नमस्तस्यै ॥७१॥ नमस्तस्यै ॥७२॥ नमस्तस्यै नमो नमः ॥७३॥
या देवी सर्वभूतेषु भ्रान्तिरूपेण संस्थिता।
नमस्तस्यै ॥७४॥ नमस्तस्यै ॥७५॥ नमस्तस्यै नमो नमः ॥७६॥
इन्द्रियाणामधिष्ठात्री भूतानां चाखिलेषु या।
भूतेषु सततं तस्यै व्याप्तिदेव्यै नमो नमः ॥७७॥
चितिरूपेण या कृत्स्नमेतद् व्याप्य स्थिता जगत्।
नमस्तस्यै ॥७८॥ नमस्तस्यै ॥७९॥ नमस्तस्यै नमो नमः ॥८०॥
स्तुता सुरैः पूर्वमभीष्टसंश्रया-
त्तथा सुरेन्द्रेण दिनेषु सेविता।
करोतु सा नः शुभहेतुरीश्वरी
शुभानि भद्राण्यभिहन्तु चापदः ॥८१॥
या साम्प्रतं चोद्धतदैत्यतापितै-
रस्माभिरीशा च सुरैर्नमस्यते।
या च स्मृता तत्क्षणमेव हन्ति नः
सर्वापदो भक्तिविनम्रमूर्तिभिः ॥८२॥
ऋषिरुवाच ॥८३॥
एवं स्तवादियुक्तानां देवानां तत्र पार्वती।
स्नातुमभ्याययौ तोये जाह्नव्या नृपनन्दन ॥८४॥
साब्रवीत्तान् सुरान् सुभ्रूर्भवद्भिः स्तूयतेऽत्र का।

जुन देवी सम्पूर्ण प्राणीमा मातृरूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥७१-७३॥ जुन देवी सम्पूर्ण प्राणीमा भ्रान्तिरूपले बसेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥७४-७६॥ इन्द्रियवर्गकी अधिष्ठात्री देवी एवं सबै प्राणीहरूमा व्याप्त रहने, ती व्याप्तिदेवीलाई बारम्बार नमस्कार छ ॥७७॥ जुन देवीले चैतन्यरूपमा यो सम्पूर्ण जगत्लाई व्याप्त गरेकी छन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ ॥७८-८०॥ पूर्वकालमा आफ्नो उद्देश्य प्राप्तिका लागि देवताहरूले जसको स्तुति गरेका थिए, साथै देवराज इन्द्रले धेरै दिनसम्म जसको सेवा गरेका थिए, तिनै कल्याणकी साधनामूर्ति ईश्वरीले हाम्रो कल्याण र मंगल गरून् साथै सम्पूर्ण आपत्तिहरूको नाश गरिदिऊन् ॥८२॥ **ऋषि भन्दछन्**—॥८३॥ राजन्! यसप्रकार जब देवताहरूले स्तुति गरेका थिए, त्यसै समय पार्वतीदेवी गंगाजीको जलमा स्नान गर्नका लागि त्यहाँ आइन् ॥८४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरीरकोशतश्चास्याः समुद्भूताऽब्रवीच्छिवा ॥८५॥
स्तोत्रं ममैतत् क्रियते शुम्भदैत्यनिराकृतैः ।
देवैः समेतैः समरे निशुम्भेन पराजितैः ॥८६॥
शरीरकोशाद्यत्तस्याः पार्वत्या निःसृताम्बिका ।
कौशिकीति समस्तेषु ततो लोकेषु गीयते ॥८७॥
तस्यां विनिर्गतायां तु कृष्णाभूत्सापि पार्वती ।
कालिकेति समाख्याता हिमाचलकृताश्रया ॥८८॥
ततोऽम्बिकां परं रूपं बिभ्राणां सुमनोहरम् ।
ददर्श चण्डो मुण्डश्च भृत्यौ शुम्भनिशुम्भयोः ॥८९॥
ताभ्यां शुम्भाय चाख्याता अतीव सुमनोहरा ।
काप्यास्ते स्त्री महाराज भासयन्ती हिमाचलम् ॥९०॥
नैव तादृक् क्वचिद्रूपं दृष्टं केनचिदुत्तमम् ।
ज्ञायतां काप्यसौ देवी गृह्यतां चासुरेश्वर ॥९१॥
स्त्रीरत्नमतिचार्वङ्गी द्योतयन्ती दिशस्त्विषा ।
सा तु तिष्ठति दैत्येन्द्र तां भवान् द्रष्टुमर्हति ॥९२॥
यानि रत्नानि मणयो गजाश्वादीनि वै प्रभो ।
त्रैलोक्ये तु समास्तानि साम्प्रतं भान्ति ते गृहे ॥९३॥

सुन्दर आँखीभुँइ भएकी भगवतीले देवताहरूसँग सोधिन्—'तपाईंहरू यहाँ कसको स्तुति गर्न लाग्नुभएको हो ?' त्यसपछि उनैको शरीरकोशबाट प्रकट भएकी शिवादेवीले भनिन्—॥८५॥ शुम्भ दैत्यबाट तिरस्कृत र युध्दमा निशुम्भले पराजित गरेपछि एकत्रित भएका समस्त देवताहरू मेरो स्तुति गरिरहेका छन् ॥८६॥ पार्वतीको शरीरकोशबाट अम्बिकाको प्रादुर्भाव भएको थियो, त्यसै कारण सम्पूर्ण लोकमा ती अम्बिका 'कौशिकी' भनेर चिनिन्छिन् ॥८७॥ कौशिकी उत्पन्न भइसकेपछि पार्वतीदेवीको शरीर कालो रंगको भयो, त्यसैले हिमालयमा रहने कालिकादेवीका नामले उनी विख्यात भइन् ॥८८॥ त्यसपछि शुम्भ-निशुम्भका भृत्य चण्ड-मुण्ड त्यहाँ आए र साह्रै सुन्दर मुहार भएकी अम्बिकादेवीलाई देख्न पाए ॥८९॥ त्यसपछि शुम्भकहाँ गएर भन्न लागे— 'महाराज ! साह्रै सुन्दर स्त्री, जो आफ्नो दिव्य कान्तिले हिमालयलाई समेत उज्यालो बनाइरहेकी छन् ॥९०॥ यस्तो उत्तम रूप हामीले कहीं कतै देखेका थिएनौं, आज देखेर आयौं । असुरेश्वर ! ती देवी को हुन् पत्ता लगाउनु होस्, र उनलाई स्त्रीका रूपमा वरण गर्नुहोस् ॥९१॥ स्त्रीमा त तिनी रत्न नै हुन्, उनका प्रत्येक अंग निकै सुन्दर मात्र होइन, त्यसको तेजले सम्पूर्ण दिशालाई प्रकाश फैल्याइरहेको छ । दैत्यराज ! अहिले उनी हिमालयमा बसेकी छन्, तपाईं पनि उनलाई देख्न सक्नुहुन्छ ।' ॥९२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐरावतः समानीतो गजरत्नं पुरन्दरात् ।
पारिजाततरुश्चायं तथैवोच्चैःश्रवा हयः ॥९४॥
विमानं हंससंयुक्तमेतत्तिष्ठति तेऽङ्गणे ।
रत्नभूतमिहानीतं यदासीद्वेधसोऽद्भुतम् ॥९५॥
निधिरेष महापद्मः समानीतो धनेश्वरात् ।
किञ्जल्किनीं ददौ चाब्धिर्मालामम्लानपङ्कजाम् ॥९६॥
छत्रं ते वारुणं गेहे काञ्चनस्रावि तिष्ठति ।
तथाऽयं स्यन्दनवरो यः पुराऽऽसीत्प्रजापतेः ॥९७॥
मृत्योरुत्क्रान्तिदा नाम शक्तिरीश त्वया हृता ।
पाशः सलिलराजस्य भ्रातुस्तव परिग्रहे ॥९८॥
निशुम्भस्याब्धिजाताश्च समस्ता रत्नजातयः ।
वह्निरपि ददौ तुभ्यमग्निशौचे च वाससी ॥९९॥
एवं दैत्येन्द्र रत्नानि समस्तान्याहृतानि ते ।
स्त्रीरत्नमेषा कल्याणी त्वया कस्मान्न गृह्यते ॥१००॥

ऋषिरुवाच ॥१०१॥

निशम्येति वचः शुम्भः स तदा चण्डमुण्डयोः ।
प्रेषयामास सुग्रीवं दूतं देव्या महासुरम् ॥१०२॥

भृत्यहरूले भन्दै गए–'हे दैत्यराज प्रभु ! तीनै लोकमा मणि, हात्ती र घोडा आदि जति पनि रत्न छन्, ती सबैले अहिले तपाईंको घरमा शोभा पाइरहेका छन् ॥९३॥ हात्तीमध्येको रत्न मानिने ऐरावत, यो पारिजातको वृक्ष र यो उच्चैःश्रवा घोडा यी सबै तपाईंले इन्द्रबाट लिनुभएको हो ॥९४॥ हाँसलाई नारिएको यो विमानले तपाईंको आँगनमा शोभा पाइरहेको छ । यो बहुमूल्य रत्नभूत अद्भुत विमान पहिले ब्रह्माजीसँग थियो, अहिले तपाईंले ल्याउनु भयो ॥९५॥ यो महापद्म नामक सम्पत्ति तपाईंले कुबेरबाट खोस्नु भएको थियो । समुद्रले पनि तपाईंलाई किञ्जल्किनी नामक माला दिएका थिए, जुन केसरबाट सुशोभित छ र जसका कमलपत्र कहिल्यै ओइलाउँदैनन् ॥९६॥ सुनको वर्षा गराउने वरुणको छाता पनि तपाईंका घरमा शोभा पाएर बसिरहेको छ । साथै यो श्रेष्ठ रथ, जुन पहिले प्रजापतिको अधिकारमा थियो, अहिले तपाईंले लिनुभएको छ ॥९७॥ हे दैत्येश्वर ! मृत्युसँग रहेको उत्क्रान्तिदा नामक शक्ति पनि तपाईंले नै लिनुभयो, साथै वरुणको पाश र समुद्रमा पाइने सम्पूर्ण रत्नहरू तपाईंका भाइ निशुम्भका अधिकारमा छन् । अग्निले पनि दुईवटा वस्त्र तपाईंको सेवामा अर्पित गरेका थिए ॥९८–९९॥ हे दैत्यराज ! यसप्रकार तपाईंले सम्पूर्ण रत्न एकत्रित गर्नुभएको छ । हामीले देखेकी देवी पनि स्त्रीहरूमा रत्नरूपी र कल्याणमयी छन्, यिनलाई तपाईं किन आफ्नो अधिकारमा लिनुहुन्न ?' ॥१००॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इति चेति च वक्तव्या सा गत्वा वचनान्मम ।
यथा चाभ्येति सम्प्रीत्या तथा कार्यं त्वया लघु ॥१०३॥
स तत्र गत्वा यत्रास्ते शैलोद्देशेऽतिशोभने ।
सा देवी तां ततः प्राह श्लक्ष्णं मधुरया गिरा ॥१०४॥

दूत उवाच ॥१०५॥

देवि दैत्येश्वरः शुम्भस्त्रैलोक्ये परमेश्वरः ।
दूतोऽहं प्रेषितस्तेन त्वत्सकाशमिहागतः ॥१०६॥
अव्याहताज्ञः सर्वासु यः सदा देवयोनिषु ।
निर्जिताखिलदैत्यारिः स यदाह शृणुष्व तत् ॥१०७॥
मम त्रैलोक्यमखिलं मम देवा वशानुगाः ।
यज्ञभागानहं सर्वानुपाश्नामि पृथक् पृथक् ॥१०८॥
त्रैलोक्ये वररत्नानि मम वश्यान्यशेषतः ।
तथैव गजरत्नं च हृत्वा देवेन्द्रवाहनम् ॥१०९॥
क्षीरोदमथनोद्भूतमश्वरत्नं ममामरैः ।
उच्चैः श्रवससंज्ञं तत्प्रणिपत्य समर्पितम् ॥११०॥
यानि चान्यानि देवेषु गन्धर्वेषूरगेषु च ।
रत्नभूतानि भूतानि तानि मय्येव शोभने ॥१११॥

ऋषि भन्दछन्— ॥१०१॥ चण्ड-मुण्डको यस्तो कुरा सुनेर शुम्भले महादैत्य सुग्रीवलाई दूत बनाएर देवीकहाँ पठायो र भन्यो— 'तिमी मेरो आज्ञाले उनका सामु जाऊ र यो-यो कुरा गर, साथै यस्तो उपाय गर, जसबाट उनी प्रसन्न भएर तुरुन्तै यहाँ आऊन्' ॥१०२-१०३॥ त्यो दूत पर्वतको अत्यन्त रमणीय प्रदेशमा गयो, जहाँ देवी बसेकी थिइन्। त्यहाँ पुगेर ऊ मधुर स्वरमा कोमल वचनले बोल्न लाग्यो ॥१०४॥

दूतले भन्यो— ॥१०५॥ हे देवी ! दैत्यराज शुम्भ यस समय तीन लोकका परमेश्वर छन्। म उनले पठाएको दूत हुँ ॥१०६॥ उनको आज्ञालाई सम्पूर्ण देवताहरूले पनि एक स्वरमा मानिरहेका छन्। कसैले त्यसको उल्लंघन गर्न सक्दैनन्। सम्पूर्ण देवताहरू उनीसँग परास्त भइसकेका छन्। उनले तिम्रा लागि यस्तो सन्देश पठाएका छन्- ॥१०७॥ 'सम्पूर्ण त्रिलोक नै मेरो अधिकारमा छ। देवता पनि मेरो अधीनमा रहेर चल्ने गर्छन्। सम्पूर्ण यज्ञको भाग मैले उपभोग गरिरहेको छु ॥१०८॥ तीनै लोकमा जति पनि श्रेष्ठ रत्न आभूषणहरू छन्, ती सबै मेरै अधिकारभित्र छन्। देवराज इन्द्रको वाहन ऐरावत, जो हात्तीमा रत्नको समान छ, त्यसलाई पनि मैले नै लिएको छु ॥१०९॥ क्षीरसागरलाई मन्थन गरेर जो अश्वरत्न उच्चैःश्रवा प्रकट भएको थियो, त्यसलाई पनि देवताहरूले मलाई नै उपहार चढाएका हुन् ॥११०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्त्रीरत्नभूतां त्वां देवि लोके मन्यामहे वयम् ।
सा त्वमस्मानुपागच्छ यतो रत्नभुजो वयम् ॥११२॥
मां वा ममानुजं वापि निशुम्भमुरुविक्रमम् ।
भज त्वं चञ्चलापाङ्गि रत्नभूतासि वै यतः ॥११३॥
परमैश्वर्यमतुलं प्राप्स्यसे मत्परिग्रहात् ।
एतद् बुद्ध्या समालोच्य मत्परिग्रहतां व्रज ॥११४॥

ऋषिरुवाच ॥११५॥

इत्युक्ता सा तदा देवी गम्भीरान्तः स्मिता जगौ ।
दुर्गा भगवती भद्रा ययेदं धार्यते जगत् ॥११६॥

देव्युवाच ॥११७॥

सत्यमुक्तं त्वया नात्र मिथ्या किञ्चित्त्वयोदितम् ।
त्रैलोक्याधिपतिः शुम्भो निशुम्भश्चापि तादृशः ॥११८॥
किं त्वत्र यत्प्रतिज्ञातं मिथ्या तत्क्रियते कथम् ।
श्रूयतामल्पबुद्धित्वात्प्रतिज्ञा या कृता पुरा ॥११९॥
यो मां जयति संग्रामे यो मे दर्पं व्यपोहति ।
यो मे प्रतिबलो लोके स मे भर्ता भविष्यति ॥१२०॥
तदागच्छतु शुम्भोऽत्र निशुम्भो वा महासुरः ।
मां जित्वा किं चिरेणात्र पाणिं गृह्णान्तु मे लघु ॥१२१॥

हे सुन्दरी ! त्यसबाहेक अरू जति पनि रत्न पदार्थहरू देवता, गन्धर्व र नागसँग थिए, ती सबै मसँग आएका छन् ॥१११॥ हे देवी ! हामी तिमीलाई संसारकी सम्पूर्ण स्त्रीहरूमा रत्न मान्छौं, त्यसैले तिमी हामीकहाँ आऊ, किनभने रत्नहरूको उपभोग गर्ने हामीहरू नै हौं ॥११२॥ हे चञ्चल कटाक्ष भएकी सुन्दरी ! तिमी म या मेरो भाइ महापराक्रमी निशुम्भको सेवामा आऊ, किनभने तिमी रत्नस्वरूपा हौ ॥११३॥ तिमीले मलाई अपनाएर तुलना नै गर्न नसकिने ऐश्वर्य र सुखको भोग गर। आफ्नो विचार र बुध्दि लगाएर तिमी मेरी पत्नी बन' ॥११४॥

ऋषि भन्दछन्–॥११५॥ दूतको यस्तो करा सुनी कल्याणमयी भगवती दुर्गादेवी मनमनै गम्भीरभावले मुस्कुराइन् र भनिन्– ॥११६॥

देवीले भनिन्– ॥११७॥ हे दूत ! तिमीले सत्य कुरा भन्यौं, यसमा कत्ति पनि भ्रूठो छैन। शुम्भ तीनै लोकका स्वामी हुन् र निशुम्भ पनि उनीसमानकै पराक्रमी हुन् ॥११८॥ तर यस विषयमा आफ्नो अल्पबुद्धिका कारण मैले जे प्रतिज्ञा गरेकी छु, त्यो सुन–॥११९॥ 'जसले मलाई रणसंग्राममा जित्न सक्छ, जो मेरो अभिमानलाई नष्ट पार्न सक्छ, तथा संसारमा जो म समान बलवान् छ, त्यही मात्र मेरो स्वामी हुन सक्छ' ॥१२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दूत उवाच ॥१२२॥

अवलिप्तासि मैवं त्वं देवि ब्रूहि ममाग्रतः ।
त्रैलोक्ये कः पुमांस्तिष्ठेदग्रे शुम्भनिशुम्भयोः ॥१२३॥
अन्येषामपि दैत्यानां सर्वे देवा न वै युधि ।
तिष्ठन्ति सम्मुखे देवि किं पुनः स्त्री त्वमेकिका ॥१२४॥
इन्द्राद्याः सकला देवास्तस्थुर्येषां न संयुगे ।
शुम्भादीनां कथं तेषां स्त्री प्रयास्यसि सम्मुखम् ॥१२५॥
सा त्वं गच्छ मयैवोक्ता पार्श्वं शुम्भनिशुम्भयोः ।
केशाकर्षणनिर्धूतगौरवा मा गमिष्यसि ॥१२६॥

देव्युवाच ॥१२७॥

एवमेतद् बली शुम्भो निशुम्भश्चातिवीर्यवान् ।
किं करोमि प्रतिज्ञा मे यदनालोचिता पुरा ॥१२८॥
स त्वं गच्छ मयोक्तं ते यदेतत्सर्वमादृतः ।
तदाचक्ष्वासुरेन्द्राय स च युक्तं करोतु तत् ॥ ॐ॥१२९॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये देव्या दूतसंवादो नम पञ्चमोऽध्यायः ॥५॥

उवाच ९, त्रिपान्मन्त्राः ६६, श्लोकाः ५४, एवम् १२९, एवमादितः ॥ ३८८ ॥

यसैले शुम्भ अथवा निशुम्भ स्वयं नै यहाँ आई मलाई जितेर छिट्टै पाणिग्रहण गर्नुहोस्, यसमा ढिलाइको के आवश्यकता ?॥१२१॥

दूतले भन्यो—॥१२२॥ हे देवी ! तिमी घमण्डले भरिएकी रहिछौ । मसँग यस्तो कुरा नगर । तीन लोकमा कुन त्यस्तो पुरुष छ, जो शुम्भ र निशुम्भका सामु उभिन सकोस् ॥१२३॥ देवी ! जससँग सम्पूर्ण देवता युध्दमा टिक्न सकेनन्, तिमी एक्ली स्त्री भएर कसरी युध्द गर्न सक्छ्यौ ? शुम्भ आदि दैत्यका सामु इन्द्र आदि देवताहरू त युध्दमा खडा हुन सकेनन्, तिमी स्त्री भएर कसरी सामना गर्छ्यौ ? ॥१२४-१२५॥ यसैले तिमी मैले भनेको मान र शुम्भ निशुम्भसँग हिंड । यसो गर्नुमै तिम्रो गौरवको रक्षा हुन्छ, नत्र जब उनीहरूले केश पक्रेर घिसार्छन्, त्यसपछि आफ्नो प्रतिष्ठा धुमिल हुन जाला ॥१२६॥

देवीले भनिन्—॥१२७॥ तिमीले भनेको ठीक हो, शुम्भ बलवान् छन् र निशुम्भ पनि साह्रै पराक्रमी हुन् । तर म के गरूँ ? मैले पहिले नै विना सोच प्रतिज्ञा गरें । ॥१२८॥ अतः अब तिमी जाऊ, मैले तिमीसँग जे कुरा भनें, ती सम्पूर्ण कुराहरू दैत्यराजलाई आदरपूर्वक सुनाऊ । त्यसपछि उनलाई जे उचित लाग्छ गरून् ॥१२९॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'देवी-दूत-संवाद' नामक पाँचौं अध्याय पूरा भयो ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षष्ठोऽध्यायः

धूम्रलोचन–वध

ध्यानम्

ॐ नागाधीश्वरविष्टरां फणिफणोत्तंसोरुरत्नावली–
भास्वद्देहलतां दिवाकरनिभां नेत्रत्रयोद्भासिताम् ।
मालाकुम्भकपालनीरजकरां चन्द्रार्धचूडां परां
सर्वज्ञेश्वरभैरवाङ्कनिलयां पद्मावतीं चिन्तये ।

ॐ ऋषिरुवाच ॥ १ ॥

इत्याकर्ण्य वचो देव्याः स दूतोऽमर्षपूरितः ।
समाचष्ट समागम्य दैत्यराजाय विस्तरात् ॥२॥
तस्य दूतस्य तद्वाक्यमाकर्ण्यासुरराट् ततः ।
सक्रोधः प्राह दैत्यानामधिपं धूम्रलोचनम् ॥३॥
हे धूम्रलोचनाशु त्वं स्वसैन्यपरिवारितः ।
तामानय बलाद्दुष्टां केशाकर्षणविह्वलाम् ॥४॥
तत्परित्राणदः कश्चिद्यदि वोत्तिष्ठतेऽपरः ।
स हन्तव्योऽमरो वापि यक्षो गन्धर्व एव वा ॥५॥

ऋषिरुवाच ॥६॥

तेनाज्ञप्तस्ततः शीघ्रं स दैत्यो धूम्रलोचनः ।
वृतः षष्ट्या सहस्राणामसुराणां द्रुतं ययौ ॥७॥

म सर्वज्ञेश्वर भैरवका काखमा निवास गर्ने परमोत्कृष्ट पद्मावती देवीको चिन्तन गर्दछु । उनी नागराजको आसनमाथि बसेकी छन्, नागका फणाहरूले सुशोभित हुने मणिहरूको विशाल मालाले उनको देहलता उद्भासित भैरहेको छ । उनको तेज सूर्यसमान छ, तीन नेत्रले उनको शोभा बढाइरहेका छन् । उनले हातमा माला, कुम्भ, कपाल र कमल लिएकी छन् र उनको शिरमा अर्धचन्द्रको मुकुट सुशोभित छ ।

ऋषिले भने–॥१॥ देवीका यस्ता वचन सुनेर रिसले चूर भएको त्यो दूतले गएर दैत्यराजलाई विस्तारपूर्वक सबै समाचार सुनायो ॥२॥ दूतका ती कुरा सुनेर क्रुद्ध भएको असुरराज शुम्भले दैत्यहरूको सेनापति धूम्रलोचनलाई भन्यो– ॥३॥ 'हे धूम्रलोचन ! तिमी छिट्टै आफ्ना सेना लिएर जाऊ र त्यो दुष्टालाई जबर्जस्ती केशमा पक्रेर घिस्याउँदै लिएर आऊ ॥४॥ त्यसको रक्षक बनेर यदि अर्को कोही खडा भयो भने देवता, गन्धर्व, यक्ष जोसुकै होस्, त्यसलाई मारिदिनू' ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स दृष्ट्वा तां ततो देवीं तुहिनाचलसंस्थिताम् ।
जगदोच्चैः प्रयाहीति मूलं शुम्भनिशुम्भयोः ॥८॥
न चेत्प्रीत्याद्य भवती मद्भर्तारमुपैष्यति ।
ततो बलान्नयाम्येष केशाकर्षणविह्वलाम् ॥९॥

देव्युवाच ॥१०॥

दैत्येश्वरेण प्रहितो बलवान् बलसंवृतः ।
बलान्नयसि मामेवं ततः किं ते करोम्यहम् ॥११॥

ऋषिरुवाच ॥१२॥

इत्युक्तः सोऽभ्यधावत्तामसुरो धूम्रलोचनः ।
हुंकारेणैव तं भस्म सा चकाराम्बिका ततः ॥१३॥
अथ क्रुद्धं महासैन्यमसुराणां तथाम्बिका ।
ववर्ष सायकैस्तीक्ष्णैस्तथा शक्तिपरश्वधैः ॥१४॥
ततो धुतसटः कोपात्कृत्वा नादं सुभैरवम् ।
पपातासुरसेनायां सिंहो देव्याः स्ववाहनः ॥१५॥
कांश्चित् करप्रहारेण दैत्यानास्येन चापरान् ।
आक्रम्य चाधरेणान्यान् स जघान महासुरान् ॥१६॥
केषांञ्चित्पाटयामास नखैः कोष्ठानि केसरी ।
तथा तलप्रहारेण शिरांसि कृतवान् पृथक् ॥१७॥

ऋषिले भने–॥६॥ त्यसपछि आज्ञा पाएको धूम्रलोचन साठीहजार असुर सैनिक लिएर तुरुन्तै गयो ॥७॥ अनि त्यसले हिमालय पर्वतमा बसेकी देवीलाई देखेर कराउँदै भन्यो– 'शुम्भ निशुम्भका चरणमा हिंड' ॥८॥ यदि तिमी सोझो तरिकाले खुसी भएर मेरो मालिककहाँ जाँदिनौ भने म जगल्टा समाएर तान्दै लैजान ढिला गर्ने छैन' ॥९॥

देवीले भनिन्–॥१०॥ तिमीलाई दैत्यका राजाले पठाएका छन् र तिमी स्वयं पनि बलिया छौ, सेना पनि साथमा छन्, मलाई यसरी बलपूर्वक लैजान चाहन्छौ भने मैले के नै गर्न सक्छु र ? ॥११॥

ऋषिले भने–॥१२॥ देवीले यस्तो भनिसकेपछि त्यो धूम्रलोचन असुर देवीलाई पक्रिन दौडियो । तब ती अम्बिकाले त्यसलाई हुंकारले नै भस्म गरिन् ॥१३॥ अनि क्रुद्ध भएका असुरका विशाल सेना र अम्बिकाबीच तीखा–तीखा बाण र शक्ति एवं बञ्चराहरूको परस्पर वर्षा भयो ॥१४॥ त्यसपछि जगर हल्लाउँदै क्रोधले गर्जना गरेर देवीको आफ्नै वाहन सिंह असुरका सेनासामु उफ्रियो ॥१५॥ सिंहले कतिपय दैत्यलाई पञ्जाका प्रहारले, कतिलाई मुखले, कतिलाई ओठले झम्टेर पनि कति ठूला–ठूला असुरहरूलाई माऱ्यो ॥१६॥ सिंहले आफ्ना नंग्राले कतिका कोखा फोऱ्यो, कतिका शिरलाई धडबाट अलग गऱ्यो ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विच्छिन्नबाहुशिरसः कृतास्तेन तथापरे।
पपौ च रुधिरं कोष्ठादन्येषां धुतकेसरः ॥१८॥
क्षणेन तद्बलं सर्वं क्षयं नीतं महात्मना।
तेन केसरिणा देव्या वाहनेनातिकोपिना ॥१९॥
श्रुत्वा तमसुरं देव्या निहतं धूम्रलोचनम्।
बलं च क्षयितं कृत्स्नं देवीकेसरिणा ततः ॥२०॥
चुकोप दैत्याधिपतिः शुम्भः प्रस्फुरिताधरः।
आज्ञापयामास च तौ चण्डमुण्डौ महासुरौ ॥२१॥
हे चण्ड ! हे मुण्ड ! बलैर्बहुभिः परिवारितौ।
तत्र गच्छत गत्वा च सा समानीयतां लघु ॥२२॥
केशेष्वाकृष्य बद्ध्वा वा यदि वः संशयो युधि।
तदाशेषायुधैः सर्वैरसुरैर्विनिहन्यताम् ॥२३॥
तस्यां हतायां दुष्टायां सिंहे च विनिपातिते।
शीघ्रमागम्यतां बद्ध्वा गृहीत्वा तामथाम्बिकाम् ॥ॐ॥२४॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये शुम्भनिशुम्भसेनानीधूम्रलोचनवधो नाम षष्ठोऽध्यायः ॥६॥
उवाच ४, श्लोकाः २०, एवम् २४, एवमादितः ॥ ४१२ ॥

त्यसले कतिका बाहु, मस्तक छिन्न-भिन्न पाऱ्यो, जगर हल्लाउँदै कतिका कोखा फोरेर रगत पियो ॥१८॥ अत्यन्त क्रोधित देवीको वाहन सिंहले क्षणभरमा नै असुरका सारा सेनालाई संहार गऱ्यो ॥१९॥ त्यसपछि देवीले त्यो असुर धूम्रलोचनलाई मारेको र देवीको सिंहले सारा सेनाको संहार गरेको सुनेर दैत्यको अधिपति शुम्भले ओठ फट्फटाउँदै अत्यन्त क्रोधित भएर महाअसुर चण्ड र मुण्डलाई आज्ञा दियो- ॥२०-२१॥ 'हे चण्ड ! हे मुण्ड ! तिमीहरू धेरै सैन्य साथमा लिएर त्यहाँ जाओ र त्यसलाई जगल्टामा पक्रेर घिस्याउँदै अथवा बाँधेर तुरुन्त यहाँ ल्याओ ॥२२॥ यदि त्यसरी ल्याउन तिमीहरूलाई सन्देह भयो भने सबै दैत्य मिलेर हतियारले मार ॥२३॥ त्यस दुष्टा र सिंहलाई पनि मार अनि त्यस अम्बिकालाई बाँधेर लिएर आओ' ॥२४॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'शुम्भनिशुम्भको सेनापति धूम्रलोचनको वध' नामक छैटौँ अध्याय पूरा भयो ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सप्तमोऽध्यायः

चण्ड र मुण्डको वध

ध्यानम्

ॐ ध्यायेयं रत्नपीठे शुककलपठितं श्रृण्वतीं श्यामलाङ्गी
न्यस्तैकाङ्घ्रिं सरोजे शशिशकलधरां वल्लकीं वादयन्तीम्।
कह्लाराबद्धमालां नियमितविलसच्चोलिकां रक्तवस्त्रां
मातङ्गीं शङ्खपात्रां मधुरमधुमदां चित्रकोद्भासिभालाम्।

ॐ ऋषिरुवाच ॥ १ ॥

आज्ञप्तास्ते ततो दैत्याश्चण्डमुण्डपुरोगमाः ।
चतुरङ्गबलोपेता ययुरभ्युद्यतायुधाः ॥२॥
ददृशुस्ते ततो देवीमीषद्धासां व्यवस्थिताम् ।
सिंहस्योपरि शैलेन्द्रश्रृङ्गे महति काञ्चने ॥३॥
ते दृष्ट्वा तां समादातुमुद्यमं चक्रुरुद्यताः ।
आकृष्टचापासिधरास्तथान्ये तत्समीपगाः ॥४॥
ततः कोपं चकारोच्चैरम्बिका तानरीन् प्रति ।
कोपेन चास्या वदनं मषीवर्णमभूत्तदा ॥५॥
भ्रुकुटीकुटिलात्तस्या ललाटफलकाद्द्रुतम् ।
काली करालवदना विनिष्क्रान्तासिपाशिनी ॥६॥

म मातङ्गीदेवीको ध्यान गर्दछु। उनी रत्नमय सिंहासनमा बसेर पढ्दै गरेको सुगाको मधुर शब्द सुनिरहेकी छन् । उनको शरीरको वर्ण कालो छ । उनले एउटा खुट्टा कमलमाथि राखेकी छन् र शिरमा अर्धचन्द्र धारण गरेकी छन्। उनले कह्लार पुष्पहरूको माला धारण गरी वीणा बजाउँछिन् । उनको अङ्गमा कसिएको चोलो सुशोभित छ । उनले रातो रङ्गको साडी लगाएर हातमा शंखमय भाँडो लिएकी छन्। उनको अनुहारमा मधुपानको सामान्य प्रभाव पनि देखिन्छ र निधारमा लगाएको टिकी अत्यन्त सुशोभित छ।

ऋषिले भने-॥१॥ त्यसपछि शुम्भले आज्ञा दिएका ती चण्ड-मुण्ड आदि दैत्यहरू घोडा, हात्ती, रथ र पैदल गरी चतुरङ्गिणी सेनाले युक्त भएर हातहतियारले सुसज्जित भै हिंडे ॥२॥ अनि गिरिराज हिमालयको सुवर्णमय टाकुरामा सिंहमाथि बसेर मन्द-मन्द मुस्कुराइरहेकी देवीलाई तिनीहरूले देखे ॥३॥ तिनलाई देखेपछि ती दैत्यहरूले उनलाई पक्रन उद्यत भएर कतिले धनु खिँचे, कतिले तरबार पक्रे त कति उनको समीपमा गएर खडा भए ॥४॥ त्यसपछि अम्बिकाले ती शत्रुहरूका प्रति क्रोध प्रकट गरिन्, त्यस समयमा क्रोधले उनको मुख मसीजस्तै कालो भयो ॥५॥ देवीको टेढिएको भृकुटीबाट तुरुन्तै विकराल मुख भएकी; तरबार, पाश हातमा लिएकी काली निस्किन् ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विचित्रखट्वाङ्गधरा नरमालाविभूषणा।
द्वीपिचर्मपरीधाना शुष्कमांसातिभैरवा ॥७॥
अतिविस्तारवदना जिह्वाललनभीषणा।
निमग्नारक्तनयना नादापूरितदिङ्मुखा ॥८॥
सा वेगेनाभिपतिता घातयन्ती महासुरान्।
सैन्ये तत्र सुरारीणामभक्षयत तद्बलम् ॥९॥
पार्ष्णिग्राहाङ्कुशग्राहियोधघण्टासमन्वितान्।
समादायैकहस्तेन मुखे चिक्षेप वारणान् ॥१०॥
तथैव योधं तुरगै रथं सारथिना सह।
निक्षिप्य वक्त्रे दशनैश्चर्वयन्त्यतिभैरवम् ॥११॥
एकं जग्राह केशेषु ग्रीवायामथ चापरम्।
पादेनाक्रम्य चैवान्यमुरसान्यमपोथयत् ॥१२॥
तैर्मुक्तानि च शस्त्राणि महास्त्राणि तथासुरैः।
मुखेन जग्राह रुषा दशनैर्मथितान्यपि ॥१३॥
बलिनां तद् बलं सर्वमसुराणां दुरात्मनाम्।
ममर्दाभक्षयच्चान्यानन्यांश्चाताडयत्तथा ॥१४॥
असिना निहताः केचित्केचित्खट्वाङ्गताडिताः।
जग्मुर्विनाशमसुरा दन्ताग्राभिहतास्तथा ॥१५॥
क्षणेन तद् बलं सर्वमसुराणां निपातितम्।
दृष्ट्वा चण्डोऽभिदुद्राव तां कालीमतिभीषणाम् ॥१६॥

ती काली चित्रविचित्र खट्वाङ्ग धारण गरेकी, नरमुण्डको माला लगाएकी, बाघको छाला लगाएकी र हड्डीको कङ्कालजस्ती अत्यन्त डरलाग्दी, ठूलो मुख भएकी, जिब्रो लप्लपाउँदी, धसिएका गैरा राता आँखा भएकी, गर्जनले गर्दा सम्पूर्ण दिशा थर्काउने ती काली भयंकर स्वरूप भएकी थिइन्। उनी ठूला-ठूला असुरलाई मार्दै वेगले दैत्यसैन्यमा उफ्रेर तिनलाई खान थालिन् ॥७-९॥ पार्श्वरक्षक अंकुश लिएका माहुते योद्धा र घण्टासहितका हात्तीहरूलाई उनी एकै हातले पक्रेर मुखमा हाल्दथिन् ॥१०॥ त्यसैगरी घोडा र सारथिले युक्त रथ, रथी र योद्धालाई समेत मुखमा हालेर अत्यन्त भयानक ढंगले चपाउँथिन् ॥११॥ कसैलाई जगल्टा पक्रेर, कसैलाई गाला निमोठेर, कसैलाई लात्तीले हानेर, कसैलाई छातीले धक्याएर मारिन् ॥१२॥ त्यस्तै ती असुरहरूले छोडेका बडा-बडा शस्त्रास्त्र मुखले पक्रेर रिसले मुर्मुरिँदै दाँतले चपाउँथिन् ॥१३॥ उनले बलले युक्त दुरात्मा दैत्यका सारा सेनालाई खोदलिन्, खाइन्, कतिलाई ठोकेर भगाइन् ॥१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरवर्षैर्महाभीमैर्भीमाक्षीं तां महासुरः ।
छादयामास चक्रैश्च मुण्डः क्षिप्तैः सहस्रशः ॥१७॥
तानि चक्राण्यनेकानि विशमानानि तन्मुखम् ।
बभुर्यथाऽर्कबिम्बानि सुबहूनि घनोदरम् ॥१८॥
ततो जहासातिरुषा भीमं भैरवनादिनी ।
कालीकरालवक्त्रान्तर्दुर्दर्शदशनोज्ज्वला ॥१९॥
उत्थाय च महासिं हं देवी चण्डमधावत ।
गृहीत्वा चास्य केशेषु शिरस्तेनासिनाच्छिनत् ॥२०॥
अथ मुण्डोऽभ्यधावत्तां दृष्ट्वा चण्डं निपातितम् ।
तमप्यपातयद्भूमौ सा खड्गाभिहतं रुषा ॥२१॥
हतशेषं ततः सैन्यं दृष्ट्वा चण्डं निपातितम् ।
मुण्डं च सुमहावीर्यं दिशो भेजे भयातुरम् ॥२२॥
शिरश्चण्डस्य काली च गृहीत्वा मुण्डमेव च ।
प्राह प्रचण्डाट्टहासमिश्रमभ्येत्य चण्डिकाम् ॥२३॥
मया तवात्रोपहृतौ चण्डमुण्डौ महापशू ।
युद्धयज्ञे स्वयं शुम्भं निशुम्भं च हनिष्यसि ॥२४॥

ऋषिरुवाच ॥२५॥

यस्तै कति तरबारले काटिए, कति खट्वाङ्गले ठटाइए त कति दैत्यका दाह्राका प्रहारले नै नासिए ॥१५॥ एकैछिनमा दैत्यसैन्यलाई मारेको देखेर ती अति भयंकर कालीलाई चण्डले झम्ट्यो ॥१६॥ भयानक आँखा भएकी ती कालीलाई महासुर मुण्डले पनि भयंकर बाणवर्षाले र प्रहार गरेका हजारौं चक्रले पनि ढाकिदियो ॥१७॥ तिनका मुखमा पसेका ती अनेक चक्र बादलभित्र घुसेका धेरै सूर्यबिम्बजस्ता शोभायमान भए ॥१८॥ त्यसपछि भयानक गर्जना गर्नेवाली डरलाग्दा दाँतका उज्ज्वल कान्तिले विकराल मुख भएकी कालीले अति क्रोधले भयानक हाँसो हाँसिन् ॥१९॥ अनि ती देवीले ठूलो तरबार लिएर 'हुं' गर्दै उफ्रेर चण्डलाई झम्टिन् र उसका केशमा समाई त्यही तरबारले शिर काटिदिइन् ॥२०॥ चण्डलाई मारेको देखेर मुण्डले पनि तिनलाई झम्ट्यो, त्यसपछि देवीले त्यससँग पनि रिसाउँदै तरबारले काटेर भुँइमा गिराइदिइन् ॥२१॥ महापराक्रमी चण्ड र मुण्डलाई मारेको देखेर बँचेका बाँकी सेना भयले व्याकुल हुँदै चारैतिर भागे ॥२२॥ कालीले पनि चण्ड र मुण्डको शिर हातमा लिएर चण्डिकाको नजिकै गएर प्रचण्ड अट्टहास गर्दै भनिन्– ॥२३॥ 'देवी ! मैले चण्ड–मुण्ड नामका महापशुलाई मारेर तिमीलाई चढाएँ अब युद्धयज्ञमा शुम्भ र निशुम्भलाई आफैले मार्नुहुनेछ' ॥२४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तावानीतौ ततो दृष्ट्वा चण्डमुण्डौ महासुरौ ।
उवाच कालीं कल्याणी ललितं चण्डिका वचः ॥२६॥
यस्माच्चण्डं च मुण्डं च गृहीत्वा त्वमुपागता ।
चामुण्डेति ततो लोके ख्याता देवि भविष्यसि ॥ॐ॥२७॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये चण्डमुण्डवधो नाम सप्तमोऽध्यायः ॥७॥

उवाच २, श्लोकाः २५, एवम् २७, एवमादितः ॥ ४३९॥

ऋषिले भने-॥२५॥ त्यसपछि त्यहाँ ल्याइएका महासुर चण्डमुण्डलाई देखेर कल्याणी चण्डिकाले कालीलाई सुन्दर वचनले भनिन्- ॥२६॥ 'जुन उद्देश्यले चण्ड र मुण्डलाई लिएर तिमी यहाँ आयौ, अब तिमी लोकमा चामुण्डा भन्ने नामले प्रख्यात हुनेछ्यौ' ॥२७॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'चण्ड-मुण्ड-वध' नामक सातौं अध्याय पूरा भयो ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अष्टमोऽध्यायः

रक्तबीज-वध

ध्यानम्

ॐ अरुणां करुणातरङ्गिताक्षीं
धृतपाशाङ्कुशबाणचापहस्ताम् ।
अणिमादिभिरावृतां मयूखै-
रहमित्येव विभावये भवानीम् ॥

'ॐ' ऋषिरुवाच ॥१॥

चण्डे च निहते दैत्ये मुण्डे च विनिपातिते ।
बहुलेषु च सैन्येषु क्षयितेष्वसुरेश्वरः ॥२॥
ततः कोपपराधीनचेताः शुम्भः प्रतापवान् ।
उद्योगं सर्वसैन्यानां दैत्यानामादिदेश ह ॥३॥
अद्य सर्वबलैर्दैत्याः षडशीतिरुदायुधाः ।
कम्बूनां चतुरशीतिर्निर्यान्तु स्वबलैर्वृताः ॥४॥
कोटिवीर्याणि पञ्चाशदसुराणां कुलानि वै ।
शतं कुलानि धौम्राणां निर्गच्छन्तु ममाज्ञया ॥५॥
कालका दौर्हदा मौर्याः कालकेयास्तथासुराः ।
युद्धाय सज्जा निर्यान्तु आज्ञया त्वरिता मम ॥६॥
इत्याज्ञाप्यासुरपतिः शुम्भो भैरवशासनः ।

म अणिमा आदि सिद्धिमयी किरणहरूद्वारा आवृत भवानीको ध्यान गर्दछु । उनको शरीरको रङ्ग रातो छ । आँखामा करुणा लहराइरहेको अनुभव हुन्छ । उनका हातहरूमा पाश, अंकुश, बाण र धनुष सुशोभित छन् ।

ऋषिले भने-॥१॥ चण्डमुण्ड दुबै दैत्य मारिइसकेपछि र धेरैजसो सैन्य पनि मारिइसकेपछि दैत्यराज शुम्भ अत्यन्त क्रोधले युक्त भयो र उसले दैत्यका सबै सैनिकहरूलाई युद्धका निम्ति आज्ञा दियो ॥२-३॥ उसले भन्यो-'आज उदायुध नामका छयासी दैत्य- सेनापति आ-आफ्ना सबै सैन्यबलका साथ युद्धका लागि प्रस्थान गरून्, कम्बुका चौरासी सेना नायक आफ्ना फौजले युक्त भएर निस्किऊन् ॥४॥ कोटिवीर्य-कुलका पचास र धौम्र-कुलका असुरहरूका सेनापति पनि मेरो आज्ञाले आ-आफ्ना सेनासहित अगाडि बढून् ॥५॥ कालक, दौहृद, मौर्य र कालकेय नामका असुरहरू पनि मेरो आज्ञाले हतारिएर युद्धका निम्ति तुरुन्तै तयार भएर प्रस्थान गरून्' ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्जगाम महासैन्यसहस्रैर्बहुभिर्वृतः ॥७॥
आयान्तं चण्डिका दृष्ट्वा तत्सैन्यमतिभीषणम् ।
ज्यास्वनैः पूरयामास धरणीगगनान्तरम् ॥८॥
ततः सिंहो महानादमतीव कृतवान् नृप ।
घण्टास्वनेन तन्नादमम्बिका चोपबृंहयत् ॥९॥
धनुर्ज्यासिंहघण्टानां नादापूरितदिङ्मुखा ।
निनादैर्भीषणैः काली जिग्ये विस्तारितानना ॥१०॥
तं निनादमुपश्रुत्य दैत्यसैन्यैश्चतुर्दिशम् ।
देवी सिंहस्तथा काली सरोषैः परिवारिताः ॥११॥
एतस्मिन्नन्तरे भूप विनाशाय सुरद्विषाम् ।
भवायामरसिंहानामतिवीर्यबलान्विताः ॥१२॥
ब्रह्मेशगुहविष्णूनां तथेन्द्रस्य च शक्तयः ।
शरीरेभ्यो विनिष्क्रम्य तद्रूपैश्चण्डिकां ययुः ॥१३॥
यस्य देवस्य यद्रूपं यथाभूषणवाहनम् ।
तद्वदेव हि तच्छक्तिरसुरान् योद्धुमाययौ ॥१४॥
हंसयुक्तविमानाग्रे साक्षसूत्रकमण्डलुः ।
आयाता ब्रह्मणः शक्तिर्ब्रह्माणी साभिधीयते ॥१५॥
माहेश्वरी वृषारूढा त्रिशूलवरधारिणी ।
महाहिवलया प्राप्ता चन्द्ररेखाविभूषणा ॥१६॥

भयङ्कर शासन भएको असुरराज शुम्भ यस्तो आज्ञा दिएर हजारौं सैन्यबलका साथ आफू पनि निक्लेर आयो ॥७॥ अत्यन्त भयानक त्यो सैन्यबल आइरहेको देखेर चण्डिकाले धनुको टंकारले पृथिवी र आकाशको बीच भागलाई शब्दायमान गराइदिइन् ॥८॥ हे राजन् ! तदनन्तर देवीको सिंह पनि अत्यन्त ठूलो स्वरले गर्जियो । अम्बिकाले घण्टाका शब्दले उसको शब्दलाई झन् बढाइदिइन् ॥९॥ धनुको टंकार, सिंहको गर्जाइ, घण्टाको शब्दले सारा दिशा शब्दैशब्दले भरिए । यस्तो भयङ्कर शब्दकै बीच काली आफ्नो मुख झन् फैलाएर कराइन् ॥१०॥ त्यो शब्द सुनेर क्रोधित भएका दैत्यसैन्यले देवी, सिंह र कालीलाई चारै दिशाबाट घेरे ॥११॥ राजन् ! यसै बीचमा असुरहरूको विनाश र देवगणहरूको अभ्युदयका लागि अत्यन्त पराक्रम र बलले युक्त भएका ब्रह्मा, शिव, कार्तिकेय, विष्णु, इन्द्र आदि देवताका शक्तिहरू तिनका शरीरबाट निस्केर त्यस्तै रूपले चण्डिका नजिकै गए ॥१२-१३॥ जुन देवताको जस्तो रूप, जस्ता भूषण, जस्ता बाहन छन्, त्यस्तै नै तिनका शक्ति दैत्यसँग युद्ध गर्न आए ॥१४॥ हंसयुक्त विमानमा बसेकी, अक्षसूत्र र कमण्डलु लिएकी ब्रह्माणी ब्रह्माकी शक्तिका रूपमा चिनिन्छिन् ॥१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कौमारी शक्तिहस्ता च मयूरवरवाहना।
योद्धुमभ्याययौ दैत्यानम्बिका गुहरूपिणी ॥१७॥
तथैव वैष्णवी शक्तिर्गरुडोपरि संस्थिता।
शङ्खचक्रगदाशार्ङ्गखड्गहस्ताभ्युपाययौ ॥१८॥
यज्ञवाराहमतुलं रूपं या बिभ्रतो हरेः।
शक्तिः साप्याययौ तत्र वाराहीं बिभ्रती तनुम् ॥१९॥
नारसिंही नृसिंहस्य बिभ्रती सदृशं वपुः।
प्राप्ता तत्र सटाक्षेपक्षिप्तनक्षत्रसंहतिः ॥२०॥
वज्रहस्ता तथैवैन्द्री गजराजोपरि स्थिता।
प्राप्ता सहस्रनयना यथा शक्रस्तथैव सा ॥२१॥
ततः परिवृतस्ताभिरीशानो देवशक्तिभिः।
हन्यन्तामसुराः शीघ्रं मम प्रीत्याऽऽह चण्डिकाम् ॥२२॥
ततो देवीशरीरात्तु विनिष्क्रान्तातिभीषणा।
चण्डिकाशक्तिरत्युग्रा शिवाशतनिनादिनी ॥२३॥
सा चाह धूम्रजटिलमीशानमपराजिता।
दूत त्वं गच्छ भगवन् पार्श्वं शुम्भनिशुम्भयोः ॥२४॥ ब्रूहि
शुम्भं निशुम्भं च दानवावतिगर्वितौ।
ये चान्ये दानवास्तत्र युद्धाय समुपस्थिताः ॥२५॥

साँढेमा चढेकी, तीखो त्रिशूल लिएकी, महानागका चन्द्ररेखाले माथ शोभिएकी माहेश्वरी शक्ति पनि त्यहाँ आइन् ॥१६॥ मयूरमा चढेकी गुह-रूपिणी कौमारीदेवी शक्ति हातमा लिएर दैत्यका साथ युद्ध गर्न आइन् ॥१७॥ त्यस्तै वैष्णवी शक्ति गरुडमा चढी शंख, चक्र, गदा, शार्ङ्गधनु हातमा लिएर त्यहाँ आइन् । अनुपम यज्ञवाराहको रूप धारण गर्ने श्रीहरिकी जुन वाराही शक्ति हुन्, ती पनि वराह रूप धारण गरेर त्यहाँ आइन् ॥१८-१९॥ नारसिंही पनि नरसिंहकै जस्तो देह धारण गरेर त्यहाँ आइन् ॥२०॥ ऐरावत हात्तीमा चढेकी, वज्र हातमा लिएकी, हज्जार आँखा भएकी, इन्द्रजस्तै रूप भएकी ऐन्द्री पनि त्यहाँ आइन् ॥२१॥ त्यसपछि ती देवशक्तिहरूले घेरिएका महादेवले चण्डिकालाई भने- 'मेरो प्रसन्नताका लागि असुरहरूलाई चाडै मार' ॥२२॥ त्यसपछि देवीका शरीरबाट सयौं स्याल कराएझैं शब्द गर्ने अति भयानक उग्र रूपकी चण्डिका शक्ति प्रकट भइन् ॥२३॥ ती अपराजिताले कैला जटा भएका महादेवलाई भनिन्- 'भगवन् ! तपाईं दूत बनेर शुम्भ-निशुम्भसँग जानुहोस् ॥२४॥ अत्यन्त गर्विला दानव शुम्भ, निशुम्भहरूलाई र अरू पनि त्यहाँ जो दानव युद्ध गर्न आएका थिए, ती सबैलाई भन्नुहवस्- ॥२५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रैलोक्यमिन्द्रो लभतां देवाः सन्तु हविर्भुजः ।
यूयं प्रयात पातालं यदि जीवितुमिच्छथ ॥२६॥
बलावलेपादथ चेद्भवन्तो युद्धकाङ्क्षिणः ।
तदागच्छत तृप्यन्तु मच्छिवाः पिशितेन वः ॥२७॥
यतो नियुक्तो दौत्येन तया देव्या शिवः स्वयम् ।
शिवदूतीति लोकेऽस्मिंस्ततः सा ख्यातिमागता ॥२८॥
तेऽपि श्रुत्वा वचो देव्याः शर्वाख्यातं महासुराः ।
अमर्षापूरिता जग्मुर्यत्र कात्यायनी स्थिता ॥२९॥
ततः प्रथममेवाग्रे शरशक्त्यृष्टिवृष्टिभिः ।
ववर्षुरुद्धतामर्षास्तां देवीममरारयः ॥३०॥
सा च तान् प्रहितान् बाणाञ्छूलशक्तिपरश्वधान् ।
चिच्छेद लीलयाऽऽध्मातधनुर्मुक्तैर्महेषुभिः ॥३१॥
तस्याग्रतस्तथा काली शूलपातविदारितान् ।
खट्वाङ्गपोथितांश्चारीन् कुर्वती व्यचरत्तदा ॥३२॥
कमण्डलुजलाक्षेपहतवीर्यान् हतौजसः ।
ब्रह्माणी चाकरोच्छत्रून् येन येन स्म धावति ॥३३॥
माहेश्वरी त्रिशूलेन तथा चक्रेण वैष्णवी ।
दैत्याञ्जघान कौमारी तथा शक्त्यातिकोपना ॥३४॥
ऐन्द्रीकुलिशपातेन शतशो दैत्यदानवाः ।
पेतुर्विदारिताः पृथ्व्यां रुधिरौघप्रवर्षिणः ॥३५॥

यदि बाँच्ने इच्छा गर्छौ भने इन्द्र त्रैलोक्य पाऊन्, देवताहरू यज्ञका भाग पाऊन् तिमीहरू पातालमा जाओ ॥२६॥ बलको घमण्डले यदि तिमीहरू युद्ध गर्न चाहन्छौ भने तिमीहरूका मासुले मेरा योगिनीहरू तृप्त हुनेछन्' ॥२७॥ जबदेखि देवीले शिवलाई स्वयं दूतको काममा नियुक्त गरिथिन् तबदेखि ती यस लोकमा शिवदूती भन्ने नामले प्रख्यात भइन् ॥२८॥ ती महाअसुरहरू पनि शिवले भनेका देवीका वचन सुनेर क्रोधले भरिएर जहाँ कात्यायनी विराजमान थिइन्, त्यहीं गए ॥२९॥ त्यसपछि क्रोधले उद्धत भएका दैत्यहरूले पहिले ती देवीमाथि शर, शक्ति आदि हतियार बर्साए ॥३०॥ अनि देवीले पनि धनुष्टंकार गर्दै धनुद्वारा छोडिएका बडा-बडा बाणहरूले दैत्यले हानेका बाण, शूल, शक्ति, फरसा आदि सबै काटिन् ॥३१॥ त्यसैगरी कालीदेवी पनि कात्यायनीका अघि अघि लागेर शत्रुलाई शूलका प्रहारले विदीर्ण पार्दै, कतिलाई खट्वाङ्गले थिचेर मार्दै त्यो समयमा रणमा विचरण गर्न लागिन् ॥३२॥ ब्रह्माणी पनि ज-जसलाई झम्टिन्थिन्, कमण्डलुको जल छर्केर शत्रुको तेज र पराक्रमलाई नष्ट गर्दथिन् ॥३३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तुण्डप्रहारविध्वस्ता दंष्ट्राग्रक्षतवक्षसः ।
वाराहमूर्त्या न्यपतंश्चक्रेण च विदारिताः ॥३६॥
नखैर्विदारितांश्चान्यान् भक्षयन्ती महासुरान् ।
नारसिंही चचाराजौ नादापूर्णदिगम्बरा ॥३७॥
चण्डाट्टहासैरसुराः शिवदूत्यभिदूषिताः ।
पेतुः पृथिव्यां पतितांस्तांश्चखादाथ सा तदा ॥३८॥
इति मातृगणं क्रुद्धं मर्दयन्तं महासुरान् ।
दृष्ट्वाभ्युपायैर्विविधैर्नेशुर्देवारिसैनिकाः ॥३९॥
पलायनपरान् दृष्ट्वा दैत्यान् मातृगणार्दितान् ।
योद्धुमभ्याययौ क्रुद्धो रक्तबीजो महासुरः ॥४०॥
रक्तबिन्दुर्यदा भूमौ पतत्यस्य शरीरतः ।
समुत्पतति मेदिन्यां तत्प्रमाणस्तदासुरः ॥४१॥
युयुधे स गदापाणिरिन्द्रशक्त्या महासुरः ।
ततश्चैन्द्री स्ववज्रेण रक्तबीजमताडयत् ॥४२॥
कुलिशेनाहतस्याशु बहु सुस्राव शोणितम् ।
समुत्तस्थुस्ततो योधास्तद्रूपास्तत्पराक्रमाः ॥४३॥
यावन्तः पतितास्तस्य शरीराद्रक्तबिन्दवः ।
तावन्तः पुरुषा जातास्तद्वीर्यबलविक्रमाः ॥४४॥

माहेश्वरीले त्रिशूलले, वैष्णवीले चक्रले, त्यस्तै अति क्रोधिनी कौमारीले शक्तिले दैत्यहरूलाई मारे ॥३४॥ इन्द्राणीका वज्र प्रहारले विदीर्ण भएर सयकडौं दैत्य दानव रक्तका धारा बगाउँदै पृथ्वीमा सोत्तर भए ॥३५॥ वराहमूर्ति देवीले थुतुनाको प्रहारले विध्वस्त पारिन्, दाह्राका टुप्पाले कतिका छाती फोरिन्, कति चक्रका चोटले विदीर्ण भएर ढले ॥३६॥ नारसिंही पनि ठूला-ठूला असुरहरूलाई नंग्राले चिथोरेर खाँदै, गर्जनाले दशै दिशा र आकाश थर्काउँदै रणमा विचरण गर्दथिन् ॥३७॥ कति दैत्य शिवदूतीका प्रचण्ड अट्टहासले बेहोस भएर पृथ्वीमा गिरे, त्यसपछि ती गिरेकालाई उनले खपाखप खाइन् ॥३८॥ त्यसरी क्रुद्ध भएका मातृगणले नाना प्रकारका उपायहरूले ठूला-ठूला असुरहरूलाई मारेको देखेर देवशत्रु अड्न सकेनन् र भागे ॥३९॥ मातृगणबाट पीडित बनेका दैत्यहरू भाग्न लागेका देखेर रक्तबीज नामक महाअसुर क्रुद्ध भएर युद्ध गर्न अघि सर्‍यो ॥४०॥ जब त्यसको शरीरबाट रगतका थोपा भैंमा झर्दथे, तब त्यस्तै शक्तिशाली असुर पृथ्वीमा उत्पन्न हुन्थे ॥४१॥ त्यो महासुर रक्तबीज हातमा गदा लिएर इन्द्रशक्तिका साथ युद्ध गर्न थाल्यो, तब ऐन्द्रीले आफ्नो वज्रले रक्तबीजलाई ठोकिन् ॥४२॥ वज्रले घायल भएको त्यसको धेरै रगत भैंमा झर्‍यो र त्यस्तै पराक्रमले युक्त अरू रक्तबीज योद्धाहरू उत्पन्न भए ॥४३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ते चापि युयुधुस्तत्र पुरुषा रक्तसम्भवाः ।
समं मातृभिरत्युग्रशस्त्रपातातिभीषणम् ॥४५॥
पुनश्च वज्रपातेन क्षतमस्य शिरो यदा ।
ववाह रक्तं पुरुषास्ततो जाताः सहस्रशः ॥४६॥
वैष्णवी समरे चैनं चक्रेणाभिजघान ह ।
गदया ताडयामास ऐन्द्री तमसुरेश्वरम् ॥४७॥
वैष्णवीचक्रभिन्नस्य रुधिरस्रावसम्भवैः ।
सहस्रशो जगद्व्याप्तं तत्प्रमाणैर्महासुरैः ॥४८॥
शक्त्या जघान कौमारी वाराही च तथासिना ।
माहेश्वरी त्रिशूलेन रक्तबीजं महासुरम् ॥४९॥
स चापि गदया दैत्यः सर्वा एवाहनत् पृथक् ।
मातृः कोपसमाविष्टो रक्तबीजो महासुरः ॥५०॥
तस्याहतस्य बहुधा शक्तिशूलादिभिर्भुवि ।
पपात यो वै रक्तौघस्तेनासञ्छतशोऽसुराः ॥५१॥
तैश्चासुरासृक्सम्भूतैरसुरैः सकलं जगत् ।
व्याप्तमासीत्ततो देवा भयमाजग्मुरुत्तमम् ॥५२॥
तान् विषण्णान् सुरान् दृष्ट्वा चण्डिका प्राह सत्वरा ।
उवाच कालीं चामुण्डे विस्तीर्णं वदनं कुरु ॥५३॥

त्यसको शरीरबाट जति रगतका बिन्दु गिरेका थिए, त्यति नै रक्तबीजसमान बल, वीर्य, पराक्रम भएका पुरुषहरू उत्पन्न भए ॥४४॥ ती रगतबाट उत्पन्न भएका पुरुषहरू पनि त्यहाँ अत्युग्र शस्त्रास्त्र वर्षाएर मातृगणका साथ भयंकर युद्ध गर्न थाले ॥४५॥ देवीले फेरि वज्र हानेर रक्तबीजको शिर काटिन् । त्यसको रगतको भल बग्यो र त्यसबाट हजारौं रक्तबीज पुरुष पैदा भए ॥४६॥त्यस दैत्य सेनापतिलाई समरमा वैष्णवीले चक्रले हानिन्, ऐन्द्रीले गदाले ठोकिन् ॥४७॥ वैष्णवीको चक्रले छिन्न-भिन्न भएको त्यसको बगेको रगतबाट उत्पन्न भएका त्यस्तै प्रमाणका हज्जारौं महाअसुरले जगत् नै ढाके ॥४८॥ त्यो महाअसुर रक्तबीजलाई कौमारीले शक्ति र वाराहीले तरबारद्वारा हाने । माहेश्वरीले त्रिशूलले हानिन् ॥४९॥ क्रोधले मुर्मुरिएको महाअसुर रक्तबीजले पनि ती सबै मातृगणलाई एकेक गरेर गदाले हान्यो ॥५०॥ शक्ति, शूल आदि धेरै प्रकारले घायल भएको त्यसका देहबाट रगतका झरना नै झैंमा झर्‍यो । त्यसबाट लाखौं असुर उत्पन्न भए ॥५१॥ असुरका रगतबाट उत्पन्न भएका ती दैत्यहरूबाट जब सबै जगत् व्याप्त भएथ्यो, तब देवताहरू अत्यन्त भयभीत भए ॥५२॥ ती देवगणहरूलाई खिन्न भएको देखेर चण्डिकाले हतारिँदै कालीलाई भनिन्– 'हे चामुण्डे ! आफ्नो मुख फैलाऊ ॥५३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मच्छस्त्रपातसम्भूतान् रक्तबिन्दून्महासुरान् ।
रक्तबिन्दोः प्रतीच्छ त्वं वक्त्रेणानेन वेगिना ॥५४॥
भक्षयन्ती चर रणे तदुत्पन्नान्महासुरान् ।
एवमेष क्षयं दैत्यः क्षीणरक्तो गमिष्यति ॥५५॥
भक्ष्यमाणास्त्वया चोग्रा न चोत्पत्स्यन्ति चापरे ।
इत्युक्त्वा तां ततो देवी शूलेनाभिजघान तम् ॥५६॥
मुखेन काली जगृहे रक्तबीजस्य शोणितम् ।
ततोऽसावाजघानाथ गदया तत्र चण्डिकाम् ॥५७॥
न चास्या वेदनां चक्रे गदापातोऽल्पिकामपि ।
तस्याहतस्य देहात्तु बहु सुस्राव शोणितम् ॥५८॥
यतस्ततस्तद्वक्त्रेण चामुण्डा सम्प्रतीच्छति ।
मुखे समुद्गता येऽस्या रक्तपातान्महासुराः ॥५९॥
तांश्चखादाथ चामुण्डा पपौ तस्य च शोणितम् ।
देवी शूलेन वज्रेण बाणैरसिभिर्ऋष्टिभिः ॥६०॥
जघान रक्तबीजं तं चामुण्डापीतशोणितम् ।
स पपात महीपृष्ठे शस्त्रसङ्घसमाहतः ॥६१॥
नीरक्तश्च महीपाल रक्तबीजो महासुरः ।
ततस्ते हर्षमतुलमवापुस्त्रिदशा नृप ॥६२॥

मेरो शस्त्र प्रहारले गिरेका रक्तबिन्दुबाट उत्पन्न भएका महाअसुरहरूलाई खाँदै तिमी रणमा दौडिरहू । यसो गर्नाले सारा रगत समाप्त भएर दैत्य नाशिने छ ॥५४–५५॥ तिमीले रगत खाएपछि ती उग्र दैत्य फेरि उत्पन्न हुने छैनन्' । कालीलाई यति भनेर देवीले ती असुरलाई शूलले मार्न थालिन् र कालीले जताततै दौडेर रक्तबीजको रगत पिइन् ॥५६–५७॥ तब त्यस दैत्यले पनि चण्डिकालाई गदाले हान्यो, किन्तु गदाको प्रहारले तिनलाई अलिकति पनि पीडा भएन ॥५८॥ घायल भएको त्यसको देहबाट धेरै रगत झर्‍यो तर चामुण्डाले जताततै दौडेर मुखले त्यो सबै रगत पिइन् ॥५९॥ कालीका मुखबाट रगत गिर्नाले जो महादैत्य उत्पन्न भए, चामुण्डाले तिनलाई पनि खाइन् र त्यसको रगत पनि पिइन् । चामुण्डाले रगत पिएको त्यस रक्तबीजलाई देवीले शूलले, वज्रले, बाण र तरबारहरूले धमाधम मारिन् ॥६०–६१॥ यसरी शस्त्रसमूहले मारिएको त्यो दैत्य रक्तशून्य भएर ढल्यो ॥६२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेषां मातृगणो जातो ननर्तासृङ्मदोद्धतः ॥ॐ॥६३॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये रक्तबीजबधो नाम अष्टमोध्यायः ॥८॥

उवाच १, अर्धश्लोकः १, श्लोकाः ६१, एवम् ६३, एवमादितः ॥५०२॥

हे नरेश्वर ! त्यसपछि देवताहरू अत्यन्त हर्षित भए । उता ती दैत्यहरूको रगत पिएर उन्मत्त भएका मातृगण नाच्न थाले ॥६३॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'रक्तबीजवध' नामक आठौं अध्याय पूरा भयो ॥८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नवमोऽध्यायः

निशुम्भ-वध

ध्यानम्

ॐ बन्धूककाञ्चननिभं रुचिराक्षमालां
पाशाङ्कुशौ च वरदां निजबाहुदण्डैः ।
बिभ्राणमिन्दुशकलाभरणं त्रिनेत्र-
मर्धाम्बिकेशमनिशं वपुराश्रयामि ॥

ॐ राजोवाच ॥१॥

विचित्रमिदमाख्यातं भगवन् भवता मम ।
देव्याश्चरितमाहात्म्यं रक्तबीजवधाश्रितम् ॥२॥
भूयश्चेच्छाम्यहं श्रोतुं रक्तबीजे निपातिते ।
चकार शुम्भो यत्कर्म निशुम्भश्चातिकोपनः ॥३॥

ऋषिरुवाच ॥४॥

चकार कोपमतुलं रक्तबीजे निपातिते ।
शुम्भासुरो निशुम्भश्च हतेष्वन्येषु चाहवे ॥५॥
हन्यमानं महासैन्यं विलोक्यामर्षमुद्वहन् ।
अभ्यधावन्निशुम्भोऽथ मुख्ययासुरसेनया ॥६॥
तस्याग्रतस्तथा पृष्ठे पार्श्वयोश्च महासुराः ।
संदष्टौष्ठपुटाः क्रुद्धा हन्तुं देवीमुपाययुः ॥७॥

म अर्धनारीश्वरको श्रीविग्रहको निरन्तर शरण लिन्छु, जसको वर्ण बन्धूकपुष्प र सुवर्णजस्तै रक्त-पीतमिश्रित छ । उक्त श्रीविग्रहले आफ्ना हातमा सुन्दर अक्षमाला, पाश, अङ्कुश र वरदमुद्रा धारण गर्दछ । अर्धचन्द्र उक्त विग्रहको आभूषण हो र यो तीन नेत्रहरूद्वारा सुशोभित छ ।

राजाले भने-॥१॥ भगवन् ! रक्तबीजको वध भएको देवी-चरित्रको यो विचित्र माहात्म्य तपाईंले मलाई भन्नुभयो ॥२॥ रक्तबीजको मृत्युपछि अत्यन्त क्रुद्ध भएका शुम्भ र निशुम्भले के कस्तो कर्म गरे, त्यो पनि म सुन्न चाहन्छु ॥३॥

ऋषिले भने-॥४॥ हे राजन ! युद्धमा रक्तबीज र अरू दैत्यहरूसमेत मारिएपछि शुम्भ र निशुम्भको क्रोधको सीमा रहेन ॥५॥ आफ्नो विशाल सेना यसरी मारिएको देखेपछि क्रोधले मुर्मुरिएको निशुम्भले मुख्य दैत्यसेनाहरूलाई साथमा लिएर देवीमाथि आक्रमण गर्‍यो ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आजगाम महावीर्यः शुम्भोऽपि स्वबलैर्वृतः ।
निहन्तुं चण्डिकां कोपात्कृत्वा युद्धं तु मातृभिः ॥८॥
ततो युद्धमतीवासीद्देव्या शुम्भनिशुम्भयोः ।
शरवर्षमतीवोग्रं मेघयोरिव वर्षतोः ॥९॥
चिच्छेदास्ताञ्छरांस्ताभ्यां चण्डिका स्वशरोत्करैः ।
ताडयामास चाङ्गेषु शस्त्रौघैरसुरेश्वरौ ॥१०॥
निशुम्भो निशितं खड्गं चर्म चादाय सुप्रभम् ।
अताडयन्मूर्ध्नि सिंहं देव्या वाहनमुत्तमम् ॥११॥
ताडिते वाहने देवी क्षुरप्रेणासिमुत्तमम् ।
निशुम्भस्याशु चिच्छेद चर्म चाप्यष्टचन्द्रकम् ॥१२॥
छिन्ने चर्मणि खड्गे च शक्तिं चिक्षेप सोऽसुरः ।
तामप्यस्य द्विधा चक्रे चक्रेणाभिमुखागताम् ॥१३॥
कोपाध्मातो निशुम्भोऽथ शूलं जग्राह दानवः ।
आयातं मुष्टिपातेन देवी तच्चाप्यचूर्णयत् ॥१४॥
आविध्याथ गदां सोऽपि चिक्षेप चण्डिकां प्रति ।
सापि देव्या त्रिशूलेन भिन्ना भस्मत्वमागता ॥१५॥
ततः परशुहस्तं तं आयान्तं दैत्यपुङ्गवम् ।
आहत्य देवी बाणौघैरपातयत भूतले ॥१६॥

त्यसका अगाडि–पछाडि र अगल–बगलमा क्रोधले ओठ टोकिरहेका महाअसुरहरू देवीलाई मार्नका लागि नजिकै आए ॥७॥ महापराक्रमी शुम्भ पनि मातृगणका साथ युद्ध गर्न आफ्ना सेनासहित क्रोधले युक्त भएर चण्डिकालाई मार्न आयो ॥८॥ त्यसपछि मेघले जल वर्षा गरेझैं अति उग्र बाण वर्षा गरेर शुम्भ–निशुम्भ र देवीका बीच घोर युद्ध भयो ॥९॥ तिनीहरूले हानेका बाण आफ्ना बाणले काटेर चण्डिकाले ती दुवै दैत्यका अंग–अंगमा शस्त्रहरू प्रहार गरिन् ॥१०॥ निशुम्भले तीक्ष्ण धार भएको तरबार र चम्किलो ढाल लिएर देवीको उत्तम वाहन सिंहको टाउकोमा प्रहार गऱ्यो ॥११॥ देवीले पनि क्षुरप्र नामको बाणले निशुम्भको उत्तम तरबार तुरुन्तै काटिन् र आठ चन्द्रमा भएको ढाल पनि टुक्रा टुक्रा पारिन् ॥१२॥ ढाल र तरबार काटिएपछि त्यो असुरले शक्ति प्रहार गऱ्यो, सम्मुख आएको त्यसलाई पनि देवीले आफ्नो चक्रले टुक्रा टुक्रा पारिन् ॥१३॥ त्यसपछि क्रोधले जलेको निशुम्भ दानवले शूल लियो र देवीतिर दौडियो । यसरी हानेको शूललाई देवीले आफ्नो मुड्कीले हानेर चूर्ण–चूर्ण पारिन् ॥१४॥ त्यसपछि त्यसले गदा घुमाएर चण्डिकामाथि प्रहार गऱ्यो । त्यो पनि देवीको त्रिशूलले काटिएर भस्म भयो ॥१५॥ त्यसपछि बञ्चरो हातमा लिएर झम्टन आएको दैत्यलाई देवीले बाण प्रहार गरेर भूतलमा गिराइन् ॥१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्मिन्निपतिते भूमौ निशुम्भे भीमविक्रमे ।
भ्रातर्यतीव संक्रुद्धः प्रययौ हन्तुमम्बिकाम् ॥१७॥
स रथस्थस्तथात्युच्चैर्गृहीतपरमायुधैः ।
भुजैरष्टाभिरतुलैर्व्याप्याशेषं बभौ नभः ॥१८॥
तमायान्तं समालोक्य देवी शङ्खमवादयत् ।
ज्याशब्दं चापि धनुषश्चकारातीव दुःसहम् ॥१९॥
पूरयामास ककुभो निजघण्टास्वनेन च ।
समस्तदैत्यसैन्यानां तेजोवधविधायिना ॥२०॥
ततः सिंहो महानादैस्त्याजितेभमहामदैः ।
पूरयामास गगनं गां तथैव दिशो दश ॥२१॥
ततः काली समुत्पत्य गगनं क्ष्मामताडयत् ।
कराभ्यां तन्निनादेन प्राक्स्वनास्ते तिरोहिताः ॥२२॥
अट्टाट्टहासमशिवं शिवदूती चकार ह ।
तैः शब्दैरसुरास्त्रेसुः शुम्भः कोपं परं ययौ ॥२३॥
दुरात्मंस्तिष्ठ तिष्ठेति व्याजहाराम्बिका यदा ।
तदा जयेत्यभिहितं देवैराकाशसंस्थितैः ॥२४॥
शुम्भेनागत्य या शक्तिर्मुक्ता ज्वालातिभीषणा ।
आयान्ती वह्निकूटाभा सा निरस्ता महोल्कया ॥२५॥
सिंहनादेन शुम्भस्य व्याप्तं लोकत्रयान्तरम् ।
निर्घातनिःस्वनो घोरो जितवानवनीपते ॥२६॥

पराक्रमी भाइ निशुम्भ भुँइमा गिरिसकेपछि क्रोधले युक्त शुम्भ अम्बिकालाई मार्नका लागि अगाडि सऱ्यो ॥१७॥ उत्तम हतियार लिएर रथमा बसेको त्यसका ठूला-ठूला र लामा आठवटा हातले सबै आकाशसमेत ढाकियो ॥१८॥ त्यसलाई आएको देखेर देवीले शंख बजाइन्, धनुको अत्यन्त दुःसह टंकार पनि गरिन् ॥१९॥ समस्त दैत्यसैन्यको तेजोवध गर्ने आफ्नो घण्टाका शब्दले सम्पूर्ण दिशा घन्काइन् ॥२०॥ साथै सिंहले पनि गजराजको मद उतार्ने ठूलो गर्जनाले आकाश पृथ्वीलगायतका दशै दिशा पूर्ण पाऱ्यो ॥२१॥ अनि कालीले आकाशमा उफ्रेर दुबै हातले पृथ्वीमा ठटाइन् र त्यो शब्दले पहिलेका सबै शब्द दबिए ॥२२॥ शिवदूतीले पनि दैत्यहरूलाई अमंगल गर्ने भयंकर अट्टहास गरिन् । त्यो शब्दले ती सारा असुर भयभीत भए र शुम्भ झन् क्रुद्ध भयो ॥२३॥ जब अम्बिकाले दुरात्मा उठ् उठ् भनिन्, तब आकाशमा रहेका देवताहरूले जय-जय भने ॥२४॥ शुम्भले आएर भयंकर शक्ति छोड्यो, अग्निमय पर्वतको टाकुरोझैं आउन लागेको त्यो शक्तिलाई ठूलो उल्काजस्तो राँकोले हटाइन् ॥२५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुम्भमुक्ताञ्छरान्देवी शुम्भस्तत्प्रहिताञ्छरान् ।
चिच्छेद स्वशरैरुग्रैः शतशोऽथ सहस्रशः ॥२७॥
ततः सा चण्डिका क्रुद्धा शूलेनाभिजघान तम् ।
स तदाभिहतो भूमौ मूर्च्छितो निपपात ह ॥२८॥
ततो निशुम्भः सम्प्राप्य चेतनामात्तकार्मुकः ।
आजघान शरैर्देवीं कालीं केसरिणं तथा ॥२९॥
पुनश्च कृत्वा बाहूनामयुतं दनुजेश्वरः ।
चक्रायुधेन दितिजश्छादयामास चण्डिकाम् ॥३०॥
ततो भगवती क्रुद्धा दुर्गा दुर्गार्तिनाशिनी ।
चिच्छेद तानि चक्राणि स्वशरैः सायकांश्च तान् ॥३१॥
ततो निशुम्भो वेगेन गदामादाय चण्डिकाम् ।
अभ्यधावत वै हन्तुं दैत्यसेनासमावृतः ॥३२॥
तस्यापतत एवाशु गदां चिच्छेद चण्डिका ।
खड्गेन शितधारेण स च शूलं समाददे ॥३३॥
शूलहस्तं समायान्तं निशुम्भममरार्दनम् ।
हृदि विव्याध शूलेन वेगाविद्धेन चण्डिका ॥३४॥
भिन्नस्य तस्य शूलेन हृदयान्निःसृतोऽपरः ।
महाबलो महावीर्यस्तिष्ठेति पुरुषो वदन् ॥३५॥

शुम्भको सिंहनादले तीनै लोक भरियो । राजन् ! वज्रपातजस्तो त्यो घोर शब्दले सबै शब्दलाई जित्यो ॥२६॥ त्यसपछि शुम्भले हानेका शर देवीले र देवीले हानेका शर शुम्भले आफ्ना भयंकर बाणहरूले सयकडौं हज्जारौं टुक्रा पारेर काटे ॥२७॥ अनि क्रुद्ध भएकी चण्डिकाले त्यसलाई शूलले हानिन् । तब त्यसको आघातले मूर्छा परेर त्यो भूमिमा पल्टियो ॥२८॥ केही बेरपछि शुम्भलाई होस आयो र धनु हातमा लिएर देवीलाई, कालीलाई र सिंहलाई पनि बाणले हान्यो ॥२९॥ फेरि त्यो दैत्यराजले दशहजार हात बनाएर चक्रको प्रहारद्वारा चण्डिकालाई चारैतर्फबाट ढाकिदियो ॥३०॥ त्यसपछि दुर्गतिरूपी पीडा नाश गर्ने दुर्गा भगवतीले आफ्ना बाणले चक्रहरूलाई र ती बाणहरूलाई पनि काटिदिइन् ॥३१॥ त्यसपछि दैत्यसेनाले घेरिएको निशुम्भ गदा लिएर भगवती चण्डिकालाई मार्न वेगले दौड्यो ॥३२॥ आउँदा-आउँदै त्यसको गदा चण्डिकाले तीक्ष्ण धार भएको तरबारले तुरुन्तै काटिन् । त्यसपछि त्यसले शूल लियो ॥३३॥ शूल हातमा लिएर देवीमाथि झम्टन आएको देवपीडक त्यो निशुम्भलाई चण्डिकाले वेगले हानेको शूलले छातीमा रोपिन् ॥३४॥ शूलले छेडिएको त्यसको छातीबाट महाबली पराक्रमी अर्को पुरुष पख-पख भन्दै निस्कियो ॥३५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्य निष्क्रामतो देवी प्रहस्य स्वनवत्ततः ।
शिरश्चिच्छेद खड्गेन ततोऽसावपतद्भुवि ॥३६॥
ततः सिंहश्चखादोग्रं दंष्ट्राक्षुण्णशिरोधरान् ।
असुरांस्तांस्तथा काली शिवदूती तथापरान् ॥३७॥
कौमारीशक्तिनिर्भिन्नाः केचिन्नेशुर्महासुराः ।
ब्रह्माणीमन्त्रपूतेन तोयेनान्ये निराकृताः ॥३८॥
माहेश्वरीत्रिशूलेन भिन्नाः पेतुस्तथापरे ।
वाराहीतुण्डघातेन केचिच्चूर्णीकृता भुवि ॥३९॥
खण्डं खण्डं च चक्रेण वैष्णव्या दानवाः कृताः ।
वज्रेण चैन्द्रीहस्ताग्रविमुक्तेन तथापरे ॥४०॥
केचिद्विनेशुरसुराः केचिन्नष्टा महाहवात् ।
भक्षिताश्चापरे कालीशिवदूतीमृगाधिपैः ॥ॐ॥४१॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये निशुम्भवधो नाम नवमोऽध्यायः ॥९॥

उवाच २, श्लोकाः ३९, एवम् ४१, एवमादितः ॥५४३॥

त्यसपछि देवीले अट्टहास गर्दै निस्कन लागेको त्यसको शिर खड्गले काटिन् अनि त्यो अत्यन्त बलवान् असुर भूमिमा गिऱ्यो ॥३६॥ त्यसपछि सिंहले ती दैत्यको घिच्रो दाह्राले चूर्ण पारेर भयंकर ढंगले खायो, त्यस्तै काली तथा शिवदूतीले पनि अरू-अरू दैत्यहरूलाई चपाए ॥३७॥ कौमारीका शक्तिले विदीर्ण भएर कति महाअसुर नासिए, ब्रह्माणीका मन्त्रले पवित्र भएका जलले कति निस्तेज भएर भागे ॥३८॥ त्यस्तै माहेश्वरीका तेजले छिन्न-भिन्न भएर कति असुर पसारिए, वाराहीका थुतुनाका आघातले कति भैंमा चूर्ण भए ॥३९॥ कति दानवलाई वैष्णवीले चक्रले टुक्रा-टुक्रा पारिन्, ऐन्द्रीका हातबाट छुटेका वज्रले पनि अरू कति दैत्य संहार भए ॥४०॥ कति असुरहरू नासिए, संग्रामबाट भागे, कतिलाई काली, शिवदूती र मृगराजले पनि खाए ॥४१॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथअन्तर्गत देवीमाहात्म्यमा 'निशुम्भवध' नामक नवौं अध्याय पूरा भयो ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशमोऽध्यायः

शुम्भ-वध

ध्यानम्

ॐ उत्तप्तहेमरुचिरां रविचन्द्रवह्नि-
नेत्रां धनुश्शरयुताङ्कुशपाशशूलम्।
रम्यैर्भुजैश्च दधतीं शिवशक्तिरूपां
कामेश्वरीं हृदि भजामि धृतेन्दुलेखाम्॥

ॐ ऋषिरुवाच ॥१॥
निशुम्भं निहतं दृष्ट्वा भ्रातरं प्राणसम्मितम्।
हन्यमानं बलं चैव शुम्भः क्रुद्धोऽब्रवीद्वचः ॥२॥
बलावलेपाद्दुष्टे त्वं मा दुर्गे गर्वमावह।
अन्यासां बलमाश्रित्य युद्ध्यसे यातिमानिनी ॥३॥
देव्युवाच ॥४॥
एकैवाहं जगत्यत्र द्वितीया का ममापरा।
पश्यैता दुष्ट मय्येव विशन्त्यो मद्विभूतयः ॥५॥
ततः समस्तास्ता देव्यो ब्रह्माणीप्रमुखा लयम्।
तस्या देव्यास्तनौ जग्मुरेकैवासीत्तदाम्बिका ॥६॥
देव्युवाच ॥७॥

म शिरमा अर्धचन्द्र धारण गर्ने शिवशक्तिस्वरूपा भगवती कामेश्वरीलाई हृदयमा चिन्तन गर्दछु । उनी तताइएको सुनजस्तै सुन्दर छन् । सूर्य, चन्द्रमा र अग्नि- यी तीन नै उनका तीन नेत्र हुन् । उनले आफ्ना मनोहर हातहरूमा धनुष, बाण, अङ्कुश, पाश र शूल धारण गरेकी छन् ।

ऋषिले भने-॥१॥ हे राजन ! आफ्नो प्राणसमान प्यारो भाइ निशुम्भलाई मारेको र सेनालाई पनि संहार गरेको देखेर क्रुद्ध भएको शुम्भले भन्यो-॥२॥ 'दुष्टिनी दुर्गे ! बलको अभिमानले तँ घमण्ड नले, अति मानिनी भएकी तँ अरूको बलको आडले युद्ध गर्दछेस्' ॥३॥

देवीले भनिन्-॥४॥ ए दुष्ट ! यो जगत्मा म एक्लै छु र म सिवाय अर्को कोही छैन । यी मेरा विभूति ममा नै प्रवेश गरेको हेर् ॥५॥ तब ती ब्रह्माणी आदि समस्त देवीहरू तिनै देवीका देहमा लय भए अनि केवल अम्बिकादेवी मात्रै रहिन् ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहं विभूत्या बहुभिरिह रूपैर्यदास्थिता ।
तत्संहृतं मयैकैव तिष्ठाम्याजौ स्थिरो भव ॥८॥
ऋषिरुवाच ॥९॥
ततः प्रववृते युद्धं देव्याः शुम्भस्य चोभयोः ।
पश्यतां सर्वदेवानामसुराणां च दारुणम् ॥१०॥
शरवर्षैः शितैः शस्त्रैस्तथास्त्रैश्चैव दारुणैः ।
तयोर्युद्धमभूद्भूयः सर्वलोकभयङ्करम् ॥११॥
दिव्यान्यस्त्राणि शतशो मुमुचे यान्यथाम्बिका ।
बभञ्ज तानि दैत्येन्द्रस्तत्प्रतीघातकर्तृभिः ॥१२॥
मुक्तानि तेन चास्त्राणि दिव्यानि परमेश्वरी ।
बभञ्ज लीलयैवोग्रहुङ्कारोच्चारणादिभिः ॥१३॥
ततः शरशतैर्देवीमाच्छादयत सोऽसुरः ।
सापि तत्कुपिता देवी धनुश्चिच्छेद चेषुभिः ॥१४॥
छिन्ने धनुषि दैत्येन्द्रस्तथा शक्तिमथाददे ।
चिच्छेद देवी चक्रेण तामप्यस्य करे स्थिताम् ॥१५॥
ततः खड्गमुपादाय शतचन्द्रं च भानुमत् ।
अभ्यधावत्तदा देवीं दैत्यानामधिपेश्वरः ॥१६॥
तस्यापतत एवाशु खड्गं चिच्छेद चण्डिका ।
धनुर्मुक्तैः शितैर्बाणैश्चर्म चार्ककरामलम् ॥१७॥

देवीले भनिन्–॥७॥ म यहाँ आफ्नो ऐश्वर्य शक्तिले विविध रूपमा रहेकी थिएँ । मैले ती सबैलाई समेटें । अब म एक्ली नै रहन्छु । तँ रणमा स्थिर हो ॥८॥
ऋषिले भने–॥९॥ यसरी देवी र शुम्भ दुवैबीच सबै देवता र दैत्यहरूले हेर्दाहेर्दै भयंकर युद्ध आरम्भ भयो ॥१०॥ बाणहरूको वर्षा र तीखा शस्त्र एवं दारुण अस्त्रहरूको प्रहारका कारण ती दुवैको युद्ध सबैका लागि भयंकर प्रतीत भयो ॥११॥ त्यसपछि अम्बिकाले सयकडौं दिव्यास्त्र छोडिन्, तर दैत्येन्द्रले तिनलाई निवारण गर्ने अस्त्रद्वारा सबै काटिदियो ॥१२॥ त्यसले छोडेका दिव्यास्त्रहरू पनि परमेश्वरीले उग्र हुंकारको उच्चारण आदिले नष्ट गरिन् ॥१३॥ तब त्यो असुरले सयकडौं बाणले देवीलाई ढाक्यो, देवीले पनि क्रोधित भएर बाणले त्यसको धनु काटिन् ॥१४॥ धनु काटिएपछि फेरि दैत्येन्द्रले शक्ति लियो । त्यसपछि देवीले त्यसलाई पनि आफ्नो चक्रले त्यसको हातमै काटिदिइन् ॥१५॥ त्यसपछि सय चन्द्रमा भएको चम्किने ढाल र तरबार लिएर दैत्यको अधीश्वर शुम्भले देवीमाथि आक्रमण गऱ्यो ॥१६॥ चण्डिकाले पनि आउँदा आउँदै त्यसको सूर्यकिरण समान उज्ज्वल ढाल र तरबार पनि धनुबाट छोडेका तीखा बाणले तुरुन्तै काटिन् ॥१७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हताश्वः स तदा दैत्यश्छिन्नधन्वा विसारथिः ।
जग्राह मुद्‌गरं घोरमम्बिकानिधनोद्यतः ॥१८॥
चिच्छेदापततस्तस्य मुद्‌गरं निशितैः शरैः ।
तथापि सोऽभ्यधावत्तां मुष्टिमुद्यम्य वेगवान् ॥१९॥
स मुष्टिं पातयामास हृदये दैत्यपुङ्गवः ।
देव्यास्तं चापि सा देवी तलेनोरस्यताडयत् ॥२०॥
तलप्रहाराभिहतो निपपात महीतले ।
स दैत्यराजः सहसा पुनरेव तथोत्थितः ॥२१॥
उत्पत्य च प्रगृह्योच्चैर्देवीं गगनमास्थितः ।
तत्रापि सा निराधारा युयुधे तेन चण्डिका ॥२२॥
नियुद्धं खे तदा दैत्यश्चण्डिका च परस्परम् ।
चक्रतुः प्रथमं सिद्धमुनिविस्मयकारकम् ॥२३॥
ततो नियुद्धं सुचिरं कृत्वा तेनाम्बिका सह ।
उत्पात्य भ्रामयामास चिक्षेप धरणीतले ॥२४॥
स क्षिप्तो धरणीं प्राप्य मुष्टिमुद्यम्य वेगितः ।
अभ्यधावत दुष्टात्मा चण्डिकानिधनेच्छया ॥२५॥
तमायान्तं ततो देवी सर्वदैत्यजनेश्वरम् ।
जगत्यां पातयामास भित्त्वा शूलेन वक्षसि ॥२६॥
स गतासुः पपातोर्व्यां देवीशूलाग्रविक्षतः ।
चालयन् सकलां पृथ्वीं साब्धिद्वीपां सपर्वताम् ॥२७॥

घोडा र सारथिसहित रथ पनि ध्वस्त पारिन् । त्यो समयमा घोडा, सारथि मारिएर धनु काटिएको त्यो दैत्य अम्बिकालाई मार्न उद्यत भएर घोर मुद्‌गर लिएर हान्यो ॥१८॥ देवीले पनि आफूतिर आउँदै गरेको त्यो मुद्‌गरलाई तीखा बाणले काटिदिएपछि त्यो मुड्की उजाएर वेगले देवीमाथि झम्ट्यो ॥१९॥ त्यो दैत्यले देवीको छातीमा मुड्कीले प्रहार गऱ्यो । देवीले पनि त्यसलाई लात्तीले छातीमा हानिन् ॥२०॥ देवीको लात्ती प्रहारको प्रभावले त्यो दैत्य भुँइमा पछारियो र फेरि उठ्यो ॥२१॥ त्यसपछि देवीलाई समातेर वेगले उफ्रेर आकाशमा गयो । त्यहाँ पनि निराधारमा चण्डिकाले त्यसका साथ युद्ध गर्न थालिन् ॥२२॥ देवी चण्डिका र दैत्य आकाशमा परस्पर लडेको देखेर देवता, सिद्धमुनि सबै चकित परे ॥२३॥ यसरी देवी अम्बिका शुम्भसँग धेरै बेर आकाशमा लडेपछि उसलाई उठाएर घुँयत्रो घुमाएझैँ घुमाइन् र पृथ्वीमा पछारिन् ॥२४॥ भुँइमा फ्याकेपछि पनि देवीलाई मार्ने इच्छाले त्यो दैत्य जुरुक्क उठ्यो र मुड्की उजाएर चण्डिकालाई मार्नका लागि दौड्यो ॥२५॥ त्यसपछि देवीले शूलले प्रहार गरेर भूमिमा गिराइन् ॥२६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रसन्नमखिलं हते तस्मिन् दुरात्मनि ।
जगत्स्वास्थ्यमतीवाप निर्मलं चाभवन्नभः ॥२८॥
उत्पातमेघाः सोल्का ये प्रागासंस्ते शमं ययुः ।
सरितो मार्गवाहिन्यस्तथासंस्तत्र पातिते ॥२९॥
ततो देवगणाः सर्वे हर्षनिर्भरमानसाः ।
बभूवुर्निहते तस्मिन् गन्धर्वा ललितं जगुः ॥३०॥
अवादयंस्तथैवान्ये ननृतुश्चाप्सरोगणाः ।
ववुः पुण्यास्तथा वाताः सुप्रभोऽभूद्दिवाकरः ॥३१॥
जज्वलुश्चाग्नयः शान्ताः शान्ता दिग्जनितस्वनाः ॥ॐ॥३२॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये शुम्भ-वधो नाम दशमोऽध्यायः ॥१०॥

उवाच ४, अर्धश्लोकः १, श्लोकाः २७, एवम् ३२, एवमादितः ॥५७५॥

देवीको शूलको टुप्पाले विक्षत भएको दैत्यले सम्पूर्ण पृथ्वी, समुद्र, पर्वत आदिलाई हल्लायो ॥२७॥ त्यो दुरात्मालाई मारेपछि सम्पूर्ण जगत् प्रसन्न एवं स्वस्थ भयो र आकाश पनि निर्मूल भयो ॥२८॥ उत्पातसूचक मेघ, उल्का आदि सबै शान्त भए । त्यसलाई मारेपछि नदी पनि ठीक ठाउँबाट बग्ने भए ॥२९॥ त्यसपछि देवताहरू खुसी भए र गन्धर्वहरूले सुमधुर गीत गाउन थाले ॥३०॥ बाजा बजाउनेहरूले बाजा बजाउन थाले । अप्सराहरू नाच्न थाले । स्वच्छ हावा चल्न थाल्यो, सूर्य उज्ज्वल एवं प्रभावशाली भए ॥३१॥ सम्पूर्ण दिशाहरू उज्ज्वल र शान्त भए ॥३२॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'शुम्भ-वध' नामक दशौं अध्याय पूरा भयो ॥१०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकादशोऽध्यायः

देवताहरूद्वारा देवीको स्तुति र देवीद्वारा देवताहरूलाई वरदान

ध्यानम्

ॐ बालरविद्युतिमिन्दुकिरीटां तुङ्गकुचां नयनत्रययुक्ताम् ।
स्मेरमुखीं वरदाङ्कुशपाशाभीतिकरां प्रभजे भुवनेशीम् ॥

ॐ ऋषिरुवाच ॥१॥

देव्या हते तत्र महासुरेन्द्रे
सेन्द्राः सुरा वह्निपुरोगमास्ताम् ।
कात्यायनीं तुष्टुवुरिष्टलाभा-
द्विकाशिवक्त्राब्जविकाशिताशाः ॥२॥
देवि प्रपन्नार्तिहरे प्रसीद
प्रसीद मातर्जगतोऽखिलस्य ।
प्रसीद विश्वेश्वरि पाहि विश्वं
त्वमीश्वरी देवि चराचरस्य ॥३॥
आधारभूता जगतस्त्वमेका
महीस्वरूपेण यतः स्थितासि ।
अपां स्वरूपस्थितया त्वयैत-
दाप्यायते कृत्स्नमलङ्घ्यवीर्ये ॥४॥

म भुवनेश्वरीको ध्यान गर्दछु । उनको श्रीअङ्गको आभा प्रभातकालका सूर्यको जस्तै छ र शिरमा चन्द्रमाको मुकुट छ । उनी उच्च स्तन र तीन नेत्रले युक्त छन् । उनको मुखमा सधैँ मन्दमुस्कानको छटा छाइरहन्छ । उनका हातहरूमा वरद, अंकुश, पाश र अभयमुद्राले शोभा पाउँछन् ।

ऋषिले भने-॥१॥ देवीले महादैत्यपति शुम्भलाई मारेपछि मनोवाञ्छा पूरा भएकाले अत्यन्त प्रसन्न भएर उज्ज्वल मुखकमलले दिशाहरूलाई जममग पार्दै इन्द्रसहितका देवगणले अग्निलाई अगि सारेर ती कात्यायनीको स्तुति गरे ॥२॥ देवताले भने-हे शरणागतको दुःख नाश गर्ने देवी ! हामीमाथि प्रसन्न होऊ । हे सकल जगत्की माता ! प्रसन्न होऊ, हे विश्वेश्वरी! प्रसन्न होऊ, विश्वको रक्षा गर, हे देवी! चराचरकी अधीश्वरी तिमी नै हौ ॥३॥ तिमी जगत्की एकमात्र आधार हौ, किनकि तिमी पृथ्वीरूपले रहेकी छ्यौ । अलङ्घ्य पराक्रम भएकी हे देवी ! जल स्वरूपले रहेकी तिमीद्वारा नै जगत् तृप्त छ ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्वं वैष्णवी शक्तिरनन्तवीर्या
विश्वस्य बीजं परमासि माया ।
सम्मोहितं देवि समस्तमेतत्
त्वं वै प्रसन्ना भुवि मुक्तिहेतुः ॥५॥
विद्याः समस्तास्तव देवि भेदाः
स्त्रियः समस्ताः सकला जगत्सु ।
त्वयैकया पूरितमम्बयैतत्
का ते स्तुतिः स्तव्यपरा परोक्तिः ॥६॥
सर्वभूता यदा देवी भुक्तिमुक्तिप्रदायिनी ।
त्वं स्तुता स्तुतये का वा भवन्तु परमोक्तयः ॥७॥
सर्वस्य बुद्धिरूपेण जनस्य हृदि संस्थिते ।
स्वर्गापवर्गदे देवि नारायणि नमोऽस्तु ते ॥८॥
कलाकाष्ठादिरूपेण परिणामप्रदायिनि ।
विश्वस्योपरतौ शक्ते नारायणि नमोऽस्तु ते ॥९॥
सर्वमङ्गलमङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥१०॥
सृष्टिस्थितिविनाशानां शक्तिभूते सनातनि ।
गुणाश्रये गुणमये नारायणि नमोऽस्तु ते ॥११॥

तिमी अनन्त बल भएकी वैष्णवी शक्ति हौ । हे देवी ! तिमी नै विश्वकी बीज परा माया हौ । हे देवी ! तिमीले समस्त जगत्लाई मोहित पारेकी छ्यौ । प्रसन्न भएकी तिमी नै मुक्तिकी कारण हौ ॥५॥ हे देवी ! समस्त विद्या तिम्रै भिन्न स्वरूप हुन् । जगत्मा भएका सम्पूर्ण स्त्रीहरू तिम्रै मूर्ति हुन् । तिमी एउटी जगदम्बाले नै यो विश्व व्याप्त पारेकी छ्यौ, अनि तिम्रो स्तुति के हुन सक्छ ? तिमी त स्तुति गरिने वचनदेखि पर रहेकी परा वाणी हौ ॥६॥ जब तिमी भुक्ति-मुक्ति दिने सर्वस्वरूपा देवीका रूपमा चिनियौ, तिम्रो यसै रूपमा स्तुति गरियो । अब तिम्रो स्तुति गर्न यसभन्दा उत्तम उक्ति अरू के हुन सक्छ र ? ॥७॥ सबैजनाका हृदयमा बुद्धिरूपले रहेकी स्वर्ग, मोक्ष दिने हे देवी नारायणी ! तिमीलाई नमस्कार छ ॥८॥ कला, काष्ठा आदि काल सूचकका रूपले अवस्था परिवर्तन गर्दै लैजाने, विश्वको संहारमा समर्थ भएकी हे नारायणी, तिमीलाई नमस्कार छ ॥९॥ सबै मंगल प्रदान गर्ने मांगल्य रूप, कल्याणस्वरुपिणी, सर्वार्थ सिद्ध गर्ने, शरणागतलाई शरणमा लिने, तीन आँखा भएकी हे गौरी नारायणी ! तिमीलाई नमस्कार छ ॥१०॥ सृष्टि, स्थिति र संहारकी शक्ति भएकी हे सनातनी गुणस्वरूपिणी नारायणी ! तिमीलाई नमस्कार छ ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरणागतदीनार्तपरित्राणपरायणे ।
सर्वस्यार्तिहरे देवि नारायणि नमोऽस्तु ते ॥१२॥
हंसयुक्तविमानस्थे ब्रह्माणीरूपधारिणि ।
कौशाम्भःक्षरिके देवि नारायणि नमोऽस्तु ते ॥१३॥
त्रिशूलचन्द्राहिधरे महावृषभवाहिनि ।
माहेश्वरीस्वरूपेण नारायणि नमोऽस्तु ते ॥१४॥
मयूरकुक्कुटवृते महाशक्तिधरेऽनघे ।
कौमारीरूपसंस्थाने नारायणि नमोऽस्तु ते ॥१५॥
शङ्खचक्रगदाशार्ङ्गगृहीतपरमायुधे ।
प्रसीद वैष्णवीरूपे नारायणि नमोऽस्तु ते ॥१६॥
गृहीतोग्रमहाचक्रे दंष्ट्रोद्धृतवसुन्धरे ।
वराहरूपिणि शिवे नारायणि नमोऽस्तु ते ॥१७॥
नृसिंहरूपेणोग्रेण हन्तुं दैत्यान् कृतोद्यमे ।
त्रैलोक्यत्राणसहिते नारायणि नमोऽस्तु ते ॥१८॥
किरीटिनि महावज्रे सहस्रनयनोज्ज्वले ।
वृत्रप्राणहरे चैन्द्रि नारायणि नमोऽस्तु ते ॥१९॥
शिवदूतीस्वरूपेण हतदैत्यमहाबले ।
घोररूपे महारावे नारायणि नमोऽस्तु ते ॥२०॥

शरणमा आएका दीनदुःखी जनलाई रक्षा गर्न सदा तत्पर रहने, सबैको पीडा नाश गर्ने हे देवी ! नारायणी ! तिमीलाई नमस्कार छ ॥१२॥ हंसयुक्त विमानमा बसेकी, ब्रह्माणी रूप धारण गरेकी, कुशमिश्रित जल छर्कने हे देवी, नारायणी ! तिमीलाई नमस्कार छ ॥१३॥ त्रिशूल, चन्द्रमा, सर्प धारण गरेकी, ठूलो साँढेमा चढेकी हे नारायणी ! माहेश्वरी ! तिमीलाई नमस्कार छ ॥१४॥ मयूर र कुखुराले घेरिएकी महाशक्ति धारण गर्ने हे कौमारीस्वरूपिणी निष्पाप, नारायणी ! तिमीलाई नमस्कार छ ॥१५॥ शंख, चक्र, गदा, शाङ्‌र्गधनु, श्रेष्ठ आयुध धारण गर्ने वैष्णवीस्वरूपिणी हे नारायणी ! प्रसन्न होऊ, तिमीलाई नमस्कार छ ॥१६॥ भयानक चक्र लिएकी दाह्रामा पृथ्वीलाई धारण गरेकी वराहरूपिणी कल्याणमयी हे नारायणी ! तिमीलाई नमस्कार छ ॥१७॥ उग्र नृसिंह रूपले दैत्यहरूलाई मार्ने, तिनै लोकको रक्षामा तत्पर रहने हे नारायणी ! तिमीलाई नमस्कार छ ॥१८॥ शिरमा किरीट धारण गरेकी, हातमा महावज्र लिएकी हज्जार नयनले उज्ज्वल भएकी वृत्रासुरको प्राण हरण गर्ने हे ऐन्द्री, नारायणी ! तिमीलाई नमस्कार छ ॥१९॥ शिवदूती स्वरूपले दैत्यका विशाल सेना संहार गर्ने घोर रूप र विकट गर्जना भएकी हे नारायणी ! तिमीलाई नमस्कार छ ॥२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दंष्ट्राकरालवदने शिरोमालाविभूषणे ।
चामुण्डे मुण्डमथने नारायणि नमोऽस्तु ते ॥२१॥
लक्ष्मि लज्जे महाविद्ये श्रद्धे पुष्टिस्वधे ध्रुवे ।
महारात्रि महाऽविद्ये नारायणि नमोऽस्तु ते ॥२२॥
मेधे सरस्वति वरे भूति बाभ्रवि तामसि ।
नियते त्वं प्रसीदेशे नारायणि नमोऽस्तु ते ॥२३॥
सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते ।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते ॥२४॥
एतत्ते वदनं सौम्यं लोचनत्रयभूषितम् ।
पातु नः सर्वभीतिभ्यः कात्यायनि नमोऽस्तु ते ॥२५॥
ज्वालाकरालमत्युग्रमशेषासुरसूदनम् ।
त्रिशूलं पातु नो भीतेर्भद्रकालि नमोऽस्तु ते ॥२६॥
हिनस्ति दैत्यतेजांसि स्वनेनापूर्य या जगत् ।
सा घण्टा पातु नो देवि पापेभ्योऽनः सुतानिव ॥२७॥
असुरासृग्वसापङ्कचर्चितस्ते करोज्ज्वलः ।
शुभाय खड्गो भवतु चण्डिके त्वां नता वयम् ॥२८॥
रोगानशेषानपहंसि तुष्टा
रुष्टा तु कामान् सकलानभीष्टान् ।

दाह्राका कारण विकराल मुख भएकी, मुण्डमालाले विभूषित एवं मुण्डलाई मन्थन गर्ने हे चामुण्डा नारायणी ! तिमीलाई नमस्कार छ ॥२१॥ लक्ष्मी, लज्जा, महाविद्या, श्रद्धा, पुष्टि, स्वधा, ध्रुवा, महारात्रि, महामाया स्वरूपिणी हे नारायणी ! तिमीलाई नमस्कार छ ॥२२॥ मेधा, सरस्वती, वरा (श्रेष्ठ), भूति (ऐश्वर्यस्वरूपिणी), बाभ्रवी (गहुँगोरो वर्णकी वा पार्वती स्वरूपिणी), तामसी (महाकाली), नियता (संयमपरायणा) र ईशा (सबैकी अधीश्वरी), तिमी प्रसन्न हौ, हे नारायणी ! तिमीलाई नमस्कार छ ॥२३॥ सर्वस्वरूपा, सर्वेश्वरी, सर्वशक्तिले युक्त भएकी हे देवी ! सबै डरदेखि हामीलाई रक्षा गर । हे दुर्गे देवी! तिमीलाई नमस्कार छ ॥२४॥ हे कात्यायनी ! तीन आँखाले शोभित तिम्रो सुन्दर मुखले हामीलाई सबै किसिमका भयबाट रक्षा गरोस्, तिमीलाई नमस्कार छ ॥२५॥ हे भद्रकाली ! सम्पूर्ण असुरलाई संहार गर्ने ज्वालाले विकराल अति उग्र त्रिशूल उचालेर भयबाट हामीलाई रक्षा गर, तिमीलाई नमस्कार छ ॥२६॥ हे देवी ! जसले आफ्ना शब्दद्वारा जगत्लाई व्याप्त गरेर दैत्यको तेज नाश गर्दछ, त्यस घण्टाले छोराछोरीलाई आमाले रक्षा गरेजस्तै रक्षा गरोस् ॥२७॥ हे चण्डिका ! दैत्यको रगत र बोसोको लेदोले लिपिएको तिम्रा हातको उज्ज्वल खड्ग हाम्रो कल्याणका निम्ति होस्, तिमीलाई नमस्कार छ ॥२८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्वामाश्रितानां न विपन्नराणां
त्वामाश्रिता ह्याश्रयतां प्रयान्ति ॥२९॥
एतत्कृतं यत्कदनं त्वयाद्य
धर्मद्विषां देवि महासुराणाम् ।
रूपैरनेकैर्बहुधाऽऽत्ममूर्तिं
कृत्वाम्बिके तत्प्रकरोति कान्या ॥३०॥
विद्यासु शास्त्रेषु विवेकदीपे-
ष्वाद्येषु वाक्येषु च का त्वदन्या ।
ममत्वगर्तेऽतिमहान्धकारे
विभ्रामयत्येतदतीव विश्वम् ॥३१॥
रक्षांसि यत्रोग्रविषाश्च नागा
यत्रारयो दस्युबलानि यत्र ।
दावानलो यत्र तथाब्धिमध्ये ।
तत्र स्थिता त्वं परिपासि विश्वम् ॥३२॥
विश्वेश्वरि त्वं परिपासि विश्वं
विश्वात्मिका धारयसीति विश्वम् ।
विश्वेशवन्द्या भवती भवन्ति
विश्वाश्रया ये त्वयि भक्तिनम्राः ॥३३॥
देवि प्रसीद परिपालय नोऽरिभीते-
र्नित्यं यथासुरवधादधुनैव सद्यः ।

देवी ! तिमी प्रसन्न भयौ भने सबै रोगको नाश गर्दछ्यौ । रिसायौ भने सबै अभीष्ट भोग हर्दछ्यौ । तिम्रो शरणमा परेका पुरुषलाई विपत् पर्दैन । तिम्रा आश्रयमा रहेका जन अरूलाई पनि आश्रय दिन समर्थ हुन्छन् ॥२९॥ हे देवी अम्बिका ! तिमीले आफ्नो मूर्तिलाई धेरै गराएर अनेक रूपले आज धर्मद्रोही महाअसुरहरूको जो संहार गऱ्यौ, यस्तो कर्म तिमी बाहेक अरू कसले गर्न सक्ला ? ॥३०॥ विद्या एवं शास्त्रहरूमा विवेक प्रकाश गर्ने आदिवाक्यका रूपमा रहेका वेदहरूमा पनि तिमीबाहेक अरू को छ र ? तैपनि अज्ञानमय महान्धकारले भरिएको ममतारूपी खाल्डामा यो विश्वलाई निरन्तर घुमाइरहेकी छ्यौ ॥३१॥ जहाँ राक्षसहरू छन्, उग्र विषवाला नागहरू छन्, जहाँ शत्रुहरू छन्, जहाँ घोर डाँकुका दल छन्, जहाँ डडेलो छ, त्यस्तै समुद्रका बीचमा पनि तिमी साथै रहेर विश्वको रक्षा गर्दछ्यौ ॥३२॥ हे विश्वेश्वरी ! तिमीले विश्वलाई पालन गर्दछ्यौ, विश्वस्वरूपा तिमी नै विश्वलाई धारण गर्दछ्यौ, परम परमेश्वरद्वारा वन्दनीय तिमीमा जसले नम्रभावले भक्ति गर्दछन्, ती विश्वलाई आश्रय दिनसक्ने हुन्छन् ॥३३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पापानि सर्वजगतां प्रशमं नयाशु
उत्पातपाकजनितांश्च महोपसर्गान् ॥३४॥
प्रणतानां प्रसीद त्वं देवि विश्वार्तिहारिणि ।
त्रैलोक्यवासिनामीड्ये लोकानां वरदा भव ॥३५॥

देव्युवाच ॥३६॥

वरदाऽहं सुरगणा वरं यन्मनसेच्छथ ।
तं वृणुध्वं प्रयच्छामि जगतामुपकारकम् ॥३७॥

देवा ऊचुः ॥३८॥

सर्वाबाधाप्रशमनं त्रैलोक्यस्याखिलेश्वरि ।
एवमेव त्वया कार्यमस्मद्वैरिविनाशनम् ॥३९॥

देव्युवाच ॥४०॥

वैवस्वतेऽन्तरे प्राप्ते अष्टाविंशतिमे युगे ।
शुम्भो निशुम्भश्चैवान्यावुत्पत्स्येते महासुरौ ॥४१॥
नन्दगोपगृहे जाता यशोदागर्भसम्भवा ।
ततस्तौ नाशयिष्यामि विन्ध्याचलनिवासिनी ॥४२॥
पुनरप्यतिरौद्रेण रूपेण पृथिवीतले ।
अवतीर्य हनिष्यामि वैप्रचित्तांस्तु दानवान् ॥४३॥
भक्षयन्त्याश्च तानुग्रान् वैप्रचित्तान्महासुरान् ।

हे देवी ! प्रसन्न होऊ । जस्तै यस बखत असुरहरूको वध गरेर तिमीले हाम्रो शीघ्र रक्षा गर्‍यौ, त्यस्तै सर्वदा शत्रुका भयबाट हामीलाई रक्षा गर । सम्पूर्ण जगत्को पाप शान्त गर । उत्पातको परिणामबाट उत्पन्न महामारी आदि उपद्रवहरूलाई पनि शीघ्र शान्त गर ॥३४॥ विश्वका पीडा हरण गर्ने हे देवी ! चरणमा परेका हामीउपर प्रसन्न होऊ । त्रैलोक्यनिवासीहरूकी पूजनीया हे परमेश्वरी! तिमी लोकलाई वर देऊ ॥३५॥

देवीले भनिन्-॥३६॥ हे देवगणहरू हो ! म वर दिन तयार छु, मनले जो इच्छा गर्दछौ, त्यो माग । जगत्को उपकार गर्ने वर म दिन्छु ॥३७॥

देवताहरूले भने-॥३८॥ हे सर्वेश्वरी ! त्रैलोक्यको सबै बाधा शान्त गर, यसैगरी तिमीले हाम्रा शत्रुलाई पनि विनाश गर ॥३९॥

देवीले भनिन्-॥४०॥ वैवस्वत मन्वन्तरको अट्ठाइसौं युग प्राप्त भएपछि शुम्भ-निशुम्भ नामका अर्का महाअसुर उत्पन्न हुनेछन् ॥४१॥ तब म नन्दगोपका घरमा यशोदाको गर्भबाट जन्मेर विन्ध्याचलमा निवास गर्नेछु र तिनीहरूलाई मार्नेछु ॥४२॥ फेरि पनि अत्यन्त भयंकर रूपले पृथ्वीमा अवतार लिएर वैप्रचित्त नाम गरेका दानवहरूलाई पनि म अवश्य नै मार्नेछु ॥४३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रक्ता दन्ता भविष्यन्ति दाडिमीकुसुमोपमाः ॥४४॥
ततो मां देवताः स्वर्गे मर्त्यलोके च मानवाः ।
स्तुवन्तो व्याहरिष्यन्ति सततं रक्तदन्तिकाम् ॥४५॥
भूयश्च शतवार्षिक्यामनावृष्ट्यामनम्भसि ।
मुनिभिः संस्तुता भूमौ सम्भविष्याम्ययोनिजा ॥४६॥
ततः शतेन नेत्राणां निरीक्षिष्यामि यन्मुनीन् ।
कीर्तयिष्यन्ति मनुजाः शताक्षीमिति मां ततः ॥४७॥
ततोऽहमखिलं लोकमात्मदेहसमुद्भवैः ।
भरिष्यामि सुराः शाकैरावृष्टेः प्राणधारकैः ॥४८॥
शाकम्भरीति विख्यातिं तदा यास्याम्यहं भुवि ।
तत्रैव च वधिष्यामि दुर्गमाख्यं महासुरम् ॥४९॥
दुर्गा देवीति विख्यातं तन्मे नाम भविष्यति ।
पुनश्चाहं यदा भीमं रूपं कृत्वा हिमाचले ॥५०॥
रक्षांसि भक्षयिष्यामि मुनीनां त्राणकारणात् ।
तदा मां मुनयः सर्वे स्तोष्यन्त्यानम्रमूर्तयः ॥५१॥
भीमा देवीति विख्यातं तन्मे नाम भविष्यति ।
यदारुणाख्यस्त्रैलोक्ये महाबाधां करिष्यति ॥५२॥
तदाहं भ्रामरं रूपं कृत्वाऽसंख्येयषट्पदम् ।
त्रैलोक्यस्य हितार्थाय वधिष्यामि महासुरम् ॥५३॥

ती भयंकर वैप्रचित्त महाअसुरलाई खाने बेला मेरा दाँत दारिमका फूलजस्ता राता हुनेछन् ॥४४॥ तब स्वर्गमा देवताहरूले र मर्त्यलोकमा मनुष्यहरूले पनि स्तुति गर्दा सर्वदा मलाई 'रक्तदन्तिका' भन्नेछन् ॥४५॥ फेरि पृथ्वीमा सयवर्ष वर्षा नभएर पानीको अभाव हुँदा मुनिहरूले स्तुति गरिएकी म अयोनिजाका रूपमा प्रकट हुनेछु ॥४६॥ अनि सय आँखाले मुनिहरूलाई हेर्नेछु र मनुष्यहरूले मलाई 'शताक्षी' भनेर सधै स्तुति कीर्तन गर्नेछन् ॥४७॥ हे देवता हो ! त्यसबेला मैले आफ्नो शरीरबाट उत्पन्न सागद्वारा सम्पूर्ण लोकलाई पालन गर्नेछु ॥४८॥ त्यतिबेला म पृथ्वीमा 'शाकम्भरी' का नामले प्रसिद्ध हुनेछु ॥४९॥ त्यसै अवतारमा मैले दुर्ग नामको महाअसुरलाई पनि मार्ने छु र मेरो नाम 'दुर्गादेवी' भनेर पनि प्रसिद्ध हुनेछ ॥५०॥ फेरि पनि म जुन बखतमा भीमरूप धारण गरेर मुनिहरूको रक्षाका निमित्त हिमाचलमा राक्षसहरूलाई खानेछु ॥५१॥ त्यतिबेला सबै मुनिहरू शिर निहुराएर मलाई स्तुति गर्नेछन्, तब मेरो नाम 'भीमादेवी' भनेर विख्यात हुनेछ ॥५२॥ जब अरुण नामको दैत्यले तीनै लोकमा ठूलो बाधा पुऱ्याउने छ, तब म छ खुट्टा भएका असंख्य भमराको रूप धारण गर्नेछु ॥५३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भ्रामरीति च मां लोकास्तदा स्तोष्यन्ति सर्वतः ।
इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति ॥५४॥
तदा तदावतीर्याहं करिष्याम्यरिसंक्षयम् ॥ॐ॥५५॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये देव्याः स्तुतिर्नामैकादशोऽध्यायः ॥११॥

उवाच ४, अर्धश्लोकः १, श्लोकाः ५०, एवम् ५५, एवमादितः ॥६३०॥

तिनै लोकको हितका निमित्त त्यो महासुरलाई मार्नेछु । त्यस समयमा लोकले मलाई सबैतिर 'भ्रामरी' भनेर स्तुति गर्नेछन् ॥५४॥ जब-जब लोकमा दानवबाट उठेका यस्ता बाधा हुनेछन् तब-तब मैले अवतार लिएर शत्रुको नाश गर्नेछु ॥५५॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'देवीस्तुति' नामक एघारौं अध्याय पूरा भयो ॥११॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वादशोऽध्यायः

देवी–चरित्रहरूको पाठको माहात्म्य

ध्यानम्

ॐ विद्युद्दामसमप्रभां मृगपतिस्कन्धस्थितां भीषणां।
कन्याभिः करवालखेटविलसद्धस्ताभिरासेविताम् ॥
हस्तैश्चक्रगदासिखेटविशिखांश्चापं गुणं तर्जनीं।
बिभ्राणामनलात्मिकां शशिधरां दुर्गां त्रिनेत्रां भजे ॥

ॐ देव्युवाच ॥१॥
एभिः स्तवैश्च मां नित्यं स्तोष्यते य समाहितः।
तस्याहं सकलां बाधां नाशयिष्याम्यसंशयम् ॥२॥
मधुकैटभनाशं च महिषासुरघातनम्।
कीर्तयिष्यन्ति ये तद्वद् वधं शुम्भनिशुम्भयोः ॥३॥
अष्टम्यां च चतुर्दश्यां नवम्यां चैकचेतसः।
श्रोष्यन्ति चैव ये भक्त्या मम माहात्म्यमुत्तमम् ॥४॥
न तेषां दुष्कृतं किञ्चिद्दुष्कृतोत्था न चापदः।
भविष्यति न दारिद्र्यं न चैवेष्टवियोजनम् ॥५॥
शत्रुतो न भयं तस्य दस्युतो वा न राजतः।
न शस्त्रानलतोयौघात्कदाचित्सम्भविष्यति ॥६॥

म तीन नेत्र भएकी दुर्गादेवीको ध्यान गर्दछु, जसका श्रीअङ्गहरूको प्रभा विद्युत्जस्तै छ। उनी सिंहको काँधमा बसेकी छन् र भयङ्कर प्रतीत हुन्छिन्। हातमा तरबार र ढाल लिएका अनेकौँ कन्याहरू उनको सेवामा उभिएका छन्। उनले आफ्ना हातहरूमा चक्र, गदा, तरबार, ढाल, बाण, धनुष, पाश र तर्जनी मुद्रा धारण गरेकी छन्। उनको स्वरूप अग्निमय छ र उनले आफ्नो शिरमा चन्द्रमाको मुकुट धारण गरेकी छन्।

देवीले भनिन्–॥१॥ हे देवताहरू हो ! जसले एकाग्रचित्त भएर नित्य यी स्तोत्रहरूले मलाई स्तुति गर्ला, त्यसका सम्पूर्ण बाधाहरू मैले अवश्य पनि शान्त पार्नेछु ॥२॥ मधुकैटभको नाश, महिषासुरको संहार र त्यस्तै शुम्भ–निशुम्भको वध जो पाठ गर्नेछन् र अष्टमी, चतुर्दशी, नवमीमा जो एकाग्र चित्तले भक्तिपूर्वक मेरो उत्तम माहात्म्य सुन्नेछन्, तिनीहरूलाई कुनै पापले छुने छैन, पापबाट उठेका आपत्हरू पनि पर्ने छैनन्, न दारिद्र्य हुनेछ, न प्रियजनको वियोग हुनेछ ॥३–५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्मान्ममैतन्माहात्म्यं पठितव्यं समाहितैः ।
श्रोतव्यं च सदा भक्त्या परं स्वस्त्ययनं हि तत् ॥७॥
उपसर्गानशेषांस्तु महामारीसमुद्भवान् ।
तथा त्रिविधमुत्पातं माहात्म्यं शमयेन्मम ॥८॥
यत्रैतत्पठ्यते सम्यङ्नित्यमायतने मम ।
सदा न तद्विमोक्ष्यामि सान्निध्यं तत्र मे स्थितम् ॥९॥
बलिप्रदाने पूजायामग्निकार्ये महोत्सवे ।
सर्वं ममैतच्चरितमुच्चार्यं श्राव्यमेव च ॥१०॥
जानताऽजानता वापि बलिपूजां तथा कृताम् ।
प्रतीच्छिष्याम्यहं प्रीत्या वह्निहोमं तथा कृतम् ॥११॥
शरत्काले महापूजा क्रियते या च वार्षिकी ।
तस्यां ममैतन्माहात्म्यं श्रुत्वा भक्तिसमन्वितः ॥१२॥
सर्वबाधाविनिर्मुक्तो धनधान्यसुतान्वितः ।
मनुष्यो मत्प्रसादेन भविष्यति न संशयः ॥१३॥
श्रुत्वा ममैतन्माहात्म्यं तथा चोत्पत्तयः शुभाः ।
पराक्रमं च युद्धेषु जायते निर्भयः पुमान् ॥१४॥
रिपवः संक्षयं यान्ति कल्याणं चोपपद्यते ।
नन्दते च कुलं पुंसां माहात्म्यं मम श्रृण्वताम् ॥१५॥

शत्रु, लुटेरा, राजा, शस्त्र, अग्नि, जलको प्रवाह आदिबाट पनि तिनलाई कहिल्यै भय हुने छैन ॥६॥ त्यसकारण मेरो यो माहात्म्य सर्वदा सबैले एकाग्र चित्त भएर भक्तिपूर्वक पाठ गर्नु या सुन्नुपर्दछ किनकि यो अत्यन्त कल्याणदायक छ ॥७॥ मेरो यो माहात्म्यले महामारीबाट उत्पन्न भएका सम्पूर्ण उपद्रवलाई र आधिभौतिक, आध्यात्मिक, आधिदैविक तीनै प्रकारका उत्पातलाई शान्त गर्दछ ॥८॥ जहाँ मेरो मन्दिरमा नित्य यो माहात्म्य राम्रो तरहले पाठ गरिन्छ, त्यो स्थानलाई मैले छोड्दिनँ र त्यहाँ मेरो सधै सान्निध्य रहन्छ ॥९॥ बलिदानमा, पूजामा, होमादि अग्निकार्यमा, ठूला उत्सवमा मेरो यो सम्पूर्ण माहात्म्य पाठ गर्नुपर्दछ अथवा सुन्नुपर्दछ ॥१०॥ यसो गर्नाले जानी–नजानी बलिपूजा र होम आदि जस्तो गरेको छ, त्यो म प्रेमले ग्रहण गर्नेछु ॥११॥ शरत्कालमा जो वार्षिकी महापूजा गरिन्छ, त्यसमा भक्तिपूर्वक मेरो यो माहात्म्य सुनेर मनुष्य मेरा प्रसादले सबै बाधाबाट छुटेर धन-धान्यादिले युक्त भएको हुन्छ, यसमा कुनै संशय छैन ॥१२-१३॥ मेरो यो माहात्म्य, मेरो प्रादुर्भावको सुन्दर कथा र युद्धमा मैले गरेको पराक्रम सुन्नाले मनुष्य निर्भय हुन्छ ॥१४॥ मेरो माहात्म्य सुन्नेका सबै शत्रुहरू नाशिन्छन्, कल्याण प्राप्त हुनुका साथै तिनको कुल पनि आनन्दित हुन्छ ॥१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तिकर्मणि सर्वत्र तथा दुःस्वप्नदर्शने ।
ग्रहपीडासु चोग्रासु माहात्म्यं श‍ृणुयान्मम ॥१६॥
उपसर्गाः शमं यान्ति ग्रहपीडाश्च दारुणाः ।
दुःस्वप्नं च नृभिर्दृष्टं सुस्वप्नमुपजायते ॥१७॥
बालग्रहाभिभूतानां बालानां शान्तिकारकम् ।
सङ्घातभेदे च नृणां मैत्रीकरणमुत्तमम् ॥१८॥
दुर्वृत्तानामशेषाणां बलहानिकरं परम् ।
रक्षोभूतपिशाचानां पठनादेव नाशनम् ॥१९॥
सर्वं ममैतन्माहात्म्यं मम सन्निधिकारकम् ।
पशुपुष्पार्घ्यधूपैश्च गन्धदीपैस्तथोत्तमैः ॥२०॥
विप्राणां भोजनैर्होमैः प्रोक्षणीयैरहर्निशम् ।
अन्यैश्च विविधैर्भोगैः प्रदानैर्वत्सरेण या ॥२१॥
प्रीतिर्मे क्रियते सास्मिन् सकृत्सुचरिते श्रुते ।
श्रुतं हरति पापानि तथाऽऽरोग्यं प्रयच्छति ॥२२॥
रक्षां करोति भूतेभ्यो जन्मनां कीर्तनं मम ।
युद्धेषु चरितं यन्मे दुष्टदैत्यनिबर्हणम् ॥२३॥
तस्मिञ्छ्रुते वैरिकृतं भयं पुंसां न जायते ।
युष्माभिः स्तुतयो याश्च याश्च ब्रह्मर्षिभिः कृताः ॥२४॥

सर्वत्र शान्तिकर्ममा, त्यस्तै खराब सपना देखेमा, उग्र ग्रहहरूको पीडामा पनि मेरो माहात्म्य सुनोस् ॥१६॥ यसले सबै प्रकारका विघ्नबाधा,घोर ग्रहपीडा आदि पनि शान्त हुन्छन्, मनुष्यले देखेको खराब सपना पनि राम्रोमा परिणत हुन्छ ॥१७॥ बालग्रहले आक्रान्त भएका बालकहरूका लागि यो माहात्म्य शान्तिकारक रहेको छ। मनुष्यहरूको संगठनमा फुट भएमा उत्तम मैत्री गराउन पनि यो माहात्म्य फलदायी हुनेछ ॥१८॥ समस्त दुराचारीहरूको बल नाश गर्ने यो उत्तम माहात्म्य पाठ गर्नाले राक्षस, भूत र पिशाचहरू पनि नासिन्छन् ॥१९॥ मेरो यो माहात्म्यले मनुष्यलाई मेरा समीपमा ल्याइदिन्छ । पशु, पुष्प, अर्घ्य, धूप त्यस्तै चन्दन, दीप, आदि उत्तम सामग्रीले पूजा गर्नाले पनि मेरो सान्निध्यमा ल्याउँछ ॥२०॥ यस्तै ब्राह्मणहरूलाई भोजन गराउनाले, होमले, रात–दिनको अभिषेकले पनि मेरो सान्निध्य गराउँछ ॥२१॥ नाना प्रकारका अन्य वस्तुहरू अर्पण गर्नुका साथै दान आदि गरेर एक वर्षसम्म जुन प्रकारले मेरो आराधना गरिन्छ र त्यसबाट मलाई जेजस्तो प्रसन्नता प्राप्त हुन्छ, मेरो यो उत्तम चरित्र एक पटक मात्र पनि श्रवण गर्ने व्यक्तिसँग म उत्तिकै प्रसन्न हुन्छु ॥२२॥ यो माहात्म्य सुन्नाले सम्पूर्ण पाप हरण हुन्छ तथा आरोग्य प्राप्ति हुन्छ र मेरो उत्पत्तिसम्बन्धी कीर्तनबाट भूतहरू नाश हुन्छन् ॥२३॥ युद्धमा दुष्ट दैत्यहरूको संहार गर्ने मेरो जुन चरित्र छ, त्यो सुन्नाले पुरुषहरूलाई वैरीका कृत्यको भय हुँदैन ॥२४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मणा च कृतास्तास्तु प्रयच्छन्ति शुभां मतिम् ।
अरण्ये प्रान्तरे वापि दावाग्निपरिवारितः ॥२५॥
दस्युभिर्वा वृतः शून्ये गृहीतो वापि शत्रुभिः ।
सिंहव्याघ्रानुयातो वा वने वा वनहस्तिभिः ॥२६॥
राज्ञा क्रुद्धेन चाज्ञप्तो वध्यो बन्धगतोऽपि वा ।
आघूर्णितो वा वातेन स्थितः पोते महार्णवे ॥२७॥
पतत्सु चापि शस्त्रेषु संग्रामे भृशदारुणे ।
सर्वाबाधासु घोरासु वेदनाभ्यर्दितोऽपि वा ॥२८॥
स्मरन्ममैतच्चरितं नरो मुच्येत संकटात् ।
मम प्रभावात्सिंहाद्या दस्यवो वैरिणस्तथा ॥२९॥
दूरादेव पलायन्ते स्मरतश्चरितं मम ॥३०॥

ऋषिरुवाच ॥३१॥

इत्युक्त्वा सा भगवती चण्डिका चण्डविक्रमा ॥३२॥
पश्यतामेव देवानां तत्रैवान्तरधीयत ।
तेऽपि देवा निरातङ्काः स्वाधिकारान् यथा पुरा ॥३३॥
यज्ञभागभुजः सर्वे चक्रुर्विनिहतारयः ।
दैत्याश्च देव्या निहते शुम्भे देवरिपौ युधि ॥३४॥
जगद्विध्वंसिनि तस्मिन् महोग्रेऽतुलविक्रमे ।

तिमीहरूले जो स्तुति गर्‍यौ, ब्रह्मर्षिहरूले जो स्तुति गरे,ब्रह्माले पनि गरेका ती सबै स्तुतिहरूले कल्याणमय मति दिन्छन् ॥२५॥ वनमा, दुर्गम मार्गमा, डढेलोले घेरिएमा अथवा निर्जन स्थानमा डाँकुहरूले घेरेमा, शत्रुहरूले पक्रेमा पनि मेरो स्तुति फलदायक रहने छ ॥२६॥ त्यस्तै वनमा सिहं, बाघ, वन-हात्तीहरूले लखेटेमा या क्रुद्ध भएका राजाले मार्न वा बन्धनमा पार्न आज्ञा दिएमा, त्यस्तै महासागरमा नाउमा बसेको बेला तुफानले नाउ डगमगाएमा, अति भयंकर संग्राममा शस्त्रहरूको प्रहार भएमा, वेदनाले पीडित भएमा, अन्य सबै प्रकारका बाधाहरूमा मेरो यो चरित्र स्मरण गर्नाले मनुष्य संकटबाट छुट्दछ ॥२७-२९॥ मेरो प्रभावले मेरो चरित्र स्मरण गर्ने व्यक्तिका सिंह आदि हिंस्रक जन्तु, चोरहरू, डाँकुहरू, वैरीहरू टाढैबाट भाग्दछन् ॥३०॥ **ऋषिले भने**-॥३१॥ यति भनेर प्रचण्ड पराक्रम भएकी ती भगवती चण्डिका सबै देवताहरूले देख्दा देख्दै त्यहीँ नै अन्तर्ध्यान भइन् ॥३२॥ सम्पूर्ण शत्रुहरू मारिनाले आतंकले रहित भएका सम्पूर्ण देवताहरू पनि पहिलेझैं यज्ञका भाग भोग्ने भएर आ-आफ्ना अधिकार पालन गर्न थाले ॥३३॥ जगत्को विध्वंश गर्ने महाभयंकर अतुल पराक्रमी देवशत्रु शुम्भ र महाबली निशुम्भलाई पनि देवीले युद्धमा मारेपछि बाँकी दैत्य पातालमा गए ॥३४-३५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निशुम्भे च महावीर्ये शेषाः पातालमाययुः ॥३५॥
एवं भगवती देवी सा नित्यापि पुनः पुनः ।
सम्भूय कुरुते भूप जगतः परिपालनम् ॥३६॥
तयैतन्मोह्यते विश्वं सैव विश्वं प्रसूयते ।
सा याचिता च विज्ञानं तुष्टा ऋद्धिं प्रयच्छति ॥३७॥
व्याप्तं तयैतत्सकलं ब्रह्माण्डं मनुजेश्वर ।
महाकाल्या महाकाले महामारीस्वरूपया ॥३८॥
सैव काले महामारी सैव सृष्टिर्भवत्यजा ।
स्थितिं करोति भूतानां सैव काले सनातनी ॥३९॥
भवकाले नृणां सैव लक्ष्मीर्वृद्धिप्रदा गृहे ।
सैवाभावे तथा लक्ष्मीर्विनाशायोपजायते ॥४०॥
स्तुता सम्पूजिता पुष्पैर्धूपगन्धादिभिस्तथा ।
ददाति वित्तं पुत्रांश्च मतिं धर्मे गतिं शुभाम् ॥ॐ॥४१॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये फलस्तुतिर्नाम द्वादशोऽध्यायः ॥१२॥

उवाच २, अर्धश्लोकौ २, श्लोकाः ३७, एवम् ४१, एवमादितः ॥६७१॥

हे राजन् ! यसरी नित्यस्वरूपा देवी भगवती बारम्बार प्रकट भएर जगत्‌को परिपालन गर्दछिन् ॥३६॥ उनैबाट यो विश्व मोहमा पारिन्छ, उनैले सृष्टि गर्दछिन्, प्रार्थना गर्दा प्रसन्न भएकी उनै विज्ञान र ऐश्वर्य पनि दिन्छिन् ॥३७॥ हे नरेन्द्र ! महाप्रलयका समयमा महामारीको स्वरूप धारण गर्ने उनै महाकाली नै यो समस्त ब्रह्माण्डमा व्याप्त छन् ॥३८॥ उनै बखत-बखतमा महामारी हुन्छिन्, उनै अजन्मा भएर पनि सृष्टिका रूपमा प्रकट हुन्छिन् । ती सनातनी देवी नै समय-समयमा प्राणीहरूको स्थिति-पालन गर्दछिन् ॥३९॥ मनुष्यको अभ्युदयको समयमा उनै घरमा बुद्धि प्रदान गर्ने लक्ष्मी हुन्छिन्, उनै फेरि अभावका बेलामा दरिद्रता बनेर विनाशको कारणस्वरूप अलक्ष्मी पनि बन्दछिन् ॥४०॥ त्यस्तै फूलमाला, धूप, दीप र चन्दन आदिले पूजा गरिएकी तथा स्तुति गरिएकी देवीले धन, पुत्र, धर्ममा शुभ मति र शुभ गति पनि दिन्छिन् ॥४१॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'फलस्तुति' नामक बाह्रौं अध्याय पूरा भयो ॥१२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रयोदशोऽध्यायः

राजा सुरथ र समाधि वैश्यलाई देवीद्वारा वर प्रदान

ध्यानम्

ॐ बालार्कमण्डलाभासां चतुर्बाहुं त्रिलोचनाम् ।
पाशाङ्कुशवराभीतीर्धारयन्तीं शिवां भजे ॥

ॐ ऋषिरुवाच ॥१॥

एतत्ते कथितं भूप देवीमाहात्म्यमुत्तमम् ।
एवं प्रभावा सा देवी ययेदं धार्यते जगत् ॥२॥
विद्या तथैव क्रियते भगवद्विष्णुमायया ।
तया त्वमेष वैश्यश्च तथैवान्ये विवेकिनः ॥३॥
मोह्यन्ते मोहिताश्चैव मोहमेष्यन्ति चापरे ।
तामुपैहि महाराज शरणं परमेश्वरीम् ॥४॥
आराधिता सैव नृणां भोगस्वर्गापवर्गदा ॥५॥

मार्कण्डेय उवाच ॥६॥

इति तस्य वचः श्रुत्वा सुरथः स नराधिपः ॥७॥
प्रणिपत्य महाभागं तमृषिं शंसितव्रतम् ।
निर्विण्णोऽतिममत्वेन राज्यापहरणेन च ॥८॥

जुन देवी उदयकालका सूर्यमण्डलको जस्तो कान्तिले युक्त छन्, जसका चार हात र तीन नेत्र छन्, जसले आफ्नो हातमा पाश, अंकुश, वर र अभय मुद्रा धारण गरेकी छन्, तिनै शिवादेवीको म ध्यान गर्दछु ।

ऋषि भन्छन्–॥१॥ हे राजन् ! मैले यस जगत्लाई धारण गर्ने देवीको यस्तो उत्तम माहात्म्य तिमीलाई सुनाएँ र ती देवीको व्यापक प्रभाव तिमीले थाहा पायौ ॥२॥ उनले नै विद्या (ज्ञान) उत्पन्न गर्दछिन् । भगवान् विष्णुकी मायास्वरूपा ती देवीद्वारा नै तपाईं, यी वैश्य र अन्यान्य विवेकी जन मोहित हुन्छन्, मोहित भएका छन् र मोहित हुनेछन् । हे महाराज ! तपाईं पनि तिनै परमेश्वरीको शरणमा जानोस् ॥३–४॥ उनै भगवतीले मनुष्यहरूलाई भोग, स्वर्ग र मोक्ष पनि दिन्छिन् ॥५॥

मार्कण्डेयले भने–॥६॥ हे क्रौष्टुकी ! मेधा ऋषिका यस्ता वचन सुनेर ती सुरथ राजाले उत्तम व्रत पालन गर्ने महाभाग ती ऋषिलाई प्रणाम गरे । राजा सुरथ अत्यन्त ममत्व र राज्यको अपहरण भएकाले निकै खिन्न र विरक्त जस्ता बनेका थिए, त्यसैले उनी र ती वैश्य पनि तुरुन्तै तपस्या गर्न गए ॥७–८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जगाम सद्यस्तपसे स च वैश्यो महामुने ।
संदर्शनार्थमम्बाया नदीपुलिनसंस्थितः ॥९॥
स च वैश्यस्तपस्तेपे देवीसूक्तं परं जपन् ।
तौ तस्मिन् पुलिने देव्याः कृत्वा मूर्तिं महीमयीम् ॥१०॥
अर्हणां चक्रतुस्तस्याः पुष्पधूपाग्नितर्पणैः ।
निराहारौ यताहारौ तन्मनस्कौ समाहितौ ॥११॥
ददतुस्तौ बलिं चैव निजगात्रासृगुक्षितम् ।
एवं समाराधयतोस्त्रिभिर्वर्षैर्यतात्मनोः ॥१२॥
परितुष्टा जगद्धात्री प्रत्यक्षं प्राह चण्डिका ॥१३॥

देव्युवाच ॥१४॥

यत्प्रार्थ्यते त्वया भूप त्वया च कुलनन्दन ।
मत्तस्तत्प्राप्यतां सर्वं परितुष्टा ददामि तत् ॥१५॥

मार्कण्डेय उवाच ॥१६॥

ततो वव्रे नृपो राज्यमविभ्रंशयन्यजन्मनि ।
अत्रैव च निजं राज्यं हतशत्रुबलं बलात् ॥१७॥
सोऽपि वैश्यस्ततो ज्ञानं वव्रे निर्विण्णमानसः ।
ममेत्यहमिति प्राज्ञः सङ्गविच्युतिकारकम् ॥१८॥

देव्युवाच ॥१९॥

जगदम्बाको दर्शनका निमित्त नदीको किनारामा बसेर उत्तम देवीसूक्त जप्दै ती वैश्यले पनि ठूलो तपस्या गरे ॥९॥ ती दुबैजनाले नदीको किनारमा देवीको माटाको मूर्ति बनाएर पुष्प, धूप, अग्निमा हवन आदिले उनको आराधना गरे ॥१०॥ चित्त वशमा गरेर, निराहार रहेर उनैमा मन लगाएर एकाग्र भएका ती दुईले आफ्नो शरीरको रगत निकालेर बलि पनि दिए ॥११॥ यसरी निश्चल चित्तले आराधना गर्ने भएका तिनलाई तीन वर्षमा प्रसन्न भएकी जगत्माता चण्डिकाले प्रत्यक्ष दर्शन दिइन् ॥१२-१३॥

देवीले भनिन्-॥१४॥ हे राजन् ! तिमीले जुन इच्छा गरेका छौ र हे कुलनन्दन वैश्य ! तिमीले पनि जो चाहेका छौ, त्यो कुरा मसँग माग। प्रसन्न भएकी मैले तिमीहरूलाई सबै कुरा दिनेछु ॥१५॥

मार्कण्डेयले भने-॥१६॥ त्यसपछि राजाले अर्को जन्ममा नष्ट नहुने राज्यश्री प्राप्त होस् भनेर मागे भने यस जन्ममा पनि 'शत्रुहरूका सेनालाई बलपूर्वक नष्ट गरी पुनः आफ्नो राज्य प्राप्त गर्न सकूँ' भनेर मागे ॥१७॥ समाधि वैश्यको चित्त चाहिँ सांसारिक भोगबाट विरक्त भैसकेको थियो, त्यसैले ती बुद्धिमान् वैश्यले ममता र अहंकाररूपी आसक्तिको नाश गर्ने ज्ञान मागे ॥१८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वल्पैरहोभिर्नृपते स्वं राज्यं प्राप्स्यते भवान् ॥२०॥
हत्वा रिपूनस्खलितं तव तत्र भविष्यति ॥२१॥
मृतश्च भूयः सम्प्राप्य जन्म देवाद्विवस्वतः ॥२२॥
सावर्णिको नाम मनुर्भवान् भुवि भविष्यति ॥२३॥
वैश्यवर्य त्वया यश्च वरोऽस्मत्तोऽभिवाञ्छितः ॥२४॥
तं प्रयच्छामि संसिद्ध्यै तव ज्ञानं भविष्यति ॥२५॥

मार्कण्डेय उवाच ॥२६॥

इति दत्वा तयोर्देवी यथाभिलषितं वरम् ॥२७॥
बभूवान्तर्हिता सद्यो भक्त्या ताभ्यामभिष्टुता ।
एवं देव्या वरं लब्ध्वा सुरथः क्षत्रियर्षभः ॥२८॥
सूर्याज्जन्म समासाद्य सावर्णिर्भविता मनुः ॥२९॥
एवं देव्या वरं लब्ध्वा सुरथः क्षत्रियर्षभः ।
सूर्याज्जन्म समासाद्य सावर्णिर्भविता मनुः ॥ क्लीं ॐ॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये सुरथवैश्ययोर्वरप्रदानं नाम त्रयोदशोऽध्यायः ॥१३॥

उवाच ६, अर्धश्लोकाः ११, श्लोकाः १२, एवम् २९, एवमादितः ॥७००॥
समस्ता उवाचमन्त्राः ५७, अर्धश्लोकाः ४२, श्लोकाः ५३५, अवदानानि ॥६६॥

देवीले भनिन्– ॥१९॥ हे राजन् ! थोरै दिनमा तिमीले आफ्नो राज्य पाउने छौ । सबै शत्रुलाई नाश गरेर तिम्रो राज्य स्थिर रहनेछ ॥२०–२१॥ फेरि मरेपछि पनि विवश्वान् (सूर्यदेव) बाट जन्म पाएर तिमी पृथिवीमा सावर्णि नामका मनु हुनेछौ ॥२२–२३॥ वैश्य श्रेष्ठ ! तिमीले मबाट जुन वरको इच्छा गर्‍यौ, त्यो म दिन्छु । तिमीलाई मोक्षसिद्धिका निमित्त ज्ञान प्राप्त होला ॥२४–२५॥

मार्कण्डेयले भने–॥२६॥ ती दुईबाट त्यसरी भक्तिपूर्वक स्तुति गरिएकी देवी दुवैलाई इच्छा-माफिकको वर दिएर अन्तर्ध्यान भइन् ॥२७॥ देवीबाट यस्तो वर पाएका क्षत्रियमा श्रेष्ठ सुरथ राजा सूर्य पुत्रका रूपमा जन्म लिएर सावर्णि नामका मनु हुनेछन् ॥२८–२९॥

यसरी श्रीमार्कण्डेय पुराणको सावर्णिक मन्वन्तरको कथाअन्तर्गत देवीमाहात्म्यमा 'सुरथ र वैश्यलाई वरप्रदान' नामक तेह्रौं अध्याय पूरा भयो ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपसंहारः

सप्तशतीको पाठ पूरा भएपछि पुनः नवार्णविधि गरेर देवीसूक्तको पाठ गर्ने विधान छ। त्यसैले यहाँ नवार्णविधि पुनः दिइएको छ। यहाँ गरिने कर्म पनि सुरुकै जस्तो छ–

विधिनिर्देशः आचमनीमा जल लिएर नवार्णमन्त्रको विनियोग लिने–

श्रीगणपतिर्जयति । ॐ अस्य श्रीनवार्णमन्त्रस्य ब्रह्मविष्णुरुद्रा ऋषयः, गायत्र्युष्णिगनुष्टुभश्छन्दांसि, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वत्यो देवताः, ऐं बीजम्, ह्रीं शक्तिः, क्लीं कीलकम्, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीप्रीत्यर्थे जपे विनियोगः । यति पढेर जल भुइँमा छोडिदिने।

ऋष्यादिन्यासः

विधिनिर्देशःयसपछि मन्त्र पढ्दै तल बताइएअनुसार शरीरका विभिन्न अङ्गमा दाहिने हातका औँलाले स्पर्श गर्ने–

ॐ ब्रह्मविष्णुरुद्रऋषिभ्यो नमः, शिरसि । ॐ गायत्र्युष्णिगनुष्टुप्छन्दोभ्यो नमः, मुखे । ॐ महाकालीमहालक्ष्मीमहासरस्वतीदेवताभ्यो नमः, हृदि । ॐ ऐं बीजाय नमः, गुह्ये । ॐ ह्रीं शक्तये नमः, पादयोः । ॐ क्लीं कीलकाय नमः, नाभौ।

'ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे' यस मन्त्रले हात पखाली तल दिइएका अन्य न्यास गर्ने–

करन्यासः

ॐ ऐं अङ्गुष्ठाभ्यां नमः । ॐ ह्रीं तर्जनीभ्यां नमः । ॐ क्लीं मध्यमाभ्यां नमः । ॐ चामुण्डायै अनामिकाभ्यां नमः । ॐ विच्चे कनिष्ठिकाभ्यां नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे करतलकरपृष्ठाभ्यां नमः ।

हृदयादिन्यासः

ॐ ऐं हृदयाय नमः । ॐ ह्रीं शिरसे स्वाहा । ॐ क्लीं शिखायै वषट् । ॐ चामुण्डायै कवचाय हुम् । ॐ विच्चे नेत्रत्रयाय वौषट् । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे अस्त्राय फट् ।

अक्षरन्यासः

ॐ ऐं नमः, शिखायाम् । ॐ ह्रीं नमः, दक्षिणनेत्रे । ॐ क्लीं नमः, वामनेत्रे । ॐ चां नमः, दक्षिणकर्णे । ॐ मुं नमः, वामकर्णे । ॐ डां नमः, दक्षिणनासापुटे । ॐ यैं नमः, वामनासापुटे । ॐ विं नमः, मुखे । ॐ च्चें नमः, गुह्ये ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिङ्न्यासः

(तल बताइएअनुसार हरेक दिशामा चुट्की बजाउने)

ॐ ऐं प्राच्यै नमः । ॐ ऐं आग्नेय्यै नमः । ॐ ह्रीं दक्षिणायै नमः । ॐ ह्रीं नैर्ऋत्यै नमः । ॐ क्लीं प्रतीच्यै नमः । ॐ क्लीं वायव्यै नमः । ॐ चामुण्डायै उदीच्यै नमः । ॐ चामुण्डायै ऐशान्यै नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ऊर्ध्वायै नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे भूम्यै नमः ।

ध्यानम्

विधिनिर्देशः न्यास गरिसकेपछि तल दिइएको स्तुतिवाक्यले भगवती दुर्गादेवीको ध्यान गर्नुपर्छ । ध्यान गर्ने भनेको भगवती दुर्गाको सम्पूर्ण स्वरूपलाई मनमनै सम्झेर आफ्नो हृदयकमलमा वहाँलाई विराजमान गराउनु हो–

ॐ खड्गं चक्रगदेषुचापपरिघाञ्छूलं भुशुण्डीं शिरः ।
शङ्खं सन्दधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ॥
नीलाश्मद्युतिमास्यपाददशकां सेवे महाकालिकां ।
यामस्तौत्स्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम् ॥

ॐ अक्षस्त्रक्परशुं गदेषु कुलिशं पद्मं धनुष्कुण्डिकां ।
दण्डं शक्तिमसिं च चर्म जलजं घण्टां सुराभाजनम् ॥
शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रसन्नाननां ।
सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ॥

ॐ घण्टाशूलहलानि शङ्खमुसले चक्रं धनुः सायकं ।
हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम् ॥
गौरीदेहसमुद्भवां त्रिजगतामाधारभूतां महा–
पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम् ॥

विधिनिर्देशः ध्यान गरिसकेपछि सप्तशती पाठविधिमा बताइएअनुसार शापोद्धार, उत्कीलन मन्त्रपाठ, मृतसञ्जीवनीविद्या मन्त्र आदिको विधि पनि सम्पन्न गर्ने । यसपछि **ॐ ऐं ह्रीं अक्षमालिकायै नमः** भन्ने मन्त्रले मालाको पूजा गर्ने र तल दिइएका मन्त्रले प्रार्थना गर्ने–

ॐ मां माले महामाये सर्वशक्तिस्वरूपिणी ।
चतुर्वर्गस्त्वयि न्यस्तस्तस्मान्मे सिद्धिदा भव ॥
ॐ अविघ्नं कुरु माले त्वं गृह्णामि दक्षिणे करे ।
जपकाले च सिद्ध्यर्थं प्रसीद मम सिद्धये ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ अक्षमालाधिपतये सुसिद्धिं देहि देहि सर्वमन्त्रार्थसाधिनि साधय साधय सर्वसिद्धिं परिकल्पय परिकल्पय मे स्वाहा।

विधिनिर्देशः यसपछि नवार्णमन्त्र (ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे) को १०८ पटक जप गर्ने र तलको मन्त्र पढी देवीको बायाँ हातमा जप निवेदन गरेको सम्झी जल भुइँमा खन्याइदिने–

ॐ गुह्यातिगुह्यगोप्त्री त्वं गृहाणास्मत्कृतं जपम् ।
सिद्धिर्भवतु मे देवि त्वत्प्रसादान्महेश्वरि ॥

विधिनिर्देशः यसपछि करन्यास र हृदयादिन्यास गर्ने–

करन्यासः

ॐ ह्रीं अङ्गुष्ठाभ्यां नमः । ॐ चं तर्जनीभ्यां नमः । ॐ डिं मध्यमाभ्यां नमः । ॐ कां अनामिकाभ्यां नमः । ॐ यैं कनिष्ठिकाभ्यां नमः । ॐ ह्रीं चण्डिकायै करतलकरपृष्ठाभ्यां नमः ।

हृदयादिन्यासः

ॐ खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा।
शङ्खिनी चापिनी बाणभुशुण्डीपरिघायुधा॥ हृदयाय नमः।
ॐ शूलेन पाहि नो देवी पाहि खड्गेन चाम्बिके।
घण्टास्वनेन नः पाहि चापज्यानिः स्वनेन च॥ शिरसे स्वाहा।
ॐ प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे।
भ्रामणेनात्मशूलस्य उत्तरस्यां तथेश्वरि॥ शिखायै वषट्।
ॐ सौम्यानि यानि रूपाणि त्रैलोक्ये विचरन्ति ते।
यानि चात्यर्थघोराणि तै रक्षास्मांस्तथा भुवम्॥ कवचाय हुम्।
ॐ खड्गशूलगदादीनि यानि चास्त्राणि तेऽम्बिके।
करपल्लवसङ्गीनि तैरस्मान् रक्ष सर्वतः॥ नेत्रत्रयाय वौषट्।
ॐ सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते॥ अस्त्राय फट्।

ध्यानम्

विद्युद्दामसमप्रभां मृगपतिस्कन्धस्थितां भीषणां।
कन्याभिः करवालखेटविलसद्धस्ताभिरासेविताम्॥
हस्तैश्चक्रगदासिखेटविशिखांश्चापं गुणं तर्जनीं।
बिभ्राणामनलात्मिकां शशिधरां दुर्गां त्रिनेत्रां भजे॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋग्वेदोक्तं देवीसूक्तम्

ॐ अहमित्यष्टर्चस्य सूक्तस्य वागाम्भृणी ऋषिः, सच्चित्सुखात्मकः सर्वगतः परमात्मा देवता, द्वितीयाया ऋचो जगती, शिष्यनां त्रिष्टुप् छन्दः, देवीमाहात्म्यपाठे विनियोगः ।

विधिनिर्देशः माथि दिइएको मन्त्रले विनियोग गरेपछि तल बताइएको मन्त्रले देवीको ध्यान गर्ने–

ध्यानम्

ॐ सिंहस्था शशिशेखरा मरकतप्रख्यैश्चतुर्भिर्भुजैः ।
शङ्खं चक्रधनुः शरांश्च दधती नेत्रैस्त्रिभिः शोभिता ।
आमुक्ताङ्गदहारकङ्कणरणत्काञ्चीरणन्नूपुरा
दुर्गा दुर्गतिहारिणी भवतु नो रत्नोल्लसत्कुण्डला ॥

देवीसूक्तम्

ॐ अहं रुद्रेभिर्वसुभिश्चराम्यहमादित्यैरुत विश्वदेवैः ।
अहं मित्रावरुणोभा बिभर्म्यहमिन्द्राग्नी अहमश्विनोभा ॥१॥
अहं सोममाहनसं बिभर्म्यहं त्वष्टारमुत पूषणं भगम् ।
अहं दधामि द्रविणं हविष्मते सुप्राव्ये यजमानाय सुन्वते ॥२॥
अहं राष्ट्री संगमनी वसूनां चिकितुषी प्रथमा यज्ञियानाम् ।
तां मा देवा व्यदधुः पुरुत्रा भूरिस्थात्रां भूर्य्यावेशयन्तीम् ॥३॥

शिरमा चन्द्रमाको मुकुट लगाएकी, सिहंमाथि चढेकी, मरकत मणिको कान्तिले युक्त, आफ्ना चारवटै हातमा शंख, चक्र, धनुष र बाण लिएकी, तीन आँखाले सुशोभित, जसका विभिन्न अंगहरू विभिन्न अंगमा रहेका हार, कंकण, करधनी, नूपुरले विभूषित छन्, जसका कानमा रत्नजडित कुण्डल चम्किरहेका छन्, यस्ती भगवती दुर्गाले हाम्रो दुर्गति नाश गरून् ॥

(महर्षि अम्भृणकी छोरीको नाम वाक् थियो, उनी महान् ब्रह्मज्ञानी पनि थिइन्, जसले गर्दा उनले देवीसँग अभिन्नता प्राप्त गरेकी थिइन् । उनै वाक्का यी वचनहरू यसप्रकार रहेका छन्)– म सच्चिदानन्दमयी सर्वात्मा देवी रुद्र, वसु, आदित्य तथा विश्वेदेवगणका रूपमा भ्रमण गर्दछु, म नै मित्र एवं वरुण, इन्द्र एवं अग्नि तथा दुवै अश्विनीकुमारहरूलाई धारण गर्दछु ॥१॥ म नै शत्रुहरूकी नाशक हुँ । म आकाशचारी देवताहरू सोम, त्वष्टा प्रजापति तथा पूषा एवं भगलाई पनि धारण गर्दछु, जसले हविष्यहरूमध्ये उत्तम हविष्य देवताहरूलाई प्राप्त गराउँछ तथा उनीहरूलाई सोमरसद्वारा तृप्त गराउँछ, त्यो यजमानका लागि मैले नै उत्तम यज्ञको फल र धनदौलत प्रदान गर्दछु ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मया सो अन्नमत्ति यो विपश्यति यः
प्राणिति य ईं शृणोत्युक्तम्।
अमन्तवो मां त उप क्षियन्ति श्रुधि
श्रुत श्रद्धिवं ते वदामि ॥४॥
अहमेव स्वयमिदं वदामि जुष्टं
देवेभिरुत मानुषेभिः।
यं कामये तं तमुग्रं कृणोमि
तं ब्रह्माणं तमृषिं तं सुमेधाम् ॥५॥
अहं रुद्राय धनुरा तनोमि ब्रह्मद्विषे शरवे हन्तवा उ।
अहं जनाय समदं कृणोम्यहं द्यावापृथिवी आ विवेश ॥६॥
अहं सुवे पितरमस्य मूर्धन्मम
योनिरप्स्वन्तः समुद्रे।
ततो वि तिष्ठे भुवनानु विश्वो-
तामूं द्यां वर्ष्मणोप स्पृशामि ॥७॥
अहमेव वात इव प्रवाम्यारभमाणा भुवनानि विश्वा।
परो दिवा पर एना पृथिव्यैतावती महिना संबभूव ॥८॥

म नै सम्पूर्ण जगत्की अधीश्वरी, आफ्ना उपासकहरूलाई धनदौलत प्रदान गर्ने, साक्षात् परब्रह्मलाई आफूभन्दा अभिन्न मान्ने तथा पूजनीय देवताहरूमा प्रधान रहेकी छु। अनेक स्थानमा रहने देवताहरू जहाँसुकै भए पनि जे जे गर्दछन्, त्यो सबै मेरा लागि नै गर्दछन् ॥३॥ जसले अन्न खान्छ, त्यसले मेरो शक्तिबाट नै खान्छ (किनभने म नै भोक्तृ शक्ति हूँ)। यसैगरी जसले देख्दछ, सास लिन्छ, भनेको कुरा सुन्छ, त्यसले मेरो सहायताबाट नै सबै किसिमका कर्म गर्न सक्षम हुन्छ। जसले मलाई यो रूपमा जान्दैन, उसले नजानेका कारण नै दीन दुःखी बन्नुपर्दछ। हे बहुश्रुत ! मैले तिमीलाई श्रद्धाबाट प्राप्त हुने ब्रह्मतत्त्वसम्बन्धी उपदेश गर्दछु सुन–॥४॥ मैले स्वयं देवताहरू एव मनुष्यहरूद्वारा सेवित यो दुर्लभ तत्त्वको वर्णन गर्दछु। मैले जुन-जुन व्यक्तिलाई रक्षा गर्न चाहन्छु, उसलाई अन्यभन्दा धेरै शक्तिशाली बनाइदिन्छु। उसैलाई सृष्टिकर्ता ब्रह्मा, परोक्ष ज्ञानसम्पन्न ऋषि तथा उत्तम मेधाशक्तिसम्पन्न बनाउँछु ॥५॥ मैले नै ब्रह्मद्वेषी हिंस्रक असुरहरूलाई वध गर्नका लागि रुद्रधनुष चलाउँछु, मैले नै शरणागतहरूको रक्षाका लागि शत्रुहरूसँग युद्ध गर्दछु तथा अन्तर्यामी रूपले पृथ्वी तथा आकाशमा रहन्छु ॥६॥ म नै यो संसारको पिताका रूपमा आकाशलाई सर्वाधिष्ठानस्वरूप परमात्माभन्दा माथि उत्पन्न गर्दछु। समुद्र (सम्पूर्ण भूतको उत्पत्तिस्थान परमात्मा) मा तथा जल (बुद्धिका व्यापक वृत्तिहरू) मा मेरो कारण (कारण स्वरूप चैतन्य ब्रह्म) को स्थिति हूँ। अतएव म नै सम्पूर्ण जगत्मा व्याप्त रहन्छु र त्यो स्वर्गलोकलाई पनि आफ्नो शरीरले स्पर्श गर्दछु ॥७॥ मैले नै कारण रूपमा सम्पूर्ण जगत्को रचनाको प्रारम्भ गर्दछु, अर्काको प्रेरणा बिना स्वयं नै वायुको गतिमा चल्दछु र स्वेच्छाले नै कर्ममा प्रवृत्त हुन्छु। म पृथ्वी र आकाशभन्दा यढा छु र मेरो महिमाले गर्दा नै म यस्ती भएकी हूँ ॥८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ तन्त्रोक्तं देवीसूक्तम्

(तन्त्रोक्त देवीसूक्तको अर्थ अध्याय पाँचमा आइसकेको छ)

नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ॥१॥
रौद्रायै नमो नित्यायै गौर्यै धात्र्यै नमो नमः ।
ज्योत्स्नायै चेन्दुरूपिण्यै सुखायै सततं नमः ॥२॥
कल्याण्यै प्रणतां वृद्ध्यै सिद्ध्यै कुर्मो नमो नमः ।
नैर्ऋत्यै भूभृतां लक्ष्म्यै शर्वाण्यै ते नमो नमः ॥३॥
दुर्गायै दुर्गपारायै सारायै सर्वकारिणि ।
ख्यात्यै तथैव कृष्णायै धूम्रायै सततं नमः ॥४॥
अतिसौम्यातिरौद्रायै नतास्तस्यै नमो नमः ।
नमो जगत्प्रतिष्ठायै देव्यै कृत्यै नमो नमः ॥५॥
या देवी सर्वभूतेषु विष्णुमायेति शब्दिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥६॥
या देवी सर्वभूतेषु चेतनेत्यभिधीयते ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥७॥
या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥८॥
या देवी सर्वभूतेषु निद्रारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥९॥
या देवी सर्वभूतेषु क्षुधारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१०॥
या देवी सर्वभूतेषुच्छायारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥११॥
या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१२॥
या देवी सर्वभूतेषु तृष्णारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

या देवी सर्वभूतेषु क्षान्तिरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१४॥
या देवी सर्वभूतेषु जातिरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१५॥
या देवी सर्वभूतेषु लज्जारूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१६॥
या देवी सर्वभूतेषु शान्तिरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१७॥
या देवी सर्वभूतेषु श्रद्धारूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१८॥
या देवी सर्वभूतेषु कान्तिरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१९॥
या देवी सर्वभूतेषु लक्ष्मीरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२०॥
या देवी सर्वभूतेषु वृत्तिरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२१॥
या देवी सर्वभूतेषु स्मृतिरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२२॥
या देवी सर्वभूतेषु दयारूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२३॥
या देवी सर्वभूतेषु तुष्टिरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२४॥
या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२५॥
या देवी सर्वभूतेषु भ्रान्तिरूपेण संस्थिता।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२६॥
इन्द्रियाणामधिष्ठात्री भूतानां चाखिलेषु या।
भूतेषु सततं तस्यै व्याप्तिदेव्यै नमो नमः ॥२७॥
चितिरूपेण या कृत्स्नमेतद् व्याप्य स्थिता जगत्।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्तुता सुरैः पूर्वमभीष्टसंश्रया-
त्तथा सुरेन्द्रेण दिनेषु सेविता ।
करोतु सा नः शुभहेतुरीश्वरी
शुभानि भद्राण्यभिहन्तु चापदः ॥२९॥
या साम्प्रतं चोद्धतदैत्यतापितै-
रस्माभिरीशा च सुरैर्नमस्यते ।
या च स्मृता तत्क्षणमेव हन्ति नः
सर्वापदो भक्तिविनम्रमूर्तिभिः ॥३०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राधानिकं रहस्यम्

ॐअस्य श्रीसप्तशतीरहस्यत्रयस्य नारायण ऋषिरनुष्टुप्छन्दः, महाकालीमहालक्ष्मीमहासरस्वत्यो देवता यथोक्तफलावाप्त्यर्थं जपे विनियोगः ।

राजोवाच

भगवन्नवतारा मे चण्डिकायास्त्वयोदिताः ।
एतेषां प्रकृतिं ब्रह्मन् प्रधानं वक्तुमर्हसि ॥१॥
आराध्यं यन्मया देव्याः स्वरूपं येन च द्विज ।
विधिना ब्रूहि सकलं यथावत्प्रणतस्य मे ॥२॥

ऋषिरुवाच

इदं रहस्यं परममनाख्येयं प्रचक्षते ।
भक्तोऽसीति न मे किञ्चित्तवावाच्यं नराधिप ॥३॥
सर्वस्याद्या महालक्ष्मीस्त्रिगुणा परमेश्वरी ।
लक्ष्यालक्ष्यस्वरूपा सा व्याप्य कृत्स्नं व्यवस्थिता ॥४॥
मातुलुङ्गं गदां खेटं पानपात्रं च बिभ्रती ।
नागं लिङ्गं च योनिं च बिभ्रती नृप मूर्धनि ॥५॥
तप्तकाञ्चनवर्णाभा तप्तकाञ्चनभूषणा ।
शून्यं तदखिलं स्वेन पूरयामास तेजसा ॥६॥

ॐ सप्तशतीका यी तीन रहस्यहरूका नारायण ऋषि, अनुष्टुप् छन्द तथा महाकाली, महालक्ष्मी एवं महासरस्वती देवता छन्। शास्त्रोक्त फलको प्राप्तिका लागि जपमा यिनको विनियोग हुन्छ।

राजाले भने- भगवन् ! हजूरले चण्डिकाको अवतारको कथा मलाई बताउनु भयो। ब्रह्मन् ! अब यी अवतारहरूको प्रधान प्रकृतिको निरूपण गर्नुहवस् ॥१॥ द्विजश्रेष्ठ ! म हजूरको चरणमा परेको छु। देवीको जुन स्वरूपको जुन विधिबाट आराधना गर्नुपर्दछ, यथार्थ रूपमा मलाई बताउनुहवस् ॥२॥

ऋषिले भन्दछन्- हे राजन् ! यो रहस्य परम गोपनीय रहेको छ। यो कसैलाई भन्न योग्य छैन, तथापि तिमी मेरा भक्त हौ, यसर्थ तिमीलाई भन्न नहुने कुनै कुरा मसँग छैन ॥३॥ त्रिगुणमयी परमेश्वरी महालक्ष्मी नै सबैकी आदिकारण हुन्। उनी नै दृश्य एवं अदृश्य रूपमा सम्पूर्ण विश्वमा व्याप्त रहेकी छिन् ॥४॥ राजन् ! उनले आफ्ना चार भुजाहरूमा मातुलुंग, गदा, ढाल एवं पानपात्र र मस्तकमा नाग, लिङ्ग तथा योनि धारण गर्दछिन् ॥५॥ उनको कान्ति तताएको सुनजस्तै छ र तताएको सुनजस्तै नै उनका गहना छन्। उनले आफ्नो तेजबाट शून्य जगत्लाई परिपूर्ण गरेकी छिन् ॥६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शून्यं तदखिलं लोकं विलोक्य परमेश्वरी ।
बभार परमं रूपं तमसा केवलेन हि ॥७॥
सा भिन्नाञ्जनसंकाशा दंष्ट्राङ्कितवरानना ।
विशाललोचना नारी बभूव तनुमध्यमा ॥८॥
खड्गपात्रशिरः खेटैरलङ्कृतचतुर्भुजा ।
कबन्धहारं शिरसा बिभ्राणा हि शिरःस्रजम् ॥९॥
सा प्रोवाच महालक्ष्मीं तामसी प्रमदोत्तमा ।
नाम कर्म च मे मातर्देहि तुभ्यं नमो नमः ॥१०॥
तां प्रोवाच महालक्ष्मीस्तामसीं प्रमदोत्तमाम् ।
ददामि तव नामानि यानि कर्माणि तानि ते ॥११॥
महामाया महाकाली महामारी क्षुधा तृषा ।
निद्रा तृष्णा चैकवीरा कालरात्रिर्दुरत्यया ॥१२॥
इमानि तव नामानि प्रतिपाद्यानि कर्मभिः ।
एभिः कर्माणि ते ज्ञात्वा योऽधीते सोऽश्नुते सुखम् ॥१३॥
तामित्युक्त्वा महालक्ष्मीः स्वरूपमपरं नृप ।
सत्त्वाख्येनातिशुद्धेन गुणेनेन्दुप्रभं दधौ ॥१४॥
अक्षमालाङ्कुशधरा वीणापुस्तकधारिणी ।
सा बभूव वरा नारी नामान्यस्यै च सा ददौ ॥१५॥

परमेश्वरी महालक्ष्मीले यो सम्पूर्ण जगत्लाई शून्य देखेर केवल तमोगुण रूप उपाधिद्वारा एउटा अन्य उत्कृष्ट रूप धारण गरेकी छन् ॥७॥ त्यो रूप नारीका रूपमा प्रकट भएको छ, जसको शरीरको कान्ति गाजलको जस्तै कालो रङ्गको थियो । उनको श्रेष्ठ मुख दाराले युक्त र ठूला-ठूला आँखा र कमर पातलो थियो ॥८॥ उनका चारवटै हात ढाल, तरबार, पानीसहितको भाँडो र खप्परले सुशोभित थियो । उनले वक्षःस्थलमा कबन्ध तथा गलामा टाउकाहरूको माला लगाएकी छिन् ॥९॥ यसरी प्रकट भएकी तामसीदेवीले महालक्ष्मीसँग भनिन्- माताजी ! हजूरलाई नमस्कार छ, मलाई मेरो नाम र मेरो कर्म बताउनुहवस् ॥१०॥ त्यसपछि महालक्ष्मीले नारीमा श्रेष्ठ ती तामसी देवीलाई भनिन्- मैले तिम्रो नाम पनि बताउँछु र तिम्रो कर्म पनि बताउँछु ॥११॥ महामाया, महाकाली, महामारी, क्षुधा, तृषा, निद्रा, तृष्णा, एकवीरा, कालरात्रि तथा दुरत्यया, यी तिम्रा नाम हुन्, जुन कर्मद्वारा लोकमा चरितार्थ हुनेछन् । यी नामद्वारा तिम्रो कर्मलाई जानेर जसले पाठ गर्दछ, त्यसले सुखभोग गर्न पाउँछ ॥१२-१३॥ राजन् ! महाकालीसँग यो बताएर महालक्ष्मीले अत्यन्त शुद्ध सत्त्वगुणद्वारा अर्को रूप धारण गरिन्, जुन चन्द्रमासमान गोरो वर्णको थियो ॥१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महाविद्या महावाणी भारती वाक् सरस्वती।
आर्या ब्राह्मी कामधेनुर्वेदगर्भा च धीश्वरी ॥१६॥
अथोवाच महालक्ष्मीर्महाकालीं सरस्वतीम्।
युवां जनयतां देव्यौ मिथुने स्वानुरूपतः ॥१७॥
इत्युक्त्वा ते महालक्ष्मीः ससर्ज मिथुनं स्वयम्।
हिरण्यगर्भौ रुचिरौ स्त्रीपुंसौ कमलासनौ ॥१८॥
ब्रह्मन् विधे विरिञ्चेति धातरित्याह तं नरम्।
श्रीः पद्मे कमले लक्ष्मीत्याह माता च तां स्त्रियम् ॥१९॥
महाकाली भारती च मिथुने सृजतः सह।
एतयोरपि रूपाणि नामानि च वदामि ते ॥२०॥
नीलकण्ठं रक्तबाहुं श्वेताङ्गं चन्द्रशेखरम्।
जनयामास पुरुषं महाकाली सितां स्त्रियम् ॥२१॥
स रुद्रः शंकरः स्थाणुः कपर्दी च त्रिलोचनः।
त्रयी विद्या कामधेनुः सा स्त्री भाषाक्षरा स्वरा ॥२२॥
सरस्वती स्त्रियं गौरीं कृष्णं च पुरुषं नृप।
जनयामास नामानि तयोरपि वदामि ते ॥२३॥

ती श्रेष्ठ नारीले आफ्नो हातमा अक्षमाला, अंकुश, वीणा तथा पुस्तक धारण गरेकी थिइन्। महालक्ष्मीले उनलाई पनि नाम प्रदान गरिन् ॥१५॥ उनले भनिन्–महाविद्या, महावाणी, भारती, वाक्, सरस्वती, आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा र धीश्वरी (बुद्धिकी स्वामिनी), यी तिम्रा नाम हुनेछन् ॥१६॥ त्यसपछि महालक्ष्मीले महाकाली र महासरस्वतीसँग भनिन्– देवीहरू हो ! तिमीहरू आ–आफ्ना गुणले युक्त नारी–पुरुषका जोडा उत्पन्न गर ॥१७॥ ती दुईलाई यो भनिसकेपछि महालक्ष्मीले पहिले स्वयं नै स्त्री–पुरुषका एक जोडा उत्पन्न गरिन्। ती दुवै हिरण्यगर्भ (निर्मल ज्ञानले युक्त), सुन्दर तथा कमलको आसनमा विराजमान थिए। तीमध्ये एक नारी र एक पुरुष थिए ॥१८॥ त्यसपछि माता महालक्ष्मीले पुरुषलाई ब्रह्मन् ! विधि ! विरिञ्च ! तथा धातः! यसरी सम्बोधित गरिन् र स्त्रीलाई श्री ! पद्मा ! कमला ! लक्ष्मी ! इत्यादि नामले पुकारिन् ॥१९॥ यसपछि महालक्ष्मी र महासरस्वतीले पनि एक–एक जोडा उत्पन्न गरे। यिनका पनि रूप र नाम म तिमीलाई बताउँछु ॥२०॥ महाकालीले कण्ठमा नीलो चिन्हले युक्त, राता हात, सेतो शरीर र मस्तकमा चन्द्रमाको मुकुट धारण गर्ने पुरुषलाई तथा गोरो वर्णकी नारीलाई उत्पन्न गरिन् ॥२१॥ ती पुरुष रुद्र, शंकर, स्थाणु, कपर्दी एवं त्रिलोचनका नामले प्रसिद्ध भए तथा स्त्रीको त्रयी, विद्या, कामधेनु, भाषा, अक्षरा र स्वरा नाम भए ॥२२॥ राजन् ! महासरस्वतीले गोरो रङ्गकी नारी र श्यामवर्णको पुरुष प्रकट गरिन्। ती दुबैको नाम पनि म तिमीलाई बताउँछु ॥२३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विष्णुः कृष्णो हृषीकेशो वासुदेवो जनार्दनः ।
उमा गौरी सती चण्डी सुन्दरी सुभगा शिवा ॥२४॥
एवं युवतयः सद्यः पुरुषत्वं प्रपेदिरे ।
चक्षुष्मन्तो नु पश्यन्ति नेतरेऽतद्विदो जनाः ॥२५॥
ब्रह्मणे प्रददौ पत्नीं महालक्ष्मीर्नृप त्रयीम् ।
रुद्राय गौरीं वरदां वासुदेवाय च श्रियम् ॥२६॥
स्वरया सह सम्भूय विरिञ्चोऽण्डमजीजनत् ।
बिभेद भगवान् रुद्रस्तद् गौर्या सह वीर्यवान् ॥२७॥
अण्डमध्ये प्रधानादि कार्यजातमभून्नृप ।
महाभूतात्मकं सर्वं जगत्स्थावरजङ्गमम् ॥२८॥
पुपोष पालयामास तल्लक्ष्म्या सह केशवः।
संजहार जगत्सर्वं सह गौर्या महेश्वरः ॥२९॥
महालक्ष्मीर्महाराज सर्वसत्त्वमयीश्वरी ।
निराकारा च साकारा सैव नानाभिधानभृत् ॥३०॥
नामान्तरैर्निरूप्यैषा नाम्ना नान्येन केनचित् ॥ॐ॥३१॥

इति प्राधानिकं रहस्यं सम्पूर्णम् ।

उनमा पुरुषको नाम विष्णु, कृष्ण, हृषिकेश, वासुदेव र जनार्दन हो र नारीका उमा, गौरी, सती चण्डी, सुन्दरी, सुभगा एवं शिवा यी नाम प्रसिद्ध भए ॥२४॥ यसरी तीनै युवतीहरू तत्काल पुरुष रूपमा प्राप्त भए। यी कुराहरूलाई ज्ञाननेत्रले युक्त व्यक्तिले मात्र जान्दछन्। अर्काथरि अज्ञानी जनले यो रहस्यलाई जान्दैनन् ॥२५॥ राजन् ! महालक्ष्मीले त्रयीविद्यारूपा सरस्वतीलाई ब्रह्माका लागि पत्नीका रूपमा समर्पित गरिन्, रुद्रलाई वरदायिनी गौरी तथा भगवान् वासुदेवलाई लक्ष्मी दिइन् ॥२६॥ यसरी सरस्वतीका साथ संयुक्त भएर ब्रह्माजीले ब्रह्माण्ड उत्पन्न गरे र परम पराक्रमी भगवान् रुद्रले गौरीका साथ मिलेर त्यसको भेदन गरे ॥२७॥ राजन् ! ब्रह्मण्डमा प्रधान (महत्तत्त्व) आदि कार्यसमूह-पञ्चमहाभूतात्मक समस्त स्थावर-जंगमरूप जगत्को उत्पत्ति भयो ॥२८॥ फेरि लक्ष्मीका साथ भगवान् विष्णुले त्यो जगत्को पालन-पोषण गरे र प्रलयकालमा गौरीका साथ महेश्वरले त्यो सम्पूर्ण जगत्को संहार गरे ॥२९॥ महाराज ! महालक्ष्मी नै सर्वसत्त्वमयी तथा सबै सत्त्वकी अधीश्वरी हुन्। उनी नै निराकार र साकार रूपमा रहेर नाना प्रकारको नाम धारण गर्दछिन् ॥३०॥ सगुणवाचक सत्य, ज्ञान, चित्, महामाया आदि नामान्तरहरूले यी महालक्ष्मीको निरूपण गर्नुपर्दछ। केवल एक नाम (महालक्ष्मीमात्र) बाट अथवा अन्य प्रत्यक्ष आदि प्रमाणबाट उनको वर्णन हुन सक्दैन ॥३१॥

इति प्राधानिकं रहस्यम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैकृतिकं रहस्यम्

ऋषिरुवाच

ॐ त्रिगुणा तामसी देवी सात्त्विकी या त्रिधोदिता ।
सा शर्वा चण्डिका दुर्गा भद्रा भगवतीर्यते ॥१॥
योगनिद्रा हरेरुक्ता महाकाली तमोगुणा ।
मधुकैटभनाशार्थं यां तुष्टावाम्बुजासनः ॥२॥
दशवक्त्रा दशभुजा दशपादाञ्जनप्रभा ।
विशालया राजमाना त्रिंशल्लोचनमालया ॥३॥
स्फुरद्दशनदंष्ट्रा सा भीमरूपापि भूमिप ।
रूपसौभाग्यकान्तीनां सा प्रतिष्ठा महाश्रियः ॥४॥
खड्गबाणगदाशूलचक्रशङ्खभुशुण्डिभृत् ।
परिघं कार्मुकं शीर्षं निश्च्योतद्रुधिरं दधौ ॥५॥
एषा सा वैष्णवी माया महाकाली दुरत्यया ।
आराधिता वशीकुर्यात् पूजाकर्तुश्चराचरम् ॥६॥
सर्वदेवशरीरेभ्यो याऽऽविर्भूतामितप्रभा ।
त्रिगुणा सा महालक्ष्मीः साक्षान्महिषमर्दिनी ॥७॥

ऋषिले भन्दछन्– हे राजन् ! पहिले जुन सत्त्वप्रधान त्रिगुणमयी महालक्ष्मीका तामसी आदि भेदले तीन स्वरूप बताइएको छ, तिनै सर्वा, चण्डिका, दुर्गा, भद्रा र भगवती आदि अनेक नामबाट जानिन्छन् ॥१॥ तमोगुणमयी महाकाली भगवान् विष्णुकी योगनिद्रा बताइएकी छिन्। मधु र कैटभको नाश गर्नका लागि ब्रह्माजीले जसको स्तुति गरेका थिए, उनैको नाम महाकाली हो ॥२॥ उनका दस मुख, दस भुजा र दसवटा खुट्टा छन् । ती गाजलसमान कालो वर्णकी तथा तीस नेत्रहरूको विशाल पंक्तिबाट सुशोभित छिन् ॥३॥ हे भूपाल ! उनका दाँत र ढाड चम्किरहन्छन्। यद्यपि उनको रूप भयंकर छ तथापि त्यो रूप सौभाग्य, कान्ति एवं महती सम्पदाको अधिष्ठान (प्राप्तिस्थान) हो ॥४॥ उनले आफ्नो हातमा खड्ग, बाण, गदा, शूल, चक्र, शंख, भुशुण्डि, परिघ, धनुष तथा जसबाट रगत चुहिरहन्छ, त्यस्ता काटेका टाउका धारण गर्दछिन् ॥५॥ यी महाकाली भगवान् विष्णुकी दुस्तर माया हुन् । आराधना गर्दा यिनले चराचर जगत्लाई आफ्नो उपासकका अधीन गर्दछिन् ॥६॥ सम्पूर्ण देवताहरूका अंगहरूबाट जसको प्रादुर्भाव भएको हो, ती अनन्त कान्तिले युक्त साक्षात् महालक्ष्मी हुन् । उनैलाई त्रिगुणमयी प्रकृति भनिन्छ तथा उनी नै महिषासुरमर्दन गर्नेवाली हुन् ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्वेतानना नीलभुजा सुश्वेतस्तनमण्डला ।
रक्तमध्या रक्तपादा नीलजङ्घोरुरुन्मदा ॥८॥
सुचित्रजघना चित्रमाल्याम्बरविभूषणा ।
चित्रानुलेपना कान्तिरूपसौभाग्यशालिनी ॥९॥
अष्टादशभुजा पूज्या सा सहस्रभुजा सती ।
आयुधान्यत्र वक्ष्यन्ते दक्षिणाधःकरक्रमात् ॥१०॥
अक्षमाला च कमलं बाणोऽसिः कुलिशं गदा ।
चक्रं त्रिशूलं परशुः शङ्खो घण्टा च पाशकः ॥११॥
शक्तिर्दण्डश्चर्म चापं पानपात्रं कमण्डलुः ।
अलङ्कृतभुजामेभिरायुधैः कमलासनाम् ॥१२॥
सर्वदेवमयीमीशां महालक्ष्मीमिमां नृप ।
पूजयेत्सर्वलोकानां स देवानां प्रभुर्भवेत् ॥१३॥
गौरीदेहात्समुद्भूता या सत्त्वैकगुणाश्रया ।
साक्षात्सरस्वती प्रोक्ता शुम्भासुरनिबर्हिणी ॥१४॥
दधौ चाष्टभुजा बाणमुसले शूलचक्रभृत् ।
शङ्खं घण्टां लाङ्गलं च कार्मुकं वसुधाधिप ॥१५॥

उनको मुख गोरो, हात श्यामवर्णका, स्तनमण्डल अत्यन्त श्वेत, कटिभाग र चरण रातो वर्णको, जंघा एवं पिडौंलाको भाग नीलो वर्णको रहेको छ। अजेय भएका कारण उनलाई आफ्नो शौर्यको अभिमान छ ॥८॥ कटिको अगाडिको भाग रङ्गीबिरङ्गी वस्त्रले आच्छादित भएका कारण अत्यन्त सुन्दर एवं विचित्रमय देखिन्छ। उनका माला, वस्त्र, आभूषण तथा अंगराग सबै विचित्रका छन्। उनी कान्ति, रूप एवं सौभाग्यले सुशोभित छन् ॥९॥ यद्यपि उनका हजारौं हात छन्, तथापि उनलाई अठार हातले युक्त मानेर उनको पूजा गर्नुपर्दछ। उनको दाहिनेतर्फको तल्लो हातदेखि लिएर बायाँतर्फको तल्लो हातसम्म क्रमशः जुन अस्त्र छन्, तिनको वर्णन यस्तो छ ॥१०॥ ती अक्षमाला, कमल, बाण, खड्ग, वज्र, गदा, चक्र, त्रिशूल, परशु, शंख, घण्टा, पाश, शक्ति, दण्ड, चर्म (ढाल), धनुष, पानपात्र र कमण्डलु रहेका छन्। यी आयुधहरूबाट उनका हात विभूषित रहेका छन्। उनी कमलको आसनमा विराजमान रहेकी छिन्, उनी सर्वदेवमयी एवं सबैकी ईश्वरी हुन्। राजन् ! जसले यी महालक्ष्मी देवीको पूजा गर्दछ त्यो सबैलोक तथा देवताहरूको पनि स्वामी बन्दछ ॥११-१३॥ जो एकमात्र सत्त्वगुणाश्रित पार्वतीका शरीरबाट प्रकट भएकी थिइन् तथा जसले शुम्भ नामको दैत्यको संहार गरेकी थिइन्, उनलाई साक्षात् सरस्वती भनिएको छ ॥१४॥ पृथ्वीपते ! उनका आठ भुजाहरू छन् तथा उनले आफ्ना हातमा क्रमशः बाण, मुसल, शूल, चक्र, शंख, घण्टा, हल एवं धनुष धारण गर्दछिन् ॥१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एषा सम्पूजिता भक्त्या सर्वज्ञत्वं प्रयच्छति ।
निशुम्भमथिनी देवी शुम्भासुरनिबर्हिणी ॥१६॥
इत्युक्तानि स्वरूपाणि मूर्तीनां तव पार्थिव ।
उपासनं जगन्मातुः पृथगासां निशामय ॥१७॥
महालक्ष्मीर्यदा पूज्या महाकाली सरस्वती ।
दक्षिणोत्तरयोः पूज्ये पृष्ठतो मिथुनत्रयम् ॥१८॥
विरञ्चिः स्वरया मध्ये रुद्रो गौर्या च दक्षिणे ।
वामे लक्ष्म्या हृषिकेशः पुरतो देवतात्रयम् ॥१९॥
अष्टादशभुजा मध्ये वामे चास्या दशानना ।
दक्षिणेऽष्टभुजा लक्ष्मीर्महतीति समर्चयेत् ॥२०॥
अष्टादशभुजा चैषा यदा पूज्या नराधिप ।
दशानना चाष्टभुजा दक्षिणोत्तरयोस्तदा ॥२१॥
कालमृत्यू च सम्पूज्यौ सर्वारिष्टप्रशान्तये ।
यदा चाष्टभुजा पूज्या शुम्भासुरनिबर्हिणी ॥२२॥

ती सरस्वती देवी जसले निशुम्भको मर्दन तथा शुम्भासुरको संहार गर्नेवाली छिन्, उनको भक्तिपूर्वक पूजा गरेमा उनले सर्वज्ञता प्रदान गर्दछिन् ॥१६॥ राजन् ! यसरी तिमीलाई महाकाली आदि तीनवटै मूर्तिहरूको स्वरूप बताइयो, अब जगन्माता महालक्ष्मी तथा यी महाकाली आदि तीनै मूर्तिहरूको पृथक्–पृथक् उपासनाका सम्बन्धमा श्रवण गर ॥१७॥ महालक्ष्मीको पूजा गर्ने हो भने उनलाई मध्यमा राखेर उनको दक्षिण एवं वाम भागमा क्रमशः महाकाली एवं महासरस्वतीको पूजा गर्नुपर्दछ र पृष्ठभागमा तीनवटै युगल देवताहरूको पूजा गर्नुपर्दछ ॥१८॥ महालक्ष्मीभन्दा ठीक पछाडि मध्यभागमा सरस्वतीका साथ ब्रह्माको पूजा गर्नुपर्दछ, उनको दक्षिणभागमा गौरीका साथ रुद्रको पूजा गर्नुपर्दछ तथा वामभागमा लक्ष्मीसहित विष्णुको पूजा गर्नुपर्दछ। महालक्ष्मी आदि तीनैवटी देवीहरूको सामुन्ने निम्नलिखित तीन देवीहरूको पनि पूजा गर्नुपर्दछ ॥१९॥ मध्यस्थ महालक्ष्मीभन्दा अगाडि मध्यभागमा अठार हात भएकी महालक्ष्मीको पूजा गर्नुपर्दछ। उनको वाम भागमा दस मुख भएकी महाकाली तथा दक्षिणभागमा आठ भुजा भएकी महासरस्वतीको पूजा गर्नुपर्दछ ॥२०॥ राजन् ! जब केवल अठार भुजावाली महालक्ष्मी अथवा दशमुखी कालिका या अष्टभुजा सरस्वतीको पूजा गर्ने हो भने सबै अरिष्टहरूको शान्तिका लागि यसको दक्षिण भागमा कालको र वामभागमा मृत्युको पनि विशेष गरेर पूजा गर्नुपर्दछ। जब शुम्भासुरको संहार गर्नेवाली अष्टभुजा देवीको पूजा गर्ने हो, तब उनका साथ उनका नौ शक्तिहरू र दक्षिणभागमा रुद्र एवं वाम भागमा गणेशजीको पनि पूजा गर्नुपर्दछ (ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, नारसिंही, ऐन्द्री, शिवदूती तथा चामुण्डा गरी यी नौ शक्ति रहेका छन्)। नमो देव्यै ....भन्ने स्तोत्रले महालक्ष्मीको पूजा गर्नुपर्दछ ॥२१–२३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नवास्याः शक्तयः पूज्यास्तदा रुद्रविनायकौ ।
नमो देव्या इति स्तोत्रैर्महालक्ष्मीं समर्चयेत् ॥२३॥
अवतारत्रयार्चायां स्तोत्रमन्त्रास्तदाश्रयाः ।
अष्टादशभुजा चैषा पूज्या महिषमर्दिनी ॥२४॥
महालक्ष्मीर्महाकाली सैव प्रोक्ता सरस्वती ।
ईश्वरी पुण्यपापानां सर्वलोकमहेश्वरी ॥२५॥
महिषान्तकरी येन पूजिता स जगत्प्रभुः ।
पूजयेज्जगतां धात्रीं चण्डिकां भक्तवत्सलाम् ॥२६॥
अर्घ्यादिभिरलङ्कारैर्गन्धपुष्पैस्तथाक्षतैः ।
धूपैर्दीपैश्च नैवेद्यैर्नानाभक्ष्यसमन्वितैः ॥२७॥
रुधिराक्तेन बलिना मांसेन सुरया नृप ।
(बलिमांसादिपूजेयं विप्रवर्ज्या मयेरिता ॥
तेषां किल सुरामांसैर्नोक्ता पूजा नृप क्वचित् ।)
प्रणामाचमनीयेन चन्दनेन सुगन्धिना ॥२८॥
सकर्पूरैश्च ताम्बूलैर्भक्तिभावसमन्वितैः ।
वामभागेऽग्रतो देव्याश्छिन्नशीर्षं महासुरम् ॥२९॥
पूजयेन्महिषं येन प्राप्तं सायुज्यमीशया ।
दक्षिणे पुरतः सिंहं समग्रं धर्ममीश्वरम् ॥३०॥

उनका तीन अवतारहरूको पूजाका समयमा उनका चरित्रहरूमा जुन स्तोत्र र मन्त्र आएका छन्, तिनैको उपयोग गर्नु आवश्यक हुन्छ। अठार हात भएकी महिषासुरमर्दिनी महालक्ष्मी नै विशेष रूपले पूजनीय रहेकी छिन् । किनभने उनै महालक्ष्मी, महाकाली तथा महासरस्वतीका नामले चिनिन्छिन् र उनै पुण्य एवं पापकी अधीश्वरी तथा सम्पूर्ण लोककी महेश्वरी हुन् ॥२४-२५॥ जसले महिषासुरको अन्त गर्ने महालक्ष्मीको भक्तिपूर्वक आराधना गरेको छ, त्यही नै संसारको स्वामी पनि हो । अतः जगत्को धारण गर्नेवाली भक्तवत्सला भगवती चण्डिकाको अवश्य पूजा गर्नुपर्दछ ॥२६॥ अर्घ्य आदिबाट, आभूषणादिबाट, गन्ध, पुष्प, अक्षता, धूप, दीप तथा नाना प्रकारका भक्ष्य पदार्थहरूले युक्त नैवेद्यहरूले, रक्तसिंचित बलिले, मांसले तथा मदिराले पनि देवीको पूजा हुन्छ ॥ (राजन् ! बलि एवं मांसादिबाट गरिने पूजा ब्राह्मणलाई छोडेर बताइएको हो । ब्राह्मणका लागि मांस एवं मदिराबाट देवीको पूजा कहीँ पनि बताइएको छैन) । प्रणाम, आचमनयोग्य जल, सुगन्धित चन्दन, कपूर तथा ताम्बुल आदि सामग्रीहरूले भक्तिपूर्वक देवीको पूजा गर्नुपर्दछ ॥२७-२८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाहनं पूजयेद्देव्या धृतं येन चराचरम् ।
कुर्याच्च स्तवनं धीमांस्तस्या एकाग्रमानसः ॥३१॥
ततः कृताञ्जलिर्भूत्वा स्तुवीत चरितैरिमैः ।
एकेन वा मध्यमेन नैकेनेतरयोरिह ॥३२॥
चरितार्धं तु न जपेज्जपञ्छिद्रमवाप्नुयात् ।
प्रदक्षिणानमस्कारान् कृत्वा मूर्ध्नि कृताञ्जलिः ॥३३॥
क्षमापयेज्जगद्धात्रीं मुहुर्मुहुरतन्द्रितः ।
प्रतिश्लोकं च जुहुयात्पायसं तिलसर्पिषा ॥३४॥
जुहुयात्स्तोत्रमन्त्रैर्वा चण्डिकायै शुभं हविः ।
भूयो नामपदैर्देवीं पूजयेत्सुसमाहितः ॥३५॥
प्रयतः प्राञ्जलिः प्रह्वः प्रणम्यारोप्य चात्मनि ।
सुचिरं भावयेदीशां चण्डिकां तन्मयो भवेत् ॥३६॥
एवं यः पूजयेद्भक्त्या प्रत्यहं परमेश्वरीम् ।
भुक्त्वा भोगान् यथाकामं देवीसायुज्यमाप्नुयात् ॥३७॥

देवीको सामुन्ने बायाँ भागमा टाउको काटिएको महादैत्य महिषासुरको पूजा गर्नुपर्दछ, जसले भगवतीका साथ सायुज्य प्राप्त गरेको थियो । यसैगरी देवीको सामुन्ने दक्षिणतर्फ उनको वाहन सिंहको पूजा गर्नुपर्दछ। उनै देवी नै सम्पूर्ण धर्मकी प्रतीक एवं षड्विध ऐश्वर्यले युक्त छन्, जसबाट यो सम्पूर्ण चराचर जगत्को धारण भएको छ। त्यसपछि एकाग्र चित्त गरेर देवीको स्तुति गर्नुपर्दछ ॥२९-३१॥ यदि कसैले एउटै चरित्रले स्तुति गर्न चाहन्छ भने केवल मध्यम चरित्रको पाठ गर्न सक्छ । यस्तो अवस्थामा प्रथम एवं उत्तर चरित्रहरूमध्ये कुनै एकको पाठ नगर्नू । आधा चरित्रको पाठ गर्न पनि निषेध छ, जसले आधा चरित्रको पाठ गर्दछ उसको पाठ सफल हुँदैन। पाठसमाप्तिपछि साधकले प्रदक्षिणा एवं नमस्कार गरेर तथा आलस्यलाई त्यागेर जगदम्बालाई उद्देश्य गरेर टाउकोमा लगेर हात जोडोस् ॥३२-३३॥ देवीसँग बारम्बार त्रुटिहरू एवं अपराधहरूका लागि क्षमा माग्नू, सप्तशतीका प्रत्येक श्लोक मन्त्ररूप रहेका छन्। ती मन्त्रहरूले तिल र घिउ मिसिएको खिरको आहुति पनि दिनुपर्दछ ॥३४॥ अथवा सप्तशतीमा जुन स्तोत्र आएका छन्, उनै मन्त्रहरूद्वारा चण्डिकाका लागि पवित्र हविष्यले हवन पनि गर्नुपर्दछ। होमपछि एकाग्र चित्त गरेर महालक्ष्मीदेवीका नाममन्त्रहरूको उच्चारण गर्दै पुनः उनको पूजा गर्नुपर्दछ ॥३५॥ त्यसपछि मन एवं इन्द्रियहरूलाई वशमा राख्दै हात जोडेर बिन्तिभावले देवीलाई प्रणाम गर्नु र देवीलाई अन्तःकरणमा स्थापित गरेर उनै सर्वेश्वरी चण्डिकादेवीको धेरैबेरसम्म चिन्तन गर्नुपर्दछ। यसरी चिन्तन गर्दै उनैमा तन्मय बन्नुपर्दछ ॥३६॥ यसरी जुन मनुष्यले प्रतिदिन भक्तिपूर्वक परमेश्वरीको पूजन गर्दछ, त्यसले मनोवाञ्छित भोगलाई भोगेर अन्त्यमा देवीको सायुज्य प्राप्त गर्दछ ॥३७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो न पूजयते नित्यं चण्डिकां भक्तवत्सलाम् ।
भस्मीकृत्यास्य पुण्यानि निर्दहेत्परमेश्वरी ॥३८॥
तस्मात्पूजय भूपाल सर्वलोकमहेश्वरीम् ।
यथोक्तेन विधानेन चण्डिकां सुखमाप्स्यसि ॥३९॥

इति वैकृतिकं रहस्यं सम्पूर्णम् ।

जसले भक्तवत्सला चण्डिको पूजा गर्दैन भगवती परमेश्वरीले उसको पुण्यलाई जलाएर भस्म बनाइदिन्छिन् ॥३८॥ यसर्थ राजन् ! तिमीले सर्वलोकमहेश्वरी चण्डिकाको शास्त्रोक्त विधिले पूजन गर त्यसबाट तिमीलाई सुख मिल्नेछ ॥३९॥

इति वैकृतिकं रहस्यम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूर्तिरहस्यम्

ऋषिरुवाच

ॐ नन्दा भगवती नाम या भविष्यति नन्दजा।
स्तुता सा पूजिता भक्त्या वशीकुर्याज्जगत्त्रयम् ॥१॥
कनकोत्तमकान्तिः सा सुकान्तिकनकाम्बरा।
देवी कनकवर्णाभा कनकोत्तमभूषणा ॥२॥
कमलाङ्कुशपाशाब्जैरलङ्कृतचतुर्भुजा।
इन्दिरा कमला लक्ष्मीः सा श्री रुक्माम्बुजासना ॥३॥
या रक्तदन्तिका नाम देवी प्रोक्ता मयानघ।
तस्याः स्वरूपं वक्ष्यामि शृणु सर्वभयापहम् ॥४॥
रक्ताम्बरा रक्तवर्णा रक्तसर्वाङ्गभूषणा।
रक्तायुधा रक्तनेत्रा रक्तकेशातिभीषणा ॥५॥
रक्ततीक्ष्णनखा रक्तदशना रक्तदन्तिका।
पतिं नारीवानुरक्ता देवीभक्तं भजेज्जनम् ॥६॥
वसुधेव विशाला सा सुमेरुयुगलस्तनी।
दीर्घौ लम्बावतिस्थूलौ तावतीव मनोहरौ ॥

ऋषिले भन्दछन्- हे राजन् ! नन्दा नामकी देवी जो नन्दबाट उत्पन्न हुनेवाला छिन्, उनको यदि भक्तिपूर्वक स्तुति एवं पूजा गरेमा उनले तीनै लोकलाई उपासकको अधीनमा गरिदिन्छिन् ॥१॥ उनका अङ्गहरूको कान्ति सुवर्णसमान उत्तम रहेको छ र वस्त्र पनि सुन्दर सुनौला रङ्गका लगाउँछिन् । उनको आभा सुवर्णतुल्य रहेको छ र सुवर्णकै उत्तम गहनाहरू पनि उनले लगाउँछिन् ॥२॥ उनका चार भुजा कमल, अंकुश, पाश र शंखले सुशोभित छन् । उनी इन्दिरा, कमला, लक्ष्मी, श्री तथा रुक्माम्बुजासना (सुवर्णमय कमलको आसनमा विराजमान) आदि नामले बोलाइन्छिन् ॥३॥ निष्पाप नरेश ! पहिले मैले रक्तदन्तिका नामकी जुन देवीको परिचय दिएको थिएँ, उनको स्वरूपको वर्णन गर्दछु, सुन । उनी सबै प्रकारका भयहरू नाश गर्न समर्थ छिन् ॥४॥ उनले राता रङ्गका वस्त्रहरू लगाउँछिन्, उनको शरीरको रङ्ग पनि रातै छ र अन्य समस्त आभूषण पनि रातै रङ्गका छन् । उनका अस्त्र, शस्त्र, नेत्र, टाउकाको कपाल, तीखा नङ् एवं दाँत सबै रातै वर्णका छन् । यसैले उनी रक्तदन्तिकाका रूपमा चिनिन्छिन् र अत्यन्त भयानक पनि देखिन्छिन् । जसरी नारीले पतिप्रति अनुराग राख्दछन्, त्यसैगरी देवीले पनि आफ्ना भक्तहरूप्रति (माताले जस्तै) स्नेह राख्दै भक्तप्रति अनुकम्पा गर्दछिन् ॥५-६॥ देवी रक्तदन्तिकाको आकार वसुधा (पृथ्वी) जस्तै विशाल छ । उनका दुवै स्तन सुमेरु पर्वतसमान रहेका छन्, उनको लम्बाई एवं चौडाई अत्यन्त विशाल र मनोहर पनि रहेको छ ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्कशावतिकान्तौ तौ सर्वानन्दपयोनिधी ।
भक्तान् सम्पाययेद्देवी सर्वकामदुघौ स्तनौ ॥८॥
खड्गं पात्रं च मुसलं लाङ्गलं च बिभर्ति सा ।
आख्याता रक्तचामुण्डा देवी योगेश्वरीति च ॥९॥
अनया व्याप्तमखिलं जगत्स्थावरजङ्गमम् ।
इमां यः पूजयेद्भक्त्या स व्याप्नोति चराचरम् ॥१०॥
(भुक्त्वा भोगान् यथाकामं देवीसायुज्यमाप्नुयात् ।)
अधीते य इमं नित्यं रक्तदन्त्या वपुःस्तवम् ।
तं सा परिचरेद्देवी पतिं प्रियमिवाङ्गना ॥११॥
शाकम्भरी नीलवर्णा नीलोत्पलविलोचना ।
गम्भीरनाभिस्त्रिवलीविभूषिततनूदरी ॥१२॥
सुकर्कशसमोत्तुङ्गवृत्तपीनघनस्तनी ।
मुष्टिं शिलीमुखापूर्णं कमलं कमलालया ॥१३॥
पुष्पपल्लवमूलादिफलाढ्यं शाकसञ्चयम् ।
काम्यानन्तरसैर्युक्तं क्षुत्तृण्मृत्युभयापहम् ॥१४॥
कार्मुकं च स्फुरत्कान्ति बिभ्रती परमेश्वरी ।
शाकम्भरी शताक्षी सा सैव दुर्गा प्रकीर्तिता ॥१५॥

कठोर हुँदाहुँदै पनि उनी अत्यन्त कोमल छिन् तथा पूर्णानन्दकी समुद्रजस्तै छिन् । सम्पूर्ण कामनाहरूको पूर्ति गर्ने उनका ती दुई स्तन भक्तहरूलाई चुसाउँछिन् ॥८॥ उनले आफ्ना चार भुजामा खड्ग, पानपात्र, मुसल एवं हलो धारण गर्दछिन् । यिनै रक्तचामुण्डा र योगेश्वरी देवीका रूपमा चिनिन्छिन् ॥९॥ सम्पूर्ण चराचर जगत् यिनीद्वारा व्याप्त छ । जसले यी रक्तदन्तिका देवीको भक्तिपूर्वक पूजा गर्दछ, त्यो पनि चराचर जगत्मा प्रभावशाली हुन्छ ॥१०॥ (यथेष्ट भोग भोगेर अन्त्यमा देवीका साथ सायुज्य प्राप्त गर्दछ ।) जसले प्रतिदिन रक्तदन्तिका देवीको शरीरको स्तवन गर्दछ, उसलाई देवीले संरक्षणरूप सेवा गर्दछिन् जसरी पतिव्रता नारी आफ्ना प्रियतम पतिको सेवा गर्दछन् ॥११॥ शाकम्भरी देवीको शरीरको कान्ति नीलो रङ्गको छ । उनका नेत्र नीलकमल समान छन् भने नाभि गहिरो तथा त्रिवलीले विभूषित उदर (मध्यभाग) सूक्ष्म रहेको छ ॥१२॥ उनका दुवै स्तन अत्यन्त कठोर, बराबर, उच्च, गोल, स्थूल तथा परस्पर सटेका पनि छन् । कमलमा निवास गर्ने ती परमेश्वरीका हात बाणहरूले भरिएको मुष्टि, कमल, शाकसमूह तथा प्रकाशमान धनुष धारण गर्दछिन् । त्यो शाकसमूह अनन्त मनोवाञ्छित रसले युक्त तथा क्षुधा, तृषा र मृत्युको डरलाई नाश गर्नेवाला तथा फूल, पल्लव, मूल आदि फलहरूले सम्पन्न रहेको छ । उनैलाई शाकम्भरी, शताक्षी तथा दुर्गा भनिन्छ ॥१३-१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विशोका दुष्टदमनी शमनी दुरितापदाम् ।
उमा गौरी सती चण्डी कालिका सा च पार्वती ॥१६॥
शाकम्भरीं स्तुवन् ध्यायञ्जपन् सम्पूजयन्नमन् ।
अक्षय्यमश्नुते शीघ्रमन्नपानामृतं फलम् ॥१७॥
भीमापि नीलवर्णा सा दंष्ट्रादशनभासुरा ।
विशाललोचना नारी वृत्तपीनपयोधरा ॥१८॥
चन्द्रहासं च डमरुं शिरः पात्रं च बिभ्रती ।
एकवीरा कालरात्रिः सैवोक्ता कामदा स्तुता ॥१९॥
तेजोमण्डलदुर्धर्षा भ्रामरी चित्रकान्तिभृत् ।
चित्रानुलेपना देवी चित्राभरणभूषिता ॥२०॥
चित्रभ्रमरपाणिः सा महामारीति गीयते ।
इत्येता मूर्तयो देव्या याः ख्याता वसुधाधिप ॥२१॥
जगन्मातुश्चण्डिकायाः कीर्तिताः कामधेनवः ।
इदं रहस्यं परमं न वाच्यं कस्यचित्त्वया ॥२२॥
व्याख्यानं दिव्यमूर्तीनामभीष्टफलदायकम् ।
तस्मात् सर्वप्रयत्नेन देवीं जप निरन्तरम् ॥२३॥

उनी शोकले रहित, दुष्टहरूको दमन गर्ने, पाप एवं विपत्तिहरूलाई शान्त गर्ने रहेकी छिन्। उमा, गौरी, सती, चण्डी, कालिका र पार्वती पनि उनै हुन् ॥१६॥ जुन मनुष्यले शाकम्भरी देवीको स्तुति, ध्यान, जप, पूजा एवं वन्दना गर्दछ, त्यो छिट्टै अन्न, पान एवं अमृतरूप अक्षय फलको भागी हुन्छ ॥१७॥ भीमादेवीको वर्ण नीलो वर्णको छ, उनका दारा तथा दाँत चम्किला छन्। उनका आँखा पनि ठूला-ठूला छन्। नारीस्वरूप ती देवीका स्तन गोल-गोल र स्थूल रहेका छन् ॥१८॥ उनी हातमा चन्द्रहास नामक खड्ग, डमरु, खप्पर र पानपात्र धारण गर्दछिन्। उनै एकवीरा, कालरात्रि तथा कामदाका नामले प्रशंसित पनि छन् ॥१९॥ भ्रामरीदेवीको कान्ति विचित्र (अनेक रङ्ग) को छ। उनी आफ्नो तेजका कारण दुर्धर्ष देखिन्छिन् । उनका अङ्गराग पनि अनेक रङ्गका हुनुका साथै चित्रविचित्र आभूषणद्वारा विभूषित पनि छन् ॥२०॥ चित्रभ्रमरपाणि तथा महामारी आदि नामहरूबाट पनि उनको महिमा गाइन्छ। राजन् ! यसरी जगन्माता चण्डिकादेवीका यी मूर्तिहरू बताइएका छन् ॥२१॥ जसको कीर्तन गर्नाले कामधेनुसमान सम्पूर्ण कामनाहरू पूर्ण हुन्छन्। यो परम गोपनीय रहस्य रहेको छ । यो तिमीले अर्को कसैलाई पनि नबताउनू ॥२२॥ दिव्य मूर्तिहरूको यो आख्यान मनोवाञ्छित फलदिनेवाला रहेको छ, यसर्थ पूर्ण प्रयत्न गरेर तिमी निरन्तर देवीको जप (आराधना) मा लागिरहू ॥२३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सप्तजन्मार्जितैर्घोरैर्ब्रह्महत्यासमैरपि ।
पाठमात्रेण मन्त्राणां मुच्यते सर्वकिल्बिषैः ॥२४॥
देव्या ध्यानं मया ख्यातं गुह्याद् गुह्यतरं महत् ।
तस्मात् सर्वप्रयत्नेन सर्वकामफलप्रदम् ॥२५॥
(एतस्यास्त्वं प्रसादेन सर्वमान्यो भविष्यसि ।
सर्वरूपमयी देवी सर्वं देवीमयं जगत् ।
अतोऽहं विश्वरूपां तां नमामि परमेश्वरीम् ॥)

इति मूर्तिरहस्यं सम्पूर्णम् ।

सप्तशतीका मन्त्रहरूको पाठमात्रले मनुष्य सात जन्ममा उपार्जित ब्रह्महत्यासदृश घोर पापहरू एवं समस्त कल्मषहरूबाट मुक्त हुन्छ ॥२४॥ यसर्थ मैले पूर्ण प्रयत्न गरेर देवीको गोपनीयभन्दा पनि अत्यन्त गोपनीय ध्यानको वर्णन गरें, जुन सबै प्रकारका मनोवाञ्छित फलहरू प्राप्त गर्नका लागि उपयुक्त रहेको छ ॥२५॥
(उनको प्रसादबाट तिमी सर्वमान्य बन्नेछौ । देवी सर्वरूपमयी रहेकी छिन् तथा सम्पूर्ण जगत् देवीमय रहेको छ। अतः म उनी विश्वरूपा परमेश्वरीलाई नमस्कार गर्दछु ॥)

इति मूर्तिरहस्यम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्षमा-प्रार्थना

अपराधसहस्राणि क्रियन्तेऽहर्निशं मया ।
दासोऽयमिति मां मत्वा क्षमस्व परमेश्वरी ॥१॥
आवाहनं न जानामि न जानामि विसर्जनम् ।
पूजां चैव न जानामि क्षम्यतां परमेश्वरि ॥२॥
मन्त्रहीनं क्रियाहीनं भक्तिहीनं सुरेश्वरि ।
यत्पूजितं मया देवि परिपूर्णं तदस्तु मे ॥३॥
अपराधशतं कृत्वा जगदम्बेति चोच्चरेत् ।
यां गतिं समवाप्नोति न तां ब्रह्मादयः सुराः ॥४॥
सापराधोऽस्मि शरणं प्राप्तस्त्वां जगदम्बिके ।
इदानीमनुकम्प्योऽहं यथेच्छसि तथा कुरु ॥५॥
अज्ञानाद्विस्मृतेर्भ्रान्त्या यन्न्यूनमधिकं कृतम् ।
तत्सर्वं क्षम्यतां देवि प्रसीद परमेश्वरि ॥६॥
कामेश्वरि जगन्मातः सच्चिदानन्दविग्रहे ।
गृहाणार्चामिमां प्रीत्या प्रसीद परमेश्वरि ॥७॥
गुह्यातिगुह्यगोप्त्री त्वं गृहाणास्मत्कृतं जपम् ।
सिद्धिर्भवतु मे देवि त्वत्प्रसादात्सुरेश्वरि ॥८॥

श्रीदुर्गार्पणमस्तु ।

हे परमेश्वरी ! मद्द्वारा रात-दिन हजारौं अपराधहरू भइरहन्छन् । यो मेरो दास हो भन्ने ठानेर मेरा ती अपराधहरूप्रति कृपापूर्वक क्षमा गरिदिनूस् ॥१॥ परमेश्वरी ! मैले आवाहन पनि जानेको छैन, विसर्जन पनि जानेको छैन तथा पूजा गर्ने ढंग पनि छैन । मलाई क्षमा गरिदिनूस् ॥२॥ हे देवी ! सुरेश्वरी ! मैले जुन मन्त्रहीन, क्रियाहीन एवं भक्तिहीन पूजा गरेको छु, त्यो सबै हजूरको कृपाले पूर्ण होस् ॥३॥ सयौं अपराध गर्दा पनि हजूरको शरणमा आएर 'जगदम्बा' भनेर जसले पुकारा गर्दछ, त्यसले त्यस्तो गति प्राप्त गर्दछ, जुन गति ब्रह्मादि देवताहरूका लागि पनि सुलभ छैन ॥४॥ जगदम्बिके ! म अपराधी हूँ तर हजूरको शरणमा आएको छु । यो समय दयाको पात्र पनि हूँ, हजूरले जस्तो चाहनुहुन्छ, त्यस्तै गर्नुहोस् ॥५॥ देवी ! परमेश्वरी ! अज्ञानबाट, भूलबाट अथवा बुद्धिभ्रान्त भएका कारण मैले जो थोरै या धेरै गरेको छु, त्यो सबै क्षमा गरेर मप्रति प्रसन्न हुनुहवस् ॥६॥ सच्चिदानन्दस्वरूपा परमेश्वरी ! जगन्माता कामेश्वर ! हजूरले प्रेमपूर्वक मेरो यो पूजा स्वीकार गर्नोस् र मप्रति प्रसन्न रहनुहोस् ॥७॥ हे देवी ! सुरेश्वरी ! हजूर गोपनीयभन्दा पनि गोपनीय वस्तुको रक्षा गर्न समर्थ हुनुहुन्छ । मैले निवेदन गरेको यो जपलाई ग्रहण गर्नोस् । हजूरको कृपाबाट मलाई सिद्धि प्राप्त हुनेछ ॥८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदुर्गामानस–पूजा

उद्यच्चन्दनकुङ्कुमारुणपयोधाराभिराप्लाविताां
नानानर्घ्यमणिप्रवालघटितां दत्तां गृहाणाम्बिके ।
आमृष्टां सुरसुन्दरीभिरभितो हस्ताम्बुजैर्भक्तितो
मातः सुन्दरि भक्तकल्पलतिके श्रीपादुकामादरात् ॥१॥
देवेन्द्रादिभिरर्चितं सुरगणैरादाय सिंहासनं
चञ्चत्काञ्चनसंचयाभिरचितं चारुप्रभाभास्वरम् ।
एतच्चम्पककेतकीपरिमलं तैलं महानिर्मलं
गन्धोद्वर्तनमादरेण तरुणीदत्तं गृहाणाम्बिके ॥२॥
पश्चाद्देवि गृहाण शम्भुगृहिणि श्रीसुन्दरि प्रायशो
गन्धद्रव्यसमूहनिर्भरतरं धात्रीफलं निर्मलम् ।
तत्केशान् परिशोध्य कङ्कतिकया मन्दाकिनीस्रोतसि
स्नात्वा प्रोज्ज्वलगन्धकं भवतु हे श्रीसुन्दरि त्वन्मुदे ॥३॥
सुराधिपतिकामिनीकरसरोजनालीधृतां
सचन्दनसकुङ्कुमागुरुभरेण विभ्राजिताम् ।
महापरिमलोज्ज्वलां सरसशुद्धकस्तूरिकां
गृहाण वरदायिनि त्रिपुरसुन्दरि श्रीपदे ॥४॥
गन्धर्वामरकिन्नरप्रियतमासंतानहस्ताम्बुज–
प्रस्तारैर्ध्रियमाणमुत्तरतरं काश्मीरजापिञ्जरम् ।
मातर्भास्वरभानुमण्डललसत्कान्तिप्रदानोज्ज्वलं
चैतन्निर्मलमातनोतु वसनं श्रीसुन्दरि त्वन्मुदम् ॥५॥
स्वर्णाकल्पितकुण्डले श्रुतियुगे हस्ताम्बुजे मुद्रिका
मध्ये सारसना नितम्बफलके मञ्जीरमङ्घ्रिद्वये ।
हारो वक्षसि कङ्कणौ क्वणरणत्कारौ करद्वन्द्वके
विन्यस्तं मुकुटं शिरस्यनुदिनं दत्तोन्मदं स्तूयताम् ॥६॥
ग्रीवायां धृतकान्तिकान्तपटलं ग्रैवेयकं सुन्दरं
सिन्दूरं विलसल्ललाटफलके सौन्दर्यमुद्राधरम् ।
राजत्कज्जलमुज्ज्वलोत्पलदलश्रीमोचने लोचने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तद्दिव्यौषधिनिर्मितं रचयतु श्रीशाम्भवि श्रीपदे ॥७॥
अमन्दतरमन्दरोन्मथितदुग्धसिन्धूद्भवं
निशाकरकरोपमं त्रिपुरसुन्दरि श्रीपदे।
गृहाण मुखमीक्षितुं मुकुरबिम्बमाविद्रुमै-
र्विनिर्मितमघच्छिदे रतिकराम्बुजस्थायिनम् ॥८॥
कस्तूरीद्रवचन्दनागुरुसुधाधाराभिराप्लावितं
चञ्चच्चम्पकपाटलादिसुरभिद्रव्यैः सुगन्धीकृतम्।
देवीस्त्रीगणमस्तकस्थितमहारत्नादिकुम्भव्रजै-
रम्भः शाम्भवि संभ्रमेण विमलं दत्तं गृहाणाम्बिके ॥९॥
कल्हारोत्पलनागकेसरसरोजाख्यावलीमालती-
मल्लीकैरवकेतकादिकुसुमै रक्ताश्वमारादिभिः।
पुष्पैर्माल्यभरेण वै सुरभिणा नानारसस्रोतसा
ताम्राम्भोजनिवासिनीं भगवतीं श्रीचण्डिकां पूजये ॥१०॥
मांसीगुग्गुलचन्दनागुरुरजः कर्पूरशैलेयजै-
र्माध्वीकैः सह कुङ्कुमैः सुरचितैः सर्पिर्भिरामिश्रितैः।
सौरभ्यस्थितिमन्दिरे मणिमये पात्रे भवेत् प्रीतये
धूपोऽयं सुरकामिनीविरचितः श्रीचण्डिके त्वन्मुदे ॥११॥
घृतद्रवपरिस्फुरद्रुचिररत्नयष्ट्यान्वितो
महातिमिरनाशनः सुरनितम्बिनीनिर्मितः।
सुवर्णचषकस्थितः सघनसारवर्त्यान्वित-
स्तव त्रिपुरसुन्दरि स्फुरति देवि दीपो मुदे ॥१२॥
जातीसौरभनिर्भरं रुचिकरं शाल्योदनं निर्मलं
युक्तं हिङ्गुमरीचजीरसुरभिद्रव्यान्वितैर्व्यञ्जनैः।
पक्वान्नेन सपायसेन मधुना दध्याज्यसम्मिश्रितं
नैवेद्यं सुरकामिनीविरचितं श्रीचण्डिके त्वन्मुदे ॥१३॥
लवङ्गकलिकोज्ज्वलं बहुलनागवल्लीदलं
सजातिफलकोमलं सघनसारपूगीफलम्।
सुधामधुरिमाकुलं रुचिररत्नपात्रस्थितं
गृहाण मुखपङ्कजे स्फुरितमम्ब ताम्बूलकम् ॥१४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरत्प्रभवचन्द्रमः स्फुरितचन्द्रिकासुन्दरं
गलत्सुरतरङ्गिणीललितमौक्तिकाडम्बरम् ।
गृहाण नवकाञ्चनप्रभवदण्डखण्डोज्ज्वलं
महात्रिपुरसुन्दरि प्रकटमातपत्रं महत् ॥१५॥
मातस्त्वन्मुदमातनोतु सुभगस्त्रीभिः सदाऽऽन्दोलितं
शुभ्रं चामरमिन्दुकुन्दसदृशं प्रस्वेददुःखापहम् ।
सद्योऽगस्त्यवसिष्ठनारदशुकव्यासादिवाल्मीकिभिः
स्वे चित्ते क्रियमाण एव कुरुतां शर्माणि वेदध्वनिः ॥१६॥
स्वर्गाङ्गणे वेणुमृदङ्गशङ्खभेरीनिनादैरुपगीयमाना ।
कोलाहलैराकलिता तवास्तु विद्याधरीनृत्यकला सुखाय ॥१७॥
देवि भक्तिरसभावितवृत्ते प्रीयतां यदि कुतोऽपि लभ्यते ।
तत्र लौल्यमपि सत्फलमेकं जन्मकोटिभिरपीह न लभ्यम् ॥१८॥
एतैः षोडशभिः पद्यैरुपचारोपकल्पितैः ।
यः परां देवता स्तौति स तेषां फलमाप्नुयात् ॥१९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ देव्यपराधक्षमापनस्तोत्रम्

न मन्त्रं नो यन्त्रं तदपि च न जाने स्तुतिमहो ।
न चाह्वानं ध्यानं तदपि च न जाने स्तुतिकथाः ।
न जाने मुद्रास्ते तदपि च न जाने विलपनं
परं जाने मातस्त्वदनुसरणं क्लेशहरणम् ॥१॥
विधेरज्ञानेन द्रविणविरहेणालसतया
विधेयाशक्यत्वात्तव चरणयोर्या च्युतिरभूत् ।
तदेतत् क्षन्तव्यं जननि सकलोद्धारिणि शिवे ।
कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति ॥२॥
पृथिव्यां पुत्रास्ते जननि बहवः सन्ति सरलाः ।
परं तेषां मध्ये विरलतरलोऽहं तव सुतः ।
मदीयोऽयं त्यागः समुचितमिदं नो तव शिवे
कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति ॥३॥
जगन्मातर्मातस्तव चरणसेवा न रचिता
न वा दत्तं देवि द्रविणमपि भूयस्तव मया ।
तथापि त्वं स्नेहं मयि निरुपमं यत्प्रकुरुषे
कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति ॥४॥

हे माता ! मैले न मन्त्र जान्दछु, न यन्त्र, अहो ! मलाई स्तुतिको पनि ज्ञान छैन । न आवाहन गर्न जानेको छु, न ध्यान, न स्त्रोत्र एवं कथा नै जान्दछु । न मैले तिम्रा मुद्रा जान्दछु, न मलाई व्याकुल भएर विलाप गर्न नै आउँछ, तर एउटा कुरा तिम्रो अनुसरण अर्थात् तिम्रा पछाडि-पछाडि हिंड्न जानेको छु, जुन सम्पूर्ण क्लेश र समस्त दुःख एवं विपत्तिहरूलाई हर्नेवाला छ ॥१॥ कल्याणमयी र सबैको उद्धार गर्ने हे माता ! मैले पूजाको विधि पनि जानेको छैन, मसँग धन पनि छैन, म स्वभावले आलसी छु तथा मबाट ठीक-ठीक पूजाको सम्पादन पनि हुन सक्दैन, यी सबै कारणहरूबाट हजूरको चरणको सेवामा जुन त्रुटि भएको छ, त्यसमा क्षमा गर्नुहोला, किनभने कुपुत्र हुन सम्भव छ, तर कहीं पनि कुमाता हुँदैनन् तथा कुमाता हुन सम्भव छैन ॥२॥ हे माता ! यो पृथ्वीमा सिधासाधा पुत्र त धेरै नै छन्, तीमध्ये म नै अत्यन्त चञ्चल बालक हूँ । मजस्तो चञ्चल कमै होलान् । शिवे ! मेरो जुन त्याग भएको छ, त्यो हजूरका लागि कदापि उपयुक्त छैन, किनभने संसारमा कुपुत्र हुन्छन्, तर कुमाता हुन सक्दैनन् ॥३॥ जगदम्बा माता ! मैले हजूरको चरणको सेवा कहिल्यै पनि गरेको छैन, हे देवी ! मैले तिम्रा लागि धेरै धन पनि समर्पित गरेको छैन, तथापि मजस्तो अधममाथि तिमीले अनुपम स्नेह गर्दछ्यौ, यसको कारण यही हो कि संसारमा कुपुत्र पैदा हुन्छन्, तर कुमाता कहिल्यै पनि हुँदैनन् ॥४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परित्यक्ता देवा विविधविधसेवाकुलतया
मया पञ्चाशीतेरधिकमपनीते तु वयसि ।
इदानीं चेन्मातस्तव यदि कृपा नापि भविता
निरालम्बो लम्बोदरजननि कं यामि शरणम् ॥५॥
श्वपाको जल्पाको भवति मधुपाकोपमगिरा
निरातङ्को रङ्को विरहति चिरं कोटिकनकैः ।
तवापर्णे कर्णे विशति मनुवर्णे फलमिदं
जनः को जानीते जननि जपनीयं जपविधौ ॥६॥
चिताभस्मालेपो गरलमशनं दिक्पटधरो
जटाधारी कण्ठे भुजगपतिहारी पशुपतिः ।
कपाली भूतेशो भजति जगदीशैकपदवीं
भवानि त्वत्पाणिग्रहणपरिपाटीफलमिदम् ॥७॥
न मोक्षस्याकाङ्क्षा भवविभववाञ्छापि च न मे
न विज्ञानापेक्षा शशिमुखि सुखेच्छापि न पुनः ।
अतस्त्वां संयाचे जननि जननं यातु मम वै
मृडानी रुद्राणी शिव शिव भवानीति जपतः ॥८॥

गणेशजीलाई जन्म दिनेवाली हे पार्वती ! मलाई नाना प्रकारका सेवामा व्यग्र रहन पर्दथ्यो । म पचासी वर्षको भएका कारण मैले देवताहरूलाई छोडिदिएको छु, अब उनीहरूको सेवा मबाट हुन सक्दैन, अतः उनीहरूबाट मलाई कुनै किसिमको सहायता मिल्नेवाला छैन । यस्तो अवस्थामा यदि हजूरको कृपा मप्रति भएन भने अवलम्बरहित भएर कसको शरणमा जाऊँ ॥५॥ माता अपर्णा ! तिम्रो मन्त्रको एक अक्षर पनि कानमा परेको अवस्थामा उसको फल यो हुन्छ, त्यो मूर्ख चाण्डाल नै किन नहोस्, मधुपाक समान मधुर वाणी उच्चारण गर्नेवाला वक्ता बन्दछ, दीन मनुष्य पनि करोडौं स्वर्णमुद्राले सम्पन्न भएर चिरकालसम्म निर्भय विहार गर्नसक्दछ । मन्त्रको एउटा अक्षरको पनि यस्तो फल रहेको छ भने जसले विधिपूर्वक जप गरेका छन्, त्यस्तो जपबाट प्राप्त हुने फल कस्तो होला ? यो कसले जान्दछ ॥६॥ भवानी ! जसले आफ्नो अंगमा चिताको भस्म लगाएका छन्, विष नै जसको भोजन हो, जसका वस्त्र भनेका दिशाहरू (नाङ्गो) हुन्, जो जटाधारी छन् र कण्ठमा नागराज वासुकीको हार छ, जसका हातमा कपाल (भिक्षापात्र) ले शोभा पाउँछ, त्यस्ता भूतनाथ पशुपतिले पनि एकमात्र जगदीशको पदवी धारण गरेका छन्, यसको के कारण हो ? यस्तो महत्त्व उनलाई कसरी मिल्यो ? यो केवल तपाईंलाई पाणिग्रहण गरेर प्राप्त भएको फल हो तथा तपाईंसँग विवाह भएका कारण उनको महत्त्व बढेको हो ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाराधितासि विधिना विविधोपचारैः
किं रुक्षचिन्तनपरैर्न कृतं वचोभिः ।
श्यामे त्वमेव यदि किञ्चन मय्यनाथे
धत्से कृपामुचितमम्ब परं तवैव ॥९॥
आपत्सु मग्नः स्मरणं त्वदीयं
करोमि दुर्गे करुणार्णवेशि ।
नैतच्छठत्वं मम भावयेथाः
क्षुधातृषार्ता जननीं स्मरन्ति ॥१०॥
जगदम्ब विचित्रमत्र किं
परिपूर्णा करुणास्ति चेन्मयि ।
अपराधपरम्परापरं
न हि माता समुपेक्षते सुतम् ॥११॥
मत्समः पातकी नास्ति पापघ्नी त्वत्समा न हि ।
एवं ज्ञात्वा महादेवि यथायोग्यं तथा कुरु ॥१२॥

इति श्रीशङ्कराचार्यविरचितं देव्यपराधक्षमापनस्तोत्रं सम्पूर्णम् ।

मलाई मोक्षको कुनै इच्छा छैन, न संसारको वैभवकै इच्छा तथा अभिलाषा छ, न विज्ञानको अपेक्षा नै छ, न सुखको नै आकांक्षा छ । हे चन्द्रमाको शोभा धारण गर्ने माता ! हजूरसँग मेरो केवल के याचना छ भने मेरो बाँकी जीवन मृडानी, रुद्राणी, शिव-शिव, भवानी आदि नामको जप गर्दै बितोस् ॥८॥ माता ! नाना प्रकारका पूजा सामग्रीबाट कहिल्यै पनि विधिपूर्वक तपाईंको आराधना मबाट हुन सकेको छैन तथापि हजूर स्वयंले प्रयत्न गरेर म अनाथमाथि किञ्चित् कृपादृष्टि राख्नुहुन्छ । हे माता ! यो हजूरको महानता हो । हजूरजस्ती दयामयी माताले नै मजस्तो कुपुत्रलाई आश्रय दिन सक्दछिन् ॥९॥ माता दुर्गे ! करुणासिन्धु महेश्वरी ! म विपत्तिमा परेर आज तपाईंको स्मरण गर्दछु (पहिले कहिल्यै पनि यस्तो गरिनँ) यसलाई मेरो शठता नमान्नु होला, किनभने भोकप्यासले पीडित बालक माताको नै स्मरण गर्दछ ॥१०॥ जगदम्बा ममाथि हजूरको जुन कृपा रहेको छ, यसमा आश्चर्य मान्नुपर्ने कुनै कुरा छैन, पुत्रले अनेकौं अपराध किन नगरोस्, तथापि माताले उसलाई त्याग्न सक्दिनन् ॥११॥ हे महादेवी ! मसमान कुनै पातकी छैन र हजूर समान कुनै पापहारिणी पनि छैन, यस्तो संझेर हजूरलाई जे उचित हुन्छ, त्यही गरिबक्सियोस् ॥१२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिद्धकुञ्जिकास्तोत्रम्

शिव उवाच

शृणु देवि प्रवक्ष्यामि कुञ्जिकास्तोत्रमुत्तमम् ।
येन मन्त्रप्रभावेण चण्डीजापः शुभो भवेत् ॥१॥
न कवचं नार्गलास्तोत्रं कीलकं न रहस्यकम् ।
न सूक्तं नापि ध्यानं च न न्यासो न च वार्चनम् ॥२॥
कुञ्जिकापाठमात्रेण दुर्गापाठफलं लभेत् ।
अति गुह्यतरं देवि देवानामपि दुर्लभम् ॥३॥
गोपनीयं प्रयत्नेन स्वयोनिरिव पार्वति ।
मारणं मोहनं वश्यं स्तम्भनोच्चाटनादिकम् ।
पाठमात्रेण संसिद्ध्येत् कुञ्जिकास्तोत्रमुत्तमम् ॥४॥

अथ मन्त्रः

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ॥ॐ ग्लौं हुं क्लीं जूं सः ज्वालय ज्वालय ज्वल ज्वल प्रज्वल प्रज्वल ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ज्वल हं सं लं क्षं फट् स्वाहा ॥

॥ इति मन्त्रः॥

नमस्ते रुद्ररूपिण्यै नमस्ते मधुमर्दिनि ।
नमः कैटभहारिण्यै नमस्ते महिषार्दिनि ॥१॥
नमस्ते शुम्भहन्त्र्यै च निशुम्भासुरघातिनि ।
जाग्रतं हि महादेवि जपं सिद्धं कुरुष्व मे ॥२॥

शिवजीले भने- हे देवी ! सुन, मैले उत्तम कुञ्जिकास्तोत्रको उपदेश गर्दछु, जुन मन्त्रको प्रभावबाट देवीको जप-पाठ सफल हुन्छ ॥१॥ कवच, अर्गला, कीलक, रहस्य, सूक्त, ध्यान, न्यास यहाँसम्म अर्चना पनि आवश्यक छैन ॥२॥ हे पार्वती ! यसलाई आफ्नो योनिलाई जस्तै प्रयत्नपूर्वक गुप्त राख्नुपर्दछ। यो उत्तम कुञ्जिकास्तोत्र केवल पाठमात्रले पनि मारण, मोहन, वशीकरण, स्तम्भन, उच्चाटन आदि (आभिचारिक) उद्देश्यहरू सिद्ध गर्न सकिन्छ ॥४॥ (मन्त्रमा आएका बीजहरूको अर्थ जान्न संभव छैन, साथै यो आवश्यक एवं वाञ्छनीय पनि छैन, केवल जप मात्र पर्याप्त रहेको छ)

हे रुद्रस्वरूपिणी, तपाईंलाई नमस्कार ! हे मधु दैत्य मार्नेवाली ! तपाईंलाई नमस्कार छ । कैटभविनाशिनीलाई नमस्कार छ, महिषासुरलाई मार्ने हे देवी ! तपाईंलाई नमस्कार छ ॥१॥ शुम्भलाई हनन गर्ने, निशुम्भलाई मार्ने तपाईंलाई नमस्कार छ। हे महादेवी ! मेरो जपलाई जाग्रत तथा सिद्ध गरिदिनुहवस् ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐंकारी सृष्टिरूपायै ह्रींकारी प्रतिपालिका ।
क्लींकारी कामरूपिण्यै बीजरूपे नमोऽस्तु ते ॥३॥
चामुण्डा चण्डघाती च यैकारी वरदायिनी ।
विच्चे चाभयदा नित्यं नमस्ते मन्त्ररूपिणि ॥४॥
धां धीं धूं धूर्जटेः पत्नी वां वीं वूं वागधीश्वरी ।
क्रां क्रीं क्रूं कालिका देवि शां शीं शूं मे शुभं कुरु ॥५॥
हुं हुं हुंकाररूपिण्यै जं जं जं जम्भनादिनी ।
भ्रां भ्रीं भ्रूं भैरवी भद्रे भवान्यै ते नमो नमः ॥६॥
अं कं चं टं तं पं यं शं वीं दुं ऐं वीं हं क्षं
धिजाग्रं धिजाग्रं त्रोटय त्रोटय दीप्तं कुरु कुरु स्वाहा ॥७॥
पां पीं पूं पार्वती पूर्णा खां खीं खूं खेचरी तथा ।
सां सीं सूं सप्तशती देव्या मन्त्रसिद्धिं कुरुष्व मे ॥८॥
इदं तु कुञ्जिकास्तोत्रं मन्त्रजागर्तिहेतवे ।
अभक्ते नैव दातव्यं गोपितं रक्ष पार्वति ॥
यस्तु कुञ्जिकया देवि हीनां सप्तशतीं पठेत् ।
न तस्य जायते सिद्धिररण्ये रोदनं यथा ॥

इति श्रीरुद्रयामले गौरीतन्त्रे शिवपार्वतीसंवादे कुञ्जिकास्तोत्रं सम्पूर्णम् ॥ॐ तत्सत् ॥

ऐंकारको रूपमा सृष्टिस्वरूपिणी, ह्रींका रूपमा सृष्टिको पालन गर्ने, क्लींका रूपमा कामरूपिणी (निखिल ब्रह्मण्ड) की बीजरूपिणी देवी ! हजूरलाई नमस्कार छ ॥३॥ चामुण्डाका रूपमा चण्डविनाशिनी र यैकारका रूपमा तपाईं वर दिनेवाली हुनुहुन्छ। विच्चेका रूपमा नित्य नै अभय दिनुहुन्छ । यसरी तपाईं (ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे) मन्त्रकी स्वरूपिणी हुनुहुन्छ ॥४॥ हजूर 'धां धीं धूं' का रूपमा धुर्जटी(शिव) की पत्नी हुनुहुन्छ। 'वां वीं वूं' का रूपमा वाणीकी अधीश्वरी हुनुहुन्छ। 'क्रां क्रीं क्रूं' का रूपमा कालिकादेवी 'शां शीं शूं' का रूपमा मेरो कल्याण गर्नुहवस् ॥५॥ 'हुं हुं हुंकार' स्वरूपिणी, 'जं जं जं' जम्भनादिनी 'भ्रां भ्रीं भ्रूं' का रूपमा हे कल्याणकारिणी भैरवीभवानी ! तपाईंलाई बार-बार प्रणाम छ ॥६॥ 'अं कं चं टं तं पं यं शं वीं दुं ऐं वीं हं क्षं धिजाग्रं धिजाग्रं' यी सबैलाई तोड्नुहोस्, दीप्त गर्नुहोस्-गर्नुहोस् स्वाहा ॥७॥ 'पां पीं पूं' का रूपमा तपाईं पार्वती पूर्णा। 'खां खीं खूं' का रूपमा तपाईं खेचरी हुनुहुन्छ (आकाशवाणी) अथवा खेचरी मुद्रा हुनुहुन्छ। 'सां सीं सूं' स्वरूपिणी सप्तशती देवीका मन्त्रहरू मेरा लागि सिद्ध गर ॥८॥ यही कुञ्जिकास्तोत्र मन्त्रलाई जगाउनका लागि हो । यो रहस्य भक्तिहीन पुरुषलाई दिनुहुँदैन । हे पार्वती ! यसलाई गुप्त राख। हे देवी ! जसले कुञ्जिकारहित सप्तशती पाठ गर्दछ, त्यो पाठ अरण्यरोदनजस्तै निरर्थक हुन्छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक परिचय

नाम : श्रीस्थानेश्वर पौडेल
जन्मस्थान : म्यान्मार (वर्मा) को मचिना
स्थायी ठेगाना : पोखाथोक गा.वि.स., रयले, अर्घाखाँची
हाल : बिजौरी गा.वि.स., वडा नं.७, बकुलाही, दाङ
पिता : स्व.पं. मित्रलाल उपाध्याय
जन्म : वि.सं. १९९३ साल
अध्ययन : साहित्य तथा धर्मशास्त्राचार्य
पेशा : सेवानिवृत्त सहप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय

सेवा :

(क) जनता संस्कृत मा.वि., बिजौरी दाङमा संस्कृत साहित्य, कर्मकाण्ड र नेपाली विषयको छब्बीस वर्षभन्दा बढी समय अध्यापन।

(ख) नेसंवि विश्वविद्यालय विद्यापीठ बेलझुण्डी दाङमा धर्मशास्त्र विषयको विभागाध्यक्षसमेत रही सत्र वर्ष प्राध्यापन।

(ग) नेसंवि विश्वविद्यालय विद्यापीठमा नै अविच्छिन्न दश वर्ष प्राचार्य पदमा सेवा।

(घ) पूर्व कार्यकारी सदस्य, नेपाल संस्कृत विश्वविद्यालय।

(ङ) सूदय रामेश्वर शिवालय बिजौरी दाङमा चार दशकदेखि हालसम्म अठारै पुराण, महाभारत, रामायण एवं अठार उपपुराणसमेतको प्रवचन।

(च) व्यक्तिगत तथा सामाजिक क्षेत्रमा शताधिक पटक पुराणहरू वाचन।

(छ) आयुर्वेदाचार्यसम्मका ग्रन्थहरूको अध्ययन गरी सामाजिक क्षेत्रमा हालसम्म निःशुल्क औषधोपचार सेवा।

(ज) अनेकौं विद्यार्थीहरूलाई निःशुल्क अध्यापन र निःशुल्क कर्मकाण्ड प्रशिक्षण (हालसम्म निरन्तर)।

सम्मान तथा पुरस्कार :

(क) शिक्षा दिवस पदक।

(ख) योगी नरहरिनाथ ट्रष्ट आध्यात्मिक परिषद्द्वारा वि.सं.२०६९ फागुन १७ गते सम्मानित।

(ग) दधिराम मरासिनी स्मृति प्रतिष्ठान काठमाडौंद्वारा २०७१ असारमा सम्मानित।

नाम : श्रीवासुदेव खनाल
जन्मस्थान : जुकेना गाविस-३, अर्घाखाँची
हाल : गोलढुङ्गा-१, काठमाडौं
पिता : स्व.पं.तोयनाथ खनाल
अध्ययन : धर्मशास्त्राचार्य (प्रथम श्रेणीमा प्रथम)
पेशा : सहप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय
सम्पर्क फोन : ०१-५१३६२८४

सेवा/संलग्नता :

(क) विभिन्न सञ्चारमाध्यममा भाषाविशेषज्ञ र सम्पादक रही सेवा।

(ख) विभिन्न पत्रपत्रिकामा दर्जनौं अनुसन्धानमूलक लेखरचना र धार्मिक तथा सांस्कृतिक पक्षसँग सम्बद्ध सयौं लेखरचनाको प्रकाशन।

(ग) व्यक्तिगत तथा सामाजिक क्षेत्रमा अनेकौं पटक पुराणहरू वाचन।

(घ) नेसंविअन्तर्गत विद्यावारिधि अनुसन्धान कार्यमा संलग्न।

पदक तथा पुरस्कार : महेन्द्र विद्याभूषण-२०५२।

भ्रमण : भारत, चीन, बेलायत र अमेरिका।

प्रकाशक :
आस्था प्रकाशन
काठमाडौं, नेपाल।

ISBN 9937286808
9789937286800

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection